बडामहाराजाधिराज श्री ५ पृथ्वीनारायण शाहको

# दिव्य-उपदेश



**परिष्कृत तथा प्रवर्द्धित**

तृतीय संस्करण

**सम्पादक**

ऐ. शि. बाबुराम आचार्य

योगी नरहरिनाथ

http://dibyaupadesh.wordpress.com

राष्ट्रपिता बडामहाराजाधिराज श्री ५ पृथ्वीनारायण शाहको

# दिव्य उपदेश

परिवर्द्धित एवं परिष्कृत

**तृतीय संस्करण**

सम्पादक :–

**ऐ.शि.बाबुराम आचार्य**

**योगी नरहरिनाथ**

http://dibyaupadesh.wordpress.com

DIBYA UPDESHA

# दिव्य उपदेश

सम्पादक : – ऐ.शि. बाबुराम आचार्य
योगी नरहरिनाथ

परिष्कारकर्ता एवं प्रकाशक :– प्रा. श्रीकृष्ण आचार्य, ४,१०५५१७

संस्करण :– तृतीय (परिष्कृत तथा परिवर्द्धित)

प्रकाशित प्रति :– १००० प्रति

मूल्य : – रु. १२५/-

पुनर्मुद्रण :– वि.सं. २०७० आषाढ १५ गते

सर्वाधिकार सुरक्षित :– परिष्कारकर्ता एवं प्रकाशकमा

मुद्रक :– अन्तराष्ट्रिय मन्च छापाखाना प्रा. लि.
अनामनगर, काठमाडौं ४,२२०७१३

(काठमाडौं केलटोल मानमन्दिर निवासी गोरखाली बडावीर सरदार शिवरामसिंह बस्नेतका वंशधर बखतमानसिंह बस्नेतज्यूबाट प्राप्त प्रतिबाट साभार सम्पादित)

वितरक : – एजुकेशन इण्टरप्राइजेज, दरबारमार्ग काठमाडौं

पुस्तक पाइने :–

* उन्नति बुक्स डिस्ट्रिब्युटर, प्रदर्शनी मार्ग, काठमाडौं
* नेशनल बुक सेण्टर, भोटाहिटी काठमाडौं
* पैरवी प्रकाशन, पुतलीसडक, काठमाडौं
* पैरवी बुक्स एण्ड स्टेशनरी सेण्टर, पुतलीसडक
* रत्न बुक डिस्ट्रिब्युटर्स, प्रा लि बागबजार, काठमाडौं
* हिमालय बुक सेण्टर बागबजार, काठमाडौं

http://dibyaupadesh.wordpress.com

# पूर्व पीठिका

(परिवर्द्धित दोस्रो संस्करणको भूमिका)

श्री ५ पृथ्वीनारायण शाहका भारदारहरूमा पाँडे तथा बस्नेतहरू नै मुख्य रहेका थिए। पछिल्लोपटक नुवाकोटमा गएका बेला आफ्नो अन्तिम समयमा राजा श्री ५ पृथ्वीनारायण शाहले आफ्ना भाइ तथा भारदारहरूलाई जुन किसिमका अर्ति एवं उपदेशहरू दिएर गएका थिए, ती अर्ति तथा उपदेशहरू निकै नै मार्मिक भएकाले यिनका भाइ तथा भारदारहरूले ती अर्ति एवं उपदेशहरूलाई त्यतिबेला नै टिपोट गरेर राखिराख्नु र पछि पनि यी उपदेशहरूलाई एक-अर्काले श्रद्धापूर्वक सार्दै आउनु पनि स्वाभाविक नै हुन आएको थियो। यसै क्रममा 'बख्शी' अभिमानसिंह बस्नेतले पनि यस उपदेशलाई सारेर राखेका रहेछन्।

काजी अभिमानसिंह बस्नेतको घरमा रहेको प्रतिबाट नै सारिएको यस उपदेशको एउटा अर्को प्रति यिनकै घरमा लेखापढीको काम गर्ने यिनैका कर्मचारीका रूपमा कामगर्ने व्यक्तिका वंशधर मुखिया श्री भक्तबहादुरसँग पनि सुरक्षित रहेको रहेछ। यही प्रतिलाई बख्शी अभिमानसिंह बस्नेतकै वंशधर श्री बखतमानसिंह बस्नेतज्यूको सौजन्यबाट हामीले केही वर्ष पहिले प्राप्त गरेका थ्यौं। यसै प्रतिको पाठलाई जस्ताको त्यस्तै मूलमा राखेर आवश्यक टिप्पणी तथा परिशिष्टहरू दिई यस उपदेशलाई अहिले यस रूपमा सम्पादन गरिएको छ।

यो उपदेश यसभन्दा पहिले काशीबाट 'गोरक्ष-ग्रन्थमाला' अन्तर्गत पनि प्रकाशित भएको थियो। तर उक्त संस्करणमा पर्याप्त अशुद्धिहरू रहन गएकाले तिनमा आवश्यक संशोधनहरू गरी अहिले यहाँ यस रूपमा प्रकाशित गरिएको छ।

यस उपदेशको आरम्भमा नै राजा पृथ्वीनारायण शाहको नामको अगाडि 'श्री श्री श्री ५' भन्ने उपाधि लेखिएको पाइएको छ। वास्तवमा नेपाली राजाहरूको नामको अगाडि 'श्री श्री श्री' लेख्ने चलन राजा पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकामाथि आफ्नो नियन्त्रण स्थापित गरिसकेपछि वि.सं. १८२६ देखि मात्र शुरु गराएका थिए। पछि-पछि भने राजाहरूको नामका अगाडि 'श्री ५' लेखिन थालिएको पाइन्छ। याहा भएसम्ममा राजा वा महाराजाधिराजहरूको नामको अगाडि 'श्री ५' लेखिएको पहिलो लेख वि.सं. १८६३ को श्री पशुपतिनाथको मन्दिरको प्राङ्गणमा रहेको कपर्दार भोटु पाँडेको प्रतिमा-लेखको रूपमा उपलब्ध भएको छ। यसभन्दा अगाडि राजाहरूको नामको अगाडि 'श्री ५' लेखिएको पाइएको छैन। यस उपदेशमा भने राजा पृथ्वीनारायण शाहको नामको अगाडि यस पुस्तिकाको पुरानो प्रतिमा उल्लेख भएअनुसार



http://dibyaupadesh.wordpress.com

'श्री श्री श्री' भनी तीनवटा 'श्री' लेखिइसकेपछि नयाँ प्रचलनको सम्झना भएर होला ? पछि '५' को अङ्क पनि थप गरिएको देखिन आएको छ । यसबाट यस उपदेशको जुन प्रतिबाट अहिले यो पुस्तिका सम्पादन गरिन लागिएको छ त्यो प्रति वि.सं. १८६० को आसपासतिर मात्र लिपिबद्ध भएको देखिन आएको छ ।

यस उपदेशको मूल पाण्डुलिपिमा नेपाली भाषामा हाल प्रचलनमा रहेका 'ख' तथा 'श' वर्णहरूको बदलामा सर्वत्र 'ष' र 'स' वर्णहरू प्रयोग भएका पाइन्छन् । यसले गर्दा सर्वसाधारण पाठकहरूलाई यी उपदेशहरू पढ्नको निमित्त केही असुविधा हुने भएको छ तापनि यो नेपाली भाषाको हाम्रो आफ्नै पुरानो पद्धति हो भन्ने सम्झेर्ई सहृदयी पाठकहरूले यसैअनुसार पढ्नुहुनेछ भन्ने हामीले अपेक्षा राखेका छौं । यसको मूल पाण्डुलिपिमा कण्डिकाहरू छुट्याइएका छैनन् तापनि पाठकहरूलाई पढ्नको निमित्त सुविधा होस् भन्ने विचार गरी यस संस्करणमा भने औचित्य अनुसार कण्डिकाहरू छुट्याएर अलग-अलग पारिएका छन् ।

राजा पृथ्वीनारायण शाहले आफ्ना के-कस्ता नीति तथा कार्यक्रमहरूलाई अवलम्बन गरी नेपाल-अधिराज्यलाई एकीकरण एवं विस्तार पनि गराएका थिए, ती नीति तथा कार्यक्रमहरू यिनका यिनै उपदेशहरूबाट थाहा पाउन सकिन्छन् । यिनका उत्तराधिकारीहरूले यिनको जीवनकालपछि लगभग २० वर्षसम्म त यिनका यी नीति तथा कार्यक्रमहरूलाई केही मात्रामा अवलम्बन गर्दै आइरहेका थिए । तर वि.सं. १८५१ मा राजकुमार बहादुर शाह नेपाल-अधिराज्यको राजसत्ताबाट अलग भएपछि भने यी नीति तथा नियमहरूको कार्यान्वयनमा क्रमशः शैथिल्य देखापर्न थालेको र यस किसिमको शैथिल्यको परिणति पनि त्यसै अनुसारको हुँदै आइरहेको थियो । यसैले यस उपदेशबाट विज्ञ पाठकहरूले पनि केही न केही पाठ अवश्य पनि सिक्न सक्नुहुनेछ भन्ने हामीलाई लागेको छ । अस्तु ।

पौष २७ गते — सम्पादक

पृथ्वीजयन्ती, वि.सं. २०१०



http://dibyaupadesh.wordpress.com

# परिष्कारकर्ताको भनाइ

गोरखा राज्यका सुयोग्य राजा श्री ५ पृथ्वीनारायण शाहले आफ्ना दूरदृष्टिहरू लगाएर ठूलो कष्ट एवं परिश्रमका साथ वर्तमान नेपाल-अधिराज्यको एकीकरण-कार्यको शुभारम्भ गराइदिएका थिए । यस कामको निमित्त यिनले आफ्ना पसिनाहरू मात्र पर्याप्तमात्रामा बगाएका थिएनन्, आफ्ना हितचिन्तक अनेकौं प्रियजनहरूलाई पनि असमयमा नै गुमाएका थिए । यस अभियानलाई सफल पार्नमा यिनका भाइ, भारदार, सैनिक, कर्मचारी तथा देशका सर्वसाधारण नागरिकहरूले पनि आ-आफ्ना तर्फबाट सक्दा सहयोगहरू उपलब्ध गराएका थिए । यसैको परिणम हो – अहिलेको हाम्रो यो सुन्दर, स्वाभिमान तथा शान्त मातृभूमि नेपाल ।

राजा पृथ्वीनारायण शाहले प्रारम्भ गराएको नेपाल-अधिराज्यको एकीकरणको अभियान प्रारम्भमा त आफ्ना राज्यक्षेत्रहरूलाई विस्तारित गर्ने र यसलाई एउटा शक्तिशाली राष्ट्रका रूपमा उपस्थापित गराउने आकाङ्क्षा अनुसार नै शुरु भएको हुँदो हो, तर ठीक यसै समयमा सात-समुद्रपारका 'इष्टइण्डिया-कम्पनी' का अङ्ग्रेज व्यापारीहरू भरत-भूमिमा आफ्ना प्रभावक्षेत्रहरू विस्तार गर्दै यत्रतत्र फैलिरहेका थिए । यसै क्रममा उनीहरू वर्तमान नेपाल-अधिराज्यका तराईक्षेत्रहरूलाई पार गरी सिन्धुली-गढीमाथि नै आक्रमण गर्न भनी आइपुगेका थिए । वर्तमान नेपाल-अधिराज्यका केही तराईक्षेत्रहरूमाथि उनीहरूले करीब एक-वर्षसम्म त बलपूर्वक नै कब्जा पनि जमाइसकेका थिए ।

दूरदर्शी राजा श्री ५ पृथ्वीनारायण शाहले आफ्नै विवेकअनुसार साम, दान, भेद तथा दण्ड नीतिहरूको समुचित प्रयोग गरी करीब-करीब अङ्ग्रेजहरूको नियन्त्रणमा पुगिसकेका वर्तमान नेपाल-अधिराज्यका तराईक्षेत्रहरूलाई आफ्नो नियन्त्रणमा ल्याइदिएका थिए । यथार्थमा भन्ने हो भने यसै समयदेखि यिनको विजय-अभियान नेपाल-अधिराज्यको एकीकरण-अभियानको रूपमा परिणत हुन आएको थियो । हुन पनि हो, राजा पृथ्वीनारायण शाहले समयमा नै यस क्षेत्रमा रहेका स-साना सबै पहाडी राज्यहरूलाई एकीकरण गरी एउटा शक्तिशाली एवं सार्वभौमसत्ता-सम्पन्न स्वतन्त्र अधिराज्य बनाउने अभियानको प्रारम्भ नगरिदिएका भए यस क्षेत्रमा रहेका सबै स-साना राज्यहरू उसैबेला अङ्ग्रेजी साम्राज्यको आश्रयमा पुगिसकेका हुन्थे र अहिलेका हामी सम्पूर्ण नेपाली नागरिकहरू अहिलेजस्तै स्वतन्त्र तथा सार्वभौम-सत्तासम्पन्न राष्ट्रका स्वाभिमानी नागरिकहरू भएर रहन पाउने थिएनौं, यसमा कुनै पनि सन्देह छैन ।

यस क्षेत्रमा स्थापित भएका स-साना राज्यहरूलाई एकीकरण गरी नेपाल-अधिराज्यलाई एउटा शक्तिशाली एवं स्वतन्त्र राष्ट्रको रूपमा स्थापित गराउने क्रममा राजा पृथ्वीनारायण शाहले के-कस्ता नीति तथा कार्यक्रमहरू अपनाएका थिए ? र यिनका के कस्ता योजनाहरू रहेका थिए ? यी सबै नीति, कार्यक्रम तथा योजनाहरू यिनले आफ्नो यस उपदेशमा सूत्रबद्ध रूपमा आफ्ना अनुयायीहरूलाई बताएर गएका छन् । आफ्नो जीवनकालमा यिनले गरेका सम्पूर्ण काम तथा कारवाहीहरू यिनका यिनै उपदेशहरूमा उल्लेख भएका विवरणहरूसँग मेल खाइरहेका पाइन्छन् ।

राजा पृथ्वीनारायण शाहले आफ्ना नीति तथा कार्यक्रमहरू थेर-थोरमात्रामा आफ्ना भाइ तथा छोराहरूलाई पहिले पनि सुनाएका हुँदाहुन् । तर यिनको जीवनकालको अन्तिम समयतिर



http://dibyaupadesh.wordpress.com

यिनका भाइहरू यिनीदेखि प्राय: असन्तुष्ट रहेका थिए । छोरा युवराज प्रतापसिंह शाह पूजा-पाठ, न्यास-ध्यान तथा आमोद-प्रमोदहरूमा मस्त रहेका र कान्छा छोरा राजकुमार बहादुर शाह भने किशोर अवस्थामा नै रहेकाले आफ्नो जीवनकालको अन्तिम समयतिर यिनी आफ्ना भाइ तथा छोराहरूदेखि केही खिन्न रहेका पाइन्छन् । यसैले आफूले अपनाएका नीति तथा कार्यक्रमहरू आफ्ना अनुयायीहरूलाई सुनाएर जान पाएमा उनीहरूले उनका सन्तानहरूलाई सुनाइदेलान्, उनले तथा उनका सन्तानहरूले पनि आफ्ना सन्तानहरूलाई राम्रोसँग सम्झाइ-बुझाइ गरिदेलान् र पछि आफ्ना छोरा-नातिहरूले यिनै नीति तथा नियमहरूको अनुसरण गर्दै आफूले आर्जन गरेको यस मुलुकलाई लामो समयसम्म उपभोग गर्दै रहन पाउलान् भन्ने आकाङ्क्षा राखी आफ्नो जीवनकालको अन्तिम समयतिर आफ्ना भाइ-भारदारहरूका अगाडि यिनले यी उपदेशहरू दिएको पाइन्छ ।

गोरखा-राज्यदेखि पश्चिमतर्फ रहेका चौबीसे-राज्यहरूतर्फ एकीकरण अभियानलाई अगाडि बढाउने उद्देश्य अनुसार राजा पृथ्वीनारायण शाह आफ्नो जीवनकालको अन्तिम समयतिर आवश्यक व्यवस्थाहरू मिलाउन भनी वि.सं. १८३१ को पौष महिना लाग्दा वा नलाग्दा नै राजधानी काठमाडौं शहरबाट आफ्नो अन्तरिम राजधानी नुवाकोटतर्फ लागेका पाइन्छन् । यतिञ्जेलसम्ममा पूर्वमा पल्लो-किरातसम्मका पहाडी भूभागहरूका साथै गण्डकी नदीदेखि कनकाई नदीसम्मका तराईक्षेत्रहरू पनि नवस्थापित नेपाल-अधिराज्यभित्र समाहित भैसकेका थिए । पश्चिमतर्फ भने एक-पाइला पनि अगाडि बढ्न सकिएको थिएन । यसैले अब पश्चिमतर्फ पनि अघि बढ्ने उद्देश्यअनुसार राजा पृथ्वीनारायण शाहले त्यस क्षेत्रमा रहेका चौबीसे राज्यहरूका विरुद्धमा साम, दान, भेद तथा दण्ड नीतिहरूलाई निरन्तर प्रयोग गरिरहेका थिए । यसै अवस्थामा पौष महिनाको तेस्रो हप्तातिर यिनी त्यहाँ अप्रत्याशित रूपमा बिरामी परेका थिए र रोगले यिनलाई दिन-परदिन च्याप्दै ल्याइरहेको थियो ।

वर्षौंदेखिको लगातारको कठोर परिश्रम, घाम-पानी, भोक-प्यास तथा दौड-धूपहरूले गर्दा उमेर कच्चै भएपनि आधि तथा व्याधिहरूले गर्दा हाड-छालाहरूले बनेको यिनको भौतिक शरीर यिनताकसम्ममा निकै नै जर्जर बनिसकेको थियो । उमेरको हिसाबले त यिनले भर्खरैमात्र आफ्नो जीवनकालको ५२ औं वर्षलाई पार गरेका थिए । रोगग्रस्त भएपछि नजिकमा उपलब्ध रहेका कुशल वैद्यहरूलाई बोलाई त्यहीं नै सम्भव भएसम्म यिनका औषधी तथा उपचारहरू पनि गरिए । तर रोग भने निको हुन सकेन । यसै स्थितिमा, आफ्नो जीवनकालको अन्तिम अवस्था आउन लागेको छनक पाई यिनले त्यति नै बेला आफ्ना आसपासमा रहेका भाइ तथा भारदारहरूलाई आफ्नो सामुमा बोलाई आफ्ना यी उपदेशहरू दिएको झलक पाइन्छ । यसै उपदेशको क्रममा यिनले – "दहचोकमा रहेको प्रस्तावित राजधानीबाट सोख-सयलको निमित्त मात्र तीन-शहर(नेपाल)मा जाउँला" भनी भनेकाले काठमाडौं उपत्यकाभन्दा बाहिर रहेर नै यिनले यी उपदेशहरू दिएको स्पष्टरूपमा नै देखिन आएको छ ।

यी उपदेशहरूमा उल्लेख भएका भावना तथा विचारहरू राजा पृथ्वीनारायण शाहका आफ्नै निजी भावना तथा विचारहरू हुन्, यसमा कुनै पनि सन्देह छैन । तर उपदेशको रूपमा रहेको यस लेखोटमा रहेको अपरिष्कृत नेपाली भाषाले भने त्यतिबेलाको शिष्ट समाजमा प्रचलनमा रहेको परिष्कृत नेपाली भाषाको प्रतिनिधित्व गरिरहेको छैन । राजा पृथ्वीनारायण शाहले आफ्ना



http://dibyaupadesh.wordpress.com

यी उपदेशहरू निश्चय नै मौखिक रूपमा अभिव्यक्त गरेर गएका थिए । आफ्नो वक्तव्यको क्रममा यिनले यसभन्दा बाहेक अन्य थप कुराहरू पनि बोलेर गएका हुँदाहुन् । तर त्यतिबेला त्यहाँ उपस्थित रहेका भाइ-भारदारहरूमध्ये रुचि भएका र यस उपदेशको मर्मलाई ग्रहण गर्न सक्ने योग्यता भएका दुई-चार जना भारदारदारहरूले मात्र त्यति नै बेला आफूले सम्झेका, बुझेका तथा आफूलाई घत लागेका केही कुराहरूलाई आफैंले – आफ्नै शैलीमा – टिपोट गरेर राखेका र उक्त टिपोटलाई पछि कुनै व्यक्तिले प्रस्तुत उपदेशको रूपमा लिपिबद्ध गरिदिएको झलक पाइन्छ।

यस उपदेशमा राजा पृथ्वीनारायण शाहले आफ्ना जे-जस्ता भाव तथा विचारहरू व्यक्त गरेर गएका छन्, यी भाव तथा विचारहरूबाट यिनमा रहेको राष्ट्रवाद प्रखर रूपमा अभिव्यक्त हुन आएको पाइन्छ । साथै यिनले यी उपदेशहरूद्वारा नेपालका भावी प्रशासकहरूको निमित्त जुन किसिमका मार्गदर्शनहरू गराएर गएका छन्, ती पनि सँधै नै नित्य-नूतन, उपयोगी तथा व्यावहारिक पनि रहेका छन्। यी उपदेशहरू आज पनि उत्तिकै सान्दर्भिक रहेका छन्।

सरदार शिवरामसिंह बस्नेत राजा पृथ्वीनारायण शाहका अत्यन्त नै विश्वासपात्र भारदारका रूपमा उपस्थित हुन आइपुगेका थिए । एकीकरण अभियानको प्रारम्भमा नै कान्तिपुर राज्यको साँगाचोकमा भएको लडाईंमा वि.सं. १८०२ को माघ महिनामा यिनले वीरगति प्राप्त गरेका थिए। यिनका महिला छोरा केहरसिंह बस्नेत पनि यिनीजस्तै जन्दाबन्दा राष्ट्रवादी सैनिक अफिसर थिए। यसैले यिनको बिवाह राजा पृथ्वीनारायण शाहले आफैंले मागी काजी कालु पाँडेकी छोरी किशोरी चित्रावतीका साथ गराइदिएको उल्लेख यसै उपदेशमा गर्वका साथ गरिएको छ। पछि यिनी गोरखाली सेनाका 'बक्सी' अर्थात् सेनापति भएका थिए । यिनले पनि चौबीसे राजाहरूसँग वि.सं. १८२८ को पौष ५ गतेमा सतहुँ राज्यमा भएको लडाईंमा वीरगति प्राप्त गरेका थिए । शिवरामसिंह बस्नेतका अर्का छोरा 'बक्सी' अभिमानसिंह बस्नेत भने नेपाल-अधिराज्यको एकीकरण अभियानको क्रममा यतिबेला पूर्वी नेपालका तराईक्षेत्रहरूमा त्यहाँका प्रमुख सैनिक प्रशासकका रूपमा कार्यरत रहेका थिए । यसैले राजा पृथ्वीनारायण शाहको अन्तिम समयमा सम्भवतः बस्नेत-परिवारका कुनै समर्थ व्यक्ति पनि यिनका साथमा थिएनन्।

राजा पृथ्वीनारायण शाहप्रति अनुगृहीत रहँदै आइरहेका बस्नेत-परिवारका भारदारहरूलाई यिनका अन्तिम उपदेशहरूप्रति मोह हुनु स्वाभाविक हुन आएको थियो । यसैअनुसार त्यतिबेला लिपिबद्ध गरेर कुनै भारदारको सङ्ग्रहमा राखिएको लेखोटबाट सारेर यस उपदेशलाई बक्सी अभिमानसिंह बस्नेतले श्रद्धापूर्वक आफ्नो घरमा ल्याई सुरक्षितरूपमा राखेको झलक पाइन्छ। अभिमानसिंह बस्नेतको जीवनकालसम्म त यस उपदेशले जेनकेन केही प्रश्रय पाइरहेको थियो, तर पछि-पछि भने यस उपदेशका मर्म तथा भावनाहरूलाई पहिचान गर्ने सक्षम व्यक्तिहरू देशमा भेटिन छोडेका थिए । राजा पृथ्वीनारायण शाहका नीति तथा नियमहरूको विपरीत 'बक्सी' अभिमानसिंह बस्नेत स्वयंले पनि आफ्नो शोख-शयलको निमित्त 'मानमन्दिर' जस्तो भव्य भवनलाई बनाइदिएका थिए । यसैले नै यिनको जीवनकालपछि त यो उपदेश पूर्णतया उपेक्षित भएर धुइगलको एउटा कुनामा त्यत्तिकै मिल्किसकेको थियो । यिनको घरमा रहेको यसै प्रतिबाट सारिएको यस उपदेशको अर्को एउटा प्रति यिनैको घरमा लेखापढीको काम गर्ने कर्मचारीका वंशधर 'मुखिया' भक्तबहादुरकहाँ पुगिरहिरहेको रहेछ र सौभाग्यले आज हामीले यसलाई यस रूपमा पढ्न पाइरहेका छौं ।

यता, मेरा पूज्य पिता इतिहासज्ञ-शिरोमणि बाबुराम आचार्य वि.सं. १९७५ देखि नै नेपाल-अधिराज्यको इतिहास तथा पुरातत्त्वहरूको अध्ययन तथा अनुसन्धानहरूप्रति एकाग्रभावले लाग्न थालिसक्नुभएको थियो। त्यसपछि उहाँले काठमाडौं उपत्यकाभित्र रहेका प्राचीन शिलालेख, ताम्रपत्र, ताडपत्र तथा यहाँ उपलब्ध रहेका अन्य पुराना ऐतिहासिक कागजपत्रहरूलाई पनि अथकरूपमा निरन्तर छानबिन गर्न थाल्नुभएको थियो। त्यतिबेला नेपालमा राणाहरूको एकतन्त्रीय शासनव्यवस्था आफ्नो अनुदारताको चरम-चूलीमा पुगिरहेको थियो। त्यतिबेलाको उराठलाग्दो वातावरणमा पनि मेरा पिताजी नेपालको इतिहास तथा पुरातत्त्वहरू सम्बन्धी अध्ययन तथा अनुसन्धानतर्फ प्रवृत्त हुनु पनि अचम्म लाग्दै घटना हुन आएको थियो। त्यतिबेला नेपालमा कार्यरत रहेका शक्तिशाली राणा प्रशासकहरू नेपाल-अधिराज्यको इतिहास तथा पुरातत्त्वहरूको खोजी गर्ने कामलाई शङ्कापूर्ण दृष्टिले हेर्ने गर्दथे।

राणाहरू शोध तथा अनुसन्धानका कामहरूलाई यसरी शङ्कापूर्ण दृष्टिले नहेरुन् पनि किन ? शाहवंशीय राजाहरूबाट नै उनीहरूले नेपाल-अधिराज्यका प्रशासकीय अधिकारहरू बलपूर्वक नै खोसेर लिएका थिए। यसैले आफूहरूले गरेका दुस्साहसका रहस्यहरू उद्घाटित होलान् र आफ्नो देशका सचेत नागरिकहरूको तर्फबाट भएको आलोचनाको सामना गर्नुपर्ला भन्ने भय तथा त्रास पनि उनीहरूमा सदैव रहिरहेको हुन्थ्यो। यसले गर्दा त्यतिबेला नेपालमा रहेर नेपाल-अधिराज्यको इतिहास तथा पुरातत्त्वहरूसम्बन्धी लेख-रचनाहरू तयार गर्ने वा प्रकाशित गर्ने कुनै गुन्जायस नै थिएन। न त नेपालका कुनै विद्यालय तथा महाविद्यालयहरूमा नेपालको इतिहासको पठनपाठन नै हुने गर्दथ्यो। इतिहासप्रति रुचि राख्ने व्यक्तिहरू त्यतिबेला नेपालमा नगण्यमात्रामा मात्र रहेका थिए। यस विकट परिस्थितिमा पनि मेरा पिताजी निस्वार्थभावले स्वान्तःसुखाय नै इतिहास तथा पुरातत्त्वहरूको अध्ययन तथा अनुसन्धानतर्फ लागिरहनुभएको थियो। यस किसिमका साधनाहरूबाट न कुनै व्यक्तिगत लाभ मिल्ने सम्भावना थियो, न त यश, अर्थ वा कीर्तिहरू प्राप्त हुने नै कुनै सम्भावना थियो। तैपनि उहाँ यस किसिमको साधनामा अध्यवसायपूर्वक लागि नै रहनुभएको थियो।

मेरा पिताजीको दृष्टिपथमा पर्नुभन्दा अगाडि प्रस्तुत 'उपदेश' पुरानो नेपाली कागजमा लेखिएको एउटा काम नलाग्ने थोत्रो कितापको रूपमा थुइगलको एउटा कुनामा यत्तिकै मिल्किइरहेको थियो। यसको ऐतिहासिक महत्त्वको पहिचान सर्वप्रथम मेरा पिताजीले नै गर्नुभएको हो। सरदार शिवरामसिंह बस्नेतका वंशधर स्व. बखतमानसिंह बस्नेतज्यूले नै यो कृति उहाँलाई प्रसङ्गवश उपलब्ध गराइदिनुभएको थियो। तर यस उपदेशको वास्तविक महत्त्वलाई उद्घाटित गर्नु त्यतिबेलाको नेपाल-अधिराज्यको राजनीतिक वातावरणमा सम्भव भैरहेको थिएन। जुन 'शाह' राजवंशको हातबाट उनीहरूले शासनसूत्र बलपूर्वक नै खोसेर लिएका थिए, त्यसै राजवंशका गौरवका रूपमा उपस्थित भएका राजा पृथ्वीनारायण शाहजस्ता ओजस्वी व्यक्तित्वका गुणगानहरूलाई गाएको सुन्न त्यतिबेलाका नेपालका राणा-प्रशासकहरू किन पो चाहन्थे ?

यस उपदेशको ऐतिहासिक महत्त्वलाई उद्घाटित गर्नको निमित्त मेरा पिताजी अत्यन्त नै व्यग्र भैरहनुभएको थियो। राजा पृथ्वीनारायण शाहजस्ता युगपुरुष व्यक्तिको समुचित परिचय सर्वसाधारण नेपाली नागरिकहरूलाई गराउनको निमित्त उहाँ छटपटाइरहनुभएको थियो। यसै



http://dibyaupadesh.wordpress.com

स्थितिमा दार्जिलिङ्बाट त्यतिबेलाका त्यहाँका प्रसिद्ध साहित्यकार सूर्यविक्रम ज्ञवालीज्यू राजा पृथ्वीनारायण शाह तथा यहाँका अन्य ऐतिहासिक विभूतिहरूका जीवन-चरित्रहरूको खोजीको क्रममा काठमाडौंमा आइपुग्नुभएको र यति नै बेला उहाँको मेरा पिताजीसंग सर्वप्रथम सम्पर्क स्थापित भएको पाइन्छ। यो वि.सं. १९८९ को मध्यतिरको कुरा हो।

त्यतिबेला नेपालको इतिहास तथा पुरात्त्वको अध्ययन तथा अनुसन्धानको निमित्त पनि विचित्रकै वातावरण रहेको थियो। नेपालमा इतिहास तथा पुरातत्त्व विषयक अध्ययन सामग्रीहरू प्रशस्तमात्रामा पाइन्थे। तर यस्ता सामग्रीहरूलाई प्रयोग गरी नेपालका इतिहास तथा पुरातत्त्वहरूसम्बन्धी लेख तथा रचनाहरू लेख्ने तथा प्रकाशित गर्न पाउने स्वातन्त्र्य भने यहाँ नेपाली नागरिकहरूलाई कत्ति पनि उपलब्ध थिएन। नेपालभन्दा बाहिर प्रवासमा लेखन तथा प्रकाशनको निमित्त पर्याप्त मात्रामा स्वातन्त्र रहेको थियो, तर नेपाल-अधिराज्यको इतिहास तथा पुरातत्त्वहरूसम्बन्धी अध्ययन तथा अनुसन्धानहरू गर्नको निमित्त मौलिक सामग्रीहरू भने त्यहाँ दुर्लभ रहेका थिए।

आफूले खोजेर पत्ता लगाएका र सङ्ग्रह गरेर राखेका ऐतिहासिक सामग्रीहरूलाई सदुपयोग गर्न नपाएर उकुसमुकुस भई छट्पटाइरहनुभएका मेरा पिताजीको निमित्त ज्ञवालीज्यू एक-जना समर्थ जिज्ञासुका रूपमा उपस्थित हुन आइपुग्नुभएको थियो। यसैले यसपछि मेरा पिताजीले नेपालसम्बन्धी आफूले जानेका, बुझेका तथा सुनेका कुराहरू र आफूले सङ्ग्रह गरेर राखेका ऐतिहासिक सामग्रीहरू पनि ज्ञवालीज्यूलाई निःस्वार्थभावले निरन्तर उपलब्ध गराउँदै रहन थाल्नुभएको थियो। यो तथ्य ज्ञवालीज्यूले पछि प्रकाशित गराउनुभएका – मेरा पिताजीबाट उहाँका नाममा वि.सं. १८८९ देखि १९९२ सम्मका विभिन्न मितिहरूमा लेखिएका – अनकौं पत्रहरूबाट सहजै थाहा पाउन सकिन्छ *(हेर्नुहोस् :– "बाबुराम आचार्य र उहाँका कृति", पृ. ६७-१०६, 'नेपाल एशियाली अध्ययन संस्थान', वि.सं. २०२९)*। यसै क्रममा २९ अप्रेल इ.सं. १९३६ तदनुसार वि.सं. १९९३ वैशाख १७ गतेमा मेरा पिताजीद्वारा उहाँको नाममा लेखिएको अर्को एउटा महत्वपूर्ण पत्रलाई पनि उहाँले पछि 'पुरातत्त्व-विभाग'को मुखपत्र 'प्राचीन-नेपाल' को अङ्क २१ *(कार्तिक, वि.सं. २०२९)* मा प्रकाशित गराउनुभएको छ। यस पत्रमा पिताजीले उहाँलाई लेख्नुभएको छ :–

"...... यस पत्रका साथ चारवटा पुराना लेखहरू (पनि तपाईंकहाँ) पठाएको छु। (यी पत्रहरू) नेपाली भाषाको विषयमा अध्ययन गर्ने व्यक्तिहरूलाई काम लाग्नेछन्। (राजकुमार) बहादुर शाहको तस्वीर (अहिलेसम्म) यहाँ पाइएको छैन। तिनमा रहेको हस्ताक्षरको (एउटा) पत्र भने यसै (पत्रका) साथ संलग्न रहेको छ। नजरबन्द रहेको अवस्थामा पनि तिनको धैर्य यस पत्रबाट प्रकट हुन्छ। यी पत्रहरू (तपाईंले) 'नेपाली साहित्य-सम्मेलन' मा राखिदिने बन्दोबस्त गरिदिनुहोला।

(यी पत्रहरू) कदाचित् त्यहाँ राख्ने राम्रो प्रबन्ध नभए तपाईंसंग नै रहिरहे पनि हुन्छ। पछि फिर्ता मागुंला। 'सम्मेलन' सार्वजनिक संस्था भएकोले त्यहाँ सुरक्षित रहेमा (पछि) तपाईं हामी सबैलाई काम लाग्ने, तपाईं वा मसँग रहेमा हाम्रो शेषपछि नष्ट भएर जाने भएकोले (पछि) हाम्रा उत्तराधिकारीहरूलाई पनि काम लागोस् भन्ने मेरो विचार रहेको छ।

यी पत्रहरू 'नेपाली साहित्य-सम्मेलन' का पत्रिका वा (त्यहाँबाट छापिने) नेपाली भाषाका अन्य (कुनै) पत्रिकामा छापिदिए पनि हुन्छ। तर छापिएका ती (पत्र) वा पत्रिकाहरू तीन-चार



http://dibyaupadesh.wordpress.com

वर्षसम्म (यहाँ) नेपालमा आउँदैनन् भने मात्र (त्यसमा छापियून्)। अन्यथा व्यर्थमा (यहाँ) खलबल मात्र हुने हुन्छ। ती पत्रहरू 'सम्मेलन' (को सङ्ग्रह)मा राख्दा पनि तपाईंकै नाममा राख्नुभए हुन्छ। त्यहाँ मैले दिएको भन्ने चर्चा नहुनुमा नै बेश छ। (अन्यथा यहाँ मलाई व्यर्थमा समस्या पर्न आउने हुन्छ)।"

तपाईंको :–

*बाबुराम आचार्य*

मेरा पिताजीको उपर्युक्त पत्रबाट नेपालको तात्कालिक अनुदार राजनीतिक परिस्थिति, उहाँमा रहेको ज्ञानको विरेचन गर्ने उकुस-मुकुसका साथै उहाँको उदात्तभाव तथा सत्य-तथ्यहरूप्रतिको उहाँको अगाध निष्ठा पनि सहजरूपमा नै प्रकट हुन आएको छ।

उपर्युक्त अवधिको बीचमा ज्ञवालीज्यूले आफूले लेख्दै गरेको *'पृथ्वीनारायण शाह'* शीर्षक कृतिका पाण्डुलिपिहरू दार्जीलिङ्बाट निरन्तर रूपमा मेरा पिताजीकहाँ पठाइरहनुभएको थियो। यस्ता पाण्डुलिपिहरूमाथि आवश्यक समीक्षाहरू गरी तिनलाई मेरा पिताजीले यथासमयमा नै उहाँलाई फिर्ता पठाइरहनुभएको थियो। यतिमात्र होइन, आफूले उद्घाटित गरेका तथ्यहरूको पुष्टिको निमित्त आवश्यक पर्ने ऐतिहासिक सामग्रीका प्रतिलिपिहरू पनि उहाँलाई क्रमिकरूपमा उपलब्ध गराइरहनुभएको थियो। यसरी नै उहाँको 'पृथ्वीनारायण शाह' शीर्षक कृति परिष्कृत भएर वि.सं. १९९२ मा 'नेपाली साहित्य-सम्मेलन' दार्जीलिङ्बाट पहिलो-संस्करणको रूपमा प्रकाशित भएको पाइन्छ। *(हेर्नुहोस् :– 'बाबुराम आचार्य र उहाँका कृति' मा सङ्ग्रहित मेरा पिताजीबाट ज्ञवालीज्यूको नाममा लेखिएका उपर्युक्त पत्रोत्तरहरू)।*

आफ्नो उपर्युक्त कृतिको पहिलो संस्करणको भूमिकामा ज्ञवालीज्यूले मेरा पिताजीप्रति कृतज्ञता प्रकट गर्दै लेख्नुभएको छ :– "नेपालको इतिहासका अद्वितीय ज्ञाता मित्रवर खरदार बाबुराम आचार्यले त मलाई यस काममा (पुस्तक लेखनमा) यति सहायता गर्नुभयो कि भनी साध्य नै छैन। यो पुस्तक लेख्दा उपयोग गरिएका सामग्रीहरूमध्ये मैले उहाँबाट पाएका अनेकौं सामग्रीहरूको उल्लेख यस पुस्तकको अन्त्यमा 'परिशिष्ट (ख)' को रूपमा गरेको छु।" तर उक्त कृतिको दोस्रो संस्करण प्रकाशित हुँदासम्ममा भने उहाँको निमित्त यी सबै कुराहरू महत्त्वहीन भैसकेका थिए। दोस्रो संस्करणमा यी कुनै कुराहरू उल्लेख भएका छैनन्।

यिनै पत्रोत्तरहरूको क्रममा पिताजीले यस उपदेशको पनि पटक-पटक चर्चा गर्नुभएको छ। वि.सं. १९९१ चैत्र २४ गतेमा लेख्नुभएको आफ्नो एउटा पत्रमा मेरा पिताजीले अन्य कुराहरूका साथै :– "पृथ्वीको वक्तृत्वको नक्कल उतार्न लगाई तीन-चारदिनमा पठाइदिनेछु" भनी उहाँलाई पत्र लेख्नुभएको पाइन्छ। यसको दुई-महिनाजति पछि १२ जून इ.सं. १९३५ तदनुसार वि.सं. १९९२ जेठ ३० गतेको मितिमा लेखिएको अर्को एउटा पत्रमा पिताजीले फेरि पनि लेख्नुभएको पाइन्छ :– "तपाईंका पत्रहरू यथासमयमा नै यहाँ आइपुगिरहेका छन्। पृथ्वीनारायण शाहको व्याख्यानलाई सारिदिने (उपयुक्त) मानिस पाउनको निमित्त ढीला भएकोले पठाउन अलि ढीला भयो, यसमा क्षमा गर्नुहोला। साथैमा पृथ्वीनारायण शाहको एउटा पत्रको नक्कल



http://dibyaupadesh.wordpress.com

पनि पठाएको छु ।" (हेर्नुहोस् :– 'बाबुराम आचार्य र उहाँका कृति', पृ. १०५-१०६) । उपर्युक्त पत्रहरूमा 'पृथ्वीको वक्तृत्व' वा 'पृथ्वीनारायण शाहको व्याख्यान' भनेर यसै उपदेशतर्फ सङ्केत गरिएकोमा कुनै पनि सन्देह छैन ।

यसरी दुई महिनाजति ढीला नै भएपनि यस उपदेशको ऐतिहासिक महत्त्वमाथि प्रकाश पार्दै मेरा पिताजीले यस उपदेशको प्रतिलिपि ज्ञवालीज्यूलाई उपलब्ध गराइदिनुभएको थियो । आफ्नो 'पृथ्वीनारायण शाह' शीर्षक उपर्युक्त कृतिमा यस उपदेशको केही मात्रामा प्रयोग भए पनि यसको प्रकाशन भने उहाँले पनि गराउन सक्नुभएको थिएन । उपर्युक्त कृतिको पहिलो संस्करणको 'परिशिष्ट (ख)' मा ग्रन्थरचना गर्दा आफूले प्रयोग गरेका अप्रकाशित कृतिहरूको परिचय दिने क्रममा यस उपदेशको सम्बन्धमा उहाँले यस्तो लेख्नुभएको पाइन्छ :–

"पृथ्वीनारायण शाहको व्याख्यान :– नेपाल जितेपछि पृथ्वीनारायण शाहले आफ्ना भारदारहरूलाई भनेका कुरा(हरू) यस सानो लेखमा सङ्ग्रहित रहेका छन् । (यो) अत्यन्त (नै) उपयोगी पुस्तक छ । पृथ्वीनारायण शाहको सैनिक शासन, राजकाज तथा आर्थिक नीति(हरू)को चाखलाग्दो वर्णन (यसमा रहेको) छ । यसको नक्कल पनि खरदार बाबुराम आचार्यबाट नै मैले पाएको हुँ ।"

यसैगरी गुरु गोरखनाथसम्बन्धी ग्रन्थहरूको खोजी गर्ने क्रममा योगी नरहरिनाथज्यू पनि सर्वप्रथम वि.सं. २००४ मा काठमाडौंमा आइपुग्नुभएको पाइन्छ । नेपालसम्बन्धी अध्ययन तथा अनुसन्धान गर्न चाहने स्वदेशी तथा विदेशी जोसुकै व्यक्ति पनि काठमाडौंमा आइपुगेपछि मेरा पिताजीसँग सम्पर्क गर्नको निमित्त लालायित नहुनु त तिनताक सम्भव नै थिएन । पिताजीसँगको निकट-सम्पर्कमा आइपुगेपछि योगीज्यू पनि नेपाली इतिहास तथा पुरातत्त्वहरूको अध्ययन तथा अनुसन्धानहरूप्रति यसरी आकर्षित हुनुभयो कि उहाँले यही कामलाई नै आफ्नो साधनाक्षेत्रको रूपमा वरण गर्न थाल्नुभयो । यसपछि उहाँ पनि जीवनभर निस्वार्थभावले यसै क्षेत्रमा साधनारत रहँदै आइरहनुभएको थियो । उहाँहरू दुवैको स्वभाव तथा प्रवृत्ति पनि करीब-करीब उस्तै नै थियो । मेरा पिताजीले आफूले जानेका, सुनेका र सङ्ग्रह गरेर राखेका इतिहाससम्बन्धी सबै ज्ञान तथा सामग्रीहरू उहाँलाई पनि निश्छलभावले निरन्तर उपलब्ध गराउँदै आइरहनुभएको थियो । मेरा पिताजीद्वारा यसरी उपलब्ध गराइएका र योगीज्यूले स्वयंले परिश्रम गरेर सङ्ग्रह गर्नुभएका सामग्रीहरूलाई उहाँले *'संस्कृत-सन्देश'* तथा *'इतिहास-प्रकाश'* नामक पत्रिकाका विभिन्न अङ्कहरूमा प्रकाशित गराउनुभएको छ ।

"इतिहास-शिरोमणि बाबुराम आचार्यसँग मेरो सम्पर्क" शीर्षक आफ्नो एउटा संस्मरणात्मक लेखमा योगीज्यूले इमान्दारीपूर्वक लेख्नुभएको छ :– आफूले जानेका, सुनेका, पढेका र सङ्ग्रह गरेर राखेका सबै ज्ञान तथा सामग्रीहरू सबै जिज्ञासुहरूलाई उपलब्ध गराई बाँडी-चुँडी गरी प्रयोग गर्ने आचार्यज्यूको अर्को प्रशंसनीय स्वभाव रहेको पाइन्छ । आफूले जीवनभर लगाई परिश्रम गरेर सङ्ग्रह गरेका अप्रकाशित सामग्रीहरू उहाँले मलाई मात्र होइन, नेपाली इतिहासप्रति अभिरुचि राख्ने जोसुकै ज्ञानपिपासु व्यक्तिहरूलाई पनि समानरूपमा उपलब्ध गराउँदै आइरहनुभएको थियो । यो तथ्य मैले पत्ता लाएको हुँ, यसैले यसको श्रेय मलाई नै



http://dibyaupadesh.wordpress.com

प्राप्त हुनुपर्दछ भन्ने मोह उहाँमा रहेको थिएन । नाम, यश र अर्थ कुनै कुराको पनि आकाङ्क्षा नराखी कर्तव्य-भावनाबाट प्रेरित भएर उपकारी भावले काम गर्ने बाबुराम आचार्यजस्ता विभूतिहरू यस देशमा विरलै मात्र पाइएका छन् ।" *(हेर्नुहोस् :– "इतिहास शिरोमणि बाबुराम आचार्य स्मृतिग्रन्थ", पृ. ७१, वि.सं. २०४६ काठमाडौं ।*

हुन पनि हो, आफ्नो स्वभाव तथा प्रवृत्तिअनुसार मेरा पिताजीले यस उपदेशको ऐतिहासिक महत्त्वमाथि प्रकाश पार्दै यसको प्रतिलिपि पनि योगीज्यूलाई उपलब्ध गराइदिनुभएको थियो । यसैअनुसार वि.सं. २००९ मा *'गोरक्ष-ग्रन्थमाला'* अन्तर्गत उहाँले बनारसबाट यस उपदेशलाई *'श्री ५ पृथ्वीनारायण शाहको दिव्योपदेश'* भन्ने नयाँ नाम प्रदान गरी सर्वप्रथम प्रकाशनमा ल्याउनुभएको पाइन्छ । तर यसमा प्रयुक्त भएको पुरानो नेपाली भाषाको दुरूहताले होला ? यस उपदेशको उक्त संस्करण निकै नै भ्रष्ट रूपमा प्रकाशित भएको छ । जेहोस्, यस उपदेशलाई 'दिव्योपदेश' भन्ने नाम भने उहाँले नै दिनुभएकोमा कुनै पनि सन्देह छैन ।

वि.सं. २००७ मा नेपाल-अधिराज्यमा प्रजातान्त्रिक व्यवस्थाको सूत्रपात भएपछि नेपाली नागरिकहरूमाथि लागिरहेको चेतना-विस्तारको प्रतिबन्ध पनि एकाएक खुला भयो र सचेत नेपाली नागरिकहरू अब आफ्ना गौरवमय अतीतहरूलाई उद्घाटित गर्नको निमित्त उत्साहका साथ दत्तचित्त रहन थाले । नेपाली इतिहास तथा पुरातत्त्वहरूको अध्ययन तथा अनुसन्धानहरूमा लागिरहेको प्रतिबन्ध पनि अब खुला भयो । यसै वातावरणमा नेपाल-अधिराज्यको एकीकरणको क्रममा भएको राष्ट्रनिर्माता श्री ५ पृथ्वीनारायण शाहको विशिष्ट योगदानको महत्त्वलाई पनि बुझ्न तथा मनन गर्न पनि थालियो र थिनलाई नेपाल-अधिराज्यका विशिष्ट विभूतिका रूपमा स्वीकार गरी थिनले यस धरातलमा पहिलोपटक पाइला टेकेको दिनको सम्झनामा प्रत्येक वर्ष पौष महिनाको २७ गतेका दिन थिनको जन्मजयन्ती मनाउने उद्देश्यका साथ वि.सं. २००९ मा *'पृथ्वीजयन्ती समारोह-समिति'* नामक एउटा सामाजिक संस्थाको गठन पनि सम्भव हुन आयो । राजधानी काठमाडौंमा कार्यरत रहेका त्यतिबेलाका प्राय: सबैजसा लब्धप्रतिष्ठित व्यक्ति, लेखक तथा साहित्यकारहरू पनि यस *'समारोह-समिति'* मा सदस्यका रूपमा सहभागी हुनुभएको थियो । शाह-परिवारका प्रतिष्ठित सदस्यको हैसियतले 'चौतरिया' फत्यजङ्ग पराक्रम शाह यस *'समारोह-समिति'* मा 'अध्यक्ष' को पदमा सम्मानित हुनुभएको थियो भने नेपाली इतिहासका अन्वेषकको हैसियतले मेरा पिताजीको 'उपाध्यक्ष' को पदमा चयन भएको थियो । यस *'समारोह-समिति'* मा योगी नरहरिनाथज्यू 'सदस्य-सचिव' को पदमा कार्यरत रहन थाल्नुभएको थियो ।

यसै 'समारोह-समिति'को तर्फबाट वि.सं. २०१० मा *'दिव्योपदेश'* को नाममा यस उपदेशको प्रामाणिक एवं संशोधित द्वितीय-संस्करण प्रकाशित भएको हो । मेरा पिताजी एवं योगी नरहरिनाथज्यूको संयुक्त सम्पादनमा प्रकाशित भएको यस संस्करणमा यस उपदेशमा परेका तर हाल प्रचलनमा नरहेका पुराना नेपाली शब्दहरूका साथ अन्य पारिभाषिक शब्दहरूका पनि अर्थहरू दिई यस उपदेशलाई सर्वसाधारण पाठकहरूले पनि सजिलैसँग बुझ्नसक्ने स्वरूप प्रदान गर्नको निमित्त त्यतिबेला पनि सम्भव प्रयास भएको पाइन्छ । तर पनि अहिलेको परिवर्तित सन्दर्भमा उक्त संस्करण पनि त्यति चित्तबुझ्दो हुन सकिरहेको छैन । यसैले उहाँहरूले सम्पादन गर्नुभएको



http://dibyaupadesh.wordpress.com

उक्त संस्करणलाई भरसक अझै परिष्कृत तुल्याई मैले यस उपदेशको यो नयाँ संस्करण अहिले पाठकहरूको समक्षमा उपस्थापित गराइरहेको छु। आफ्नो देशको राष्ट्रिय गौरव, स्वाधीनता तथा सार्वभौमिकतालाई अक्षुण्ण रूपमा कायम राखिराख्नको निमित्त यस कृतिले नेपालीमात्रलाई थोरैमात्रामा भएपनि प्रेरणा प्रदान गर्न सकेमा यस नयाँ संस्करणको सम्पादन तथा प्रकाशनको पनि सार्थकता सिद्ध हुनेछ।

पहिले प्रकाशित भएको दोस्रो संस्करणमा जस्तै यस संस्करणमा पनि उपदेशका मूल पाठहरू हेरक पृष्ठका शिरानहरूमा जस्ताको-त्यस्तै दिइएका छन्। यस उपदेशको मूल पाण्डुलिपिमा नछुटयाइएका भए पनि सर्वसाधारण पाठकहरूको सुविधाको निमित्त यहाँ भने औचित्य अनुसार कण्डिका वा प्यारग्राफहरू पनि छुटयाइएका छन्। यस्तै उपदेशको मूल पाठको खासै अपेक्षा नहुने सर्वसाधारण पाठकहरूको निमित्त विशेष सुविधा होस् भनी हेरक पृष्ठको बीच भागमा यस उपदेशलाई हाल प्रचलनमा रहेको नेपाली भाषाको रूपमा रूपान्तरित गरेर राख्ने प्रयास पनि यहाँ गरिएको छ। पहिलेको संस्करणमा जस्तै यस संस्करणमा पनि यस उपदेशको मूल भागमा परेका तर हाल प्रचलनमा नरहेका – खास गरी पारिभाषिक – शब्दहरूलाई टिप्पणी तथा परिशिष्टका रूपमा पहिलेको भन्दा अझै स्पष्ट रूपमा अर्थ्याउने सम्भव प्रयास गरिएको छ। यसैले यो संस्करण सर्वसाधारण पाठकहरूको निमित्त विशेष उपयोगी हुनेछ भन्ने मलाई लागेको छ।

मेरा आदरणीय गुरु नयराज पन्त तथा उहाँको नेतृत्वमा रहेका *'संशोधन-मण्डल'* का अन्य सहयोगीहरूबाट पनि वि.सं. २०२८ मा *'श्री ५ पृथ्वीनारायण शाहको उपदेश'* शीर्षकमा यो उपदेश, यसको पद्यात्मक व्याख्या, विस्तृत परिशिष्ट र ऐतिहासिक व्याख्या पनि ग्रन्थको रूपमा *'जगदम्बा-प्रकाशन'* बाट प्रकाशित भएको छ। यस्तै वि.सं. २०४० मा गुरु नयराज पन्तज्यूबाट नै सम्पादन भई यस उपदेशको मूल भाग, यसको संस्कृतच्छाया र संस्कृत तथा नेपाली भाषामा पद्यमयी व्याख्या पनि *'नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान'* बाट प्रकाशित भएको छ। यसैले यस उपदेशलाई अझै गहिरिएर अध्ययन गर्न चाहने पाठकहरूको निमित्त उपर्युक्त दुवै कृति विशेष उपयोगी हुनेछन् भनी विज्ञ पाठकहरूको समक्षमा अनुरोध गर्न चाहन्छु। अस्तु।

*विजयादशमी, वि.सं. २०६१* — *प्रा. श्रीकृष्ण आचार्य*

बानेश्वर, काठमाडौं — परिष्कारकर्ता एवं प्रकाशक।



http://dibyaupadesh.wordpress.com

# विषय सूची

**विषयवस्तु** **पृष्ठाङ्क**


आवरण चित्र : – राजा श्री ५ पृथ्वीनारायण शाहको चित्र

पीठिका (दोस्रो संस्करणको भूमिका) – क–ख

परिष्कारकर्ताको भनाइ – ग–च

**(अ) – राजा श्री ५ पृथ्वीनारायण शाहको सङ्क्षिप्त परिचय – १–२८**

(क) राजा श्री ५ पृथ्वीनारायण शाहका पूर्वजहरू – १–४

(ख) जन्म तथा बाल्यकाल – ४–८

(ग) विवाह तथा कार्यक्षेत्रमा प्रवेश – ८–९

(घ) राज्यारोहण र काशीयात्रा – ९–११

(ङ) कालु पाँडेलाई कजाई – ११–१२

(च) नुवाकोटमाथि आक्रमण र अधिकार – १२–१३

(छ) अङ्ग्रेजहरूको नेपालमाथिको आक्रमण तथा पराजय – १३–१४

(ज) काठमाडौं शहरमाथि अधिकार – १४–१५

(झ) भक्तपुर शहरमाथि अधिकार – १५–१६

(ञ) पश्चिमतर्फ बढ्ने असफल प्रयास – १६–१८

(ट) पूर्वका सेन-राज्यहरूतर्फको अभियान – १८–२०

(ठ) तराईतर्फका खचपचहरू – २०–२४

(ड) राजा श्री ५ पृथ्वीनारायण शाहका मनमा रहेका चिन्ताहरू – २४–२६

(ढ) अन्तिम दिनहरू – २६–२८

**(आ) – दिव्य उपदेशको मूल पाठ – २९–६१**

(१) – उपदेशको सन्दर्भ र उद्देश्य – २९

(२) – ससुरालीसँगको विवाद र काठमाडौं उपत्यकाको विहङ्गम अवलोकन – ३०–३४

(३) – मैधीमा बास र आफ्ना सेनानायकहरूसँगको सरसल्लाह – ३४–३५

(४) – मामाज्यूको गोरखामा आगमन र उहाँसँगको सरसल्लाह – ३५–३७

(५) – लमजुङ राज्यसँगको मैत्रीसम्बन्ध र कालुपाँडेलाई कजाई – ३७–३८

(६) – पहिहरूको ढाल तथा बस्नेतहरूको तरवार – ३८

(७) – सल्यान-कोटमा देवीको साधना – ३९–४१

(८) – नुवाकोटमाथि अधिकार – ४१–४३

(९) – परशुराम थापाको कुटिल चाल र उनका भाइको मानमर्दन – ४३–४४


http://dibyaupadesh.wordpress.com

(१०) – चीन तथा अङ्ग्रेजी राज्यसंग नेपालले राख्नुपर्ने समुचित सम्बन्ध – ४५–४७
(११) – राजा श्री ५ पृथ्वीनारायण शाहका आफ्ना इच्छा तथा आकांक्षाहरू– ४७–४८
(१२) – राजा श्री ५ पृथ्वीनारायण शाहका नीति तथा नियमहरू – ४९–५६
(क) विदेशी व्यापारीहरूलाई नेपालभित्र आउन नदिनू – ४९
(ख) कर्मचारीहरूलाई धन तथा दौलतहरू कमाउन नदिनू – ५०
(ग) यो देश चार-वर्ण छत्तीस-जातहरूको साझा फूलवारी हो – ५०
(घ) आफ्ना भारदारहरूलाई उचित सम्मान गर्नू – ५१–५२
(ङ) घुस दिने तथा लिने दुवैथरी देशका महाशत्रु नै हुन् – ५२
(च) सैनिकहरूलाई मिलाएर पजनी गर्ने गर्नू – ५२–५३
(छ) आफ्ना सैनिकहरूमाथि राजाले आफैंले नै विवेक राखिदिनुपर्ने – ५३
(ज) सिपाही तथा रैतीहरू भनेका राजाका सार हुन् – ५३
(झ) बाहिरिया मानिसहरूलाई दरबारभित्र प्रवेश हुन नदिनू – ५४
(ञ) आफ्नो देशलाई सदा बलियो बनाइराख्नू – ५४–५५
(ट) टक्सारलाई चोखो रूपमा चलाउनू – ५५
(ठ) अदालतका रुपियाँ-पैसाहरूलाई दरबारभित्र पस्न नदिनू – ५५
(ड) भएका गाउँहरूलाई हटाएर भएपनि खानिहरूलाई चलाउनू – ५६
१३. – मेरा विपक्षीहरूले मलाई पछि धोका दिएका थिए – ५६
१४. – नागा वैरागीहरूलाई मैले सात-गाउँभित्र नै मारिदिएको थिएँ – ५७
१५. – कासीम-अलि खानको पलायन र अङ्ग्रेज सैनिकहरूको हार – ५७
१६. – तिलङ्गा सैनिकहरूको स्थापना – ५८
१७. – नेपाल तुर्काना, मगरांत तथा मुगलाना पनि हुनेछ भन्ने लोकोक्ति – ५८
१८. – सैनिकहरू सङ्गठन गर्ने तरिका – ५८–५९
१९. – विदेशी नाच तथा गानहरूलाई बहिष्कार गरिदिनू – ५९–६०
२०. – राग तथा तानहरूको अभ्यास कसैले पनि नगर्नू – ६०–६१

**परिशिष्ट**

(क) टिप्पणी तथा व्याख्याहरू – ६२–८४
(ख) राजा जयस्थिति मल्लले बाँधिका स्थिति तथा बन्देजहरू – ८४–१०१
(ग) राजा महेन्द्र मल्लले बाँधिका स्थिति तथा बन्देजहरू – १०२–१०४
(घ) राजा राम शाहले बाँधिका स्थिति तथा बन्देजहरू – १०५–११०

* * *

http://dibyaupadesh.wordpress.com

# श्री ५ पृथ्वीनारायण शाहको संक्षिप्त परिचय

## (क) श्री ५ पृथ्वीनारायण शाहका पूर्वजहरू :–

राजा द्रव्य शाहले स्थापना गराएको गोरखा-राजवंशमा राजा राम शाह प्रसिद्ध राजा भएका थिए । तिनीपछि तिनका उत्तराधिकारीका रूपमा छोरा तथा नातिहरू डम्बर शाह (वि.सं. १६९३-९९), कृष्ण शाह (वि.सं. १६९९-१७१५), रुद्र शाह (वि.सं. १७१५-२६) र पृथ्वीपति शाह (वि.सं. १६६९-१७१६) हरू क्रमैसँग यस राज्यको राजसिंहासनमा विराजमान हुन आइपुगेका पाइन्छन् । राजा पृथ्वीपति शाह पनि यस राज्यमा एक सुयोग्य राजाका रूपमा उपस्थित हुन आइपुगेका थिए । आफ्ना छिमेकी राजाहरूसँग – खास गरी ललितपुर राज्यका राजाहरूसँग – तिनले आत्मीयसम्बन्ध स्थापित गराएका थिए । कान्तिपुर राज्यका राजा नृपेन्द्र मल्लसँग पनि तिनको मैत्रीसम्बन्ध स्थापित भएको थियो । यसैले तिनको राज्यकालमा पनि गोरखा राज्य निकै नै व्यवस्थित तथा समृद्ध पनि भएर रहेको पाइन्छ ।

राजा पृथ्वीपति शाहका धेरै छोराहरू रहेका थिए । तिनमा जेठा छोरा वीरभद्र शाह त शुरुमा नै राजाका उत्तराधिकारी एवं युवराजका रूपमा स्थापित भैसकेका थिए, तिनका माहिला छोरा राजकुमार रणशार्दूल शाह भने युवराज वीरमर्दन शाहभन्दा निकै नै योग्य तथा प्रतिभाशाली पनि भएर देखापरिरहेका थिए । यसले गर्दा स्वयं राजा पृथ्वीपति शाह तथा तिनका भारदारहरू पनि तिनलाई सद्भावको दृष्टिले हेर्ने गर्दथे । यसले गर्दा युवराज वीरभद्र शाहलाई आफ्ना भाइ रणशार्दूल शाहप्रति ईर्ष्या तथा द्वेष पनि पैदा हुनु स्वाभाविकै हुन आएको थियो । आफ्ना दाजुमाथि आफूले कुनै पनि किसिमका दुर्भावनाहरू नराखेता पनि उनले आफूप्रति अनावश्यक रूपमा डाह तथा ईर्ष्या गर्दै रहेको अनुभव गरी खिन्न भएर तिनले केही समयपछि आवेशमा आएर आत्महत्या नै गरिदिएका थिए ।

यस अकल्पित घटनाले गर्दा एकातिर राजा पृथ्वीपति शाह तथा युवराज वीरभद्र शाहका बीचमा वैमनस्य पैदा हुन आएको थियो भने अर्कातिर आफ्ना भाइसँगको अकल्पित वियोगले गर्दा युवराज वीरभद्र शाह पनि आफूले आफ्ना भाइमाथि चिताउँदै आएका दुर्भावनाहरूले गर्दा पश्चात्तापद्वारा ग्रस्त भएका थिए । यसै स्थितिमा वैराग्यग्रस्त भई शान्तिको खोजीमा तिनी केही समयको निमित्त आफ्ना समवयस्क राजा भूपतीन्द्र मल्लको आतिथ्यमा रहन भनी 'भक्तपुर' राज्यको राजधानीमा आइपुगेका थिए । केही समय भक्तपुर शहरमा नै रही यहाँबाट स्वदेशतर्फ फर्कँदा आफ्नो राज्यको राजधानीमा नपुग्दै बीचबाटामा नै तिनको देहान्त भएको थियो (वि.सं. १७५४) ।

युवराज वीरभद्र शाहको देहान्तपछि राजा पृथ्वीपति शाहका उत्तराधिकारी एवं युवराज हुनको निमित्त अब तिनका माहिंला छोरा दलु शाह तथा काहिंला छोरा उद्योत शाहका बीचमा कडा प्रतिस्पर्धा चल्न थाल्यो । आफ्ना जेठा तथा माइला दुवै दाजुहरू दिवङ्गत भैसकेकाले अब राजाको उत्तराधिकारी तथा युवराज हुने पालो मेरो नै हो भनी



http://dibyaupadesh.wordpress.com

यतिबेला राजकुमार दलु शाहले राजा पृथ्वीपति शाहसमक्ष आफ्नो जोडदार दावीहरू प्रस्तुत गरिरहेका थिए। अर्कोतिर राजकुमार 'उद्योत शाह' भने – "राजकुमार दलु शाह आफ्ना दाजु नै भए पनि अङ्गहीन काना भएकाले प्रचलित परम्पराअनुसार उनलाई राजाका रूपमा वरण गर्न नमिल्ने हुँदा राजाको उत्तराधिकारी एवं युवराज हुने वास्तविक अधिकार अब मलाई नै प्राप्त रहेको छ" भन्ने आफ्ना तर्कहरूलाई अघि सारिरहेका थिए। निर्णय भने केही हुन सकिरहेको थिएन।

उता छिमेकमा रहेको तनहुँ राज्यमा भने यतिबेला अर्कै किसिमका गतिविधिहरू चलिरहेका थिए। 'तनहुँ' राज्यका राजा दिग्विजय सेनकी दुईवटी बहिनीहरूसँग युवराज वीरभद्र शाहको एकैपटक शुभविवाह सम्पन्न भएको थियो। मन बहलाउको निमित्त आफू भक्तपुर राज्यतर्फ प्रस्थान गर्दा युवराज वीरभद्र शाहले आफ्ना दुईवटै युवराज्ञीहरूलाई उनीहरूकै माइतीघर तनहुँ राज्यको राजभवनतर्फ पठाइदिएका थिए। गोरखा राज्यको राजभवनभित्र चर्को गृहकलह चलिरहेकोले आफ्ना पतिको स्वर्गवास हुँदा पनि उक्त दुवै युवराज्ञीहरूले गोरखा राज्यको राजभवनभित्र प्रवेश गर्न सकिरहेका थिएनन्। यिनमा कान्छी युवराज्ञी 'मल्लिकावती' यतिबेला गर्भवती रहेकी रहिछन्। यो कुरा गोरखा राज्यको राजभवनमा प्रायः कसैलाई पनि थाहा थिएन। युवराज वीरभद्र शाहको देहान्त भएको केही महिनापछि नै यिनले 'तनहुँ' राज्यको राजभवनमा एक बालकलाई जन्म दिएकी रहिछन्। नामकरण-कर्म सम्पन्न हुँदा यी नवजात बालकको नाम 'नरभूपाल शाह' भनेर राखिएको रहेछ। यो सुखद समाचार निकै समयपछि मात्र गोरखा राज्यको राजभवनमा आइपुग्न सकेको थियो। यो समाचार प्राप्त भएपछि राजा पृथ्वीपति शाह स्वाभाविकरूपमा आफ्ना उत्तराधिकारीको चिन्ताबाट निश्चिन्त भएका थिए।

राजा पृथ्वीपति शाह अब आफ्नी बुहारी 'मल्लिकावती' का साथ आफ्ना नवजात नाति नरभूपाल शाहलाई पनि आफ्नै राजभवनमा नै झिकाइहाल्नको निमित्त हतारिइरहेका थिए। तर तनहुँ राज्यका नवयुवक राजा दिग्विजय सेन भने आफ्नी विधवा बहिनीका साथै नवजात भानिजलाई पनि गोरखा राज्यको कलहग्रस्त राजभवनमा तत्कालै पठाइहाल्नको निमित्त तैयार रहेका थिएनन्। यिनलाई आफ्नी बहिनीका साथै भानिजका पनि अनिष्टका आशङ्काहरूले सताइरहेको थियो। यसैले बालक नरभूपाल शाह आफ्नो मामाघर तनहुँ राज्यको राजभवनमा नै हुर्किए तथा त्यहीँ नै बढ्दै पनि आए। यता आफ्ना भतिजा नरभूपाल शाहको जन्म भैसकेको समाचार प्राप्तभएपछि राजकुमार दलु शाह तथा उद्योत शाह पनि राजा पृथ्वीपति शाहको उत्तराधिकारी तथा युवराज हुने होडबाट पन्छिएर यतिकै बस्न विवश भएका थिए।

व्रतबन्ध-संस्कारको निमित्त उपयुक्त उमेर नभएसम्मका बालक नरभूपाल शाहका ८/९ वर्षहरू तनहुँ राज्यको राजभवनमा नै बिते। युवराज्ञी मल्लिकावती भने अब माइतीघरबाट आफ्नै गोरखा राज्यको राजभवनमा फर्किनको निमित्त हतारिइरहेकी थिइन्। यिनताक तनहुँ राज्यका राजगुरु गौरेश्वर पाँडे त्यस राज्यमा प्रभावशाली भारदारका रूपमा कार्यरत रहेका थिए। गोरखा राज्यको राजभवनमा पनि आफ्नो प्रभाव विस्तार गर्ने उद्देश्यअनुसार यिनले युवराज्ञी मल्लिकावतीसँग – "व्रतबन्ध-संस्कार सम्पन्न



http://dibyaupadesh.wordpress.com

हुँदा हजूरबाट जन्मेका कुमारलाई मन्त्र सुनाउने अधिकार मेरा छोरालाई दिलाउन सकिबक्सन्छ भने आफ्ना कुमारका साथ हजूरलाई पनि गोरखा राज्यको राजभवनमा फिर्ता पठाउनको निमित्त राजा दिग्विजय सेनलाई तत्कालै राजी गराइदिनेछु, यसबाट हजूरको, हजूरका कुमारको अनि गोरखा राज्यको र मेरो आफ्नो परिवारको पनि भविष्य उज्ज्वल हुनेछ, यसैले यसको निमित्त आफ्नोतर्फबाट सक्दा प्रयासहरू गरिबक्सियोस्" भनी आग्रह गर्दा युवराज्ञी मल्लिकावती राजगुरु गौरेश्वर पाँडेको यस प्रस्तावमा सहमति जनाउन तयार भइन् ।

राजगुरु गौरेश्वर पाँडेका यसै आग्रह तथा आश्वासन अनुसार तनहुँ राज्यका राजा दिग्विजय सेनबाट अनुमति प्राप्त गरी यिनका जेठा छोरा गोकुलविलास पाँडेका साथ युवराज्ञी मल्लिकावती तथा यिनका कुमार नरभूपाल शाह पनि गोरखा राज्यको राजभवनमा सहजरूपमा नै उपस्थित हुन आए। राजा पृथ्वीपति शाहले पनि आफ्नो राजसभाको बैठक बसाई यसै सभाको सहमतिअनुसार कुमार नरभूपाल शाहलाई नै आफ्ना उत्तराधिकारीका रूपमा गोरखा राज्यका 'नवयुवराज' घोषणा गरिदिए (वि.सं. १७५४) ।

नवयुवराज नरभूपाल शाहको व्रतबन्धको निमित्त उपयुक्त समय नजिकै आइरहेको थियो । यसै अनुसार यिनको व्रतबन्धको लागि यथासमयमा नै आवश्यक तैयारीहरू शुरु हुन थाले । यिनलाई गौरेश्वर पाँडेका छोरा गोकुलविलास पाँडेले 'सावित्र-मन्त्र' सुनाउने भन्ने त पहिले नै निर्णय भैसकेको थियो । युवराज्ञी मल्लिकावतीले राजा पृथ्वीपति शाहलाई यस कुरामा सहमत गराइसकेकी थिइन् । यसै अनुसार व्रतबन्ध-संस्कार सम्पन्न हुँदा यिनी नै नवयुवराजका 'गुरु' का रूपमा अगाडि सारिए । तर यिनले यस दिन व्रतबन्ध-कर्म सम्पन्न हुँदा छलकपट गरी नवयुवराजलाई सावित्र-मन्त्रका साथै दीक्षामन्त्र पनि त्यसै दिन सुनाइदिए ।

शुभविवाह सम्पन्न भएपछि मात्र युवराज तथा राजकुमारहरूलाई दीक्षामन्त्र सुनाउने गोरखा राजभवनको प्रचलित परम्परा रहिआएको थियो । यसपटक भने यस परम्पराको विपरीत व्रतबन्ध-संस्कार सम्पन्न भएकै दिन नवयुवराजलाई दीक्षामन्त्र पनि त्यसै दिन सुनाइएको थियो । यसले गर्दा राजा पृथ्वीपति शाह यतिबेला पण्डित गोकुलविलास पाँडेको कुटिल चालबाजिले गर्दा रिसले क्रुद्ध भएका थिए । तर यतिञ्जेलसम्ममा यिनी नवयुवराजका 'गुरु' का रूपमा पूजित भैसकेकाले राजा पृथ्वीपति शाहले यिनलाई तत्कालै कुनै किसिमको दण्ड दिइहाल्न भने सकेनन् र यत्तिकै मुर्मुरिएर रहिरहे । नवयुवराजको व्रतबन्धसंस्कार चाँडै नै सम्पन्न हुँदैछ भन्ने खबर पाएर परम्परागत गुरु-घरानाका मिश्रहरू सावित्र-मन्त्र सुनाउन भनी बनारसबाट दौडादौड गरी गोरखा राज्यमा आइपुगेका थिए । तर मन्त्र सुनाउन नपाएर उनीहरू भने अक्क-न-बक्कमा पर्न आए ।

विवाहको निमित्त उपयुक्त उमेर भएपछि 'खाँची' राज्यकी राजकन्या 'चन्द्रप्रभावती' सँग नवयुवराज नरभूपाल शाहको विधिपूर्वक शुभविवाह पनि सम्पन्न भयो (वि.सं. १७७२ को आसपास) । राजकुमारी चन्द्रप्रभावती सच्चा अर्थमा नै चन्द्रमाको प्रभाजस्तै शीतल तथा शान्त स्वभावकी गृहिणी भएर देखापरेकी थिइन् । हुन पनि यिनले



http://dibyaupadesh.wordpress.com

पाइला हालेदेखि नै गोरखा राजभवनको सान तथा सौकत पनि अर्कै भएर देखापर्न थाल्यो। यसको केही समयपछि राजा पृथ्वीपति शाहको देहान्त भयो र नवयुवराज नरभूपाल शाह नै 'राजा' का रूपमा गोरखा राज्यको राजसिंहासनमा राखिए (वि.सं. १७३३)।

राज्यारोहण भएको लगतै पाल्पाली राजा 'गन्धर्व सेन' की छोरी राजकुमारी 'कौशल्यावती' सँग पनि यिनको दोस्रो विवाह सम्पन्न भएको पाइन्छ। महारानी चन्द्रप्रभा तथा महारानी कौशल्यावतीका बीचमा सम्भवतः माइतीतर्फबाट फुपू तथा भदैको केही टाढाको नातासम्बन्ध रहेको थियो। संयोगवश दुवै राजकुमारीहरू एउटै राजासँग विवाहको बन्धनमा बाँधिएकाले दुवै राजकुमारीहरू आआफ्ना सौतेनी भावनाहरूलाई बिर्सिई आफ्नै सहोदर दिदी तथा बहिनीजस्तै भई गोरखा राज्यको राजभवनमा आदर्श गृहिणीहरूका रूपमा उपस्थित हुन आइपुगेका थिए।

## (ख) जन्म तथा बाल्यकाल:–

२२/२३ वर्षको उमेर हुँदासम्म पनि राजा नरभूपाल शाहका यी दुवै महारानीबाट कुनै पनि सन्तान देखा पर्न सकेनन्। यसैले यिनले यसपछि 'बुद्धिमती' तथा 'सुभद्रावती' नामका अन्य दुईवटी राजपूतकन्याहरूसँग पनि विवाहसम्बन्ध स्थापित गरेका थिए। तर आखीरमा माहिली महारानी कौशल्यावतीकै गर्भबाट यिनका पहिला सन्तानका रूपमा एक जना यशस्वी बालकको जन्म भयो (वि.सं. १७७९ पौष २७ गते)। जातकर्म सम्पन्न हुँदा नवजात युवराजको नाम 'पृथ्वीनारायण शाह' भनेर राखियो। आपसमा सौतेनी भावना विकसित नहोओस् भन्ने विचार गरी नवजात युवराजलाई आफ्नै युवराज हुन् भन्ने सम्झिई यिनको स्याहारसम्भार तथा लालनपालनको सम्पूर्ण अभिभारा जेठी महारानी चन्द्रप्रभावतीले आफूले नै सम्हालिन्।

महारानी कौशल्यावती जुन समयमा गर्भवती रहेकी थिइन्, त्यसै समयमा महारानी बुद्धिमती पनि गर्भवती रहेकी रहिछन्। गर्भमा ७ महिना मात्र रहेर महारानी कौशल्यावतीको गर्भबाट युवराज पृथ्वीनारायण शाहको जन्म भएको मानिएको थियो। यिनको जन्म भएको एकआध महिना पछि नै महारानी बुद्धिमतीको गर्भबाट पनि अर्का एक जना राजकुमारको जन्म भयो र नवजात राजकुमारको नाम 'वृन्दकेशर शाह' भनेर राखियो। यसबाट केही समयसम्म जन्मका जेठा छोरा पृथ्वीनारायण शाहले नभएर पूरा ९ महिनासम्म गर्भमा रहेर जन्मिएका गर्भका जेठा छोरा वृन्दकेशर शाहले राजाको उत्तराधिकारी हुन पाउनुपर्दछ भन्ने आवाजहरू गाइगुई सुनिन थालेका थिए। तर संयोगवश राजकुमार वृन्दकेशर शाहको चाँडै नै देहान्त भएकोले यो विवाद यत्तिकै शान्त भएर गएको थियो।

यसपछि महारानी सुभद्रावतीका गर्भबाट 'महोद्दामकीर्ति शाह', महारानी कौशल्यावतीकै गर्भबाट 'दलमर्दन शाह', सुभद्रावतीकै गर्भबाट 'दलजित शाह' र रानी बुद्धिमतीको गर्भबाट शूरप्रताप शाह गरी अन्य ४ जना राजकुमारहरू पनि क्रमैसँग पैदा भएका थिए। राजा नरभूपाल शाहका यी ५ भाइ छोराहरू पछि गोरखामा 'पाँच-पाण्डवका अवतार' हरूका रूपमा पनि प्रसिद्ध रहन थालेका थिए। राजा नरभूपाल शाहका अन्य अनेकौं अविवाहिता ठकुरानीहरू पनि रहेका पाइएका छन्। यिनीहरूबाट पनि यिनका अन्य पाँचै जना



http://dibyaupadesh.wordpress.com

राजकुमारहरू पैदा भएका पाइन्छन् । विनीहरूमध्ये राजकुमार 'रणरुद्र शाह' त पछि गोरखा राज्यमा निकै नै चल्ता-फिर्ता भएर निस्किएका थिए ।

"हुने बिरुवाको चिल्लो पात" – भनेझैं युवराज पृथ्वीनारायण शाह आफ्नो जीवनकालको प्रारम्भदेखि नै निकै नै तेजिला तथा प्रतिभाशाली पनि भएर देखापरिरहेका थिए । यिनको हृष्टपुष्ट एवं खाइलाग्दो फुर्तिलो शरीर किशोरावस्थाको प्रारम्भदेखि नै चुस्त-दुरुस्त भएर देखा पर्न थालिसकेको थियो । यिनको स्याहारसम्भार, रेखदेख तथा शिक्षादीक्षाका सम्पूर्ण व्यवस्थाहरू महारानी चन्द्रप्रभावतीले आफैंले नै मिलाउँदै आइरहेकी थिइन् । यिनको अक्षरारम्भ ५ वर्षको उमेरमा विधिपूर्वक सम्पन्न गराइको पाइन्छ । यतिवेला यिनलाई पढाउने औपचारिक 'गुरु' को जिम्मेवारी स्वाभाविकरूपमा पुराना गुरुघरानाका 'मोक्षेश्वर अर्याल' तथा 'भानु अर्याल' ले प्राप्त गरेका थिए । उपाध्याय वर्गका अर्यालहरू भए पनि राजभवनमा रहेर ज्योतिषीको काम पनि गर्ने गरेकाले विनीहरू 'ज्योतिषी' वा 'जैसी' हरूका रूपमा विशेष परिचित रहेका थिए । युवराज पृथ्वीनारायण शाहको प्रारम्भिक शिक्षाको जिम्मेवारी पनि विनीहरूले नै प्राप्त गरेको पाइन्छ । तर युवराज पृथ्वीनारायण शाहको चरित्रनिर्माणमा भने महारानी चन्द्रप्रभावतीको नै प्रमुख हात रहेको देखिन आएको छ ।

तनहुँ, लमजुङ तथा कास्की आदि छिमेकी राज्यका राजकुमारहरू यिनताक प्रायः ठाँट-बाँट, दुर्व्यसन तथा भोगविलासहरूमा लिप्त रही आफ्ना कर्तव्यपथहरूबाट पथभ्रष्ट भैरहेका थिए । यसैले महारानी चन्द्रप्रभावतीले युवराज पृथ्वीनारायण शाहलाई भने सानै उमेरदेखि नै ऐशआराम, दुर्व्यसन तथा भोगविलासहरूदेखि प्रायः टाढा नै राखिदिएकी थिइन् । यसैले यिनका दिनचर्यामा ऐशआराम तथा भोगविलासको गन्धसम्मले पनि प्रवेश गर्न पाइरहेको थिएन । यस किसिमका उच्च तहका नैतिकशिक्षाहरूले गर्दा किशोरावस्थाको प्रारम्भदेखि नै यिनी साहसी, लगनशील, परिश्रमी तथा सच्चरित्र पनि बन्दै आइरहेका थिए । यसले गर्दा यिनी यस समयका यस क्षेत्रमा रहेका अनेकौं पहाडी राज्यका युवराजहरूमध्ये एक जना होनहार युवराजका रूपमा उपस्थित हुन आइपुगेका थिए ।

उता राजा नरभूपाल शाह भने यतिवेला गोरखा राज्यमा अत्यन्त नै सरल तथा शान्त स्वभावका राजा भएर निस्किएका थिए । आफ्ना गुरु गोकुलविलासका अर्ति तथा उपदेशहरूमा लागी यिनी उद्योग, परिश्रम तथा लडाई-भगडाहरूबाट भन्दा देवदेवीहरूको उपासना, आराधना तथा पुरश्चरणहरूबाट नै आफ्ना अभीष्टहरू सिद्ध गर्न सकिन्छ भन्ने तान्त्रिक साधनामार्गतर्फ प्रवृत्त भैरहेका थिए ।

आफ्नो राज्यविस्तारको निमित्त वर्तमान काठमाडौं उपत्यकातर्फ अगाडि बढ्ने प्रयास त राजा नरभूपाल शाहले पनि आफ्नो राज्यकालको प्रारम्भदेखि नै शुरु नगरेका होइनन् । यसै क्रममा यिनले ललितपुर राज्यको गोरखा राज्यसँग सिमाना जोडिएको सामिडाँडामा पटक-पटक सैनिक हस्तक्षेप पनि गरेका थिए । तर यस क्षेत्रलाई आफ्नो नियन्त्रणमा ल्याउनमा भने यिनी कहिल्यै पनि सफल हुन सकेनन् । यसै क्रममा आफ्नो राज्यक्षेत्रभन्दा पूर्वतर्फ काठमाडौं राज्यको अधिकारक्षेत्रमा रहेको नुवाकोट प्रदेशमा अधिकार गर्ने प्रयास पनि यिनले पटक-पटक गरेका थिए । तर अत्यावश्यक हातहतियार



http://dibyaupadesh.wordpress.com

हरू सङ्ग्रह नगरी हतार-हतारमा नै सैनिक अभियानहरू सञ्चालन गरिएकाले यस्ता सैनिक अभियानहरूमा यिनले उल्टै आफ्नै धनजनहरूको क्षतिलाई व्यहोर्नुपरेको थियो।

राजा नरभूपाल शाह आफ्नो जीवनकालको अन्तिम समयतिर मानसिकरूपमा निकै नै अस्वस्थ रहेकाले आफ्ना राजकाजका नियमित कामहरूदेखि प्रायः निरपेक्ष रहन थालेका थिए। यसैले पछि महारानी चन्द्रप्रभावती स्वयंले नै 'चौतरा' को पदभार ग्रहण गरी राज्यका दैनिक प्रशासनहरूलाई सञ्चालन गर्न थालेकी थिइन्। ५/७ वर्षहरू यत्तिकैमा बितेका थिए। यसै बीचमा मकवानपुर राज्यका राजा हेमकर्ण सेनकी छोरी राजकुमारी 'इन्द्रकुमारी' संग युवराज पृथ्वीनारायण शाहको शुभविवाह सम्पन्न भएको थियो। तर द्विरागमन-कर्म सम्पन्न गर्दा नवविवाहिता दुलहीलाई दिइएका दाइजोका विषयमा युवराज पृथ्वीनारायण शाह तथा यिनका जेठान युवराज दिग्बन्धन सेनका बीचमा वैमनस्य पैदा भयो र यिनी आफ्नी विवाहिता दुलहीलाई नलिई त्यहाँबाट यत्तिकै फर्किएर आएका थिए।

यसै स्थितिमा यसको केही वर्षपछि राजा नरभूपाल शाहको देहान्त भयो र युवराज पृथ्वीनारायण शाह नै राजाका रूपमा गोरखा राज्यको राजसिंहासनमा राखिए (वि.सं. १७९९ चैत्र २५ गते)।

जुन समयमा राजा श्री ५ पृथ्वीनारायण शाहले गोरखा राज्यको राजसिंहासनमा पदार्पण गरेका थिए, त्यति बेला काठमाडौं उपत्यका तथा यसका आसपासका क्षेत्रमा कान्तिपुर, भक्तपुर तथा ललितपुर गरी तीनवटा स्वतन्त्र मल्ल-राज्यहरू रहेका थिए। वि.सं. १७७९ मा एकै वर्षमा राजसिंहासनमा पदार्पण गरेका यी तीनवटै मल्ल-राज्यका राजाहरू क्रमशः जगज्जय मल्ल, योगप्रकाश मल्ल तथा रणजित मल्लहरूका बीचमा बाहिरीरूपमा आपसमा प्रायः मेलमिलाप नै रहिरहे पनि भित्रीरूपमा भने मनोमालिन्य चलिरहेको थियो। यिनीहरूका बीचमा आपसी ईर्ष्या तथा द्वेषहरू पनि कायमै रहिरहेका थिए। आआफ्ना स्वार्थ अनुसार यिनीहरू बेलाबखत आपसमा सानातिना लडाईं-झगडाहरू गरिरहेका हुन्थे। यस्ता लडाईंझगडाहरूमा सहयोगीका रूपमा उपस्थित भएर उपर्युक्त तीनवटै मल्ल-राज्यमा आआफ्ना प्रभावक्षेत्रहरू विस्तार गर्ने ताकमा यिनताक गोरखा, तनहुँ तथा मकवानपुर राज्यका राजाहरूका बीचमा एक किसिमले होड नै चलिरहेको थियो। यस क्षेत्रमा रहेका कुनै न कुनै राजाहरूको पक्ष लिई उपर्युक्त तीनवटै राज्यका राजाहरू यस समयमा आआफ्ना सैनिकहरू वर्तमान काठमाडौं उपत्यकामा निरन्तर पठाउँदै रहेका थिए।

यसै दीर्घकालिक युद्धमा – युद्धकालको बीचमा नै – ललितपुर राज्यका राजा योगप्रकाश मल्लको अप्रत्याशितरूपमा देहान्त हुँदा त्यहाँकी मैयाँ योगमतीले पछि आएर आफ्नै तजबिजले 'विष्णु मल्ल' नामक एक जना नवयुवकलाई यस राज्यको राजसिंहासनमा विराजमान गराइदिएकी थिइन्। काठमाडौं राज्यका राजा 'जगज्जय मल्ल' की छोरीको विवाह पछि यिनै नवयुवकसँग सम्पन्न हुन आएको थियो। यसैले यसपछि केही वर्षसम्म त ललितपुर तथा काठमाडौं राज्यका बीचमा आपसमा शान्तिस्थापना पनि हुन सम्भव हुन आएको थियो। यी दुई राजाहरूको आपसी मेलबाट मैयाँ योगमतीको राजनीतिक शक्ति



http://dibyaupadesh.wordpress.com

क्षीण हुन जाँदा र राजा रणजित मल्लको मक्ति पनि गल्न जाँदा लगभग ७ वर्षजतिको लगातारको आपसी कलहबाट थकित भई धनजनहरूको पर्याप्त क्षति भएपछि आखिरमा आएर यस क्षेत्रमा रहेका यतिबेलाका तीनवटै मल्ल-राज्यका राजाहरूका बीचमा एउटा शान्तिसम्झौता पनि सम्पन्न भएको पाइन्छ।

यसै युद्धकालमा राजा नरभूपाल शाहको निर्देशनअनुसार गोरखाली सेनापति काजी जयन्त राना ललितपुर राज्यको अधिकारक्षेत्रमा रहँदै आएको 'लामिडाँडा' को एक भागमा आफ्नो अधिकार स्थापित गर्न सफल भएका थिए। ललितपुर राज्यको पश्चिमी सिमानामा रहेको लामिडाँडासँग गोरखा राज्यको सिमाना आएर जोडिएको थियो। यसैले यस प्रदेशमा आफ्नो अधिकार स्थापित गर्नको निमित्त गोरखालीहरू पहिलेदेखि नै लालायित भएर रहेका थिए। यसै प्रदेशसँग 'तनहुँ' राज्यको सिमाना पनि जोडिन आइपुगेको थियो। यसैले तनहुँ राज्यका राजा 'कामराजदत्त सेन' पनि यस प्रदेशलाई आफ्नो राज्यमा मिलाउनको निमित्त लालायित रहँदै आएका थिए। यसै अवस्थामा तनहुँ राज्यका राजगुरु 'गौरीश्वर पण्डित' तथा काठमाडौं राज्यका राजा 'जगज्जय मल्ल' ले मिली गोरखाली सैनिकहरूलाई त्यस प्रदेशबाट हटाई त्यस प्रदेशको पुछारमा रहेको 'जोगिमारा' नामक एउटा थुम तनहुँ राज्यका राजा कामराजदत्त सेनलाई दिलाइदिँदा गोरखाली राजा नरभूपाल शाह अक्कन-बक्कमा पर्न आएका थिए।

राजा नरभूपाल शाह पारिवारिक नातासम्बन्धद्वारा राजा कामराजदत्त सेनका भानिजका साथै बहिनीज्वाइँ पनि पर्दथे। यसैले मन नपरि-नपरिकन नै भए पनि लामिडाँडा प्रदेशको 'जोगिमारा' नामक थुम तनहुँ राज्यलाई छोडिदिन यिनी यतिबेला विवश भएका थिए। यसरी यस थुमलाई परित्याग गर्दा यस थुमको बदलामा काठमाडौं राज्यको अधिकारक्षेत्रमा रहँदैआएको नुवाकोटमा कुनै न कुनै युक्तिले कब्जा गरौंला भन्ने यिनको भित्री सोचाइ रहेको हुँदो हो। यसै सोचाइअनुसार यस घटनाको लगत्तै नुवाकोटमा अधिकार गर्नको निमित्त यिनले आफ्ना सेनापति 'काजी' जयन्त रानालाई खटाई पनि दिएका थिए। तर आफ्नै कमजोरीहरूले गर्दा काठमाडौं राज्यको तर्फबाट त्यस क्षेत्रका संरक्षक भएर रहेका 'उमराव' काशीराम थापाका अगाडि काजी जयन्त रानाको जोड चल्न सकेन। यिनी त्यहाँबाट पछि हट्न विवश भएका थिए।

यसै सैनिक अभियानमा भित्रीरूपमा आफ्ना विपक्षीहरूसँग मिलेको आशङ्का गरी राजा नरभूपाल शाहले जयन्त रानालाई 'काजी' को पदबाट पदच्युत गराइदिएकाले गोरखा राज्यलाई सदाको निमित्त परित्याग गरी यिनी काठमाडौं राज्यको अधिकारक्षेत्रमा रहेको 'बेलकोट' मा आएर राजा जगज्जय मल्लको आश्रयमा रहन थालेका थिए। पछि 'काजी' महेश्वर पन्तको नेतृत्वमा गोरखा राज्यको तर्फबाट नुवाकोटमा फेरि पनि आक्रमण गरियो। तर हातहतियार तथा तालिमप्राप्त सैनिकहरूको कमीले गर्दा यस पटकको आक्रमण पनि सफल हुन सकेन। यस पटक भएको लडाईमा पनि आफ्ना निकै धनजनका क्षतिहरू व्यहोर्न गोरखाली सैनिकहरू विवश भए।

तनहुँ राज्यका राजा कामराजदत्त सेनको सफलता तथा आफ्नो पटक-पटकको असफलताबाट राजा नरभूपाल शाह खिन्न हुनु स्वाभाविकै हुन आएको थियो। सम्भवतः



http://dibyaupadesh.wordpress.com

यसै असफलताले गर्दा पछि त तिनी लगभग विक्षिप्त नै बन्न आएका थिए । हातहतियार तथा धनजनको कमीले गर्दा नै पटक-पटकको आक्रमणमा आफ्नो पक्षको हार भएको हो भन्ने अनुभव गोरखा राज्यका राजा तथा प्रजाहरू सबैले राम्रैसँग गरिसकेका थिए । यसैले अब रुपियाँ-पैसा तथा हातहतियारहरूको सङ्ग्रहको निमित्त समुचित ध्यान दिन थालियो ।

## (ग) विवाह तथा कार्यक्षेत्रमा प्रवेश :–

यसै स्थितिमा युवराज पृथ्वीनारायण शाहको शुभविवाहको निमित्त प्रसङ्ग चल्दा राजनीतिक लाभका साथसाथै आर्थिक लाभ पनि प्राप्त हुने अपेक्षा राखी महारानी चन्द्रप्रभावती आफ्ना युवराजको विवाह मकवानपुर राज्यका राजा हेमकर्ण सेनकी छोरी इन्द्रकुमारीसँग गराउनको निमित्त अग्रसर भइन् । तर युवराज पृथ्वीनारायण शाहको यो विवाह चिताए अनुसार सफल हुन सकेन । विवाहको निमित्त आवश्यक पर्ने बरियाँतहरू लिई सम्भव भएसम्मका सजधजका साथ युवराज पृथ्वीनारायण शाह गोरखा राज्यको राजधानीबाट मकवानपुर राज्यको राजधानीमा पुगेका थिए । यथासमयमा नै त्यहाँ तिनको विधिपूर्वक शुभविवाह पनि सम्पन्न भएको थियो (वि.सं. १७९५ को आसपास) । तर शुभविवाह सम्पन्न भएको लगत्तैदेखि नै दुई पक्षका बीचमा खचपच शुरु भइ पनि हाल्यो । पहिले त – "राजकुमारी अहिले सानै नै छिन्, यसैले उनलाई अहिले नै गोरखा राज्यमा पठाइहाल्न सम्भव भएन; एक-आध वर्षपछि शुभसाइत विचार गरी 'गौना' गर्न आउनुहोला" भनी नवविवाहिता दुलहीलाई बिदा नै नदिई उनीहरूले गोरखा राज्यबाट आएका जन्तिहरूका साथ दुलाहा युवराज पृथ्वीनारायण शाहलाई पनि त्यत्तिकै फर्काइदिएका थिए । पछि – एक-आध वर्षपछि – गौना गर्न भनी जाँदा पनि दुलहीको औपचारिक बिदाइको निमित्त निकै दिनसम्म आनाकानीहरू चल्दै रहे । महिनौंसम्म बस्दा पनि बिदाइको निमित्त चालचुल भएन ।

यसै बीचमा 'एकदन्ता-हात्ती' तथा 'नौलखा-हीराको हार' को कुरा पनि उब्जियो । राजा हेमकर्ण सेनले छोरीको कन्यादान गर्दा आफ्नी छोरीलाई सम्भवतः गजमोतीको हार पहिऱ्याइदिएका थिए र अन्माउँदा एकदन्ता-हात्तीमा सवार गराएर अन्माइदिएका थिए । यसै वस्तुतथ्यलाई आधार मानेर – "कन्याका साथै वरलाई पनि दानमा दिइएका यी दुवै वस्तु मेरा नै हुन्छन् र मैले नै पाउनुपर्दछ" भन्ने युवराज पृथ्वीनारायण शाहको दावी रहेको थियो । राजा हेमकर्ण सेन पनि सम्भवतः यी दुवै वस्तु आफ्नी छोरीलाई नै दिन चाहन्थे । तर उनका छोरा युवराज 'दिग्बन्धन सेन' भने यसमा सहमत भएका थिएनन् । यसले गर्दा जुवाई तथा जेठानका बीचमा मनोमालिन्य पैदा भयो र युवराज पृथ्वीनारायण शाह आफ्नी दुलहीलाई नै नलिई त्यहाँबाट त्यत्तिकै फर्किएर आए ।

युवराज दिग्बन्धन सेनको मेखी भाग्नु अब गोरखा राजभवनको निमित्त अत्यावश्यक अनुभव हुन आइरहेको थियो । यसैले महारानी चन्द्रप्रभावतीले आफ्नै माइतीघर गोरखपुरतिरबाट 'डोला' को रूपमा अर्की राजपूतकन्यालाई गोरखामा झिकाइन् । फलतः गोरखा राज्यको राजभवनमा नै तिनै राजपूत-कन्यासँग युवराज पृथ्वीनारायण शाहको दोस्रो विवाह सम्पन्न भयो (वि.सं. १७९७ को आसपास) । शुभविवाह सम्पन्न भएपछि



http://dibyaupadesh.wordpress.com

नवविवाहिता युवराज्ञीको नाम 'नरेन्द्रलक्ष्मी' भनेर राखिएको थियो।

काठमाडौं राज्यको अधिकारक्षेत्रमा रहेको नुवाकोट प्रदेशमा अधिकार गर्नु गोरखाली भारदारहरूको निमित्त राजा नरभूपाल शाहको राज्यकालदेखि नै सपना तथा जपना पनि भएर रहँदै आएकोले आफ्नो राज्यक्षेत्रलाई काठमाडौं उपत्यकातर्फ विस्तार गर्ने चाहना युवराज पृथ्वीनारायण शाहमा पनि आफ्नो किशोरावस्थाको प्रारम्भदेखि नै पैदा हुनु स्वाभाविकै हुन आएको थियो। आफू युवराजको रूपमा कार्यरत रहँदै तिनले यसको निमित्त आफ्ना गतिविधिहरू बढाउन शुरु पनि गरिसकेका थिए।

यसै क्रममा युवराज छँदै तिनले राजप्रतिनिधि भई भक्तपुर राज्यमा आएर यहाँका राजा रणजित मल्लसँग आफ्ना पिता राजा नरभूपाल शाहको पगरी सट्टा गरी र उनका छोरा वीरनरसिंह मल्लसँग आफ्नो मितेरी-सम्बन्ध स्थापित गरी दुई राज्यका बीचमा मैत्रीसम्बन्ध स्थापित गराएर राजा रणजित मल्ललाई आफ्ना 'मित-बाबा' का रूपमा उपस्थापित गराइदिएका थिए। यस्तै काठमाडौं राज्यमा आएर यस राज्यका राजा जयप्रकाश मल्लसँग पनि तिनले आफ्नो मितेरीसम्बन्ध स्थापित गराइदिएका थिए।

## (घ) राज्यारोहण तथा काशीयात्रा:–

गोरखा राज्यभन्दा उत्तरपश्चिमतर्फ रहेको छिमेकी राज्य 'लमजुङ' भने पूर्वतर्फ बढ्ने तिनको महत्त्वाकाङ्क्षाको निमित्त यतिबेला प्रमुख बाधक बनेर उपस्थित भैरहेको थियो। आफूले पूर्व काठमाडौं राज्यतर्फ अघि बढ्ने प्रयास गरेमा लमजुङ राज्यले आफ्नो राज्यमा सशस्त्र आक्रमण गरिदिने खतरा तिनको निमित्त जीवितै रहिरहेको थियो। यसैले भर्खरै मात्र युवावस्थामा प्रवेश गरेका युवराज पृथ्वीनारायण शाह यति बेला विलखबन्दमा परिरहेका थिए। यसै स्थितिमा राजा नरभूपाल शाहको देहान्त भएकोले 'महाराजाधिराज' का रूपमा तिनी नै गोरखा राज्यको राजसिंहासनमा विराजमान हुन आए।

राज्यारोहण गर्नेबित्तिकै नवयुवक राजा श्री ५ पृथ्वीनारायण शाह काठमाडौं राज्यको अधिकारक्षेत्रमा रहेको नुवाकोट प्रदेशमा आक्रमण गर्नको निमित्त फेरि पनि जम्जमाउन थाले। यसै अनुसार त्यहाँ फेरि पनि आक्रमण गरियो। यस पटकको आक्रमण पनि पूरा सैनिक तैयारी नगरी हतार-हतारमा नै गरिएको थियो। यसैले यस पटकको आक्रमण पनि सफल हुन सकेन।

राम्रोसँग सैनिक तैयारीहरू नगरी नुवाकोट प्रदेशमाथि गरिएको सैनिक अभियान सफल हुनसक्दैन भन्ने कुरा अबलाई घामजत्तिकै छर्लङ्ग भैसकेको थियो। यसैले राज्यारोहण गर्नेबित्तिकै 'तीर्थ गर्न जाने' बहाना गरी नवयुवक राजा श्री ५ पृथ्वीनारायण शाह सर्वप्रथम आफ्ना दलबलहरू सहित काशी-यात्रातिर लागे। तीर्थ गर्न जाने भन्ने त तिनको बहाना मात्र रहेको थियो, वास्तवमा तिनी नयाँ किसिमका हातहतियार तथा गोलाबारुदहरूको खोजीमा नै त्यतातर्फ लागेका थिए। भारतका समसामयिक राजनीतिक तथा सामाजिक परिस्थितिको अध्ययनगर्नु पनि तिनको तीर्थयात्राको अर्को उद्देश्य रहेको थियो। यतिबेला भारतको राजनीतिक परिस्थिति पनि अस्तव्यस्त नै रहेको थियो। त्यहाँ बन्दूक तथा तोपगोलाहरूको प्रचलन व्यापकरूपमा बढ्दै आइरहेको थियो। त्यहाँबाट राम्रा-राम्रा बन्दूक तथा गोलाबारुदहरू ल्याउन पाइएमा नमूना देखाई यहाँ अरु बन्दूक



http://dibyaupadesh.wordpress.com

तथा गोलाबारुदहरू बनाउन सकिन्छ कि भन्ने यतिबेला यिनको मित्री सोचाइ रहेको हुँदो हो । पाएमा यिनी त्यहाँबाट बन्दूक तथा गोलाबारुदहरू बनाउन जान्ने भारतीय कालिगढहरूलाई पनि साथैमा लिएर आउन चाहन्थे । तर यिनी यस काममा भने यसपटक त्यति सफल भएका पाइँदैनन् ।

काशीयात्राबाट स्वदेशतर्फ फर्केर आउँदा बाटामा रहेको एउटा भन्सार-चौकीमा त्यहाँका सुरक्षाकर्मीहरूले – "तीर्थयात्रीहरू नै भए पनि सबै यात्रीका भारीहरू खोल्नुपर्दछ" भनी खिचोला गर्दा स्वाभिमानी स्वभाव भएका राजा श्री ५ पृथ्वीनारायण शाहलाई उनीहरूको यो खिचोला सह्य भएन र त्यहाँका सुरक्षाकर्मीहरूमाथि हात नै उठाउन यिनी विवश भए । यिनकै आदेशअनुसार यिनका सहयात्रीहरूद्वारा त्यस चौकीमा रहेका केही सुरक्षाकर्मीहरू तत्काले त्यहीं नै काटिए । यस घटनाबाट अब पक्कै पनि पक्राउमा परिन्छ भन्ने भय राजा श्री ५ पृथ्वीनारायण शाह तथा यिनका सहयोगीहरूमा पनि पैदा भैरहेको थियो । यसै स्थितिमा त्यस क्षेत्रमा सक्रिय रहेका शस्त्रधारी केही 'नागा' सन्यासीहरूको सहयोग लिई रातारात गरी भागेर आफ्ना सहयोगीहरूका साथ पाल्पा राज्यमा आइपुग्न यिनी येनकेन सफल भएका थिए ।

राजा श्री ५ पृथ्वीनारायण शाह जुन समयमा गोरखा राज्यको राजसिंहासनमा विराजमान भएका थिए, त्यस समयमा पश्चिमी भारतमा महाराष्ट्रका गौरवका रूपमा देखापरेका 'छत्रपति शिवाजी' को उज्ज्वलमय चरित्रको तेजोमय प्रकाश भारतवर्षभर यत्रतत्र फैलिई त्यसको केही प्रकाश यहाँ गोरखा राज्यसम्म पनि आइपुगिसकेको थियो । तिनले देखाएका मार्गहरूबाट अगाडि बढ्दै आएर त्यहाँका 'पेशवा' हरूले आफ्ना राष्ट्रिय गौरवहरूलाई यिनताक उत्तरी भारतमा पनि क्रमशः विस्तारित गराउँदै ल्याइरहेका थिए । सनातनी हिन्दूहरूका प्राचीन तीर्थस्थल मथुरा, वाराणसी तथा गयाहरू अब चाँडै नै पेशवा राज्यमा मिलाइने भएका छन् भन्ने चर्चा तथा परिचर्चाहरू यिनताक उत्तरी भारतमा यत्रतत्र फैलिइरहेका थिए । भारतभरका सबै स्वाभिमानी सनातनी हिन्दूहरूको आँखा यति बेला महाराष्ट्रका गौरव 'पेशवा' हरूतर्फ लागिरहेको थियो ।

ठीक यसै समयमा अर्कोतिर सात-समुद्रपारबाट व्यापार गर्न भनी आएका अङ्ग्रेजहरू पनि 'इस्टइण्डिया-कम्पनी' नामक एउटा व्यापार-कम्पनीको माध्यमबाट भारतभरमा आफ्ना आर्थिक, राजनीतिक तथा धार्मिक प्रभावहरू विस्तार गर्नको निमित्त अघिसरिरहेका थिए । यिनताक भारतमा घटिरहेका यस्ता राजनीतिक घटना, त्यहाँको अशान्तमय वातावरण तथा त्यहाँ चलिरहेका सामाजिक तथा राजनीतिक उथलपुथलहरूलाई पनि आफ्नै आँखाले प्रत्यक्षरूपमा नै देखेपछि – यस क्षेत्रमा स्थापित भएका सबै पहाडी राज्यहरूले एकगठ भएर बस्न नसके हो भने यहाँ रहेका ससना सबै पहाडी राज्यहरूको अस्तित्व अब चाँडै नै समाप्त हुनेछ भन्ने दृढ निश्चय श्री ५ पृथ्वीनारायण शाहको अन्तष्करणमा यसै समयदेखि उब्जन थालेको पाइन्छ ।

तर यस क्षेत्रमा स्थापित भएका ससाना पहाडी राज्यका राजाहरूमा भने आपसमा मिलेर रहन सक्ने वातावरण कति पनि रहेको थिएन । यसैले नवयुवक राजा श्री ५ पृथ्वीनारायण शाह अब आफ्नो राज्यक्षेत्रलाई विस्तार गर्ने परम्परागत सोचाइले भन्दा



http://dibyaupadesh.wordpress.com

यस क्षेत्रमा स्थापित भएका सबै पहाडी राज्यहरूलाई एकीकृत गरी आफ्नै नेतृत्वमा एउटा शक्तिशाली राष्ट्रको निर्माण गर्ने उद्देश्यले नै नेपाल अधिराज्यको एकीकरणको अभियानतर्फ उन्मुख भएका पाइन्छन्। युद्धकालमा अन्य देश वा जातिका मूल्य, मान्यता तथा भावनाहरूमा कुनै पनि किसिमले आघात नपार्ने, हातहतियार लिएर अघि नसर्ने कृषक, शिल्पकार तथा अन्य सर्वसाधारण जनतालाई कुनै किसिमले हानिनोक्सानी नपुऱ्याउने र आफ्ना विपक्षीहरू नै भए पनि उनका जहान-परिवारहरूको भने जिउधनहरूको सुरक्षा गरिदिने जस्ता यिनले आजीवन अपनाएका अनुकरणीय एवं आदर्श नीतिहरू नै यिनका एकीकरण-अभियानका सफलताका परिचायक भएर रहेका छन्।

## (ङ) कालु पाँडेलाई कजाईं :–

बाराणसीबाट स्वदेशमा फर्किएर आउनेबित्तिकै नवयुवक राजा श्री ५ पृथ्वीनारायण शाहले नेपाल अधिराज्यको एकीकरण-अभियानको निमित्त आफ्ना दह्रिला पाइलाहरू फेरि पनि चलाउन शुरू गरिहाले। नयाँ राजाको राज्याभिषेक हुनेबित्तिकै 'काजी' को रूपमा आफ्ना नयाँ मन्त्रीलाई नियुक्त गर्ने गोरखा राजभवनको प्रचलित परम्परा रहिआएको थियो। तर नवयुवक राजा श्री ५ पृथ्वीनारायण शाहले यतिञ्जेलसम्म पनि आफ्नो यस महत्त्वपूर्ण कामतिर ध्यान दिन सकिरहेका थिएनन्। गोरखा राज्यका पहिला मन्त्री काजी गणेश पाँडेकै वंशधर 'कालु पाँडे' यिनताक यस राज्यका प्रतिष्ठित भारदारका परिवारहरूमा एक जना होनहार युवकका रूपमा देखापरिरहेका थिए। अपेक्षाकृत काला वर्णका भएकाले यिनी 'कालु' को नामले प्रसिद्ध भएका पाइन्छन्। 'काजी' को प्रस्तावित पदको निमित्त सबैको ध्यान यिनीतर्फ नै आकर्षित भैरहेको थियो। तर नवयुवक राजा श्री ५ पृथ्वीनारायण शाह स्वयं भने आफूलाई मन परेका 'बिराज बखेती' नामक अर्कै नवयुवकलाई आफ्ना सहयोगीका रूपमा 'काजी' को पदमा नियुक्त गर्ने मनःस्थितिमा रहेका थिए। यसै अवस्थामा महारानी चन्द्रप्रभावतीले 'काजी' पदको निमित्त कालु पाँडेको नामलाई नै अघि सारिदिएकी थिइन्।

यस स्थितिमा आफ्नो राज्यमा रहेका भद्रभलाद्मी तथा ठूला-साना सबै जनताको यस सम्बन्धमा के राय रहेछ त भनी बुझ्ने आफ्नो चाहना नवयुवक राजा श्री ५ पृथ्वीनारायण शाहले आफ्ना सबै भाइभारदारहरूका समक्षमा प्रकटरूपमा नै व्यक्त गरिदिएका थिए। यसै अनुसार यस सम्बन्धमा ठूला-साना, धनी-गरीब सबै देशवासीहरूसँग सरसल्लाह गरियो। यसरी रायसल्लाह लिँदा भाइ, भैयाद, छिमेकी मित्र-राजा तथा सर्वसाधारण जनताको तर्फबाट पनि कालु पाँडेको पक्षमा नै सहमति प्राप्त भयो र यिनी नै यस राज्यका 'काजी' वा मन्त्रीका पदमा नियुक्त गरिए।

## (च) नुवाकोटमा आक्रमण तथा अधिकार :–

यिनताक काठमाडौं उपत्यकाभित्र रहेका तीनवटै मल्ल-राज्यका नागरिकहरू निकै नै सम्पन्न रहेका थिए। यहाँ धानका खेतीहरूको भरपूर विकास भैरहेको थियो। यहाँका देवमन्दिरका छाना तथा राजाका सालिकहरू पनि सुनै-सुनका मोलम्बाहरूले सिंगारिएका थिए। झट्ट हेर्दा यी सबै सालिकहरू सुनै-सुनले बनेका जस्ता देखिन्थे।



http://dibyaupadesh.wordpress.com

तिब्बतसँगको व्यापार तथा स्वतन्त्र व्यवसायहरूले गर्दा नै यहाँका नागरिकहरू यसरी सम्पन्न भएका हुन् भन्ने धारणा यिनताक गोरखाली नागरिकहरूमा बनिरहेको थियो। यसैले काठमाडौं राज्यबाट तिब्बतको केरुङ्तर्फ जाने मूलबाटोमा परेको यस राज्यको नुवाकोट प्रदेशमाथि अधिकार गरी तिब्बतसँगको व्यापारमा आफूहरू पनि सहभागी हुने चाहना गोरखाली नागरिकले पनि राख्दै आइरहेका थिए। यसैले नवयुवक राजा श्री ५ पृथ्वीनारायण शाह अब फेरि पनि यसै प्रदेशतर्फ ध्यान दिन थाले।

गोरखा राज्यबाट निर्वासित भएका भूतपूर्व काजी जयन्त राना यिनताक काठमाडौं राज्यका राजाहरूको आश्रयमा आएर 'उमराव' को पदमा नियुक्त भई नुवाकोट प्रदेशका संरक्षक भएर बसिरहेका थिए। नवयुवक राजा श्री ५ पृथ्वीनारायण शाहले सर्वप्रथम त यिनलाई नै – "तँ हाम्रो आफ्नै मानिस होस्, यसैले नुवाकोट हामीलाई यत्तिकै छोडिदे" भन्ने सन्देश पठाइदिएका थिए। तर आफ्ना स्वामीप्रति वफादार रहेका 'उमराव' जयन्त राना भने यिनको यस किसिमको अनुचित प्रस्तावमा सहमत हुन सकेनन्। "हुन त म पनि हजूरको नै मानिस हुँ, तर अहिले मैले राजा जयप्रकाश मल्लको नुन खाइरहेको छु, यसैले मैले नुवाकोट हजूरलाई यत्तिकै सुम्पन मिल्दैन; यस प्रदेशको सुरक्षाको निमित्त आफ्नो तर्फबाट सम्भव प्रयासहरू अवश्य पनि गर्नेछु" – भनी यिनले राजा श्री ५ पृथ्वीनारायण शाहको निमित्त आफ्नो कठोर जबाफ पठाइदिए। फलतः धनजन तथा हातहतियारहरूको पर्याप्त सङ्ग्रह गरी आफ्ना सम्पूर्ण सैनिक तैयारीहरू पूरा भएपछि 'उमराव' जयन्त राना अनुपस्थित रहेको मौका छोपी श्री ५ पृथ्वीनारायण शाहले आफ्नै सक्रिय नेतृत्वमा गोरखाली सैनिकहरूद्वारा नुवाकोटभन्दा माथिपट्टि रहेको 'महामण्डल' को दुर्जेय किल्लामाथि अप्रत्याशितरूपमा जोडदार आक्रमण गरिदिए। नुवाकोट प्रदेशमा भएको यस पटकको यो आक्रमण खासगरी तीनतिरबाट भएको थियो।

'उमराव' जयन्त रानाको अनुपस्थितिमा यति बेला यिनका छोरा 'शङ्खमणि राना' ले 'महामण्डल' मा रहेको दुर्जेय नेपाली किल्लाको सुरक्षाको मुख्य अभिभारा सम्हालेर बसिरहेका थिए। तर यिनको नेतृत्वमा रहेका सैनिकहरूले लडाकु गोरखाली सैनिकहरूसँग राम्रो मुकाबिला गर्ने मौका नै पाएनन्। मुठभेडमा १५ वर्षका राजकुमार दलमर्दन शाहको हातबाट शङ्खमणि राना स्वयं नै मारिए। लडाईंको अन्त्यमा बज्रने 'जेठी-तरवार' यिनैको थाप्लामाथि बज्रियो। यसबाट राजा श्री ५ पृथ्वीनारायण शाहको दोस्रो पटकको प्रयासमा नुवाकोट प्रदेश सहजरूपमा नै गोरखाली सैनिकहरूको अधिकारमा पर्न आयो (वि.सं. १८०१ आश्विन १५ गते)। कति प्रयास गर्दा पनि राजा जयप्रकाश मल्लले यस प्रदेशलाई गोरखाली सैनिकहरूको हातबाट फिर्ता गर्न सकेनन्। भक्तपुर तथा काठमाडौं राज्यका राजाका आपसी कलहहरूबाट लाभ उठाई गोरखाली सैनिकहरू अब उल्टै क्रमशः काठमाडौं उपत्यकाभित्र नै पनि यत्रतत्र सक्रिय रहन थाले।

यसै क्रममा – यसको दुईवर्ष जति पछि – काठमाडौं राज्यको अधिकारक्षेत्रमा रहेका 'साँखु' तथा 'चाँगु' का साथसाथै 'सिन्धुपाल्चोक' पनि काठमाडौं राज्यबाट खोसेर नवयुवक राजा श्री ५ पृथ्वीनारायण शाहले भक्तपुर राज्यका राजा आफ्ना 'मित-बाबा' रणजित मल्ललाई उपहारका रूपमा दिलाइदिए (वि.सं. १८०३)। यी प्रदेशहरू आफूले



http://dibyaupadesh.wordpress.com

लिएमा समजुद्द राज्यले आफूमाथि अनावश्यकरूपमा दगा गर्नेछ भन्ने भयले गर्दा नै तिनले आफ्ना यी विजित भूभागहरू भक्तपुर राज्यका राजा रणजित मल्ललाई दिलाइदिएका थिए। यी भूभागहरू भक्तपुर राज्यका राजालाई दिए पनि यी भूभागहरूमा गोरखालीका सैनिक गतिविधिहरू भने निरन्तर चली नै रहेका थिए। यसबाट 'सिन्धुपाल्चोक' का साथसाथै 'काभ्रेपलाञ्चोक' तथा 'दोलखा' हुँदै दूधकोशी नदीसम्म आफ्ना प्रभावक्षेत्रहरू विस्तार गर्ने नवयुवक राजा श्री ५ पृथ्वीनारायण शाहको निमित्त खास कठिनाइ भएन (वि.सं. १८११)। नुवाकोट प्रदेश त पहिले नै आफ्नो अधिकारक्षेत्रमा आइसकेको थियो। सिन्धुपाल्चोक पनि आफ्नो अधिकारक्षेत्रमा आइपुगेकोले काठमाडौं उपत्यकाबाट तिब्बततर्फ जाने 'केरुङ' तथा 'कुती' दुवैतर्फका प्रमुख बाटाघाटाहरू अब गोरखाली सैनिकहरूकै नियन्त्रणमा पर्न आए। यसबाट काठमाडौं उपत्यकाका नेवार व्यापारीहरूको तिब्बतसँगको परम्परागत व्यापार करीब-करीब ठप्प नै हुन आयो।

वि.सं. १८२४ को आरम्भसम्ममा काठमाडौं उपत्यकाभित्र रहेका तीनवटै मल्ल राज्यका अधिकारक्षेत्रमा रहँदैआएका यस उपत्यकाभन्दा बाहिरका प्रायः सम्पूर्ण भूभागहरू गोरखाली सैनिकहरूका नियन्त्रणमा आइसकेका थिए। यसबाट उपत्यकाभित्र रहेका तीनवटै मल्ल-राज्यका राजधानीहरूमा राजा श्री ५ पृथ्वीनारायण शाहका सैनिक दबाबहरू दिनप्रतिदिन बढ्दै आइरहेका थिए। कीर्तिपुर शहरमा पटक-पटक आक्रमण हुँदै रहे पनि दुर्जेय किल्लाको रूपमा रहेको यस शहरमाथि भने कति प्रयास गर्दा पनि गोरखाली सैनिकहरूको अधिकार स्थापित हुन सकिरहेको थिएन। कीर्तिपुरमा भएको असफल सैनिक अभियानमा नै गोरखाली सेनाका होनहार सेनापति काजी कालु पाँडेले आफ्नो अमूल्य जीवनलाई बलिदान दिनुपरेको थियो।

यसै बीचमा वर्तमान काठमाडौं उपत्यकाको दक्षिणपूर्वमा रहेको मकवानपुर राज्यमा पनि गोरखाली सैनिकहरूको अधिकार स्थापित हुन आयो (वि.सं. १८१९ भाद्र ९ गते)। यसको महि-तीन वर्षजति पछि काठमाडौं राज्यको कीर्तिपुर शहरमा पनि आफ्नो अधिकार स्थापित गर्न गोरखालीहरू सफल रहे (वि.सं. १८२२ चैत्र ३ गते)। यतिञ्जेलसम्ममा काठमाडौं उपत्यकाभन्दा पूर्वतर्फ रहेका 'साँगा', 'नाला', 'बनेपा', 'टिस्टुङ', 'पालुङ' तथा 'फर्पिङ' सम्मका सम्पूर्ण पहाडी भूभागहरू गोरखाली सैनिकका नियन्त्रणमा आइसकेका थिए। यसैले अब काठमाडौं उपत्यकाभित्र रहेका तीनवटै मल्ल-राज्यका राजधानीहरूमा पनि गोरखालीहरूका कठोर नाकाबन्दीहरू शुरू भैसकेका थिए। गोरखाली सैनिकहरूका अगाडि मल्ल-राज्यका सैनिकहरू निस्तेज तथा निरीह पनि भएर देखापरिरहेका थिए।

### (छ) अङ्ग्रेजहरूको नेपालमाथि आक्रमण एवं हार :–

यसै बीचमा राजा जयप्रकाश मल्लको सहकाउमा आएर इस्टइण्डिया-कम्पनीका अङ्ग्रेज पदाधिकारीहरूले 'कप्तान किनलाक्' को नेतृत्वमा सिन्धुली-गढीको बाटो भई गोरखाली सैनिकहरूका विरुद्धमा अप्रत्याशितरूपमा जोडदार आक्रमण गरिदिएका थिए (आश्विन, वि.सं. १८२४)। यसभन्दा केही वर्ष पहिले नै विधर्मी आक्रान्ता कासीम-अलि खाँका सैनिकहरूको जोडदार आक्रमणलाई पनि गोरखाली सैनिकहरूले एक पटक



http://dibyaupadesh.wordpress.com

सफलतापूर्वक सामना गरिसकेका थिए। अत्याधुनिक हातहतियारहरूले सुसज्जित भएका अङ्ग्रेज सैनिकहरूका अगाडि खुँडा, खुकुरी, धनु-काण तथा साधारण बन्दूकहरू मात्र लिएर मुकाबिलाको निमित्त अघि सर्नु गोरखाली सैनिकहरूको निमित्त सामान्य कुरा रहेको थिएन। तैपनि यतिबेला यिनीहरूमा अदम्य उत्साह, उत्कृष्ट आत्मबल तथा अपूर्व देशभक्ति रहेको थियो। यही अदम्य उत्साह, आत्मबल तथा देशप्रेमले गर्दा नै विपरीत परिस्थितिमा पनि थोरै सङ्ख्यामा रहेका गोरखाली सैनिकहरूले विशाल भारतीय तथा अङ्ग्रेज सैनिकहरूलाई सजिलैसँग हराइदिएकाले आफ्ना जेजति भएका हातहतियार लाई असपत्र नै छोडेर त्यहाँबाट भागाभाग गर्न उनीहरू विवश भएका थिए। कासीम-अलि खाँ तथा कप्तान् किनलाक्‌का सैनिकहरूबाट खोसिएका हातहतियारहरूबाट गोरखाली सैनिकहरूको सामरिकशक्ति अब यस क्षेत्रमा निकै नै बढिचढिसकेको थियो। यिनीहरू अब यस क्षेत्रमा एउटा अजेय शक्तिका रूपमा उपस्थित भैसकेका थिए।

## (ज) राजधानी कान्तिपुरमा अधिकार :–

आफ्नो विरुद्धमा अङ्ग्रेज सैनिकहरूलाई आमन्त्रण गरेको सत्य-तथ्य कुरा थाहा पाएपछि राजा श्री ५ पृथ्वीनारायण शाह अब राजा जयप्रकाश मल्लदेखि अत्यन्त नै क्रुद्ध बन्न आइपुगेका थिए। यसैले अब यिनले काठमाडौँ राज्यको राजधानी काठमाडौँ शहरमा नै पनि आफ्नो अधिकार चाँडै नै स्थापित गराइहाल्नको निमित्त कम्मर नै कसे। उपत्यकाभित्र रहेका तीनवटै प्रमुख शहरहरूभन्दा बाहिर रहेका प्रायः सम्पूर्ण ग्रामीणक्षेत्रहरू यतिञ्जेलसम्ममा गोरखाली सैनिकहरूका नियन्त्रणमा आइसकेका थिए र काठमाडौँ शहरमा नै पनि यिनीहरूको चारैतिरबाट कठोर सैनिक नाकाबन्दी परिरहेको थियो। यसै स्थितिमा यस वर्षको वर्षाद सकिएर 'इन्द्रजात्रा' को उल्लासमय चाड नजिकै उपस्थित हुन आइपुगेको थियो। काठमाडौँ शहर यिनताक चारैतिरबाट गिर्दापर्खालहरूले घेरिएर रहेकोले शहरभित्र प्रवेश गर्ने चारैतिरका 'गोपुर' हरूलाई बन्द गरेर काठमाडौँ शहरमा रहेका राजा, भारदार तथा जनताले पनि निश्चिन्त भएर इन्द्रजात्राको पर्वलाई उल्लासमय वातावरणमा मनाइरहेका थिए। शहरमा आमोदप्रमोद तथा भोजभतेरहरू चलिरहेका थिए।

मध्यरात ढल्किइसकेपछि गोरखाली सैनिकहरूले पूर्व, पश्चिम तथा उत्तर तीनैतिरबाट शहरका दुर्लङ्घ्य गोपुरहरूमाथि जोडदार आक्रमणहरू गरिदिएका थिए। शहरको दक्षिणतर्फ रहेको 'गोपुर' भने राजा जयप्रकाश मल्ल तथा उनका सहयोगीहरूलाई पनि राज्यबाट पलायित भएर जानको निमित्त सजिलो होस् भनी त्यत्तिकै खुला नै छोडिएको थियो। शहरका गिर्दापर्खालहरूलाई पार गरेर प्रायः विनाप्रतिरोध नै जुन समयमा गोरखाली सैनिकहरू हनुमानढोका राजभवनको पटाङ्गिनीमा दाखिल हुन आइपुगेका थिए, त्यस समयमा राजा जयप्रकाश मल्ल कुमारीजात्राको क्रममा कुमारीको रथको पछि-पछि शहरको दक्षिणी भेगमा पुगिरहेका थिए। गोरखालीहरूको आक्रमण भएको समाचार पाएर उनी त्यहींबाटै तत्कालै पलायित भए। बागमती नदीलाई पार गरेर ललितपुर राज्यमा पुगी त्यहाँका त्यतिबेलाका राजा 'तेजःप्रकाश मल्ल' को शरणमा पुगेर आश्रय लिन यिनी विवश भए।



http://dibyaupadesh.wordpress.com

कुमारीजात्राकै क्रममा कुमारीघरको अगाडिपट्टि रहेको डबलीमा काठमाडौं राज्यको राजसिंहासन प्रायः खुला – दश-बीस जना सैनिकहरूको जिम्मामा– लगभग अलपत्र नै छोडिएको थियो। राजा श्री ५ पृथ्वीनारायण शाहले यस राजसिंहासनलाई रातैमा 'जीवित-कुमारी' को बरदप्रसादको रूपमा ग्रहण गरे। यस राजसिंहासनको शोभालाई यिनले तत्कालै त्यहीं नै बढाइदिए। यिनको सन्मानमा बन्दूकहरूद्वारा खुशियालीका बढाईहरू त्यतिखेर नै दागिए। यसबाट यिनी गोरखा राज्यका राजाबाट स्वाभाविकरूपमा नेपाल राज्यका राजाका रूपमा स्थापित हुन आए (वि.सं. १८२५ आश्विन १३ गते)।

आफ्नो राज्यबाट पदच्युत भएका राजा जयप्रकाश मल्लले ललितपुर राज्यमा पुगेर त्यहां पनि लामो समयसम्म टिकिरहन पाउनु सम्भव भएन। यस राज्यमा पनि गोरखाली सैनिकहरूको दबाब दिनपरदिन बढ्दै आइरहेको थियो। यसैले केही दिनपछि यस राज्यका नवस्थापित राजा तेजःप्रकाश मल्लका साथ यिनी पनि त्यहांबाट भक्तपुर राज्यको राजधानीतर्फ पलायित हुन विवश भए। यसबाट ललितपुर राज्य पनि सहजरूपमा नै गोरखाली सैनिकहरूको अधिकारमा आयो (आश्विन २४ गते)। अब भक्तपुर राज्यको राजधानी नै पनि राजा श्री ५ पृथ्वीनारायण शाहको अग्रिम लक्ष्यमा रहेको थियो। तर यस राज्यमा तत्कालै हस्तक्षेप गरिहाल्न भने यिनले उचित सम्झेनन्।

यिनताकसम्ममा उता, पश्चिमतर्फ गोरखालीहरूका विरुद्धमा 'कास्की', 'लमजुङ', 'तनहुं, तथा 'पर्वत' आदि चौबीसे-राज्यका शक्तिशाली राजाहरूको एक किसिमले एउटा सैनिकसङ्गठन नै बनिसकेको थियो। यसैले भक्तपुर राज्यमा आफ्नो अधिकार स्थापित गर्न अग्रसर भएमा आफ्नो नवगठित नेपाल राज्यको गोरखाक्षेत्रमा उनीहरूले संयुक्तरूपमा जोडदार आक्रमण गरिदिने खतरा उपस्थित हुन आइपुगेको थियो। यसैले साम, दान, भेद तथा दण्ड जुन नीतिद्वारा हुन्छ उपर्युक्त सबै चौबीसे-राज्यका राजाहरूलाई थामथुम पारी उनीहरूलाई चित्त बुझाएपछि मात्र भक्तपुर राज्यतर्फको अभियानमा सक्रिय रहने योजना राजा श्री ५ पृथ्वीनारायण शाहले मनमनै बनाइरहेका थिए।

## (झ) भक्तपुर शहरमा अधिकार :–

पश्चिमतर्फबाट निश्चिन्त भएपछि वि.सं. १८२६ को कार्तिक २८ गतेका दिन आफ्नो सम्पूर्ण शक्ति लगाएर राजा श्री ५ पृथ्वीनारायण शाहले भक्तपुर राज्यको राजधानीमा आफ्ना सैनिकहरूद्वारा जोडदाररूपमा आक्रमण गराइदिएका थिए। लगातार तीन दिनसम्मको घोरघमासान लडाईपछि अन्त्यमा आएर त्यहांका राजा रणजित मल्लले गोरखाली सेनाका सेनापतिहरूका समक्षमा आत्मसमर्पण नै गर्नुपरेको थियो। फलतः श्री ५ पृथ्वीनारायण शाह गोरखा राज्यका राजाबाट अब सच्चाअर्थमा 'नेपाल अधिराज्य' का 'महाराजाधिराज' का रूपमा स्थापित हुन आए (कार्तिक ३० गते)। काठमाडौं शहर नै अब एकीकृत नेपाल अधिराज्यको राजधानीको रूपमा परिणत हुन आयो।

लडाईको क्रममा काठमाडौं राज्यका भूतपूर्व राजा जयप्रकाश मल्ल भक्तपुर शहरको राजभवनमा शक्त घाइते भएका थिए। एक-दुई दिपछि यिनलाई पशुपतिको आर्यघाटमा पुऱ्याइएको थियो। केही दिनपछि आर्यघाटमा नै यिनको देहान्त भयो।



http://dibyaupadesh.wordpress.com

'मित-बाबा' को हैसियतले भक्तपुर राज्यका राजा रणजित मल्ल उनको इच्छा अनुसार आदरपूर्वक सपरिवार 'काशी-बास' को निमित्त भारततर्फ पठाइए। तेजःप्रकाश मल्ल भने नेपालमा नै कडाइका साथ नजरबन्दमा राखिए। यस सफल अभियानबाट नेपाल अधिराज्यको एकीकरणको निमित्त दह्रिलो आधारशिला स्थापित हुन आयो।

## (ञ) पश्चिमतर्फ बढ्ने असफल प्रयास :–

राजा श्री ५ पृथ्वीनारायण शाहको भक्तपुर राज्यतर्फको सैनिक अभियानलाई चौबीसे-राज्यका यिनका विरोधी राजाहरूले कौतुकतापूर्वक एकटक लगाएर हेरिरहेका थिए। उपत्यकाभित्रका तीनवटै मल्ल-राज्यहरूमा गोरखालीहरूको अधिकार स्थापित भएपछि अब आआफ्ना राज्यका आकाशहरूमाथि पनि सङ्कटका काला बादलहरू मडारिन आइपुगेको अनुभव गरी उनीहरूले आपसमा सङ्गठित भई नवगठित नेपाल अधिराज्यको विरुद्धमा विद्रोहको झण्डालाई सशक्तरूपमा उचालिदिए। राजा श्री ५ पृथ्वीनारायण शाह पनि उनीहरूदेखि यत्तिकै पछि हट्नेवाला व्यक्ति रहेका थिएनन्। आफ्ना सैनिकहरूद्वारा तनहुँ राज्यमा हठात् आक्रमण गराएर यिनले त्यहाँका किल्ला तथा ठानाहरू प्रायः सबै नै ध्वस्त तुल्याइदिए। यसले गर्दा केही महिनाको प्रतीक्षापछि त्यस राज्यका राजा हरकुमारदत्त सेन पनि 'धर्मपत्र' गरी नेपाल अधिराज्यको आश्रयमा आउनको निमित्त सहमत भए। यसपछि लमजुङ् राज्यका राजा वीरमर्दन शाह पनि विपक्षीका रूपमा अडिइरहन सकेनन् र यिनी पनि नेपाल अधिराज्यको आश्रयलाई स्वीकार गर्न विवश भए।

तनहुँ तथा लमजुङ् दुवै राज्यका राजाहरू आफ्नो आश्रयमा आइसकेका र कास्की राज्य अझैसम्म आफ्नै अनुकूल भएर रहिरहेकोले पश्चिमतर्फका विजयअभियानहरूलाई अघिबढाउन राजा श्री ५ पृथ्वीनारायण शाहको निमित्त अब कुनै किसिमका बाधा वा व्यवधान बाँकी रहेका थिएनन्। यसैले कास्की राज्यलाई पार गरेर नेपाली सैनिकहरू सहसा चौबीसे राज्यहरूमध्येकै 'नुवाकोट' (पल्लो) राज्यमा घुस्नको निमित्त पुगि पनि हाले। यस समयमा एउटा सैन्यदल 'बक्शी' केहरसिंह बस्नेतको नेतृत्वमा कास्की राज्यको दक्षिणी भेगबाट पश्चिमतर्फ अघि बढिरहेको थियो भने अर्को सैन्यदल 'काजी' वंशराज पाँडेको नेतृत्वमा यसै राज्यको उत्तरी भेगबाट त्यतैतर्फ अघि बढिरहेको थियो। यतिबेला 'नुवाकोट' तथा 'सतहुँ' राज्यका राजाहरूलाई पनि आफ्नो पक्षमा मिलाउन नेपाली सेनापतिहरूले सक्दा प्रयासहरू गरिरहेका थिए, तर सफल भने हुन सकिरहेका थिएनन्। 'पर्वत' राज्यका नवयुवक राजा कीर्तिबम मल्लले यिनताक आफ्नो राज्यको प्रशासनसूत्रलाई दृढतापूर्वक सम्हालिरहेका थिए। यिनी भने नेपाल अधिराज्यको आश्रयमा आउनको निमित्त सहमत भएनन्। फलतः 'सतहुँ' तथा 'पर्वत' राज्यका सैनिकहरूले आपसमा मिलेर तयार पारेको उनीहरूको एउटा सुदृढ किल्लामा नेपाली सैनिकहरूले अप्रत्याशितरूपमा आक्रमण गरिदिए। तर किल्ला बलियोसँग बनेको थियो, यसैले कैयौं प्रयास गर्दा पनि फुट्न सकेन र नेपाली सैनिकहरू आजित भएर त्यहाँबाट यत्तिकै फर्किएर आए।



http://dibyaupadesh.wordpress.com

यिनैताक नेपाली सैनिकहरूको अर्को एउटा दल तनहुँ राज्यको बाटो भई 'रिसिङ', 'घिरिङ' र 'ढोर' राज्यहरू हुँदै स्याङ्जामा पुगिरहेको थियो । यी सबै ससाना राज्यहरूले नेपाल अधिराज्यको आश्रयलाई स्वीकार गरिसकेका थिए । साम, दान, भेद तथा दण्ड जुन नीतिले हुन्छ 'भीरकोट' राज्यका राजालाई पनि आफ्नो आश्रयमा ल्याउने प्रयासमा यतिवेला नेपाली सेनापतिहरू निरन्तर लागि नै रहेका थिए । तर यिनले पनि नेपाल अधिराज्यको आश्रयमा आउन चाहेनन् । वास्तवमा यतिञ्जेलसम्ममा यिनी 'पर्वत' राज्यका राजा कीर्तिबम मल्लसँग गएर मिलिसकेका थिए । यसैले नेपाली सैनिकहरूसँग मुकाबिला गर्नको निमित्त यिनी पनि कस्सिए । फलतः नेपाली सेनापतिहरू यहाँ पनि लडाईं गर्नको निमित्त विवश भए । केही दिनको लडाईंपछि 'भीरकोट' राज्य नेपाल अधिराज्यको अधिकारमा आयो र 'गरहुँ' तथा 'पैयुँ' राज्यका राजाहरू पनि नेपाल अधिराज्यको आश्रयलाई स्वीकार गर्न विवश भए ।

यसै बीचमा तनहुँ राज्यका राजा हरकुमारदत्त सेन पनि एकाएक विद्रोही बनी अप्रत्याशितरूपमा कीर्तिबम मल्लको पक्षमा मिल्न पुग्दा त्यहाँको युद्धमोर्चा तथा राजधानी काठमाडौंको बीचमा आवतजावत गर्ने सम्पूर्ण बाटाघाटाहरू एकाएक पूर्णतः बन्द भए र त्यहाँबाट गोरखा वा राजधानी काठमाडौंतर्फ कोही पनि आउन तथा यहाँबाट जान पनि सकेनन् । सञ्चार-सम्पर्क पनि पूर्णतः विच्छिन्न हुन आयो । यसको कारण वर्षादको मौसम तथा नदीनालाहरूको दुस्तरता होला भन्ने सम्झियो । तनहुँ राज्यले नेपाल सरकारको विरुद्धमा विद्रोह गरेको छनकसम्म पनि गोरखा वा काठमाडौंतर्फ आइरहेको थिएन । सतहुँ राज्यमा पुगेका नेपाली सैनिकहरूले यस वर्षको पूरा बर्सात यसै विषम परिस्थितिमा – चारैतिरबाट शत्रुसैनिकहरूद्वारा घेरिएर नै – बिताए । यसै बीचमा 'लमजुङ' राज्य पनि नेपाल अधिराज्यदेखि पूरै विद्रोही बनिसकेको थियो । बर्सात सकिएर हिउँद लाग्नेबित्तिकै शत्रुपक्षका सैनिकहरू 'सतहुँ' राज्यमा धमाधम जम्मा हुन थाले । यतिवेलै कास्की तथा लमजुङ राज्यका सैनिकहरू पनि विद्रोही सैनिकहरूसँग सम्मिलित हुन भनी त्यहीं नै पुगिहाले ।

अब शत्रुपक्षको बल सुदृढ भैसक्नुभन्दा पहिले नै विपक्षीहरूको संयुक्त सैन्यदलमाथि आक्रमण गरिहाल्नुभन्दा बाहेक अर्को विकल्प नेपाली सैनिकहरूको निमित्त बाँकी रहेको थिएन । यसको निमित्त 'भीरकोट' राज्यमा पुगेर त्यहीं नै रोकिएर रहेका नेपाली सैनिकहरू पनि झटपट त्यहीं नै बोलाइए । वि.सं. १८२८ पौष ५ गतेका दिन बिहान सबेरैदेखि दुई पक्षका बीचमा भीषण लडाईं शुरु भएको थियो, दिनभर पनि निरन्तर चल्दै रह्यो । आधारातसम्म पनि लडाईं चल्दै रहँदा सेनापति 'बख्शी' केहरसिंह बस्नेतका साथ ५०० जति नेपाली सैनिकहरू खेत रहे । काजी वंशराज पाँडे विपक्षीहरूसँगको मुठभेडमा सख्तरूपमा घाइते भएका थिए, पक्रिए । चाहेका भए यिनले आत्मसमर्पण गरेर शत्रुहरूबाट छुटकारा पनि पाउन सक्थे, तर यिनले यसरी अपमानपूर्वक थुनाबाट छुट्न चाहेनन् । आफ्ना घायल भएका सैनिकहरूलाई लिई बाँकी बचेका नेपाली सैनिकहरू येनकेन 'ढोर' राज्यमा उत्रिए । तर दुर्भाग्य ! यतिञ्जेलसम्ममा त्यहाँका राजा पनि शत्रुपक्षसँग मिलिसकेका थिए ।



http://dibyaupadesh.wordpress.com

पश्चिमतर्फका विजयअभियानहरूलाई सशक्तरूपमा सञ्चालन गर्ने भनी श्री ५ पृथ्वीनारायण शाह यिनताक सम्भवतः नुवाकोटमा गएर बसिरहेका थिए। आफ्ना सैनिकहरूको अकल्पित हार भएको समाचार पाएर उनी स्तब्ध भए। विद्रोही 'ढोर' राज्यमा फँसेका आफ्ना सैनिकलाई त्यहाँबाट चाँडोभन्दा चाँडो उकास्नु यति बेला यिनको निमित्त अत्यावश्यक भैरहेको थियो। यसैले नयाँ सेनापतिका साथ थप सैनिकहरू 'तनहुँ' राज्यकै बाटो गरी 'ढोर' राज्यतर्फ खटाइए पनि। यसै बीचमा विद्रोही चौबीस-राजाहरूले आपसमा मिलेर ढोर राज्यमा फँसेका नेपाली सैनिकहरूलाई कडाइका साथ घेराबन्दी गरिसकेका थिए। यो समाचार पाएर 'भीरकोट', 'गरहुँ', 'पैयुँ' र 'रिसिङ्' राज्यहरूमा त्यहाँको सुरक्षाको निमित्त भनी राखिएका नेपाली सुबेदारहरू पनि आत्मरक्षा गर्नको निमित्त विवश भए। फलतः आ-आफ्ना साथमा भएका सैनिकहरू लिई बलैसँग 'तनहुँ' राज्यकै बाटो गरी भागाभाग गरी फर्किएर गोरखामा उत्रिई उनीहरूले आ-आफ्ना दुःख र दर्दका कथाहरू आफ्ना राजा श्री ५पृथ्वीनारायण शाहलाई सुनाए (माघ, वि.सं. १८२८)। उता, 'ढोर' राज्यमा रहेका नेपाली सैनिकहरू पनि १३ दिनसम्म विना-रसदपानी शत्रुहरूद्वारा घेरिएर भोकभोकै रहिरहेका थिए। अब शत्रुहरूसमक्ष आत्मसमर्पण गर्नुभन्दा बाहेक आत्मरक्षाको निमित्त अर्को विकल्प यिनीहरूको निमित्त बाँकी रहेको थिएन। फलतः त्यहाँ रहेका सबै नेपाली सुबेदारहरू पक्रिए। बचेका सैनिकहरू भने आ-आफ्ना भएका हातहतियारहरू सबै शत्रुपक्षलाई बुझाई खालिहात स्वदेशतर्फ फर्किएर आउन विवश भए (माघ, वि.सं. १८२८)।

यति भएर पनि श्री ५ पृथ्वीनारायण शाह अझै पनि हताश भैसकेका थिएनन्। 'कास्की' राज्यका राजा सिद्धिनारायण शाहलाई लमजुङे राजा वीरमर्दन शाहको विरुद्धमा उचाली उक्त दुई राज्यका बीचमा फूट गराएर लमजुङ् राज्यमा कास्केलीहरूको आक्रमण गराउने प्रयासमा यिनी अझै पनि लागि नै रहेका थिए। तर तत्काल भने सफल हुन सकिरहेका थिएनन्। यसबाट चौबीसे राज्यका राजाहरूका बीचमा आपसी फूट पैदा नभएसम्म पश्चिमतर्फको एकीकरण-अभियान सफल हुन नसक्ने निश्चय गरी अब यिनी पूर्वका चौदण्डी तथा विजयपुर राज्यहरूतर्फ दृष्टि दिनको निमित्त दत्तचित्त रहन थाले।

## (ट) पूर्वका सेन राज्यहरू तर्फको अभियान :–

चौदण्डी राज्य मकवानपुर राज्यसँग जोडिएर रहेकोले मकवानपुर राज्यको पतन हुनेबित्तिकै चौदण्डी राज्यका राजा तथा प्रजा सबैले अब चाँडै नै आफ्नो राज्यमा पनि गोरखाली सैनिकहरूको जोडदार आक्रमण हुन्छ भन्नेसम्म त सहजै अनुमान लगाइसकेका थिए। यही अनुभव गरेर नै सिन्धुली-गढीमा कप्तान किन्-लाक्को नेतृत्वमा अङ्ग्रेज सैनिकहरूको आक्रमण हुँदा त्यहाँका राजा 'कर्ण सेन' तथा चौतारा 'अजित राय' ले पनि गोरखाली सैनिकहरूका विरुद्धमा अङ्ग्रेज सैनिकहरूलाई सक्दा भौतिक सहयोगहरू उपलब्ध गराइदिएका थिए। यतिञ्जेलसम्ममा यसरी उपलब्ध गराइएका उक्त सहयोगहरू त सबै नै व्यर्थ भैसकेका थिए, तर यस किसिमका सहयोगहरूले राजा श्री ५ पृथ्वीनारायण



http://dibyaupadesh.wordpress.com

शाहको क्रोधरूपी अग्निमा घिउको आहुति थप्ने काम भने पुरापुर गरिसकेका थिए । यसैले भक्तपुर राज्यमा अधिकार स्थापित हुनेबित्तिकै 'चौदण्डी' तथा 'विजयपुर' का सेन-राज्यहरूमा पनि तुरुन्त नै आफ्नो अधिकार स्थापित गराइहाल्न भनी यिनी हतारिइरहेका थिए । तर काठमाडौँ राज्यको राजधानी काठमाडौँ शहरमा नै पनि आफ्नो अधिकार स्थापित गर्न भनी अधिसरेका अङ्ग्रेज सैनिकहरू मकवानपुरका तराईक्षेत्रहरूमा अझैसम्म बलपूर्वक रहिरहेकाले तिनीहरू त्यहाँबाट नहट्दै 'चौदण्डी' तथा 'विजयपुर' का सेन-राज्यहरूमा आक्रमण गरिहालेमा थप समस्या उत्पन्न हुने आशङ्का गरी यतिञ्जेलसम्म यिनी यत्तिकै हच्किएर बसिरहेका थिए ।

वि.सं. १८२९ को आरम्भसम्ममा अङ्ग्रेज सैनिकहरू मकवानपुरका तराईक्षेत्रहरूबाट हटिसकेकाले चौदण्डी तथा विजयपुरका सेन राज्यहरूमा अधिकार स्थापित गर्नको निमित्त अब उपयुक्त वातावरण बनिसकेको थियो । यता पश्चिमतर्फको एकीकरण-अभियान असफल भएकोले राजा श्री ५ पृथ्वीनारायण शाहलाई पूर्वतर्फ दृष्टि दिन अब फुर्सद पनि मिलिरहेको थियो । यसै अनुसार यिनी वि.सं. १८२९ को आरम्भदेखि नै पूर्व-अभियानको निमित्त सैन्यसङ्गठन गर्ने काममा व्यस्त रहन थालिसकेका थिए । तर यिनताक यिनका आफ्ना भरपर्दा एवं विश्वासिला मन्त्री 'काजी' वंशराज पाँडे 'पर्वत' राज्यको राजधानी 'बेनी' बजारमा विपक्षीहरूको कैदमा रहेर आफ्नो बन्दीजीवन बिताइरहेका थिए । यसैले राजा श्री ५ पृथ्वीनारायण शाहले यिनको ठाउँमा आफ्नै काहिंला भाइ दलजित शाहलाई 'काजी' को दर्जा दिई मन्त्रीको समकक्ष पदमा नियुक्त गरिदिए । यस्तै 'बख्शी' केहरसिंह बस्नेतले पनि त्यहीं नै वीरगति प्राप्त गरेकाले यिनको ठाउँमा पनि यिनैका भाइ अभिमानसिंह बस्नेतलाई 'बख्शी' कै पदमा नियुक्त गरियो र पूर्वतर्फको विजय-अभियानको मुख्य जिम्मेवारी पनि यिनलाई नै सुम्पियो । यिनका सहायकका रूपमा 'सरदार' पारथ भण्डारी, कीर्तिमान खवास तथा बलि बानियाँहरू नियुक्त गरिए । यी सबैले मकवानपुरको बाटो भई तराईक्षेत्रबाटै चौदण्डी राज्यतर्फ अघि बढ्नुपर्ने भयो । 'सरदार' रामकृष्ण कुँवर तथा 'सरदार' अमरसिंह थापा(बढा)हरू भने राजधानी काठमाडौंबाट पहाडै-पहाड पूर्वतर्फ अगाडि बढ्दै जानको निमित्त खटाइए ।

'चौदण्डी' राज्यको हिउँदे राजधानी 'अम्बरपुर' भाबर अर्थात् मिश्रितदेशमा रहेको थियो । पहाड तथा भाबरको सिमानाको दक्षिणी पाखामा उदयपुर-गढीको आसपासमा यिनताक पनि मगर जातिका आबादीहरू यत्रतत्र फैलिएर रहेका थिए । यस गढीको सुरक्षा गर्ने जिम्मेवारी पनि सेन-राजाहरूबाट यिनीहरूले नै प्राप्त गर्दै आइरहेका थिए । यिनताकसम्ममा माझ-किरातमा 'खम्बू' वा राईका आबादीहरूमा नेपाली भाषाभाषी ब्राम्हण तथा क्षत्रियका आबादीहरू पनि निकै नै फैलिइसकेका थिए । तर त्यहाँ तिनीहरूले आफूलाई उपेक्षित तथा अपहेलित पनि अनुभव गरिरहेका थिए । यसैले श्री ५ पृथ्वीनारायण शाहलाई यस क्षेत्रमा यथाशीघ्र आक्रमणको निमित्त तिनीहरूले आमन्त्रण गर्नु स्वाभाविकै हुन आइरहेको थियो । यिनका यसै किसिमका मनोभावहरूलाई विचार गरी तिनीहरूलाई आफ्ना सक्रिय समर्थकहरूका रूपमा परिणत गराउन राजा श्री ५ पृथ्वीनारायण शाहले 'चाहुग्या बस्न्यात्' आदि आफ्ना केही विश्वस्त व्यक्तिहरूलाई गुप्तरूपले पहिलेदेखि नै



http://dibyaupadesh.wordpress.com

त्यतातर्फ बटाइसकेका थिए । सम्पूर्ण तैयारीहरू पूरा भएपछि 'सरदार' रामकृष्ण कुँवर तथा अमरसिंह थापा(बडा)हरू एक-एक कम्पनी सैनिक साथमा लिई पहाडको बाटो गरी मध्यवर्पादमा उर्लिरहेको दूधकोशी नदीलाई पार गरेर छुट्टाछुट्टै बाटो भई माझ-किरात प्रदेशमा दाखिल भए (वि.सं. १८२९ भाद्र १३ गते) ।

'चौदण्डी' राज्यका पहाडी क्षेत्रहरूमा आफ्नो अधिकार पूर्णरूपमा स्थापित भैसकेपछि तराईतर्फबाट बक्सी अभिमानसिंह बस्नेतको नेतृत्वमा आवश्यक सैनिकहरू पठाएर यस राज्यको हिउँदे राजधानी 'अम्बरपुर' मा पनि अधिकार गराउने राजा श्री ५ पृथ्वीनारायण शाहको अग्रिम योजना रहेको थियो । किरात प्रदेशमा सेन राजाका आफ्ना खास तालिमप्राप्त स्थायी सैनिकहरू रहेका थिएनन् । स्थानीय 'खम्बू' वा 'राई' प्रशासकहरूलाई नै आ-आफ्ना क्षेत्रका सुरक्षाको अभिभार सुम्पिएको थियो । सेन राजाहरूलाई आफ्ना राजाका रूपमा मान्यता दिई थुम-थुममा रहेका खम्बू वा राई मुखियाहरूले आ-आफ्ना थुमहरूमा आ-आफ्नै अलग-अलग प्रशासनहरू सञ्चालन गर्दै आइरहेका थिए । सरदार रामकृष्ण कुँवर तथा सरदार अमरसिंह थापाहरूले यस्ता मुखियाहरूलाई सम्झाइ-बुझाइ गर्ने हरसम्भव प्रयासहरू गर्दै रहे । तर यिनीहरूका यस्ता प्रयासहरूको उपेक्षा गर्दै त्यहाँका केही खम्बू मुखियाहरू भने नेपाली सैनिकहरूसँग मुकाबिला गर्नको निमित्त तैयार भए ।

त्यस क्षेत्रका खम्बू युवाहरू धनुकाँड चलाउनमा सिद्धहस्त रहँदै आएका थिए । उनीहरूले त्यहाँ पुगेका नेपाली सैनिकहरूलाई पाइला-पाइलामा रोके र जिउ तथा धनको क्षति पनि निकै नै गराए । यसले गर्दा 'सुबेदार' शिवनारायण खत्रीको नेतृत्वमा आधा कम्पनीजति थप सैनिकहरू त्यहाँ पठाउन राजा श्री ५ पृथ्वीनारायण शाहलाई करै लाग्यो । यतिबेला त्यस क्षेत्रमा 'रावा-खोला' का 'यतिम राय' तथा 'पामा-खोला' का 'अटल राय' विद्रोही खम्बू युवाहरूमध्ये विशेष सक्रिय रहेका थिए । नेपाली सैनिकहरूसँग यिनीहरूले सक्दा प्रतिरोधहरू गर्दै रहे । तर आखिरमा नेपाली सैनिकका बन्दूकका अगाडि यिनका धनुकाँडहरू बेकम्मा नै साबित हुन आए । यस समयमा त्यहाँका नेपाली भाषाभाषी बाहुन तथा छेत्रीहरूले पनि नेपाली सैनिकहरूलाई भित्रभित्रै अत्यावश्यक सहयोगहरू पुऱ्याइरहेका थिए । यसप्रकार करीब पाँच महिनाजतिको कठोर परिश्रमपछि मात्र चौदण्डी राज्यको माझ-किरातक्षेत्रमा नेपाल अधिराज्यको आधिपत्य स्थापित हुन आयो । यसबाट पूर्वमा 'अरुण' नदीसम्म नेपाल अधिराज्यको राज्यक्षेत्र फैलियो । यस राज्यको तराईक्षेत्र भने अझै पनि बाँकी नै रहेको थियो ।

## (ठ) तराईतर्फका खचपचहरू :–

'चौदण्डी' तथा 'विजयपुर' राज्यका राजाहरूले आ-आफ्ना राज्यका तराईक्षेत्रका जमीनहरूको 'मालवाजवी' अर्थात् तिरोको रूपमा केही नगद तथा हातीहरू भारतको 'पूर्णिया' मा रहेका मुगल राज्यका प्रशासकहरू मार्फत् बङ्गाल प्रान्तका नवाफहरूलाई परम्परादेखि नै प्रतिवर्ष बुझाउँदै आइरहेका थिए । त्यहाँका नवाफका उत्तराधिकारीको हैसियतले त्यस क्षेत्रको 'मालवाजवी' अर्थात् तिरो बुझ्ने यो अधिकार यतिञ्जेलसम्ममा इस्टइण्डिया-कम्पनीका अङ्ग्रेज पदाधिकारीहरूका हातमा आइपुगिसकेको थियो ।



http://dibyaupadesh.wordpress.com

विजयपुर राज्यका भूतपूर्व राजा 'कामदत्त सेन' पारिवारिक नाताले राजा श्री ५ पृथ्वीनारायण शाहका भाइ (फुपूका छोरा) पर्दथे । यसैले आफ्ना भाइको अकारण हत्या गराएको आरोप लगाई राजा श्री ५ पृथ्वीनारायण शाह त्यहाँका चौतारा 'बुद्धिकर्ण राय' देखि निकै नै क्रुद्ध बनिरहेका थिए । वास्तवमा यिनलाई चौदण्डी राज्यमा हस्तक्षेप गर्नको निमित्त बहाना मात्र चाहिएको थियो । बुद्धिकर्ण रायलाई पक्रिएर चौदण्डी राज्यका तराईक्षेत्रका साथै विजयपुर राज्यमा पनि अधिकार स्थापित गर्नको निमित्त यतिञ्जेलसम्ममा यिनले दृढसङ्कल्प नै गरिसकेका थिए । अङ्ग्रेजहरूसँग विरोध पर्ला कि भन्ने डरले मात्र यिनी यतिञ्जेलसम्म हच्किएर बसिरहेका थिए ।

यसै स्थितिमा बुद्धिकर्ण रायले आजसम्म गरेका अन्याय तथा अत्याचारहरूको एक-एक गरी बखान गर्दै श्री ५ पृथ्वीनारायण शाहले कलकत्तामा रहेका इस्टइण्डिया कम्पनीका गभर्नर वारेन-हेस्टिङ्सको नाममा वि.सं. १८३० जेठ ८ गतेमा एउटा महत्त्वपूर्ण पत्र पठाइदिइसकेका थिए । उक्त पत्रको सारसंक्षेप निम्नानुसार रहेको पाइन्छ : -

*"तपाईंहरूसँग मैत्रीपूर्ण सम्बन्ध स्थापना गर्ने मेरो हार्दिक चाहना रहिआएको छ । विश्वासघाती 'दिवान' बुद्धिकर्ण रायले मेरा भाइ कामदत्त सेनको हत्या गराई उनको राज्य विजयपुरका साथै अम्बरपुर राज्यमा पनि अवैधरूपले कब्जा जमाइरहेको वस्तुतथ्य यहाँलाई अवगत नै होला । यसैले उसलाई समुचित दण्ड दिनको निमित्त उक्त दुवै राज्य उसको हातबाट मुक्त गराउनको निमित्त मैले भित्रीमनदेखि नै दृढसङ्कल्प गरिसकेको छु । उक्त राज्यहरू उसको हातबाट मुक्त गराउन सकें भने उक्त दुवै राज्यबाट कम्पनी-सरकारले यसभन्दा अघि जे-जति मालवाजबी अर्थात् तिरोहरू प्राप्त गर्दै आइरहेको छ त्यति नै बुझाउन म पनि तैयार नै रहेको छु । यस सम्बन्धमा आवश्यक परामर्शहरू गर्न भनी मेरा आधिकारिक वकील बृहस्पति पण्डित तथा अक्षय मिश्र त्यहाँ आइरहेका छन् । विस्तृत विवरणहरू उनीहरूबाटै प्राप्त गर्न सक्नुहुनेछ । यस कामको निमित्त तपाईंको सहयोगको निमित्त हार्दिक अनुरोध गर्दछु ।"*

इस्टइण्डिया-कम्पनीका गभर्नरबाट आउनुपर्ने यस पत्रको प्रत्युत्तरको प्रतीक्षा गर्दै रहन राजा श्री ५ पृथ्वीनारायण शाहले आवश्यक सम्झेनन् । यसैले गभर्नरको नाममा लेखिएको पत्रको प्रत्युत्तरको प्रतीक्षा नै नगरी यिनले 'बख्शी' अभिमानसिंह बस्नेत तथा 'सरदार' पारथ भण्डारीलाई दुई कम्पनीजति सैनिकहरूका साथ तराईतिरबाटै चौदण्डी राज्यको राजधानी 'अम्बरपुर' तर्फ अघि बढ्नको निमित्त खटाइदिए । 'सरदार' रामकृष्ण कुँवर तथा 'सरदार' अमरसिंह थापा(बडा)हरू भने पहाडैपहाड त्यतातर्फ अगाडि बढ्दै जानको निमित्त खटाइए ।

यसै अनुसार त्यहाँ यथासमयमा नै नेपाली सैनिकहरूको आक्रमण पनि सम्पन्न भयो । त्यहाँका राजा कर्ण सेन भागेर पहिले नै विजयपुर राज्यको राजधानीमा पुगिसकेका थिए । यसैले राजधानी 'अम्बरपुर' मा रहेका उनका 'दिवान' तथा सैनिकहरूले नेपाली सैनिकहरूको खास प्रतिरोध नै गर्न सकेनन् । हार मानेर उनीहरूले चौदण्डी राज्यको राजधानी 'अम्बरपुर' नेपाली सैनिकहरूको निमित्त यत्तिकै छोडिदिए । यसप्रकार करीब एघार महिनाजतिको कठोर प्रयासपछि तराईक्षेत्रहरू बाहेकको 'चौदण्डी' राज्य नेपाल-



http://dibyaupadesh.wordpress.com

अधिराज्यभित्र समाहित हुन आयो (वि.सं. १८३० श्रावण ४ गते) । यस सम्पूर्ण अभियानमा एक हजारजति विपक्षी सैनिकहरू खेत रहेका थिए भने चार शयजति विपक्षी सैनिकहरू खोलामा हेलिएर हराएका थिए ।

तिनताकसम्ममा 'विजयपुर' तथा 'चौदण्डी' राज्यका तराईक्षेत्रका दक्षिणी सिमानामा ठाउँठाउँमा अङ्ग्रेज व्यापारीका व्यापारकोठीहरू यत्रतत्र स्थापित भैसकेका थिए । हतियार धारी लडाका नागा सन्यासीहरूले पश्चिममा हरिद्वारदेखि मकवानपुरका तराईक्षेत्रहरू हुँदै पूर्वमा बङ्गाल प्रान्तका 'दिनाजपुर' सम्मका भूभागहरूमा ओहोरदोहोर गर्दै यस्ता व्यापारकोठीहरूमा निरन्तर लूटपाटहरू मच्चाई अङ्ग्रेज व्यापारीहरूका साथै त्यस क्षेत्रमा आवाद रहेका सर्वसाधारण नागरिकहरूलाई पनि हावाकावा गराउँदै आइरहेका थिए । पक्रन जाँदा तिनीहरू तराईक्षेत्रका अनकण्टार जङ्गलहरूभित्र पसी अलप नै भइदिने हुँदा अङ्ग्रेजहरू पनि यतिवेला तिनीहरूदेखि हायलकायल बनिरहेका थिए । यसले गर्दा – "यस्ता आतङ्ककारी नागा सन्न्यासीहरूलाई नियन्त्रण गर्न त राजा पृथ्वीनारायण शाहजस्ता लडाका प्रकृतिका व्यक्ति मात्र समर्थ हुन्छन्, हामीहरूको त तिनीहरूसँग केही पनि लाग्दैन" भन्ने धारणा इस्टइण्डिया-कम्पनीका अङ्ग्रेज पदाधिकारीहरूको बनिसकेको थियो । यसैले 'चौदण्डी' राज्यको राजधानी 'अम्बरपुर' राजा श्री ५ पृथ्वीनारायण शाहको नियन्त्रणमा आइसकेको थाहा पाएर पनि 'गभर्नर' वारेन्-हेस्टिङ्सले राजा श्री ५ पृथ्वीनारायण शाहले पठाएको उपर्युक्त अनुरोधपत्रको इदमित्थं केही उत्तर नदिई श्री ५ पृथ्वीनारायण शाहका साथै त्यस क्षेत्रका प्रशासक भएर रहेका 'बक्सी' अभिमानसिंह बस्नेतको नाममा पनि वि.सं. १८३० कार्तिक १८ गतेमा लगभग एउटै व्यहोरा भएको निम्नाङ्कित भावको अनुरोधपत्र पठाएको पाइन्छ : -

*"म बनारस जानको निमित्त तैयार भैरहेको अवस्थामा त्यहाँ तपाईंकहाँबाट पठाएका मानिसहरू मसँग भेट गर्न आइपुगेका थिए । मैले उनीहरूलाई पटनामा आएर मसँग भेट गर्नू भनी सल्लाह दिएको थिएँ । तर उनीहरू त्यहाँ मसँग भेट गर्न कहिल्यै पनि आएनन् । .... तपाईंको देशको बाटो हुँदै आउने लुटेरा सन्न्यासीहरूले पश्चिमबाट पूर्वमा बङ्गाल प्रान्तसम्म आइपुगेर हरेकवर्ष यहाँ लूटपाटहरू मच्चाउँदै आइरहेका छन् । यसैले तिनीहरूलाई यस किसिमका उपद्रवी कामहरूबाट रोकिदिनुहुनको निमित्त तपाईंसँग हार्दिक अनुरोध गर्दछु ।"*

इस्टइण्डिया-कम्पनीका अङ्ग्रेज गभर्नरको तर्फबाट आएको उपर्युक्त पत्र प्राप्त भएपछि राजा श्री ५ पृथ्वीनारायण शाहले भने अर्कै नै किसिमको चाल चलिदिएको पाइन्छ । गभर्नरले पठाएको उपर्युक्त अनुरोधपत्रको प्रत्युत्तरमा तिनले वि.सं. १८३० माघ ५ गतेमा निम्नानुसार भावको प्रत्युत्तरपत्र पठाएको पाइन्छ :-

*"नेपालका तराईक्षेत्रमा ओहोरदोहोर गर्ने नागा सन्न्यासीहरू गण्डकी नदीलाई पार गरेर पूर्वतिर आउँदा मेरो अधिकारक्षेत्रभन्दा बाहिर रहेको बेतियातिरबाटै पूर्वतर्फ बढ्ने भएकाले हतियारधारी यस्ता नागा सन्न्यासीहरूलाई पूर्वतर्फ बढ्नबाट रोक्नको निमित्त म सर्वथा असमर्थ रहेको छु । तपाईंबाट अनुमति प्राप्त नभई हाम्रा सैनिकहरूलाई बेतियासम्म पठाउनु सम्भव रहेको छैन । हाम्रा सैनिकहरू 'बेतिया' सम्म आउन पाएमा मात्र नागा*



http://dibyaupadesh.wordpress.com

*सन्यासीहरूले गण्डकी नदीलाई पार गरेर कहिल्यै पनि पूर्वतर्फ आउन पाउने छैनन् ।"*

तराईक्षेत्रको बेतियासम्म नै आफ्नो राज्यक्षेत्र विस्तार गर्ने उद्देश्य अनुसार नै राजा श्री ५ पृथ्वीनारायण शाहले यतिवेला यस्तो कूटनीतिक चाल चलिदिएको स्पष्टरूपमा नै देखिन आएको छ । राजा श्री ५ पृथ्वीनारायण शाह केही महिनासम्म त यस पत्रको प्रत्युत्तरको प्रतीक्षा गर्दै रहे, तर नेपाली सैनिकहरूलाई बेतियासम्म आइपुग्न दिनु उपयुक्त नहुने देखी अङ्ग्रेज गभर्नरले यस पत्रको प्रत्युत्तर नपठाइदिंदा चौदण्डी राज्यको राजधानी 'अम्बरपुर' मा स्थापित भएको आफ्नो अधिकारमा इस्टइण्डिया-कम्पनीका अङ्ग्रेज पदाधिकारीहरूको मौनसमर्थन रहेको अनुभव गरी अब यिनी तत्कालै 'विजयपुर' राज्यमा पनि अधिकार स्थापित गरिहाल्नको निमित्त कस्सिए ।

यतिवेला विजयपुर राज्यको 'लिम्बुवान' वा 'पल्लो-किरात' को राजनैतिक अवस्था पनि अत्यन्त नै नाजूक रहेको थियो । राज्यका राजा तथा मन्त्रीहरूका बीचमा परम्परादेखि चल्दैआइरहेको आपसी खिंचातानीबाट लाभ उठाई सिक्किम राज्यका राजा 'फुन्-चोक् नाम्-ग्याल' ले लिम्बुवानको इलाम प्रदेशमा आफ्नो अधिकार जमाएर मात्र नपुगी त्यहाँबाट उत्तरपश्चिमतर्फ पनि निरन्तर आक्रमणहरू गर्दै रहेका थिए । विजयपुर राज्यका राजा तथा मन्त्रीहरू यस आक्रमणको प्रतिरोधको निमित्त सशक्तरूपमा अग्रसर नहुँदा आजित भएर त्यस क्षेत्रमा रहेका लिम्बू नागरिकहरू पनि नेपाली सैनिकहरूलाई स्वागत गर्नको निमित्त करीब-करीब तयार नै भएर बसिसकेका थिए । यसैले राजा श्री ५ पृथ्वीनारायण शाहको निर्देशनअनुसार 'सरदार' रामकृष्ण कुँवर दिङ्लाबाट अघि बढी अरुण नदीलाई पार गरेर नेपाली सैनिकहरूको नेतृत्व गर्दै पाहाडैपाहाड चैनपुरमा उर्लंदा कसैले पनि कुनै किसिमका बाधाविरोधहरू गरेनन् (वि.सं. १८३१ आषाढ ९ गते) ।

राजा कर्ण सेन तथा 'चौतारा' बुद्धिकर्ण राय दुवै जना यति वेला राज्यको राजधानी विजयपुरमा नै रहेका थिए । यिनीहरूको प्रशासनिक नियन्त्रण यति वेला राज्यको राजधानी तथा यसका आसपासका क्षेत्रहरूमा मात्र सीमित भएर रहेको थियो । नेपाली सैनिकहरूले चैनपुरमा प्रवेश गरेको सम्भवतः यिनीहरूले थाहा नै पाएनन् । राजधानी विजयपुरमा पनि नेपाली सैनिकहरूको आक्रमण हुनु अबलाई अवश्यम्भावी छ भन्ने त त्यस राज्यका राजा तथा प्रजा प्रायः सबैले अनुभव गरिसकेका थिए । तर वर्षादको याम शुरू भैसकेकोले अब दुई-तीन महिनालाई दुर्लङ्घ्य कोशी नदीलाई पार गरेर नेपाली सैनिकहरू राज्यको राजधानी विजयपुरमा आइपुग्न कदापि सक्ने छैनन् भन्ने निश्चय गरी राजा, मन्त्री तथा अन्य भारदारहरू पनि निश्चिन्त भएर बसिरहेका थिए । तर 'बख्शी' अभिमानसिंह बस्नेतले भने असम्भव मानिएको यस कामलाई पनि सम्भव तुल्याइदिए । राजा श्री ५ पृथ्वीनारायण शाहकै निर्देशनअनुसार हातीमा सवार भई मध्यवर्षादको उर्लिरहेको कोशी नदीलाई पार गरेर 'बख्शी' अभिमानसिंह बस्नेतको नेतृत्वमा नेपाली सैनिकहरूले विजयपुर राज्यको राजधानीमा अप्रत्याशितरूपमा जोडदार आक्रमण गरिदिंदा यस आक्रमणलाई रोक्न अघिसर्ने हिम्मत कसैको पनि भएन । राजा कर्ण सेनका साथ यिनका मन्त्री 'चौतारा' बुद्धिकर्ण राय पनि रातारात गरी त्यहाँबाट दलबलहरू सहित



http://dibyaupadesh.wordpress.com

सिक्किम राज्यतिर पलायित भए (१८३१ श्रावण ५ गते)। यस अभियानमा विजयपुर राज्यका ८५ जना जति सैनिकहरू खेत रहेका पाइन्छन् ।

राजधानी विजयपुरमा अधिकार स्थापित भएपछि सप्तरी तथा मोरङ्का तराईक्षेत्रहरूमा अधिकार स्थापित गर्न 'बख्शी' अभिमानसिंह बस्नेतलाई खास कठिनाइ भएको देखिँदैन । यसपछि सिक्किम राज्यको सीमाक्षेत्रमा रहेका पल्लोकिरातका 'इस्-लिम्बा' तथा 'च्याङ्-थापू' सम्मका लिम्बू सुब्बाहरू पनि विजयपुरमा नै आएर नेपाल अधिराज्यको आश्रयलाई स्वीकार गर्न विवश भएका थिए । यस प्रकार प्रायः विनालडाई नै इलाम बाहेकको पल्लोकिरात र कोशी नदीदेखि कन्काई नदीसम्मका तराईक्षेत्रहरू पनि नेपाल अधिराज्यका अधिकारमा आए। विजयपुरबाट पलायित भई सिक्किम राज्यमा पुगेर शरण लिन बाध्य भैरहेका भूतपूर्व राजा कर्ण सेन र उनका मन्त्री 'चौतारा' बुद्धिकर्ण रायलाई समेत पक्रिएर नेपाल सरकारसमक्ष यथाशीघ्र सुम्पियोस् र सिक्किम राज्यको कब्जामा रहेको विजयपुर राज्यको इलाम प्रदेश पनि हामीलाई फिर्ता गरियोस् भनी 'बख्शी' अभिमानसिंह बस्नेतले सिक्किम राज्यका राजाकहाँ आफ्ना सन्देशहरू निरन्तर पठाइरहेका थिए । नेपाली सेनाका सेनापतिबाट यस्ता कडिकडाउ सन्देशहरू प्राप्त हुन थालेपछि उनलाई पनि डर नै भयो र उनले विजयपुर राज्यको पाहडीक्षेत्रमा रहेको इलाम प्रदेशका साथै तराईक्षेत्रका कनकाई नदीसम्मका भूभागहरूबाट पनि आफ्नो शासनाधिकार उठाई उक्त भूभागहरू नेपाल सरकारलाई नै सुम्पिदिए ( वि.स. १८३१ आश्विन १३ गते) । यसबाट अब कनकाई नदी नै नेपाल अधिराज्यको पूर्वी सिमाना कायम हुन आयो । नेपाल अधिराज्य पूर्वमा कनकाई नदीसम्म फैलियो ।

## (ङ) श्री ५ पृथ्वीनारायण शाहका मनमा रहेका चिन्ताहरू :–

काठमाडौं उपत्यका तथा यसका आसपासका क्षेत्रहरूमा रहेका तीनवटै मल्ल राज्यहरूमाथिका आफ्ना सैनिक अभियानहरू पुरा भैसकेपछि गोरखादेखि पश्चिमतर्फ रहेका विपक्षी चौबीसे राज्यहरूतर्फ ध्यान दिने उद्देश्यअनुसार एकीकरणसम्बन्धी नयाँ नीति तथा कार्यक्रमका रूपरेखाहरू निर्धारण भनी राजा श्री ५ पृथ्वीनारायण शाह वि.सं. १८२६ को अन्त्यतिर आफ्नो नवस्थापित नेपाल अधिराज्यको राजधानी काठमाडौं शहरबाट देशको अन्तरिम राजधानी नुवाकोटतर्फ लागेका थिए । राजधानी काठमाडौं शहरबाट यसरी नुवाकोटतर्फ प्रस्थान गर्दा तिनले आफ्ना १८ वर्षका नवयुवक उत्तराधिकारी युवराज प्रतापसिंह शाहलाई आफ्ना प्रतिनिधिका रूपमा भर्खरै मात्र निर्माण भएको 'बसन्तपुर' नामक नयाँ राजभवनमा छोडी आफू भने सपरिवार त्यतातर्फ लागेका थिए ।

यसपछि पनि तिनी त्यहाँबाट वेलाबखत राजधानी काठमाडौं आउने र एकआध हप्ता यहीं नै बसी पछि फर्किएर नुवाकोटमा नै जाने गर्दैरहेका पाइन्छन् । पश्चिमतर्फका चौबीसे राज्यका राजाहरूलाई कसरी आफ्नो अनकूल तथा आज्ञाकारी पनि बनाएर राख्ने ? भन्ने समस्याले यतिवेला तिनलाई मुख्यरूपमा सताइरहेको थियो । पूर्वतर्फका एकीकरण-अभियानहरू पुरा भएपछि भने तिनी स्थायीरूपमा नै रहने गरी नुवाकोट दरबारबाट राजधानी काठमाडौंमा फर्किएर आएका थिए (वि.सं. १८३१ को भाद्र) ।



http://dibyaupadesh.wordpress.com

यसरी झण्डै ५ वर्षको अन्तरालपछि काठमाडौंमा फर्किएर आउँदा राजा श्री ५ पृथ्वीनारायण शाह तथा यिनकी रानी महारानी नरेन्द्रलक्ष्मीलाई पनि बितेका ५ वर्षका बीचमा आफ्नो बसन्तपुर राजभवनको चहलपहल भिन्दै किसिमको भैसकेको अनुभव हुन आयो। आफ्ना युवराज प्रतापसिंह शाहका चालचलनहरू यतिवेला त्यति चित्तबुझ्दा देखिइरहेका थिएनन्। शौर्य, पराक्रम तथा लडाईंझगडाहरू जस्ता अत्यावश्यक राजसी काम एवं कर्तव्यतर्फ युवराज प्रतापसिंह शाहले कुनै किसिमको दिलचस्पी देखाइरहेका थिएनन्। आफ्ना यशस्वी पिताका केकस्ता नीति, कार्यक्रमहरू रहेका छन् र केकस्ता योजनाहरू लिई सुख-दुःख तथा भोक-प्यास केही नभनी आफ्ना पिता कर्तव्यपथहरूमा निरन्तर अगाडि बढिरहेका छन् भन्नेतर्फ यिनलाई कुनै पनि किसिमको चासो रहेको थिएन। राजभवनभित्र त पूजा-पाठ, तान्त्रिक अनुष्ठान तथा नाचगानहरू मात्र चल्न थालिरहेका थिए। युवराज प्रतापसिंह शाहले आफ्नी उपपत्नीको रूपमा एउटी रूपवती 'मैजू' लाई राजभवनभित्र भित्र्याइसकेका थिए र यिनबाट 'बिदुर शाही' नामक एक जना युवराज-कुमारको पनि जन्म भैसकेको थियो।

शौर्य तथा पराक्रमहरू देखाउनुपर्ने उमेरका, किशोरावस्थालाई पार गरेर भर्खरै मात्र युवावस्थामा प्रवेश गरेका आफ्ना युवराज कर्तव्यपथबाट यसरी विचलित भैरहेको पाउँदा राजा श्री ५ पृथ्वीनारायण शाह यतिवेला अत्यन्त नै खिन्न हुन आइपुगेका थिए। आफ्ना युवराजलाई जुन किसिमले योग्य तथा समर्थ पनि बनाउँला भन्ने यिनको भित्री मनको चाहना रहेको थियो, आफ्ना उत्तराधिकारीलाई त्यस्तो रूपमा उपस्थापित गराउन नसक्दा यिनी यसरी खिन्न हुनु स्वाभाविकै पनि हुन आएको थियो।

यति सबै भएर पनि राजा श्री ५ पृथ्वीनारायण शाह राजसिंहासनका अर्को पुस्ताका वास्तविक उत्तराधिकारीका रूपमा जन्मने आफ्ना औरस नाति एवं 'नवयुवराज' को मुख चाँडै नै हेर्न पाउने आशामा व्यग्र रहेका थिए। हुन पनि चाँडै नै युवराज्ञी राजेन्द्रलक्ष्मीले एक बालकलाई जन्म पनि दिइन्। नामकरण-कर्म सम्पन्न हुँदा नवजात यी बालकको नाम 'नगेन्द्र शाह' भनेर राखियो। नवयुवराजको जन्म भएबाट राजभवनभित्र चिन्ता तथा व्यग्रताका लहरहरू केही समयको निमित्त त शान्त भएका थिए। तर चाँडै नै – सम्भवतः अन्नप्राशन पनि सम्पन्न नहुँदै – अकल्पितरूपमा यिनको देहान्त हुँदा चिन्ताग्रस्त राजा एवं रानीमा चिन्ता तथा व्यग्रताका थप लहरहरू फेरि पनि दौडिन थाले।

यस क्षेत्रमा रहेका सबै पहाडी राज्यहरूलाई एकीकरण गरी आफ्नो राज्यलाई एउटा शक्तिशाली राज्यका रूपमा उपस्थापित गराउने आफ्नो अभियानलाई भने श्री ५ पृथ्वीनारायण शाहले अझैसम्म पनि चालु नै राखिरहेका थिए। यस समयसम्ममा तिब्बतसँगको परम्परागत व्यापारसम्बन्धमा भने गतिरोध उत्पन्न हुन आइसकेको थियो। खर्चहरूको कमीले गर्दा युद्धकालमा काठमाडौं राज्यका अन्तिम मल्ल-राजा जयप्रकाश मल्लले आफ्ना राज्यमा प्रचलनमा ल्याइने चाँदीका सिक्काहरूमा मात्र होइन, तिब्बतमा प्रचलनको निमित्त पठाइने तिब्बती लिपि प्रयोग गरिएका चाँदीका सिक्काहरूमा पनि चाँदीका मात्राहरू घटाई कम गुणस्तरका घटिया सिक्काहरू ढाली प्रसारित गर्न थालेका थिए। शुद्ध चाँदीका सिक्काहरूबाट नै उद्योग, व्यवसाय तथा व्यापारमा पनि विश्वासको



http://dibyaupadesh.wordpress.com

वातावरण बनाउन सकिन्छ भन्ने मान्यता अनुसार यस्ता सिक्काहरूमा रहेका चाँदीका गुण तथा स्तरलाई आधार मानेर यस्ता कमसल खालका 'खोटा' सिक्काहरूलाई शुद्ध चाँदीका सिक्काहरूमा परिवर्तन गराइनुपर्दछ भन्ने श्री ५ पृथ्वीनारायण शाहको सुस्पष्ट नीति रहेको थियो । यसै नीति अनुसार यिनले स्वदेशमा प्रचलनमा रहेका कम गुणस्तरका खोटा सिक्काहरूलाई त शुद्ध चाँदीका सिक्काहरूमा परिवर्तन पनि गराइसकेका थिए ।

तिब्बतमा पुगेका तिब्बती लिपि प्रयोग भएका कम गुणस्तरका यस्तै सिक्काहरूलाई पनि यसरी नै शुद्ध चाँदीका सिक्काहरूमा परिवर्तन गराइनुपर्दछ भन्ने यिनको मान्यता रहेको थियो । तर तिब्बती पदाधिकारीहरू भने आफ्नो देशलाई घाटा पर्ने गरी आफूहरूसँग भएका कम गुणस्तरका सिक्काहरूलाई यसरी शुद्ध चाँदीका सिक्काहरूमा परिवर्तन गराउन किन पो चाहन्थे ? यस्ता सिक्का वा मोहरहरूलाई पनि चोखा चाँदीका सिक्काहरूकै बराबरीमा नै सटहि गरिनुपर्दछ भन्ने उनीहरूको अडान रहिआएको थियो । यसले गर्दा दुई देशका बीचको व्यापारसम्बन्धमा गतिरोध उत्पन्न हुन आई मैत्रीसम्बन्धमा पनि कटुता देखा पर्न थालिसकेको थियो । तिब्बततिरबाट नेपालमा हुने नून तथा सुनहरूको निकासीलाई उनीहरूले करीब-करीब बन्द नै गराइदिइसकेका थिए । यस समस्याको समाधानको निमित्त एक जना व्यापारविज्ञ योग्य व्यक्तिलाई वार्ताको निमित्त तत्कालै तिब्बततर्फ पठाउनु अत्यावश्यक अनुभव भैरहेको थियो । यसै अनुसार 'लाल गिरी' नामक एक जना व्यापारविज्ञ व्यक्ति यिनैताक वाणिज्यदूतका रूपमा तिब्बततर्फ पठाइए पनि ।

स्वदेशमा भने चौदण्डी तथा विजयपुर राज्यहरूतर्फको राजनीतिक समस्या करीब-करीब समाधान भैसकेको थियो । यसैले 'बक्शी' अभिमानसिंह बस्नेतको नेतृत्वमा पूर्वी तराईक्षेत्रमा रहेका नेपाली सैनिकहरूलाई तराईक्षेत्रकै बाटो गरी हातीमा सवार गराएर पर्सामा उतारी तराईतिरबाटै तनहुँ राज्यको भित्रीमधेशमा जोडदार आक्रमण गराउने भन्ने राजा श्री ५ पृथ्वीनारायण शाहको अग्रिम योजना रहेको थियो । यसै योजना अनुसार यसको निमित्त आवश्यक व्यवस्थाहरू मिलाउन भनी यिनी अन्तिम पटक राजधानी काठमाडौंबाट नुवाकोटतर्फ लागेका थिए (वि.सं. १८३१ को मार्ग) ।

नारीसुलभ स्वभावअनुसार महारानी नरेन्द्रलक्ष्मी भने यतिबेला आफ्ना कान्छा छोरा राजकुमार बहादुर शाहको विवाहको निमित्त हतारिइरहेकी थिइन् । विवाहको निमित्त 'डोला-मैयाँ' को व्यवस्था पनि भैसकेको थियो । महारानी नरेन्द्रलक्ष्मीले 'डोला-मैयाँ' लाई धैबुङमा रहेकी आफ्नी गुरुआमा 'गौरी' (व्रजनाथ पौडेलकी आमा) कहाँ लगेर नासोको रूपमा राखिसकेकी थिइन् । धर्मशास्त्रको मान्यताअनुसार पौष महिना विवाहको निमित्त ग्राह्य नभएकोले यसको लागि एक-आध महिनाको फुर्सद मिलिरहेको थियो ।

## (९) अन्तिम दिनहरू :–

दिन-रात, घाम-पानी तथा भोक-प्यास केही नभनी जीवनभर गर्दै आइरहेका आफ्ना अथक परिश्रमहरूले गर्दा अन्नपानीहरूद्वारा निर्मित राजा श्री ५ पृथ्वीनारायण शाहको भौतिक शरीर यिनताकसम्ममा निकै नै जर्जर भैसकेको थियो र रोग तथा व्याधिहरूले पनि यिनलाई निकै नै सताउन थालिसकेका थिए । यसै अवस्थामा यिनले



http://dibyaupadesh.wordpress.com

विलक्षण किसिमको थकाइको पनि अनुभव गर्न थालिरहेका थिए। सम्भवत: यतिबेला थिनलाई आफ्नो अन्तिमसमय नजिकै आइपुगेको आभास पनि मिलिरहेको थियो। यसैले थिनले यसै समयमा एउटा अनौपचारिक भारदारी-सभाको आयोजना गर्ने निर्णय गरे। यसै सभामा आफू के-कस्ता उद्देश्यहरू लिई नेपाल अधिराज्यको एकीकरणको अभियानमा दृढतापूर्वक संलग्न भएको हो र आफूले एकीकरण गर्न आरम्भ गरेको यस अधिराज्यको स्थायित्व तथा सुव्यवस्थाको निमित्त भविष्यमा के-कस्ता नीति तथा कार्यक्रमहरू अपनाउनु उपयुक्त हुनेछ भनी आफूले जानेका, जीवनमा आफूले भोगेका र आफ्ना अन्त:स्करणमा लागेका सम्पूर्ण कुराहरू आफ्ना भाइ, छोरा तथा भारदारहरूलाई जम्मा गरी सबैलाई एकैपटक जानकारी गराउने भन्ने निर्णय गरे। आफ्ना हितैषी भाइ तथा भारदारहरूलाई यी सबै कुराहरू राम्रोसँग बुझाउन सकिएमा उनीहरूले यी कुराहरू उनका आफ्ना भाइ, छोराहरूका साथै आफ्ना युवराजलाई पनि सम्झाई-बुझाई गरिदिनेछन् र यसबाट आफूले आफ्नो जीवन नै उत्सर्ग गरेर एकीकृत गरेको आफ्नो अधिराज्यलाई आफ्नै राजवंशको निमित्त सुरक्षित गराएर राखिरहन सकिनेछ भन्ने यतिबेला थिनको सोचाइ रहेको पाइन्छ।

जीवनभर आफ्ना दायाँ तथा बायाँ अङ्गहरूका रूपमा कार्यरत रहँदै आएका थिनका विश्वस्त 'पाँडे' तथा 'बस्नेत' परिवारका प्रमुख भादारहरू यतिबेला थिनका साथमा थिएनन्। काजी वंशराज पाँडे थिननाक 'पर्वत' राज्यमा राजबन्दी भएर बसिरहेका थिए। 'बख्शी' अभिमानसिंह बस्नेत पनि यतिबेला पूर्वी नेपालका तराईक्षेत्रहरूतर्फ नै रोकिएर रहेका थिए। आफ्नो शारीरिक अवस्था निकै नै कमजोर हुँदै आएको अनुभव भएपछि अब यस कामको निमित्त अन्य भाइभारदारहरूको प्रतीक्षा गर्दै रहने पक्षमा थिनी भएनन्। यतिबेला आफ्ना साथमा रहेका भाइ 'कान्छा-चौतारा' दलजित शाह, कान्छा छोरा राजकुमार 'साहेब' बहादुर शाह, 'ददा' सुरथसिंह राना तथा अन्य जो-जति भएका भाइ-भारदारहरूलाई जम्मा गरी थिनले नुवाकोटमा रहेको राजभवनमा नै एउटा अनौपचारिक भारदारीसभाको आयोजना गरे। यो सभा त्यहाँ सम्भवत: एक दिन दिनभर ५/७ घण्टासम्म लगातार चल्दै रहेको थियो।

यस समयमा आफूले जीवनभर गरेका सम्पूर्ण उद्योग तथा परिश्रमहरूका मर्म एवं उद्देश्यहरूलाई एक-एक गरी स्पष्ट पार्दै थिनले यस सभामा उपस्थित भएका आफ्ना भाइभादारहरूका समक्षमा – "यो मैले सानो दु:ख गरी आर्जन गरेको मुलुक होइन, यो देश यहाँका निवासी सबै जात-जातिको साझा सुन्दर फूलबारी हो। यस मुलुकलाई यस राष्ट्रका निवासी साना-ठूला सबैले – यो हामीहरूको आफ्नै सुन्दर फूलबारी हो भन्ने सम्झिई रक्षा गर्नु, सोखसयल तथा भोगविलासहरूतर्फ भाइभारदार तथा रैतीदुनियाँ कसैले पनि मन नदिनू र सबैले आपसमा मिलिजुली स्नेहपूर्वक बस्नू" भन्ने जस्ता आफ्ना एकसे-एक घतलाग्दा सन्देशहरू व्यक्त गरका थिए।

यतिबेला आफ्नो राजभवनभित्र झाइँगिइरहेको अगोरखाली भारदारहरूको गुटबन्दीदेखि थिनी अत्यन्त नै सशङ्कित तथा त्रस्त पनि रहेका थिए। यसैले यसै प्रवचनको क्रममा पूर्विया 'खश' सरूपसिंह कार्की तथा पश्चिमा तनहुँली 'ब्राह्मण' व्रजनाथ पौडेलहरूले वसन्तपुर राजभवनभित्र खडा गराइरहेको अवाञ्छित गुटबन्दीप्रति लक्षित गर्दै थिनले


http://dibyaupadesh.wordpress.com

भनेका थिए – *"पूर्व तथा पश्चिमका खश तथा बाहुनलाई दरबारभित्र प्रवेश गर्न नदिनू, किनभने बाहिरिया मानिसहरूले दरबारमा बेथिति गराउँछन्"*।

श्री ५ पृथ्वीनारायण शाहले आफ्नो यो प्रवचन सम्भवतः वि.सं. १८३१ को पौष महिनाको आधाअधितिर दिएका थिए। प्रवचनको कार्यक्रम सकिएपछि यिनले केही दिन त्यहीं नै विश्राम गरे। यसै बीचमा यिनको शरीरमा रोग तथा व्याधिका थप लक्षणहरू पनि देखापर्न थाले। त्यहाँ उपलब्ध रहेका तथा राजधानी काठमाडौँबाट बोलाइएका वैद्यहरूले पनि आफ्नो ज्ञान, अनुभव तथा बुद्धिले भेटेसम्मका सक्दा औषधी एवं उपचारहरू पनि गर्दै रहे। तर दुर्भाग्य ! दिनहरू बित्दै जाँदा यिनका रोग तथा व्याधि पनि असाध्यरूपमा परिणत हुन आए। रोग तथा व्याधिहरू निको हुने सम्भावना क्षीण हुँदै आएपछि महारानी नरेन्द्रलक्ष्मी, कान्छा-चौतारा दलजित शाह तथा राजकुमार बहादुर शाह आदि त्यहाँ रहेका सबै भाइभारदारहरूले मिली यिनलाई प्रचलित मान्यताअनुसार जलयोगको निमित्त पवित्र त्रिशूली नदीको 'देवीघाट' तर्फ चलाए। यसै घाटमा ९ दिनसम्म मृत्युसँग कठोर सङ्घर्ष गर्दै अन्त्यमा वि.सं. १८३१ पौषशुक्ल दशमीका दिन बिहान करीब ७ बजेको समयमा यिनी यस संसारबाट सदाको निमित्त बिदा भए (वि.सं. १८३१ माघ १ गते)।

यिनको यस किसिमको अकल्पित तथा असामयिक देहावसानले गर्दा यस क्षेत्रमा रहेका सबै चौबीसे राज्यहरूलाई आफ्नै जीवनकालमा नेपाल अधिराज्यभित्र समाहित गराउने भन्ने यिनको आकाङ्क्षा यत्तिकै लथालिङ्ग हुन पुग्यो। सबै भाइभारदारहरू स्तब्ध रहे। अन्य दुई जना उपपत्नी तथा ६ जना केटी एवं सुसारेहरूका साथ महारानी नरेन्द्रलक्ष्मी पनि आफ्ना दिवङ्गत पतिको सेवा एवं सुश्रुषाको निमित्त भनी 'सती' को रूपमा यसै दिन चितामा चढी सहगामिनी भइन्। यस दुःखदायी घटनाबाट नेपाल अधिराज्यको राज्यप्रबन्धको गुरुतर भार अब एकाएक २३ वर्षका नवयुवक युवराज प्रतापसिंह शाहको काँधमा पर्न आयो।

यति बेला भएको महारानी नरेन्द्रलक्ष्मीको सतीत्वगमन पछि आएर नेपाल अधिराज्यको निमित्त निकै नै दुर्भाग्यपूर्ण प्रमाणित हुन आयो। यिनले यति बेला यसरी आफ्ना पतिको पछि लागेर 'सती' नगइदिएको भए राजपरिवारमा दाजु-भाइ एवं काका-भतिजाहरूका बीचमा अनावश्यकरूपमा कलहको शुरुवात हुन पाउने थिएन र राजा श्री ५ पृथ्वीनारायण शाहले आफ्ना जे-जस्ता नीति तथा कार्यक्रमहरू निर्धारण गरेका थिए, ती सबै नीति तथा कार्यक्रमहरू यथावत्‌रूपमा चालु रहन पाउने थिए, देशको पश्चिमतर्फको विस्तार पनि यथासमयमा नै सम्पन्न भैसक्ने थियो र नेपाल अधिराज्यले पछि अङ्ग्रेजहरूसँग लज्जाजनक पराजयलाई पनि सम्भवतः भोग्नुपर्ने थिएन। तर नेपाली मात्रको दुर्भाग्य ! यति बेला यसो हुन सकेन। महारानी नरेन्द्रलक्ष्मीलाई यस दुस्साहसिक कदमबाट पछि हटाउने सामान्य प्रयास पनि यति बेला गुरु, पुरोहित तथा भाइभारदारहरू कसैबाट पनि हुन सकेन।



http://dibyaupadesh.wordpress.com

राष्ट्रपिता बडामहाराजा श्री ५ पृथ्वीनारायण शाहको

# दिव्य-उपदेश

उपदेशको मूल पाठ

स्वस्ति श्रीगणेशाय नमः ॥ श्रीकालिका सहा[१]। श्री ३ सिव गोरषनाथ सहाः[२] ॥ श्री ५ प्रिथिनारायण शाहाः[३] ॥ ॥

श्रीश्रीश्री ५ बुढा महाराजाले[४] तिन सहर नेपाल[५] र हिंदुपतिको राज[६] लियापछि पछिल्ला पटक्[७] नुहाकोटमा[८] पाउलाग्नुभयामा[९] गुरु प्रोहित थरघर[१०] भैयाद भारदार र आफ्ना ददा[११] सुरथसिं राना[१२] सबैका बुढापाकाछेउ हुकुम भयाका कुरा.[१३]

नेपाली भाषाको प्रचलित रूप अनुसार

स्वस्ति श्रीगणेशाय नमः । श्री (गोरक्ष)कालिका (हाम्री) सहाय(क भएर रहून्) । श्री ३ शिव(स्वरूप) गोरक्षनाथ (हाम्रा) सहाय(क भएर रहून्) । श्री ५ पृथ्वीनारायण (शाह पनि हाम्रा) सहाय(क भएर रहून्) । श्री ५ बुढा महाराज (पृथ्वीनारायण शाह)ले तीन शहर नेपाल र हिन्दुपतिको राज्य (समेत) लिएपछि पछिल्लो पटक नुवाकोटमा पाउलाग्नुभए(को समय) मा गुरुपुरोहित, थरघर, भैयाद, भारदार (तथा) आफ्ना ददा सुरथसिंह राना (समेत) सबै बुढापाका(हरू)का समक्षमा (उहाँबाट) हुकुम भएका कुराहरू :–

---

१ शुद्ध रूप – 'श्री कालिका सहाय' । हेर्नुहोस् – परिशिष्टमा (१) पनि ।

२ ,, ,, – 'श्री ३ शिवगोरक्षनाथ सहाय' । हेर्नुहोस् – परिशिष्टमा (२) पनि ।

३ ,, ,, – 'श्री ५ पृथ्वीनारायण सहाय' ।

४ ,, ,, – 'बुढा महाराज' । हेर्नुहोस् – परिशिष्टमा (३) पनि ।

५ ,, ,, – 'तीन शहर नेपाल' । हेर्नुहोस् – परिशिष्टमा (४) पनि ।

६ ,, ,, – 'हिन्दुपति' । = हिन्दूहरूका अधिपति । हेर्नुहोस् – परिशिष्टमा (५) पनि ।

७ ,, ,, – 'पछिल्लो पटक' । हेर्नुहोस् – परिशिष्टमा (६) पनि ।

८ ,, ,, – 'नुवाकोट' । हेर्नुहोस् – परिशिष्टमा (७) पनि ।

९ ,, ,, – 'पाउलाग्न् भएमा' । = पादस्पर्श गर्नुभएमा अर्थात् पाउमा ढाल्नुभएमा ।

१० 'थर-घर' को विवरण हेर्नुहोस् – परिशिष्टमा (८) ।

११ 'ददा' = बालक अवस्थामा स्याहार तथा सम्भार गर्ने भनी राखिएका व्यक्ति ।

१२ 'सुरथसिंह राना' = श्री ५ पृथ्वीनारायण शाहका 'ददा' कपर्दार 'सुरथसिंह राना' ।

१३ आरम्भदेखि यहाँसम्मको अंश पछि कुनै लिपिकारले आफ्नोतर्फबाट यस उपदेशमा शीर्षकको रूपमा प्रयोग गरिदिएको पाइन्छ ।



http://dibyaupadesh.wordpress.com

*बुढा मरै भाषा सरै[1] भनि भन्छन्. तिमिहरू सबैछेउ सुनाइ गयाको भया तम्रा[2] सन्तानलाई सुनाउला र तम्रा सन्तानले हाम्रा[3] सन्तानलाई सुनाउनं[4] र यो राजे[5] थामि षानन्[6] ।*

*॥ उप्रान्त: ॥ हाम्रा मुमाहरू तिन[7] हुन्. हामी तिन षोपि[8]का पांच पांडुवा[9]को अवतार भयाका थियुं. मेरो बिबाहा मकवानपुर[10]मा भयाको थियो. डोला[11] सुम्पेको थियन. र ....*

---

"बूढा(हरू) मरे (अनि) भाषा(हरू) सरे" – भनी भन्दछन् । (यसैले अहिले) तिमीहरू सबै(का) सामुमा सुनाएर गएमा (तिमीहरूले) तिम्रा सन्तानलाई सुनाउला, तिम्रा सन्तानले हाम्रा सन्तानलाई सुनाउलान् र (हाम्रा सन्तानले) यस राज्य(लाई) थामेर खान सक्लान् (भनी तिमीहरूलाई अहिले यी उपदेशहरू दिन लागिरहेको छु) ।

उप्रान्त हाम्रा मुमाहरू तीन(वटी) हुन् । हामी तीन(वटा) झोपीबाट (गरी) पाँच पाण्डवका अवतार(जस्तै) भए(र जन्मिएका) थियौं । मेरो विवाह मकवानपुर (राज्य)मा (सम्पन्न) भएको थियो । डोला(लाई भने त्यहाँबाट) सुम्पिएको थिएन ।

---

१ शुद्ध रूप – 'बूढा मरे भाषा सरे' । हेर्नुहोस् –परिशिष्टमा (९) पनि ।
२ ,, ,, – 'तिम्रा' । = तिमीहरूका ।
३ ,, ,, – 'हाम्रा' । हामीहरूका ।
४ ,, ,, – 'सुनाउनन्' । = सुनाउलान् ।
५ 'राज्य' । = देश ।
६ शुद्ध रूप – 'खालान्' । = उपभोग गर्लान् ।
७ 'तीन मुमाहरू' को निमित्त हेर्नुहोस् – परिशिष्टमा (१०) पनि ।
८ शुद्ध रूप – 'झोपी' । = अन्तःपुर । = महारानीहरू बस्ने राजभवनको विशिष्ट कक्ष ।
९ ,, ,, – 'पाँच-पाण्डव' । हेर्नुहोस् – परिशिष्टमा (११) पनि ।
१० ,, ,, –'मकवानपुर' । हेर्नुहोस् – परिशिष्टमा (१२) पनि ।
११ 'डोला' = डोली चढेर आउने दुलही । हेर्नुहोस् – परिशिष्टमा (१३) पनि ।



http://dibyaupadesh.wordpress.com

*... डोला पनि लैयाउ[1]. नेपाल पनि देषि आउ[2] भनि मकवानपुर गॅञु[3] र पुग्यपछि दिकवन्दनसेन[4] लाइ यवटा कुराको करेउलि[5] लिएर भने. यकदन्ता हाति[6] र नवलाषि हिराको हार[7] दिन्छौ भने डोला पनि लैजाला. दिन्न भन्या काढि तरवारसित[8] पनि लैजाला भनि हाक[9] पारि. नेपाले राजा[10]ले चिन्नन् र पकनन् भनि स्याषु[11] वढि[12] रापति[13]का तिरैतिर. भानु जैसि[14] कुलानन्द जैसि[15] अरु घरघर[16] पनि साथैमा थिया.*

(यसैले) डोला पनि लिएर आउँ (र) नेपाल(लाई) पनि हेरेर आउँ भनी हामीहरू मकवानपुर (राज्य)मा गयौं र (त्यहाँ पुगेपछि युवराज) दिग्बन्धन सेनलाई एउटा कुरामा करेउली लगाएर (मैले) भनें :– "एकदन्ता हाती र नौलाखी हीराको हार (पनि) दिन्छौ भने डोला(लाई) पनि लिएर जाउँला, दिन्न (भनी भन्दछौ) भने तरवार चलाएर भए पनि लिएर जाउँला" भनी उनलाई हाँक दिएर नेपाली राजाले चिन्लान् र पकलान् भनी स्याखु ओढी रापती (नदी)को तीरैतीर भानु ज्योतिषी, कुलानन्द ज्योतिषी (तथा) अरु घर-घर(हरू) पनि साथैमा (रहेका) थिए।

१ शुद्ध रूप – 'ल्याउँ' । = लिएर आउँ ।
२ „ „ – 'देखेर आउँ' । = हेरेर आउँ ।
३ „ „ – 'गयौं' ।
४ „ „ – 'दिग्बन्धन सेन' । = राजा हेमकर्ण सेनका छोरा तथा मकवानपुर राज्यका युवराज । हेर्नुहोस् – परिशिष्टमा (१४) पनि ।
५ 'करेउली' = 'करकाप' वा 'अड्डी' ।
६ शुद्ध रूप – 'एकदन्ता हाती' । हेर्नुहोस् – परिशिष्टमा (१५) पनि ।
७ „ „ – 'नौ-लाखी हीराको हार' । „ – परिशिष्टमा (१६) पनि ।
८ „ „ – 'काढी तरवारसित' । = तरवार चलाएर अर्थात् बलैसँग ।
९ „ „ – 'हाँक' । = युद्धर्थको निमित्त आह्वान ।
१० 'नेपाले राजा' = वर्तमान काठमाडौं उपत्यकामित्र रहेका मल्ल राजाहरू ।
११ शुद्ध रूप – 'स्याखु' । = ढाक्ने बनेको राडीजस्तो एक प्रकारको घुम ।
१२ „ „ – 'ओढी' । = ओढेर ।
१३ „ „ – 'रापती' । = हेटौंडाबाट पश्चिमतर्फ बग्ने त्यहाँको प्रसिद्ध नदी ।
१४ „ „ – 'भानु ज्योतिषी' । हेर्नुहोस् – परिशिष्टमा (१७) पनि ।
१५ „ „ – 'कुलानन्द ज्योतिषी' । जिनको पूरा नाम – 'कुलानन्द ढकाल' रहेको पाइन्छ ।
१६ „ „ – 'घर-घर' को निमित्त हेर्नुहोस् तल परिशिष्ट (८) मा पनि ।


http://dibyaupadesh.wordpress.com

*चन्द्रागिरि[1] मा आइपुग्यापछि नेपाल कुन् हो भनि सुध्यांजा[2] र त्यो भादगाउ हो. त्यो पाटन् हो. त्यो काठमाडौ हो. भनि देषा(या) र. मेरो मनमा इ तिन सहरको राजा हुन पाया ता हुंदो हो भन्ने यस्तो मनमा परिरहेथ्यो.*

*उसै वेलामा उ दुवै जैसिले भने. हजुरको मनकान्छ्या[3] अविलाष्[4] पुग्ला महाराजा भन्या र मलाई आसर्जे[5] लाग्यो र मेरा पेटका कुरा[6] कसो गरि जानेउ[7] र तेस्व[8] भनेउ[9] र भनि मैले भन्दा. जसै नेपालमा नजर दिनुभयोथ्यो उसैवेला मोर्च[10] मा बाहुलि डिंदा[11] मनमा नेपालको राजा हुन पाया ता हुंदो हो भन्या...*

---

(त्यहाँबाट) चन्दागिरि(को डाँडा)मा आइपुगेपछि – 'नेपाल (भनेको) कुन हो त ?" भनी (उनीहरूलाई) सोध्दा उनीहरूले (मलाई) – "त्यो भादगाउँ हो, त्यो पाटन हो र त्यो काठमाडौं हो" भनी देखाए र (त्यति बेला) मेरो मनमा – "यी तीनवटै शहरहरूको राजा हुन पाए त हुंदो हो" भन्ने मनमा परिरहेको थियो । त्यति नै बेला ती दुवै ज्योतिषीले – "हजूरको मनोकाङ्क्षा (तथा) अभिलाषा (पनि अवश्य पनि) पुग्नेछ महाराज !" भनी भने र मलाई (उनीहरूको यस भनाइबाट) आश्चर्य लाग्यो र – "मेरो मनमा रहेको कुरालाई (तिमीहरूले) कसरी जान्यौ र यसो भन्यौ ?" भनी मैले (उनीहरूसँग) सोध्दा (उनीहरूले भनेका थिए)–

"जब हजूरबाट तीन शहर नेपालमाथि नजर दिइबक्सेको थियो त्यसै बेला (हजूरबाट आफ्नो) जुंगामा बाहुली दिंदा हजूरको मनमा नेपालको राजा हुन पाए त हुंदो हो भन्ने...

---

१ शुद्ध रूप – 'चन्द्रागिरि' । = उपत्यकाको दक्षिणपश्चिमी भागमा रहेको प्रसिद्ध पर्वतशिखर ।
२ „ „ – 'सोधें' ।
३ „ „ – 'मनोकाङ्क्षा' ।
४ „ „ – 'अभिलाषा' ।
५ „ „ – 'आश्चर्य' ।
६ 'पेटका कुरा' । = मनका कुरा ।
७ शुद्ध रूप – 'जान्यौ' । = थाहा पायौ ।
८ „ „ – 'त्यसो' ।
९ „ „ – 'भन्यौ' ।
१० „ „ – 'मुछ' । = जुँगा ।
११ „ „ – 'दिंदा' ।



http://dibyaupadesh.wordpress.com

*... जस्तो परेछ भनि बिन्ति हजूरमा गऱ्याकै हो भने र यो कुरा पुग्ला (त) भनि मैले भन्दा. हजूरले गौ ब्रह्मान[2] अतित[3] फकिर[4] देउदेवता[5] को मानिता[5] बहुतै राषनु भयाको छ. हाम्रा हातमा पनि सरसोति[6] को बर्दान[7] छ. हजुरलाई नेपालको राज (अ)वस्य[8] हुनेछ भने र. थांकोट[9] को ठुलो भन्ज्यान[10] काटि रातदिन गरि कल्कारिघाट[11] तरि धादिन्[12] उक्लेउ[13] र. चेप्या[14] 'को षावा[15] लिग्लीग्[16] 'को आड[17] गरि राषेका मेरा तिन बिर छन्. तिनलाई बोलाहाट[18] 'को रुका[19] लेषन जैसि भन्दा. ...*

---

... जस्तो परेछ भन्ने (जानकारी हुन आएकोले) हजूरमा (यस्तो) बिन्ती गरेको हौं" (भनी भने र – "(उसो भए मेरो मनमा रहेको) यो कुरा पुग्ला त ?" भनी मैले (उनीहरूलाई) सोध्दा (उनीहरूले मलाई भनेका थिए) – "हजूरबाट गाई, ब्राह्मण, अतिथि, फकीर र देवदेवताहरूको (पनि) मान्यता बहुतै राखिबक्सिएको छ, हामीहरूको हातमा पनि सरस्वतीको वरदान (रहेको) छ, (यसैले) हजूरलाई नेपालको राज्य अवश्य (पनि प्राप्त) हुनेछ (भनी उनीहरूले मलाई) भनेका थिए ।

(यसपछि) थानकोटको ठूलो भञ्ज्याङ(लाई) काटी रात-दिन गरी (त्रिशूली नदीको) कल्लेरी-घाट तरेर धादिङमा उक्लियौं र 'चेपे' (नदी)को खावा (तथा) 'लिगलिग' (गढी)को आड गरी राखिएका मेरा तीन (जना) बीरहरू (यहीं नै रहेका) छन्, तिनीहरूलाई बोलावटको रुक्का लेख्नुपऱ्यो (लेख त) ज्योतिषी" (भनी मैले) भन्दा –

---

२ शुद्ध रूप – 'ब्राह्मण' । = बाहुन ।
३ " " – 'अतिथि' । = पाहुना ।
४ " " – 'फकीर' । = घरव्यवहारहरू सबै त्याग गरेका सन्यासी ।
५ " " – 'मान्यता' । = सम्मान ।
६ " " – 'सरस्वती' । = विद्याकी अधिष्ठात्री देवी ।
७ " " – 'वरदान' । = देवी वा देवताले प्रसन्न भएर आफ्ना भक्तजनलाई दिएको दिलाएको वस्तु ।
८ " " – 'अवश्य' । = निश्चित रूपले ।
९ " " – 'थानकोट' । = काठमाडौं शहरबाट दक्षिणपश्चिमतर्फ डाँडामा रहेको एउटा किल्ला ।
१० " " – 'भञ्ज्याङ' । = दुई वटा डाँडाको बीचमा रहेको गल्छी ।
११ " " – 'कल्लेरी-घाट' । = काठमाडौंबाट पश्चिमतर्फ पर्ने त्रिशूली नदीमा रहेको एउटा प्रसिद्ध घाट ।
१२ " " – 'धादिङ' । = काठमाडौंबाट पश्चिमतर्फ रहेको प्रसिद्ध बस्ती ।
१३ " " – 'उक्लियौं' । = उकालो लागेर पुग्यौं ।
१४ " " – 'चेपे' । = गोरखाबाट पश्चिमतर्फ रहेको एउटा प्रसिद्ध बस्ती ।
१५ " " – 'खावा' । हेर्नुहोस् – परिशिष्टमा (१८) मा पनि ।
१६ " " – 'लिगलिग' । हेर्नुहोस् – परिशिष्टमा (१९) मा पनि ।
१७ 'आड' को विभिन्न हेर्नुहोस् – परिशिष्टमा (२०) मा पनि ।
१८ शुद्ध रूप – 'बोलावट' । = आमन्त्रण ।
१९ " " – 'रुक्का' । = राजा वा युवराजको तर्फबाट लेखिने पत्र ।



http://dibyaupadesh.wordpress.com

*..तिनको नाम के हो भनि सुध्याया[1] र रणजित् बस्न्यात्, मानसिं रोकाहा[2] विरभद्र पाठक् मैधि[3]मा रात दिन गरि आइपुक भनि लेषी पठाँञा आइपुगे र तिनछेउ यकान्त[4] गर्‍यां (र) भने –*

*दिक्बन्द सेन[5] सित हाक दि आञां, नेपाल पनि देषि आञां हान्ना[6]को मनसुबा[7] पनि राषी आञां. तिमिहरू क्या भन्छौ भनि मैले भन्दा, हान्नुहवस् महाराजा भनेर सल्लाहा दिया र मैले भने, म जसै अर्काको छत्रभङ्ग[8] गर्न जांछु, मेरो छत्रभङ्ग गर्न अर्को आयो भन्या कसो होला भनि मैले भन्दा हजूरका हातिहउवा[9] ई बाइस्[10] चौबिसि[11] 'आयो भन्या चेप्या[12] 'मा रगतको नदि ...*

"तिनीहरूको नाम के-के हो त ?" भनी (उनीहरूले) सोधे र (मैले तिनीहरूको नाम) रणजित बस्नेत, मानसिंह रोकाया (र) वीरभद्र पाठक (हो)" (भनी जवाफ दिएपछि तिनीहरूले) – "रात-दिन गरी (यहाँ) मैधीमा (तुरुन्त नै) आइपुग" भनी (उनीहरूलाई) लेखी पठाए र (यसै रुक्का अनुसार तिनीहरू यथासमयमा नै मकहाँ) आइपुगे र तिनीहरूसँग (मैले) एकान्त(मा छलफल) गरेँ र (उनीहरूलाई मैले) भनेँ – "(मैले) दिग्बन्धन सेनलाई हाँक दिएर आएँ, नेपाल पनि हेरेर आएँ, (त्यसलाई) हान्ने मनसुबा पनि राखेर आएको छु, (यसमा) तिमीहरू के भन्दछौ त ?" भनी सोध्दा (उनीहरूले) – "(हान्नुभए हुन्छ) हान्नुहोस् महाराज !" भनी (मलाई) सल्लाह दिए र मैले तिनीहरूलाई – "म जब अर्काको छत्रभङ्ग गर्न (भनी अगाडि सरेर) जान्छु (त्यसै बेला) मेरो छत्रलाई भङ्ग गर्न (भनी) अर्को (व्यक्ति) यहाँ आइदियो भने कसो होला (नि) ?" भनी सोध्दा (तिनीहरूले) – "हजूरका हात्तीहौवा यी बाइसे तथा चौबिसे (राज्यका राजाहरू यहाँ) आए भने चेपे (नदी)मा रगतको नदी ...

---

१ शुद्ध रूप – 'सोधे' । = प्रश्न गरे ।
२ ,, ,, – 'रोकाया' । = क्षत्रिय जाति मध्येको एउटा थर ।
३ ,, ,, – 'मैधी' । = गोरखाबाट पूर्वतर्फ रहेको एउटा बस्ती ।
४ ,, ,, – 'एकान्त' । = अरु कोही पनि नभएको ठाउँ वा त्यस्तो ठाउँमा रहेर गरिने गोप्य कुरा ।
५ ,, ,, – 'दिग्बन्धन सेन' । यिनको परिचयको निमित्त हेर्नुहोस् – तल परिशिष्टमा (१४) मा पनि ।
६ ,, ,, – 'हान्नु' । = प्रहार गर्नु अथवा आक्रमण गर्नु ।
७ ,, ,, – 'मनसुबा' । = इरादा ।
८ ,, ,, – 'छत्र' । = छाता । 'छत्र-भङ्ग' को निमित्त हेर्नुहोस् – परिशिष्टमा (२१) मा पनि ।
९ ,, ,, – 'हात्तीहौवा' । हेर्नुहोस् – परिशिष्टमा (२२) मा पनि ।
१० ,, ,, – 'बाइसे' । ,, – परिशिष्टमा (२३) मा पनि ।
११ ,, ,, – 'चौबीसे' । ,, – परिशिष्टमा (२४) मा पनि ।
१२ ,, ,, – 'चेपे' । = गोरखा र लमजुङ राज्यको बीचमा रहेको प्रसिद्ध नदी ।
१३ ,, ,, – 'नदी' ।



http://dibyaupadesh.wordpress.com

*... बहाउला महाराजा भन्या र यकान्तबाट उठि गोर्षा गयउ र पुगेपछि मामाज्यू[1] पनि निलकंण्ठ[2] पसुपति[3]को दर्सनलाई देउघाट[4]को बाटो गरि जानुभयाको रहेछ. निलकंण्ठ पसुपतिको दर्सन भयापछि श्रीगोरषनाथ[5]को दर्सनलाई गोर्षामा आउनुभयो र दर्सन भयापछि मसित भेट भयो र मैले भन्या. मामाज्यू मकुवानपुर पनि पुगीआँञां. नेपाल पनि देषि आँञां. हान्नाको मनसुवा पनि राषि आँञां. कति कुराले मेरो काज[6] फत्ये[7] होला. अर्ति बक्सनुभया हुंदो हो" भनि मैले भन्दा मलाई पनि पञ्चरात्री[8]मा द्रिष्टान्त[9] भयो. हामीले देष्ता पाच पाण्डुवा[10]को अवतार भया जस्तो लाग्दछ. कुरुक्षेत्र[11]को मेला नभै नेपाल फुट्नें[12] छैन.*

---

... (नै) बगाइदिउँला महाराज ! (यसमा हजूरले कुनै पनि किसिमको धन्दा मान्नुपर्दैन भनी) भने र (त्यसपछि) एकान्त(स्थल)बाट उठी (हामीहरू) गोर्खामा गयौं र (त्यहाँ) पुगेपछि मामाज्यू पनि (भगवान्) नीलकण्ठ (गोसाइस्थान र भगवान् पशुपति(नाथ)को दर्शन (गर्न) भनी देवघाटको बाटो गरी जानुभएको रहेछ र (भगवान्) नीलकण्ठ (तथा भगवान्) पशुपति(नाथ)को दर्शन (गर्ने काम पूरा) भएपछि श्री गोरखनाथको दर्शन गर्न (भनी यहाँ) गोरखामा (पनि) आउनुभयो र दर्शन भैसकेपछि (उहाँको) मसँग भेट भयो र मैले (उहाँसँग पनि) सोधें :–

"मामाज्यू ! मकवानपुर पुगेर आएँ, नेपाललाई पनि हेरेर आएँ, (नेपालमा) हान्ने मनसुवा पनि राखेर आएको छु. (अब के-)कति कुराले मेरो (यो) काम फत्ये होला ? (मलाई यस सम्बन्धमा) अर्ती बक्सनुभए हुँदो हो" भनी भन्दा (उहाँले) – "मलाई पनि पञ्चरात्रीमा दृष्टान्त भएको छ । हामी(हरू)ले देख्दा (तपाईं पाँच भाइहरू) पाँच-पाण्डवको (नै) अवतार (हुनु)भएको जस्तो लाग्दछ । (उहिले) कुरुक्षेत्र(मा घटे)को मेला(जस्तै अहिले यहाँ पनि ठूलो मेला) नभई नेपाल (राज्य) फुट्ने (लक्षण) छैन ।

---

१ मामाज्यू = पाल्पाली राजा मणार्द सेनका छोरा युवराज उद्योत सेन ।
२ शुद्ध रूप – 'नीलकण्ठ' । = गोसाइँकुण्डमा रहेका जलशायी नीलकण्ठ महादेव ।
३ „ „ – 'पशुपति' । = काठमाडौंमा रहेका आराध्यदेव भगवान् श्री पशुपतिनाथ ।
४ „ „ – 'देवघाट' । = त्रिशूली तथा काली नदीको सङ्गममा रहेको प्रसिद्ध घाट ।
५ शुद्ध रूप – 'गोरक्षनाथ' । = गोरखा राज्यका इष्टदेव । जिनको नामबाट नै त्यस क्षेत्रको नाम 'गोरखा' रहन गएको पाइन्छ ।
६ „ „ – 'कार्य' । = अठिको काम ।
७ „ „ – 'फले' । = सफल ।
८ „ „ – 'पञ्चरात्र' । = 'पञ्चरात' अर्थात् आइपुगेपछिका पाँच रातहरू ।
९ „ „ – 'दृष्टान्त' । = उदाहरण ।
१० „ „ – 'पञ्चपाण्डव' । = 'महभारत' मा वर्णित कुन्तीका पाँच जना छोराहरू ।
११ „ „ – 'कुरुक्षेत्र' । हेर्नुहोस् – परिशिष्टमा (२५) पनि ।
१२ „ „ – 'फुट्नु' । = खण्डित हुनु ।



http://dibyaupadesh.wordpress.com

लमजुन्' भन्याको गरुड हो. गोर्षा भन्याको सरप' हो. नेपाल भन्याको भ्यागुतो हो. अघी' गरुडको आषा'' छलनु. तब सर्पले भ्यागुतो षान पाउछ'. मेरा साथमा चार जातका सिपाहि छन्. इन्मा कस्को सवार' गर्‍या चाडो काज' फत्य होला भनि सोद्धा के के जात छन् भनि सोधनुभयो बाहुन्' षस' 'मगर'' ठकुरि'' इनमा कस्को सवार गर्‍या चाडो काज फत्य होला भनि सोद्धा. बाहुन्को सवार भन्याको बयेल'' हो. पातक्'' लाग्छ. ठकुरिको सवार भन्याको सिंघ'' हो पछाडि दगा हुन्छ. मग्र''को सवार भन्याको टागन् घोडा हो. ढिलो हुन्छ.

---

लमजुङ (राज्य) भनेको गरुड(जस्तो) हो, गोरखा (राज्य) भनेको सर्प(जस्तो) हो (र) नेपाल भनेको भ्यागुता(जस्तो) हो (भन्ने मलाई लाग्दछ । यसैले सबैभन्दा) पहिले हामीले गरुडको आँखा छल्नु(पर्दछ), तब (मात्र) सर्पले भ्यागुतो(लाई) खान पाउँछ" (भनी उहाँले मलाई सल्लाह दिनुभयो र यसपछि मैले उहाँलाई) – "मेरा साथमा चार जातका सिपाहीहरू रहेका) छन्, यिनीहरूमध्ये क-कसको सवार गरेमा मेरो काम चाँडै फत्य होला ?" भनी (सोद्धा (उहाँले) –' '(तपाईंका साथमा) कुन-कुन जात(का सिपाही रहेका) छन् (त) ?" भनी सोध्नुभयो र (मैले) – "(मेरा साथमा) बाहुन, खस, मगर (तथा) ठकुरी (गरी चार जातका सिपाहीहरू रहेका छन्), यिनीहरूमध्ये क-कसको सवारी गरेमा (मेरो काम) चाँडै फत्य होला ?" भनी सोध्दा –"बाहुन(हरू)को सवारी (गर्नु) भनेको बयलको सवारी गर्नु(जस्तै) हो, यसो गरेमा पछि) पातक् लाग्छ, ठकुरी(हरू)को सवारी (गर्नु) भनेको सिंह(को सवारी गर्नुजस्तै हो, यसो गरेमा) पछाडि दगा हुन्छ, मगर(हरू)को सवारी (गर्नु) भनेको टाँगन घोडा(को सवारी गर्नु(जस्तै) हो, (यसो गरेमा) ढिलो हुन्छ ।

---

१. शुद्ध रूप – 'लमजुङ' । = गोरखा राज्यदेखि उत्तरपश्चिमतर्फ छिमेकमा रहेको स्वतन्त्र राज्य ।
२. ,, ,, – 'सर्प' । = साँप ।
३. ,, ,, – 'अघि' । = पहिले ।
४. ,, ,, – 'आँखा' । = दृष्टि ।
५. ,, ,, – 'पाउँछ' । हेर्नुहोस् – परिशिष्टमा – (२६) मा पनि ।
६. ,, ,, – 'यिनमा' । = यी मध्येमा ।
७. ,, ,, – 'सवारी । = वाहन ।
८. ,, ,, – 'कार्य' । = अर्थात् काम ।
९. ,, ,, – बाहुन । = ब्राह्मण ।
१०. ,, ,, – 'खश' वा 'खस' । = क्षत्रियहरूको जाति विशेष ।
११. ,, ,, – 'मगर' । = खास गरी मध्यपश्चिमी नेपालमा पाइने जातिविशेष ।
१२. ,, ,, – 'ठकुरी' । = क्षत्रियहरू मध्येको एउटा उच्च वर्ग ।
१३. ,, ,, – 'बयल' । = गोरु । १४.– ,, ,, – 'पातक' । = पाप ।
१५. ,, ,, – 'सिंह' । = जङ्गलमा राजा सरह भएर रहने बिरालो जातिको हिंसक जन्तु ।



http://dibyaupadesh.wordpress.com

*... षसको सवार भन्याको ताजि[1] तुर्कि[2] घोडा हो. षसको सवारगऱ्या चाडो होला भन्या जस्तो लाग्छ भनि अरु ढेरै[3] कुराको अर्ति दि जानुभयोथ्यो.*

*उनै अर्ति लिञा र लम्जुंग्या राजा रिपुमर्दन् साहसित भेट गर्न भनि गयां र चेपे घाट[4]मा भेट भयो र घाहा[5] घरेसका[6] बात[7] गर्दा जौना[8] कुराले घाहा बाधुला भन्ने जड[9] कुरो मेरा पेट[10]मा थियो सोहि जड कुरो काल्नु पाडें[11]ले गऱ्यो र घाहा बलियो बस्यो र मलाई आसजैं[12] लाग्यो र. तर मलाई ता रिझायो. दुनिँञा[13]जस्देषी राजि रहन्छन् उसैलाई कजाई दिनु भन्ने सास्त्र[14]मा पनि कहेको छ. दुनिँञांमा बुझिहेरुं भनि बुझि हेर्दा दुनिञांबाट पनि काल्नु पांडेको ...*

---

... (तर) खस(हरू)को सवारी (गर्नु) भनेको 'ताजी' तुर्की घोडा(को सवारी गर्नुजस्तै हो। (यसैले) खस(हरू)को सवारी गरे(मा नै आफूले अँटिको काम) चाँडो (फत्य) होला जस्तो (मलाई) लाग्दछ" – भनी (उहाँले यस्ता) अरु (पनि) धेरै कुराका अर्ती(हरू) दिएर जानुभएको थियो ।

(उहाँका) तिनै अर्ती (हरूलाई मैले मनमा) लिएँ र लमजुङे राजा रिपुमर्दन शाहसित भेट गर्न भनी (लमजुङ राज्यतर्फ जाँदा) चेपे (नदीको) घाटमा उनीसँग भेट भयो र (उनीसंग बसी) घा एवं घरायसका कुरा(हरू) गर्दा जुन कुराले (लमजुङे राजासित आफ्नो देशको) घा बाधुँला भन्ने जड कुरा मेरो मनमा (रहेको) थियो, त्यही कुरा कालु पाँडेले (पनि) गऱ्यो र (त्यसै अनुसार लमजुङ राज्यसंग हाम्रो देशको) घा बलियो बस्यो र (यसबाट) मलाई आश्चर्य लाग्यो । मलाई त रिझायो, जसदेखि दुनियाँ राजी रहन्छन्, त्यसलाई (नै) कज्याई दिनु भन्ने शास्त्रमा पनि भनिएको छ, (यसैले सर्वसाधारण) दुनियाँमा (पनि यस सम्बन्धमा एक पटक) बुझेर हेरुँ (न त) भनी बुझी हेर्दा दुनियाँमा पनि कालु पाडेको (नै) ...

---

१ शुद्ध रूप – 'ताजी'-(घोडा) । = खास गरी ताजिकिस्तानमा पाइने घोडाको एक जात ।
२ " " – 'तुर्की-(घोडा) । = खास गरी तुर्किस्तानमा पाइने घोडाको एक जात ।
३ " " – 'धेरै' । = अनेकौं ।
४ 'चेपे-घाट' = गोरखा तथा लमजुङ राज्यको सिमानाको रूपमा रहेको 'चेपे' नदीबाकनेको घाट ।
५ शुद्ध रूप – 'घा' । = मैत्री-सम्बन्ध ।
६ " " – 'घरायस' । = घरसम्बन्धी । यहाँ 'घर' भनेर 'देश' को अर्थमा प्रयोग भएको छ ।
७ " " – 'बातो' । = कुरा ।
८ " " – 'जुन' । = जुन चाहिं ।
९ " " – 'जड' । = मुख्य ।
१० 'पेट' = अन्तष्करण अर्थात् मन ।
११ शुद्ध रूप – 'कालु पाँडे' । हेर्नुहोस् – परिशिष्टमा (२७) पनि ।
१२ " " – 'आश्चर्य' ।
१३ शुद्ध रूप – 'दुनिया' । = सर्वसाधारण जनता ।
१४ " " – 'शास्त्र' । = जनसाधारणको हित तथा उनीहरूलाई अनुशासित तुल्याउनको निमित्त नियम वा विधानहरूको व्यवस्था गरिएको धार्मिक ग्रन्थ । हेर्नुहोस् – परिशिष्टमा (२८) पनि ।



http://dibyaupadesh.wordpress.com

*... चाहा[1] रहेछ र कालु पांडेलाई कजाई दिनुभया हामी दुर्निआदारमा छहारि रहदो हो भन्या सल्लाहा दिया र. अब बाइसि[2] चौबिसि[3]ले क्या भन्छन् भनि बुझ्नु हुदा. बाईसि चौबिसिबाट पनि कालु पाडेकै चाहा रहेछ र कालु पाडेलाई कजाजि भया घाहा घराइस्[4] बलियो राषन्यैछ भन्ने सल्लाह दिया. मेरो मनमा ता बिराज बषेति[5]लाइ कजाई दिन आटेको थियो. तर ज्याद्या[6] बुद्धी[7] कालु पांडेकै ठहर्‍यो र कालु पांडेलाइ कजाजि भयाको हो.*

*अब पांडे र बस्न्यात्‌को जुग[8] बाधिदिछु. तेरि छोरि सिवराम बस्न्यात्[9]को छोरो केहेसिंह बस्न्यात्[10]लाई देउ भनि मागि बिहे गरिदिंञा र पांडे बस्न्यात्‌को जुग बाधि पाडेको ढाल्[11] बस्न्यात्‌को तरवार[12] गरि नेपालमा चढाइ[13] गर्‍याको हो.*

---

चाहना रहेछ र "कालु पाँडेलाई कज्याइँ दिनुभएमा हामी दुनियाँदारमा छहारी रहने थियो" – भन्ने (सबैले) सल्लाह दिए र अब बाइसे तथा चौबीसे (राज्यका राजाहरू पनि यस सम्बन्धमा) के भन्दा रहेछन् (त) भनी बुझी हेर्दा बाइसे तथा चौबीसे (राज्यका राजाहरू)मा पनि कालु पाँडेको नै चाहना रहेछ र – "कालु पाँडेलाई कज्याइँ भएमा (यिनले) घा तथा घरायस् (पनि) बलियो राख्नेछन्" भन्ने (उनीहरूले) सल्लाह दिए(का हुन्) । मेरो मनमा त बिराज बखेतीलाई कज्याइँ दिउँला भन्ने) लागिरहेको थियो, तर (बिराज बखेतीको भन्दा) ज्यादा बुद्धि कालु पाँडेको नै ठहरियो र कालु पाँडेलाई कज्याइँ दिएको हो ।

अब पाँडे र बस्नेतको जोडी बाँधिदिन्छु (भन्ने विचार गरी) – "तेरी छोरी शिवरामसिंह बस्नेतका छोरा केहरसिंह बस्नेतलाई दे" भनी (कालु पाँडेसँग उसकी छोरी) मागी बिवाह पनि गरिदिएँ । (यसरी) पाँडे (तथा) बस्नेतहरूको जोडी बाँधी पाँडे(हरू)को ढाल तथा बस्नेत(हरू)को तरवार गरी नेपाल (राज्य)माथि चढाइ गरेको हो ।

---

१ शुद्ध रूप – चाहना ।
२. 'बाइसे' वा 'बाइसी' को निमित्त हेर्नुहोस् – परिशिष्टमा (२३) पनि ।
३ 'चौबीसे' वा 'चौबीसी' को निमित्त हेर्नुहोस् – परिशिष्टमा (२४) पनि ।
४ 'घा-घराइस्' = छिमेकमा रहेका अरु राज्यहरूसँग भएका सन्धि-सम्झौताहरू अनुसार सम्पन्न हुने आफ्नो देशको राज्यव्यवस्था सम्बन्धी काम ।
५ शुद्ध रूप – 'बिराज बखेती' । 'बखेती' थर भएका 'बिराज' । हेर्नुहोस् – परिशिष्टमा (२९) पनि ।
६ „ „ – 'ज्यादा' ।
७ „ „ – 'बुद्धि' । = प्रज्ञाशक्ति अर्थात् विचारशक्ति ।
८ „ „ – 'युगल' । = जोडी ।
९ „ „ – 'शिवरामसिंह बस्नेत' । = गोरखा राज्यका तात्कालिक सेनापति ।
१० „ „ – 'केहरसिंह बस्नेत' । = शिवरामसिंह बस्नेतका माहिला छोरा ।
११ शुद्ध रूप – 'ढाल' । हेर्नुहोस् – परिशिष्टमा (३०) पनि ।
१२ तरवार = एकातिर मात्र धार भएको लामो तथा पातलो फलामले बनेको घातक हतियार ।
१३ हेर्नुहोस् – परिशिष्टमा (३१) ।



http://dibyaupadesh.wordpress.com

*उप्रान्त ॥ रणजित बस्न्यात् मानसिं रोकाहा[१] बिरभद्र पाठक् इनलाई गौटान्को[२] बिराइ[३] लिग्‌लीग्‌को आड[४]मा राषि म पनि सल्लान्‌कोट[५] कि देवी साक्ष्यात्[६] छन् भनि भन्दछन् म पनि सायेत[७] गरि जान्छु भनि बिदा गराया र सायेत गरि म पनि गंनु[८] र बारि[९]मा थर्पु[१०] पऱ्यो र सल्ल्यानिको घरघर[११] बराहा उमराउ[१२]'हरूसित सुधाँञा[१३]*

*माई[१४]'को दर्सन् गर्न हुन्छ की भन्दा भित्र दर्सण[१५]'पुजाहारि[१६]' टहलुवा[१७]'लाई मात्रै भित्र दर्सन गर्नु हुन्छ जो हुकुम् भन्या र ढोकामा ता हुन्छ कि भन्दा ढोकामा ता हुन्छ भन्या र साज बिहयान[१८] ढोकासम्म जाई[१९] ...*

---

यसपछि रणजित बस्नेत, मानसिंह रोकाया तथा बीरभद्र पाठक यी (तीन जना बीर)हरू(लाई) गौटान्को बिर्हौटो तथा लिगलिग्को आडमा राखी म पनि सल्ल्यान-कोटकी देवी साक्षात् (नै) छन् भनी (सबैले) भन्दछन्, (यसैले) साइत गरी (एकपल्ट म पनि त्यहाँ पुगेर आउनुपऱ्यो भनी (उनीहरूलाई त्यहाँबाट) बिदा गराएँ र साइत गरी म पनि (सल्ल्यान कोटमा) गएँ । (त्यहाँ) बारीमा थर्पु पऱ्यो र सल्ल्यानीका घर-घर (तथा) बराह-उमरावहरूसँग (मैले) सोधें –

"माईको दर्शन गर्न हुन्छ कि ?" (भनी मैले उनीहरूसँग) सोध्दा – "पुजारी (तथा) टहलुवा(हरू)ले मात्र भित्र(सम्म गई) दर्शन गर्न हुन्छ, (अरूले हुँदैन), जो हुकुम !" (भनी उनीहरूले भने) । "ढोकासम्म (गएर दर्शन गर्न) त हुन्छ कि ? भनी मैले सोध्दा – "ढोकासम्म (गएर दर्शन गर्न) त हुन्छ" (भनी उनीहरूले भने र (यसै अनुसार) साँझबिहान ढोकासम्म गई ...

---

१ शुद्ध रूप – 'मानसिंह रोकाया' । = 'रोकाया' थर भएका 'मानसिंह' ।
२ ,, ,, – 'गौटान्को' । = गोरखाको पश्चिमोत्तरमा रहेको भूभागको ।
३ ,, ,, – 'बिर्हौटो' । = भर्खरै मात्र बर्षा आबाद गरिएको जमिन । हेर्नुहोस् – परिशिष्टमा (३२) पनि ।
४ हेर्नुहोस् – परिशिष्टमा (२७) ।
५ 'सल्ल्यान-कोट' । = 'सल्ल्यान' भन्ने ठाउँमा रहेको कोट वा किल्ला ।
६ ,, ,, – 'साक्षात्' । = प्रत्यक्ष । ७ – ,, ,, – 'साइत' । = शुभ मुहूर्त ।
८ ,, ,, – 'गएँ' । = पुगें ।
९ ,, ,, – 'बारी' । = पाखा-बारी मात्र लाग्ने जग्गा ।
१० ,, ,, – 'थर्पु' । = अस्थायी छाप्रो । = बाटाघाटाहरूमा रात वास बस्नको निमित्त काठ, बाँस वा घाँस-पातहरूद्वारा बनाइने अस्थायी छाप्रो ।
११ 'घर-घर' को निमित्त हेर्नुहोस् – परिशिष्टमा (८) पनि ।
१२ शुद्ध रूप – 'बराह-उमराव' । हेर्नुहोस् – परिशिष्टमा (३३) मा पनि ।
१३ ,, ,, – 'सोधें' । = प्रश्न गरें ।
१४ शुद्ध रूप – 'माई' । = माताजी = माता भगवती ।
१५ ,, ,, – 'दर्शन' । = देवता, देवमूर्ति वा मान्यजनहरूका साथ हुने साक्षात्कार ।
१६ ,, ,, – 'पुजारी' वा 'पुजाहारी' । = देवदेवताहरूको नित्य पूजा गर्ने व्यक्ति ।
१७ ,, ,, –'टहलुवा' । = टहल अर्थात् सेवासुश्रुषा गर्ने व्यक्ति ।
१८ ,, ,, – 'साँझ-बिहान' । = बिहान-बेलुका । १९ – ,, ,, – 'गई' । = गएर ।
२० ,, ,, – 'पाठ-पूजा' । = पूजा-पाठ । हेर्नुहोस् – परिशिष्टमा (३४) पनि ।



http://dibyaupadesh.wordpress.com

*... पाठ पुजा जप् दर्सन गर्थ्या र एक दिनका रातमा सोपना[1] भयो र दुई हातमा दुई षड्ग[2] लियाकी सात आठ बर्षकी कन्या कुसुमे[3] पछिउरा[4] को घुगुटि[5] पारि मछेउ आइन् र मैले सोध्यां[6] तिमी कस्कि छोरी हौ भनि मैले भन्दा पुजाहारि राना[7] कि छोरि हुं भनिन् र उ दुवै षड्ग मेरा हातमा दिइन् र आरसि[8] प्रर्मानको लाल टल्बल् गर्थ्यो षोकीलाबाट झिकी मेरा मुखसम्ममा ल्याई यो पनि निल् भनिन्, र तम्रो[9] मनकान्छ्या पुर्‍याइदियाको छ म पनि केही माग्छु. थपि जाउ भनि. जसै दुई पाईला गैथिन्. उसै बेलामा म पनि बिम्ज्यौं[10] र ...*

----------

.... पाठ, पूजा, जप (तथा) दर्शन (पनि गर्ने) गरेको थिएँ । (यसै अवस्थामा) एक दिनको रातमा (मलाई) सपना भयो । (त्यस सपनामा) दुई हातमा दुईवटा खड्ग लिएकी सात-आठ वर्षकी (एउटी) कन्या कुसुमे पछ्यौरीको घुम्टी पारी मेरो छेउमा आइन् र मैले (उनलाई) – 'तिमी कसकी छोरी हौ भनी सोद्धा (उनले) – "(म) पुजारी रानाकी छोरी हुं (भनेर) भनिन् । उनले ती दुवै खड्ग मेरो हातमा दिइन् र 'आरसी' जस्तो रातो (रङ्गको) टलपल गरिरहेको (एउटा वस्तु आफ्नो) खोकिलाबाट झिकी मेरो मुखसम्म ल्याई – "यो पनि निल" भनी (मलाई) भनिन् र – "तिम्रो मनोकाङ्क्षालाई (मैले) पुर्‍याइदिएको छु (यसैले अब) म पनि (तिमीसँग) केही (कुराहरू) माग्दछु (मलाई) थपेर जाऊ" भनी (उनी) जब (त्यस ठाउँबाट) दुई पाइला (जति अगाडि) गएकी थिइन्, त्यसै बेला म पनि विउँझिएँ र ...

----------

१ शुद्ध रूप – 'सपना' । = स्वप्न अर्थात् निद्रावस्थामा देखिने दृश्य वा विचार ।

२ " " – 'खड्ग' । = दुवैतिर धार भई टुप्पोतिर सुलुत परेको चेप्टो आकारको हातमा लिएर प्रहार गरिने तरवारजस्तो हतियार ।

३ 'कुसुमे' = हल्का रातो रङ्गको ।

४ शुद्ध रूप – 'पछ्यौरा' । = ओढ्ने कपडा ।

५ " " – घुंगटि । = 'घुम्टो', खासगरी विवाहमा दुलहीको शिरलाई ढाक्ने सुन्दर पछ्यौरी ।

६ " " – 'सोधें' ।

७ हेर्नुहोस् – परिशिष्टमा (३५)

८ शुद्ध रूप – 'आरसी' । हेर्नुहोस् परिशिष्टमा (३६) ।

९ " " – 'तिम्रो' ।

१० " " 'विउँझिएँ' । = जागा भएँ ।



http://dibyaupadesh.wordpress.com

*... भानु जैसि. कुलानन्द जैसि. पुजाहारि रानालाई डाक्यां र सुध्यायां.[1] जैसिले पनि पुजाहारिले पनि ति माई हुन् दर्सन पाउनु भयछ. भने र उसै बेलामा धुप् दिप् धजा[2] नैबेदें[3] नित्य पुजालाई सात राग्गा[4] सातै बोका थपि बोर्लां घाट[5]को आम्दानी र घाटै छेउको टार[6] माईलाई संकल्प[7] गरि दिंञा र उसै घरि[8]को सायत गरि रात दिन गरि सरासरी आयां र सिमल्चौर चौतारामा थर्पु हालि बस्याको थिंञा.*

*दावा[9] भन्या नुहाकोट्[10]को बहना भन्या खिंच्यात्[11]को कुलो काटि षेत बिराउना[12]को गरि राषाथ्यां. बेत्रावतिका बेनि इन्द्रायेनि[13]का थानमा ढुंगा तरि जप पाठलाई जांथ्या. ध्यान[14] भन्या सल्ल्यान्कोट्कि देवीको र इन्द्रायनि ...*

---

(त्यति नै बेला मैले) भानु ज्योतिषी, कुलानन्द ज्योतिषी (तथा) पूजाहारी रानालाई (पनि) डाकें र (उनीहरूसंग यसको रहस्य) सोधें। (दुवै) ज्योतिषी तथा (त्यस मन्दिरका) पुजाहारीले पनि – "ती (त साक्षात्) माई (नै) हुन्, (हजूरबाट उहाँको) दर्शन पाइबक्सिएछ (बढिया भयो)।" (भनी) भने र त्यति नै बेला धूप, दीप, ध्वजा (र) नित्यपूजा (तथा विशेष पूजाको निमित्त (पनि) सातवटा रांगा तथा सातैवटा बोका(हरू) थप गरी बोर्लाङ्-घाटको आम्दानी तथा घाटैको छेउमा रहेको टार (पनि) माईलाई (नै) सङ्कल्प गरेर दिएँ। त्यसै घडीको साइत गरी (त्यहाँबाट प्रस्थान गरेर) रात-दिन गरी सरासर (नुवाकोटतर्फ) आएँ र (त्यहाँ) सिमल्चौरको चौतारामा थर्पु हालेर बसिरहेको थिएँ।

(यति बेला मैले) दाउ भने नुवाकोट(को गढीमाथि हान्ने, तर) बहाना भने खिञ्चेतको कुलो(लाई) काटी खेतहरू बिराउने (भन्ने) गरिरहेको थिएँ। बेत्रावतीमा (रहे)को बेनी इन्द्रायणीको स्थानमा ढुङ्गा तरी जप तथा पाठपूजालाई (पनि त्यहाँ बराबर) जाने गर्दथें। ध्यान भने सल्ल्यानकोटकी देवीको तथा इन्द्रायणी ...

---

१ शुद्ध रूप – 'सोधें'। = प्रश्न गरें।
२ „ „ – 'ध्वजा'। हेर्नुहोस् – परिशिष्टमा (३७) पनि।
३ „ „ – 'नैवेद्य'। = देवदेवीहरूलाई चढाइने खाद्यपदार्थ।
४ शुद्ध रूप – 'रांगा'। = 'रांगो' को बहुवचन रूप।
५ „ „ – 'बोर्लाङ्-घाट'। = बूढीगण्डकी नदीको किनारमा रहेको प्रसिद्ध घाट।
६ 'टार' = आकाशबाट पर्ने पानीबाट मात्र सिंचाइ हुने जमिन।
७ शुद्ध रूप – 'सङ्कल्प'। = कुनै वस्तु दान गर्दा जल, तिल तथा कुश हातमा लिई पढिने प्रतिज्ञा-वाक्य।
८ „ „ – 'घडी'।
९ „ „ – 'दाउ'। = ध्याउन्न।
१० „ „ – 'नुवाकोट'। = त्रिशूली नदीको बायाँ किनारमा उँचाइको ठाउँमा रहेको बस्ती।
११ „ „ – 'खिञ्चेत्'। = 'त्रिशूली' नदीकै पल्लो किनारमा रहेको प्रसिद्ध बस्ती।
१२ 'बिराउनु'। = खनजोत गरी नयाँ आबाद गर्नु।
१३ शुद्ध रूप – 'इन्द्रायणी'। = देवी विशेष।
१४ 'ध्यान' = चिन्तन।



http://dibyaupadesh.wordpress.com

*... भैरवीको गर्ध्यां. महामंण्डल'[1] भनेको नुहाकोटको सवता'[2] रहेछ. महामंण्डलमा ग्यामि राना'[3] थियो. तं हाम्रा घर'[4]को ग्यामि होस्, महामण्डल छोडिदे. मछेउ आईज. भनी पठाँजा र हुना ता मं हजुरैको हुं. तर जयप्रगास मल्ल'[5]को नुन'[6] षाईहाल्यां मरिमेट्न्याछु भनि हाक'[7]पारि पठायो र.*

*येक दिन कचहरि'[8]मा बस्याको थिंजा. तान्रा'[9] लागेछ र तान्रैमा ता इन्द्रायनिका थानमा बस्याको रहेछु. आजका साता दिनमा ठुलो सायेत'[10] छ. तेसै दिनको सायतले नुहाकोट साध्यें'[11] हुन्याछ. भन्याको सुन्या र पात्रो हेरन जैसि भन्यां र पात्रो हेर्‍या र आजका साता दिन विहाउडों'[12] सनिश्चर बार ...*

---

भैरवीको (पनि) गर्ने गरिरहेको थिएँ । 'महामण्डल' भनेको नुवाकोटको सौता (जस्तै) रहेछ । महामण्डलमा ग्यामी रानाले (त्यस गढीको सुरक्षा गरेर बसिरहेको) थियो । (मैले उसलाई) – "तँ हाम्रो (आफ्नै) घरको ग्यामी होस्, महामण्डल (हामीलाई) छोडिदे, (तँ) मकहाँ आइज" भनी (उसलाई बोलावटको खबर) पठाएँ र (उसले पनि) – "हुन त म हजूरको नै (मानिस) हुँ, तर (मैले अहिलेसम्ममा राजा) जयप्रकाश मल्लको नून खाइहालें, (यसैले नूनको सोमो गर्दै आफ्ना राजाको निमित्त) मरिमेट्ने छु, (महामण्डल हजूरलाई यत्तिकै सुम्पन म सक्दिन) भनी (उसले मलाई) हांक दिई पठायो ।

एक दिन कचहरीमा बसिरहेको थिएँ । (त्यहीं नै) तन्द्रा लागेछ र तन्द्रामा नै (म) इन्द्रायणीको स्थानमा बसिरहेको रहेछु । (त्यहाँ) – "आजको साता-दिनमा ठूलो साइत (परेको) छ, त्यसै दिनको साइतमा (हमला गरेमा) नुवाकोट साध्य हुनेछ" (भनी इन्द्रायणी भगवतीले) भनेको सुनें र – "(एक पटक) पात्रो हेरन ज्योतिषी ! (त्यस दिनको साइत कस्तो रहेछ)" भनी मैले भनें र (ज्योतिषीले) पात्रो हेरे र – "आजको साता दिनको दिन बिहाउँदो शनिवार ...

---

१ शुद्ध रूप – 'महामण्डल' । = नुवाकोटभन्दा उत्तरतर्फ रहेको अग्लो डाँडो ।
२ „ „ – 'सौता' । = प्रतिस्पर्धी ।
३ „ „ – 'ग्यामी राना' । = 'ग्यामी' थर भएका भूतपूर्व काजी जयन्त राना । हेर्नुहोस्– परिशिष्टमा (६८) पनि ।
४ यहाँ 'घर' शब्द 'देश' को अर्थमा प्रयोग भएको छ ।
५ शुद्ध रूप – 'जयप्रकाश मल्ल' । = काठमाडौं राज्यका समकालिक राजा ।
६ „ „ – 'नून' । = 'नमक' वा 'निमक' । = नून परेको दानापानी ।
७ „ „ – 'हांक' । = चुनौति ।
८ शुद्ध रूप – 'कचहरी' । = सभा ।
९ „ „ – 'तन्द्रा' । = निद्राको प्रारम्भिक अवस्था ।
१० „ „ – 'साइत' । = शुभ मुहूर्त ।
११ „ „ – 'सिद्ध' । = सफल ।
१२ „ „ – 'बिहाउँदो' । = निकलंदो ।



http://dibyaupadesh.wordpress.com

*... ठुलो सायत रहेछ भनि बिन्ति गऱ्या र उहि सायतमा महामण्डलमा उक्लेउ र तरवरार पऱ्यों र हाम्रा नुनका सेषले झुकाई दिने पंथ बाह्रै बर्षमा मेरा भाई दलमर्दन साहले जेठि तरबार रानाको बापलामा हान्यो र नुहाकोट साधे गरि बढाई गरेउ र ककनि सिवपुरि मा ठाना हालि मुर्चा लाई राषबेउ।*

*मलाई प्रसुराम थापा 'ले नेपाल हान्न आउ भनि हात दिई 'राषाथ्यो. आफ्ना भाईलाई लाषबिसि' पुऱ्याउनु बाइसि चौबिसि उठाई पछाडी हान्नु भनि पठायछ र मैले थाहा पाञा र कहा पुग्याको छ भनि सुधाञा र पोषराको हटिया 'मा डेरा गरि बस्याको छ भनि सुन्या र तेसलाई बैठाई आउन' ...*

---

ठूलो साइत (परेको) रहेछ" भनी उनीहरूले (मलाई) बिन्ती गरे र त्यही साइतमा (हामी माथि) महामण्डल(को डाँडा)मा उक्लियौं र (त्यहाँ दुई पक्षका बीचमा) तरवार पऱ्यो र हाम्रो नूनको शेषले (गर्दा हामीहरूबाट झुकेका) पन्त(को सहयोगले गर्दा) बाह्रै वर्ष (को उमेरमा मेरा भाइ दलमर्दन शाहले (शङ्खमणि) रानाको बाप्लोमा 'जेठी-तरवार' हान्यो र नुवाकोटलाई सिद्ध गरी (हामीहरूले हर्ष)-बढाइ गऱ्यौं र ककनी (एवं) शिवपुरीमा (पनि) ठाना(हरू) हाली (काठमाडौं उपत्यकालाई हामीहरूले चारैतिरबाट) मोर्चा लगाएर राखिरहेका थियौं।

मलाई परशुराम थापाले – "नेपालमा हान्न आउनू" भनी हात दिइराखेको थियो। (तर उसले त्यसै बेला) आफ्नो भाइलाई – "लाख-बीसी पुऱ्याउनू र बाईसे एवं चौबीसे (राज्यका राजाहरूलाई) उचाली (गोर्खा राज्यलाई) पछाडि(बाट) हान्न लगाउनू" भनी (गोरखा राज्यभन्दा पश्चिमतर्फ) पठाएको रहेछ र (यो कुरा) मैले थाहा पाएं र – "(त्यो अहिले) कहाँ पुगिरहेको छ त ?" भनी सोद्धा – "(त्यो अहिले) पोखराको हटियामा डेरा गरी बसिरहेको छ" भन्ने सुनें र – "(त्यसो भए त्यहाँ गएर) त्यसलाई बैठाएर आउन (तिमीहरूमध्ये) ...

---

१ „ „ – 'तरवार पर्नु' । = तरवार जुध्नु = लडाइं हुनु ।
२ „ „ – 'हाम्रो नूनको शेषले झुकाइदिने पन्त' । हेर्नुहोस् – परिशिष्टमा (३९) पनि ।
३ 'जेठी-तरवार' को निमित्त हेर्नुहोस् – परिशिष्टमा (४०) पनि ।
४ 'राना' भनेर यहाँ गोरखा राज्यका भूतपूर्व काजी जयन्त रानाका छोरा शङ्खमणि रानालाई लक्षित गरिएको पाइन्छ ।
५ शुद्ध रूप – 'ककनी' । = काठमाडौं शहरबाट उत्तर-पश्चिमतर्फ रहेको डाँडो ।
६ „ „ – 'शिवपुरी' । = काठमाडौं शहरबाट उत्तरतर्फ रहेको डाँडो ।
७ „ „ – 'ठाना' । = चौकी वा किल्ला ।
८ „ „ – 'मोर्चा' । = गढी वा किल्लाको सुरक्षाको निमित्त गरिएको उपाय ।
९ „ „ – 'लगाई' । १० „ „ – 'राखेका थियौं'
११ „ „ – 'परशुराम थापा' । = सिन्धुपाल्चोकमा मूल घर भएका काठमाडौं राज्यका विद्रोही 'उमराव' काशीराम थापाका भाइ । हेर्नुहोस्– परिशिष्टमा (४१) ।
१२ „ „ – 'हात दिनु' । = स्वागतको निमित्त हात अगाडि सारेर आमन्त्रण गर्नु ।
१३ „ „ – 'लाख-बिसी' । हेर्नुहोस्– परिशिष्टमा (४२) ।
१४ „ „ – 'हटिया' । = निर्धारित समयमा निर्धारित ठाउँमा नियमित रूपमा लाग्ने सानो अस्थायी बजार ।
१५ 'बैठाइ आउनु' = सिध्याएर अर्थात् मारेर आउनु ।
१६ „ „ – 'भनें' ।



http://dibyaupadesh.wordpress.com

*... को सकौला भनि सल्लाह गर्दा कसैले पनि ठहराउन सकेन र मैले भन्या', झागल गुरुं सक्ला भनि डाकी अन्हाई मेरो कंमरको कोतापान्[1] दियाँ र गयो र पुगि गाइनेको भेष गरि हातमा बल्छी[2]को टागो लि कांधिमा सारंगी च्यापि २/४ धार्निको सहर[3] लैगी अरु उसका लस्कर[4]हरू भात पान्या बषत्मा अवसर हेरि बैठाइ आयो र पछाडी सुद्ध गरि नेपाल षोल्याई पुरुब पछिमका दुनिँआ[5] हात गरि नेपाल लियाथ्यां ॥*

---

कससे सकौला त ?" भनी सल्लाह गर्दा (त्यहाँ रहेका) कसैले पनि (यसो गर्ने भनी) ठहऱ्याउन सकेनन् र मैले (आफैले यो काम त) झागल गुरुङले (अवश्य पनि) सक्ला भन्ने (निश्चय गरी उसलाई) डाकी अन्हाई मेरो (आफ्नै) कम्मर(मा बाँधिरहे)को 'कोताखान्' दिएँ र (उ यहाँबाट) गयो र त्यहाँ पुगी गाइनेको भेष (धारण) गरी हातमा (माछा मार्ने बल्छी)को टाँगो लिई काखमा सारङ्गी च्यापेर २/४ धार्नीको सहर (माछोलाई साथमा) लिई उसका अन्य लस्करहरू भात खान लागिरहेको समयमा (उपयुक्त) अवसर हेरी (उसलाई) बैठाई आएको हो। (यसरी) पछाडि(तर्फ) निर्विघ्न तुल्याई नेपाल (राज्यमा आक्रमण गर्नको निमित्त बाटो) खुलाई पूर्व तथा पश्चिमका (सबै) जनतालाई हात लिई (मैले) नेपाल (राज्य)लाई (आफ्नो कब्जामा) लिएको थिएँ।

---

१ शुद्ध रूप – 'कोताखान' । = कम्मरमा बाँध्न हुने एक किसिमको सानो तरवार ।

२ „ „ – 'बल्छी' । = धागोमा कुनै किसिमको आहारा भुण्ड्याएर माछालाई बल्भाइने फलामले बनेको सानो बङ्कुसे ।

३ „ „ – 'सहर' । = माछाको एक थरि जात ।

४ „ „ – 'लस्कर' । = मानिसहरूको लर्कन ।

५ „ „ – 'दुनियाँ' । = सर्वसाधारण जनता ।



http://dibyaupadesh.wordpress.com

*उप्रान्त ॥ यो राजे दुई ढुंङ्गाको तरुल[1] जस्तो रहेछ. चीन बादशाहसित ठुलो घाहा[2] राष्नु. दषिनको समुन्द्रका बादशाह[3]सित घाहा ता राषनु. तर त्यो महाचतुर छ. हिन्दुस्थाना[4] दबाई राषेछ.सरजिमी[5]मा परिरहेछ. हिन्दुस्थाना जाग्यो भन्या कठिन पर्ला भनि किल्ला षोजन आउन्या छ. सन्धीसर्पन[6] हेरि गढि तुल्याई राष्नु[7] र रस्ता रस्तामा भाजा[8] हालि राष्नु र यक दिन त्यो बल[9] आउन्या छ. जाइ[10] कटक[11] नगर्नु. झिकी[12] कटक् गर्नु. र ...*

उप्रान्त यो (नेपाल) राज्य (भनेको) दुई ढुङ्गा(को बीच)को तरुलजस्तो रहेछ। (आफ्नो देशदेखि उत्तरतर्फका) चीनका बादशासित (सँधै) ठूलो घा (= मित्रता) राख्नू। दक्षिण (तर्फ)का समुद्रका बादशाहसित (भने) घा त राख्नू, तर त्यो अत्यन्त चतुरो छ। (त्यसले अहिले) हिन्दुस्थानलाई (बलपूर्वक) दबाइराखेको छ। समतल जमीनमा (पनि) परिरहेको छ। (यसैले हिन्दुस्थानीहरू) जागे भने (आफूलाई त्यहाँ रहन) कठिन पर्ला भनी (आफ्नो निमित्त सुरक्षित) किल्ला(को) खोजी गर्न (त्यो यतातर्फ कुनै न कुनै दिन) आउने छ। (यसैले आफ्ना) सन्धिसर्पनहरू हेरी गढी (तथा गौँडाहरूलाई तम्तैयार) तुल्याइराख्नू र बाटाबाटाहरूमा भाँजाहरू (पनि) हालिराख्नू। एक न एक दिन त्यो बल (यहाँ अवश्य पनि) आउनेछ।

---

१ 'दुई ढुङ्गाको तरुल' को निमित्त हेर्नुहोस् – परिशिष्टमा (४३) पनि।
२ शुद्ध रूप – 'घा'। = मित्रता। हेर्नुहोस् – माथि पृष्ठ....को टिप्पणी।
३ ,, ,, – 'समुद्रका बादशाह'। = अङ्ग्रेज बादशाह। हेर्नुहोस् – तल परिशिष्टमा (४४) पनि।
४ ,, ,, – 'हिन्दुस्तान'। = हिन्दूहरूको भूमि अर्थात् भारत।
५ ,, ,, – 'सरजमिन'। = समतल जमिन। हेर्नुहोस् – परिशिष्टमा (४५) पनि।
६ ,, ,, – 'सन्धिसर्पन'। = आफूलाई नभइनहुने जग्गा वा बाटो आदि।
७ 'गढी तुल्याइराख्नू' = 'गढीहरू बनाइराख्नू'।
८ शुद्ध रूप – 'भाँजा'। = भाँजो। = छिह्गुपनो बाटोलाई छेकेर राखिएको रोकावट) को बहुवचन रूप।
९ ,, ,, – 'बल'। = सेना।
१० ,, ,, – 'गई'। = गएर अर्थात् लडाइँतिर ओर्लिएर।
११ ,, ,, – 'कटक'। = लडाइँ।
१२ ,, ,, – 'झिकी'। = झिकाएर अर्थात् पहाडतिर बोलाएर।



http://dibyaupadesh.wordpress.com

*... चुरेघाटि[१]मा षुपै काटिन्या छ. पाच सात पुस्तालाई षजाना[२] पनि मिल्नेछ. श्री गंगाजिको साध पनि लाग्नैछ. लडाईमा पुकेन[३] भन्या लोलोपोतो[४] अनेक कलछल[५] गरिकन पनि ....*

*यो नेपालको तषत[६] किल्ला हो. यो किल्ला पायो भन्या चारै बादसाह[७]लाई बन्हाला लाउनैछ. (यो) इस्वरले रचना गऱ्याको किल्ला रहेछ. स्वधनुपर्नै[८] रहेनछ. सिवपुरि[९] १, फुल्चोक्[१०] २, चण्डागिरि[११] ३, महादेउपोषरि[१२] ४, पालु[१३] ५, दाप्चा[१४] ६, काहुल्या[१५] ७, ईनमा पनि किला पकी बनाउनु. ...*

---

(त्यति बेला त्यहाँ) गएर लडाई नगर्नु, झिकेर (= पहाडी प्रदेशमा ल्याएर मात्र) लडाई गर्नु । (यसो गरेमा) चुरे (पहाडका) घाँटी(हरू)मा (त्यो शक्ति) खुबै काटिने छ । (यसो गर्न सकेमा हाम्रो) पाँच-सात पुस्तासम्मलाई (पुग्ने खर-)खजाना (पनि) मिल्नेछ । श्री गङ्गा (नदीसम्म हाम्रो देश)को साँध पनि लाग्नेछ । लडाईमा (लड्न) सकेन भने लोलोपोती तथा (अन्य) अनेकौं छलकपट(हरू) गरेर भए पनि (त्यस शक्तिले यहाँ आउने प्रयास गर्नेछ) ।

(यो) नेपालको तखत (भनेको एउटा प्राकृतिक) किल्ला हो । यस किल्ला(लाई त्यसले) पायो भने (संसारका चारैवटा) बादशाहलाई ओन्हालो लगाइदिने छ । (यथार्थमा यो राज्य) ईश्वरले (आफैले नै) रचना गरेको किल्ला रहेछ । शोध्नुपर्ने रहेनछ । शिवपुरी(मा) – १, फूलचोकी(मा) – १, चन्द्रागिरि(मा) – १, महादेवपोखरी(मा) – १, पालुङ(मा) – १, दाप्चा (मा) – १, (र) काहुले(मा) – १ (समेत गरी) यी (सातै ठाउँ)मा किल्ला पनि पक्की बनाउनु ।

---

१ ,, ,, – 'चुरे घाँटी' । = चुरे पहाडको भन्ज्याङ ।
२ शुद्ध रूप – 'खजाना' । = सैनिक साजसामानहरू
३ ,, ,, – 'पुगेन' । = सकिएन ।
४ 'लोलोपातो' = बाहिरी व्यवहारले मात्र मित्रता देखाउने काम ।
५ शुद्ध रूप – 'कल-छल' । = छलकपट
६ ,, ,, – 'तखत' । = राज्य वा हेरक दृष्टिकोणले उपयुक्त ठाउँ ।
७ ,, ,, – 'चारै बादशाह' । हेर्नुहोस् – परिशिष्टमा (४७) पनि ।
८ ,, ,, – 'सोध्नुपर्ने' । = सोधन गर्नुपर्ने अर्थात् मर्मत-सम्भार गर्नुपर्ने ।
९ ,, ,, – 'शिवपुरी' । = काठमाडौं शहरबाट उत्तरतर्फ रहेको अग्लो डाँडो ।
१० ,, ,, – 'फूलचोकी' । = ,, ,, दक्षिणपूर्वतर्फ रहेको ,, ,, ।
११ ,, ,, – 'चन्द्रागिरि' । = ,, ,, दक्षिणपश्चिमतर्फ रहेको ,, ,, ।
१२ ,, ,, – 'महादेव पोखरी' । = ,, ,, पूर्वतर्फ रहेको ,, ,, ।
१३ ,, ,, – 'पालुङ' । = चन्द्रागिरिको डाँडाबाट दक्षिणपश्चिममा ,, ,, ।
१४ ,, ,, – 'दाप्चा' । = फूलचोकीको डाँडाबाट पूर्वतर्फ रहेको ,, ,, ।
१५ ,, ,, – 'काहुले' । = शिवपुरीबाट पश्चिमोत्तरतर्फ रहेको ,, ,, ।



http://dibyaupadesh.wordpress.com

*... किल्लापिछे तोप लमछट्[1] गरि राषीदिनु र जति भन्ज्यां[2] ई छन् भन्ज्यांपीछे[3] यक यक फलामे ढोका[4] बनाई ढोकापिछे यक यक तोप लमछट्[1] गरि राषीदिनु र पपांच सिपाहि राषीदिनु र यस्व भयापछि चेवा गर्न्या[5], चर्चा गर्न्या, भागन्या, नास्न्या[6], ढुकुवा[7], फसादि[8], षुनि[9] यस्ताहरूको पनि केही चल्नेछैन, चारै बादसाही चढाई गरि आयो भन्या पनि कसैको केही चल्न्य रहेनछ.*

*उप्रान्त राजा राम शाह[10] ले बाध्याको थिति पनि हेरिसके, राजा जयेस्थितिमल[11] ले बाध्याको थिति पनि हेरिसकें, राजा महिन्द्रमल्ल[12] ले बाध्याको थिती पनि हेरिसकें, इस्वर[13] ले दियो भन्या म पनि यस्ता बन्देज[14] को बाऱ्ह हजार[15] को थिति बांधि जाला भन्या अबीलाषा[16] थियो.*

---

किल्लैपिच्छे तोप(हरूलाई) लमछट् गरी राखिदिनू । (माथि उल्लेख भएका) जति (पनि) भञ्ज्याङहरू छन् (तिनमा) भञ्ज्याङैपिच्छे एक-एकवटा फलामे ढोकाहरू बनाई ढोकैपिच्छे एक-एकवटा तोपहरू लमछट् गरी राखिदिनू र (ढोकैपिच्छे) पा-पाँच (जना) सिपाहीहरू (पनि) राखिदिनू । यसो गरेमा चेवा गर्ने, चर्चा गर्ने, भाग्ने, हराउने, ढुकुवा (बस्ने, दङ्गा)-फसादी (गर्ने तथा) खुन (गर्ने)हरूको पनि केही चल्ने छैन । (यसो गर्न सकेमा संसारमा रहेका) चारवटै बादशाहहरूले (यहाँ एकैपटक) चढाई गरेर आए भने पनि कसैको केही चल्ने रहेनछ ।

उप्रान्त (पहिलेका) राजा राम शाहले बाँधेका स्थिति(-बन्देजहरू) हेरिसकें, राजा जयस्थिति मल्लले बाँधेका स्थिति(-बन्देजहरू) हेरिसकें (र) राजा महेन्द्र मल्लले बाँधेका स्थिति(-बन्देजहरू) पनि हेरिसकें । (यसैले) ईश्वरले दिए भने (अब) म (आफैंले) पनि यस्ता (स्थिति)-बन्देजको बाऱ्ह-हजार घर-धुरी (भएका गोर्खालीहरू) को स्थिति(-बन्देज पनि) बाँधिर जाउँला भन्ने (मेरो पनि) अभिलाषा (रहेको) थियो ।

---

१ 'लमछट्' । = कन्नाइ अर्थात् लमलार ।
२ शुद्ध रूप – 'भञ्ज्याङ' । दुईवटा डाँडाको बीचको मनखेडो ।
३ 'सात-भञ्ज्याङ' को निमित्त हेर्नुहोस् – परिशिष्टमा (४७) पनि ।
४ 'फलामे ढोका' हरूको निमित्त हेर्नुहोस् – परिशिष्टमा (४८) पनि ।
५ शुद्ध रूप – 'चेवा गर्ने' । = चियो गर्ने ।
६ ,, ,, – 'नास्ने' । = नोक्सानी गर्ने अर्थात् बिगार्ने ।
७ ,, ,, – 'ढुकुवा' । = बाटो ढुकेर बटुवाहरूलाई लुट्ने लुटाहा ।
८ ,, ,, – 'फसादी' । = दङ्गा फसाद गराउने उपद्रवी ।
९ ,, ,, – 'खूनी' । = खून गर्ने हत्यारा ।
१० ,, ,, – 'राम शाह' । = श्री ५ पृथ्वीनारायण शाहदेवभन्दा आठ पुस्ता पहिलेका गोरखा राज्यका प्रसिद्ध राजा ।
११ ,, ,, – 'जयस्थिति मल्ल' । = नेपालमा पछिल्लो मल्ल राजवंशका संस्थापक राजा ।
१२ शुद्ध रूप – 'महेन्द्र मल्ल' । = राजा जयस्थिति मल्लको राजवंशमा पैदा भएका काठमाडौं राज्यका प्रसिद्ध राजा ।
१३ ,, ,, – 'ईश्वर' । = परमात्मा ।
१४ 'बन्देज' = व्यवस्था ।
१५ 'बाऱ्ह-हजार' । = गोरखा राज्यका जनता । हेर्नुहोस् – परिशिष्टमा (४९) पनि ।
१६ शुद्ध रूप – 'अभिलाषा' ।



http://dibyaupadesh.wordpress.com

*पुरुब पछिम्को[1] रस्ता[2] बन्ध गरि नेपालको रस्ता चलाई दिउंला, आफ्ना आफ्ना जात विसेषको कर्म गर्नु (भन्ने) बन्देज गरिजांला (भन्ने पनि मेरो मनमा अभिलाषा रहेको थियो)*

*यो तिन सहर[3] भन्याको चिस्व ढुंगो[4] रहेछ. चेलचाल[5] मात्र ठुलो रहेछ. कुप[6]को पानि षान्याछेउ बुधि[7] पनी हुदैन. सुरो[8] पनि हुदैन. चेलचाल मात्रै हंदो रहेछ. मेरो मनसुवा ता दहचोक्मा दरबार बनाउला र चारै दिसा घरघर[9]को. गुरु प्रोहित. भैयाद. भरादार. मिर उमराउ[10]को घर बनाई छुट्टा दरबार बनाउला र ई तिन सहरमा ता दरबारबाट स्वषसयल[11]लाई मात्रै जाला भंन्या यस्तो अविलाषा[12] थीयो.*

---

पूर्व तथा पश्चिमका बाटा(हरू) बन्द गराई नेपालको बाटोलाई (मात्र) चलाइदिउँला, (देशका सबैले) आ-आफ्ना जात अनुसारका काम(हरू) गर्नू भन्ने बन्देज (पनि) बाँधिर जाउँला (भन्ने मेरो मनको अभिलाषा रहेको थियो । तर मेरो (मनमा रहेको) यो अभिलाषा मनको मनैमा रहिरह्यो) ।

(उपत्यकाभित्र रहेका) यी तीन शहरहरू भनेका (त) चिसा ढुङ्गा(हरू जस्ता पो) रहेछन् । यहाँ त खेलखाल मात्र धेरै (हुँदा) रहेछन् । कुवा (= इनार) को पानी खानेहरूको त बुद्धि हुने (रहेनछ र यस्ता मानिसहरू) शूरा पनि हुँदा (रहेनछन्) । (यहाँ त) खेलखालहरू मात्रै (धेरै हुने) रहेछ । मेरो मनसुबा त दहचोक(को डाँडा)मा (आफ्नो) दरबार बनाउँला र (दरबारका) चारै दिशामा घरघरका, गुरुपुरोहित(हरूका), भैयाद(हरूका), भारदार (हरूका) र मिरउमराव(हरूका पनि) घर(हरू) बनाई (आफ्नो) छुट्टै दरबार बनाउँला र (उपत्यकाभित्र रहेका) यी तीन शहर(हरू)मा त (आफ्नो) दरबारबाट (बेलाबखत) सोखसयललाई मात्र जाउँला भन्ने अभिलाषा (रहेको) थियो ।

---

१ शुद्ध रूप – 'पूर्व-पश्चिमको' । हेर्नुहोस् – परिशिष्टमा (३०) ।
२ „ „ – 'रास्ता' । = बाटो ।
३ काठमाडौं उपत्यकाभित्र रहेका तीन शहर ।
४ शुद्ध रूप – 'चिसो-ढुङ्गो' । हेर्नुहोस् – परिशिष्टमा (३१) ।
५ „ „ – 'खेलखाल' । = दाउपेच ।
६ „ „ – 'कूप' । = कुवा अर्थात् इनार ।
७ „ „ – 'बुद्धि' । = सोचविचार गर्न सक्ने मानसिक शक्ति ।
८ „ „ – 'शूरो' । = आँटिलो ।
९ „ „ – 'घर-घर' । हेर्नुहोस् – परिशिष्टमा (८) पनि ।
१० „ „ – 'मिर-उमराव' । = मुख्य उमराव । हेर्नुहोस् परिशिष्टमा (३३) ।
११ „ „ – 'सोख-सयल' । = कुनै वस्तुलाई उपभोग गर्ने प्रबल इच्छा ।
१२ „ „ – 'अभिलाषा' । = चाहना ।



http://dibyaupadesh.wordpress.com

*उप्रान्त ॥ देस[1]का महाजन्[2]लाई गोड प्रसाह[3]देषी उभो[4] आउन नदिनु. देशका महाजन्हरु हाम्रा मुलुकमा आया भन्या दुर्निञां कंगाल गरि छाड्दछन्. हामीले च्यागापांगा[5] लाई[6] तिन सहर नेपाल[7] र नौलाष् किरायत[8] र हिन्दुपतिको राज[9] आर्ज्यष्येउ[10]. देसका कपरा लगाउनालाई मह्नाई[11] गरिदिनु. आफ्ना देसका कपरा बन्न जान्यालाई नमना देषाई सधाउनु[12] र बन्न लाउनु र यस्व भया नगद देस जादैन.*

*आफ्ना देसको जिनीस्[13] जरिबुटि[14] देस लैजानु र नगद पैचनु[15]. नगद पैचि राषनु र प्रजा मोटा[16]भया दर्बार[17] बलियो रहन्छ. राजाका भंडार भन्याका रैतानहरू[18] हुन्.*

---

उप्रान्त (वि)देशका महाजन(हरू)लाई पर्सा-गढीबाट माथितिर आउन नदिनू। विदेशका महाजनहरू हाम्रो मुलुकमा आए भने (उनीहरूले यहाँका) जनतालाई कङ्गाल (नै) गराई छोड्दछन्। हामीले च्यांगा-पांगा लगाएर (नै यो) तीन-शहर नेपाल, नौ-लाख किरात र हिन्दुपतिको राज्य (पनि) आर्जन गरेका थियौं। (यसैले नेपाली जनतालाई) विदेशी कपडा लगाउन मनाही गरिदिनू। आफ्नै देशका कपडा बुन्न जान्ने (मानिसहरू) लगाई नमुना देखाएर सिकाउनू र बुन्न लगाउनू। यसो भए(मा आफ्नो देशको) नगद विदेशमा जान पाउँदैन।

आफ्नो देशका जिनिस् (तथा अन्य) जरीबुटी(हरू पनि) विदेश(तर्फ) लैजानू र (त्यहाँबाट) नगद (रकम आफ्नो देशतर्फ) खैंचनू। नगद (रकम जसरी हुन्छ आफ्नै देशमा) खैंचिराख्नू। प्रजा मोटा (= समर्थ) भए (भने) दरबार (पनि) बलियो रहन्छ। राजाका भँडार भनेका रैतीहरू (नै) हुन्।

---

१ शुद्ध रूप – 'देश'। = विदेश अर्थात् देशभन्दा बाहिर। २ „ „ – 'महाजन'। = व्यापारी।
३ „ „ – 'गढ-पर्सा'। = पर्सा गढी। हेर्नुहोस् – परिशिष्टमा (५.२) पनि।
४ „ „ – 'उँभो'। = उर्ध्व अर्थात् माथितिर।
५ „ „ – 'च्यांगा-पांगा'। हेर्नुहोस् – परिशिष्टमा (५.३) पनि।
६ „ „ – 'लगाई'। = पहिरिई।
७ „ „ – 'तीन शहर नेपाल'। हेर्नुहोस् – परिशिष्टमा (५.४) पनि।
८ „ „ – 'नौ लाख किरात'। „ „ – परिशिष्टमा (५.५) पनि।
९ „ „ – 'हिन्दुपतिको राज'। „ „ – परिशिष्टमा (५) पनि।
१० „ „ – 'आर्जेका थियौं'। = आर्जन गरेका थियौं। ११ „ „ – 'मनाही'। = निषेध।
१२ „ „ – 'सधाउनु'। = सिकाउनु अर्थात् तालिम वा शिक्षा दिनु।
१३ „ „ – 'जिनिस'। = नगद बाहेकका अन्य उपभोग्य वस्तुहरू।
१४ „ „ – 'जरिबूटी'। = औषधीको निमित्त काम दिने वनस्पति।
१५ „ „ – 'खैंचनु'। = आफूतिर तान्नु।
१६ „ „ – 'मोटो'। = बलियो अर्थात् आर्थिक रूपमा सम्पन्न।
१७ „ „ – 'दरबार'। = राजदरबार अर्थात् सरकार।
१८ „ „ – 'रैतान'। = रैती अर्थात् जनताको समूह।



http://dibyaupadesh.wordpress.com

*मुलुकमा ईजारा[1] पनि नदिनु. सर्षारबाट अमानित्[2] राषि सर्षारिया तहसिल[3] राषी सालवसाल्[4]को कचा[5] लिनु. क्या चुनी सिपाई भया. क्या भैभारदार भया. इनलाई दवलथ[6] कमाउन नदिनु. आदमी हेरि हुर्मत्[7] मात्रै राषीदिनु. क्यान भनौला. दवलथ भयाकाले तरवारमा पसि मर्न मार्न सकैनन् र हरिफ[8]को चमक्[9] हुन्छ. सिपाहि भैभारदारले स्वष[10] "गरेनन् भन्या चारै षुट[11]"(मा) मेरो तरवार बज्नैछ. स्वषमा पसो भन्या[12].*

*मेरा साना दुषले आर्ज्याको[13] मुलुक होइन. सबै जात[14]को फुलबारि[15] हो. सबैलाई चेतना भया. यो फुलबारिको छोटा बडा चारै जात छतिसै बर्न[16]ले (यसलाई सम्भार गर्नुपर्दछ).*

---

देशमा इजारा पनि (कसैलाई) नदिनू । सरकारबाट नै अमानतमा सरकारिया तहसील (अड्डा) राखी सालसालैको कच्चावारी (हिसाब) लिने गर्नू । चुनिएका (राम्रा-राम्रा) सिपाही भए (पनि र) भाइभारदार(हरू नै) भए (पनि) यिनी(हरू कसै)लाई (पनि धन-)दौलत(हरू) कमाउन नदिनू । मानिस(हरू) हेरी (उनीहरूको औकात अनुसार) हुर्मत मात्रै राखिदिने गर्नू । किन ? (भनी) भनौला । (किन भने) दौलत भएका (मानिसहरू) तरवार(हरूको काम)मा पसी (स्वयं) मर्न तथा (विपक्षीहरूलाई) मार्न (पनि अग्रसर हुन) सक्नेछैनन् । (यसो भएमा देशमा) हरिफ(हरू)को चमक (हुने) हुन्छ । सिपाही(हरू तथा अन्य) भाइ-भारदार(हरू)ले पनि सोख(-सयलहरू) गरेनन् भने चारैखूटमा मेरो तरवार बज्ने छ । (देशका सिपाही तथा भाइ-भारदारहरू) सोख(-सयल)मा पसे भने (अनर्थ हुनेछ) ।

(यो) मेरो सानो दुःखले आर्जिएको मुलुक होइन । (यस मुलुकको आर्जनमा देशका) विभिन्न जात तथा जातिका धेरै नागरिकहरूको परिश्रम परिरहेको छ । यसैले यो मुलुक) सबै जात तथा जातिहरूको (साझा) फूलबारी हो । सबैलाई (यस कुराको) चेतना भए (राम्रो हुने थियो) । यस फूलबारीलाई साना-ठूला चार वर्ण छत्तीसै जात(का जनता)ले (समानरूपले) सम्भार गर्नुपर्दछ ।

---

१ शुद्ध रूप – 'इजारा' । = ठेक्का ।  २ „ „ – 'अमानत' । = ठेक्कामा नदिई ज्वालादारीमा गराइने काम ।
३ „ „ – 'तहसिल' । = उठ्ती वा आम्दानी असूल-उपर गर्ने कार्यालय ।
४ „ „ – 'साल-बसाल' । = हरेक वर्ष ।
५ „ „ – 'कच्चावारी' । = खुलस्त हुने गरी देखाइएको आम्दानी तथा खर्चको फाँटवारी ।
६ „ „ – 'दौलत' । = धन-सम्पत्ति ।  ७ „ „ – 'हुर्मत' । = अत्यावश्यक मानपान तथा इज्जत ।
८ „ „ – 'हरिफ' । = शत्रु ।  ९ „ „ – 'चमक' । = थर्कथराउ वा कोलाहल ।
१० „ „ – 'सोख' । = कुनै वस्तुलाई उपभोग गर्ने प्रबल इच्छा ।
११ „ „ – 'खुट' । = दिशा ।  १२ „ „ – 'पस्यो भने' । = प्रवेश गर्‍यो भने ।
१३ „ „ – 'आर्जेको' । = आर्जन गरेको अर्थात् कमाएको ।
१४ जात = रूप, गुण, कर्म, धर्म, तथा आकार-प्रकार आदिका आधारमा छुट्याइने मानव-समाजको विभाजन ।
१५ 'फूलबारी' । = फूलहरू लगाइने बगैँचा । हेर्नुहोस् – परिशिष्टमा (५६) पनि ।
१६ „ „ – 'चार वर्ण छत्तीस जात' । हेर्नुहोस् – परिशिष्टमा (५७) पनि ।



http://dibyaupadesh.wordpress.com

*यो असिल् हिन्दुस्थाना[१] हो. आफ्ना कुलाधर्म[२] नछोड्नु. ख्वामित्[३]को नुन्[४]को उधार गर्नु. कालुकबर्दार[५]का सन्तानलाई कबर्दारि नछुटाउनु. दषिन[६]को धाहा सिवराम बस्न्यात्‌का सन्तानलाई नछुटाउनु. भोट[७]को धाहा[८] कालु पांडेका सन्तानलाई नछुटाउनु.*

*पांडे बस्न्यात् पंथ भैयाद[९] मग्र[१०]लाई मारातप्[११] दिदा आलोपालो गरि षान दिनु. ई मेरा नुन् गुन्[१२]का स्वभा[१३] सेवक हुन्[१४]. ईनीहरूको जीव[१५] जान्या बिराम[१६]गर्‍याको भया पनि आफुले नमार्नू. बरु मारातप् दिएर लडाँत्रीमा झोसिदिनु[१७] र जिव जोगाई आयो भन्या बढिया भयो. मरि गयो भन्या आफुले मार्नु(भन्दा) अर्कैबाट मारिदियाको बढिया हुन्छ. तब राजाले सेवकलाई घर[१८]मा नमार्नु.*

-----------

यो वास्तविक हिन्दुस्थान हो । (यहाँका नागरिकहरूले) आफ्ना कुलका (परम्परागत) धर्म(हरू)लाई कहिल्यै पनि) नछोड्नू । (आफ्ना) ख्वामित(हरू)को नुनको उद्धार (सधैँले) गर्ने गर्नू । कालु कपर्दारका सन्तानलाई कपर्दारी(को पदबाट) नछुटाउनू । दक्षिण(तर्फ)को धा (राख्ने कामबाट) शिवरामसिंह बस्नेतका सन्तानलाई नछुटाउनू । भोट(सँग)को धा (राख्ने कामबाट) कालु पाँडेका सन्तानलाई (कहिल्यै पनि) नछुटाउनू ।

पाँडे, बस्नेत, पन्त, भैयाद (तथा) मगर (आदि भाइ-भारदारहरूलाई) 'मारातप' दिँदा (पनि) पालैपालो गरी खान दिने गर्नू । (किन कि) यिनीहरू (भनेका) मेरा नून तथा गुनका सोझा सेवक(हरू) हुन् । यिनीहरूले ज्यान (नै) जाने गरी बिराम गरेका भए पनि (यिनीहरूलाई) आफूले नमार्नू । बरु 'मारातप' दिएर लडाइँमा झोसिदिनू । (यसरी झोसिदिँदा उसले आफ्नो) जीउलाई जोगाई आयो भने बढिया (नै) भयो । मरेर (नै) गयो भने (पनि) आफूले मार्नुभन्दा अर्कैबाट मारिएको बढिया हुन्छ । यसैले राजाले (आफ्ना) सेवक(हरू)लाई (आफ्नो) देशमा (कहिल्यै पनि) नमार्नू ।

-----------

१ ,, ,, – 'हिन्दुस्थान' । = हिन्दूहरूको वास्तविक वासस्थान ।
२ ,, ,, – 'कुल-धर्म' । = पितापुर्खादेखि मानिँदै आएको आफ्नो कुलधर्म तथा मान्यता ।
३ ,, ,, – 'ख्वामित' । = मालिक ।
४ ,, ,, – 'नून' । = 'निमक' अर्थात् आफ्ना मालिकबाट प्राप्त भएको नून परेको दाना-पानी ।
५ ,, ,, – 'कपरदार' । = राजदरबारका भरभण्डारहरूको हेरविचार गर्ने आधिकारिक व्यक्ति ।
६ ,, ,, – 'दक्षिण' । = दक्षिणतर्फको देश अर्थात् भारत ।
७ ,, ,, – 'भोट' । = तिब्बत । ८ ,, ,, – 'धा' । = मित्रता वा मित्रता कायम राख्ने काम ।
९ ,, ,, – 'भैयाद' । = भाइबन्धुहरू । १० ,, ,, – 'मगर' । हेर्नुहोस् – माथि पृ....को टिप्पणी ।
११ ,, ,, – 'मारातप' । हेर्नुहोस् – परिशिष्टमा (५८)
१२ ,, ,, – 'गुन' । = गरिदिएको कामलाई राम्रो सम्झनु ।
१३ ,, ,, – 'सोझा' । = सरल प्रकृतिका । १४ हेर्नुहोस् – परिशिष्टमा (....) ।
१५ शुद्ध रूप – 'जीउ' । = ज्यान अर्थात् जीवित शरीर ।
१६ ,, ,, – 'बिराम' । = कसूर वा अपराध । १७ ,, ,, – 'झोसिदिनु' । = बलेको आगोमा हालिदिनु ।
१८ 'घर' = आवास अर्थात् मानिसहरू बस्ने ठाउँ ।



http://dibyaupadesh.wordpress.com

*तब राजाले ठुलो निंत्रा[1]निसाफ हेर्नु, अन्याय मुलुकमा हुन नदिनु, नित्रानिसाप बिगार्न्या भन्याको घुस्[2] दिन्या र घुस षान्या (हुन्). ईन दुईको ता धन जिव[3] गरि लियाको पनि पाप छैन. ई राजाका महासतुर[4] हुन्.*

*उप्रान्त ॥ जड कुरो[5] राजालाई चाहीन्या सिपाहिहरुको घरषेत् मिलाइदिनु र मल्जल् गर्छन् र दुवै बोटि[6] भित्र हाल्न पाउछन् र कबिला[7]को निफिकि[8] हुन्छ. ढोका[9]मा भया पनि गौडा[10]मा भया पनि सिपाहिहरुको छाति बलियो रहन्छ[11]. पजनि[12] गर्दामा पनि सये नाल[13]का कम्पनी[14] जमाउनु र सये नालका सुबेदार[15] चार पांच लडाञीमा जस पाई आयाका यस्ता आफुले जाचि सुबेदार हाल्नु[16]. सुबेदारले पनि सातपगरि[17] दुई चार बाढ[18] षायाका यस्ता सातपगरि*

---

राजाले (देशमा) न्याय तथा निसाफ राम्ररी हेर्ने गर्नू । मुलुकमा (कुनै पनि किसिमका) अन्याय हुन नदिनू । (देशमा) न्याय (तथा) निसाफ बिगार्ने भनेका घुस दिने तथा घुस खाने (व्यक्तिहरू नै) हुन् । यी दुई (थरी व्यक्तिहरू) को त धन तथा जीउ (नै जफत गरी) लिएमा पनि पाप (लाग्ने) छैन । यी (दुई थरी व्यक्तिहरू त) राजाका महाशत्रु (नै) हुन् ।

उप्रान्त जड कुरा राजालाई (खास) चाहिने (भनेका) सिपहीहरू (नै हुन् । यिनीहरूको निमित्त) घर (तथा) खेत(हरू) मिलाइदिनू । (यसो भएमा त्यस जमीनमा उनीहरूले आफैंले मल-जल गर्ने गर्दछन् र दुवै बोटी(हरू आफ्नै घर)भित्र हाल्न पाउँछन् । (यसो भएमा) कविला(हरू)को (चिन्ताबाट उनीहरू) निस्फिक्री हुन्छन् । (राजाको) ढोकामा रहे पनि (गढी तथा) गौडामा रहे पनि सिपाहीहरूको छाती बलियो रहने हुन्छ ।

(सैनिकहरूको) पजनी गर्दामा पनि (एक) सय नालको 'कम्पनी' बनाउने गर्नू । एक सय नाल (भए)को (कम्पनीको निमित्त एक जना सुबेदार(को हिसाबले भर्ना गर्दा) चार-पाँच लडाईमा जस पाई आएका (व्यक्ति) लाई (मात्र) आफूले (नै) जाँची सुबेदार(को पदमा) हाल्नू । सुबेदारले पनि (आफू अन्तर्गत रहने) 'सातपगरी'(हरू भर्ना गर्दा लडाईमा) दुई-चार प्रहार(हरू) खाएका (अनुभवी व्यक्तिलाई मात्र हेरेर) सातपगरीहरूमा...

---

१ शुद्ध रूप – 'न्याय' । = इन्साफ ।
२ 'घुस' । = आफ्नो कामलाई सफल पार्नको निमित्त अवैध किसिमले दिइने रकम वा वस्तु ।
३ शुद्ध रूप – 'धन र ज्यान' । = जिउ-धन । ४ ,, ,, – 'महाशत्रु' । = ठूला वैरी ।
५ ,, ,, – 'जड कुरा' । = मूल कुरा अर्थात् मुख्य कुरा ।
६ ,, ,, – 'दुवै बोटी' । = जग्गाधनीले पाउने तथा जग्गा कमाउने मोहीले पाउने भाग गरी दुवै थरी भाग ।
७ ,, ,, – 'कबिला' । = जहान-परिवार । ८ ,, ,, – 'निस्फिक्री' । = निश्चिन्त ।
९ ,, ,, – 'ढोका' । = राजाको ढोका अर्थात् राजदरबार ।
१० ,, ,, – 'गौडा' । = गौडाहरूको सुरक्षा गर्न राखिएका गढीहरू ।
११ ,, ,, – 'छाति बलियो रहनु' । = मुटु बलियो हुनु अर्थात् निश्चिन्त हुनु ।
१२ ,, ,, – 'पजनी' । = बर्गीकरण वा सरुवा-बढुवा ।
१३ ,, ,, – 'नाल' । = बन्दूकको नाल वा बन्दूक बोक्ने सिपाही ।
१४ ,, ,, – 'कम्पनी' । = निश्चित सङ्ख्यामा रहने सैनिकहरूको एक किसिमको सङ्गठन ।
१५ ,, ,, – 'सुबेदार' । = 'कम्पनी' को नेतृत्व गर्ने सैनिक अफिसर । पहिले-पहिले जिल्लाका प्रशासकहरूलाई पनि 'सुबेदार' भन्ने प्रचलन रहेको थियो ।



http://dibyaupadesh.wordpress.com

***... हाल्नु, सातपगरिले स्वक्ष हुदा[1] हाल्दा आफुसित मर्न मार्न्य जाची १६ हुदा हाल्नु, १६ हुदाले पनि आफुसित मर्नै मार्न्य जाची सिपाही हालि आफ्ना आफ्ना पट्टि[2] भर्ना गर्नु, पट्टी पट्टिमा सिपाहि पनि षस् मगर गुरुं ठकुरि इनै चार जात मात्रै षिचोला[3] गरि हाल्नु र तर्वार पर्दा साक्षो[4] हुन्छ ।***

***लुहा[5] च्यापन्या[6] पनि इनै चार जात[7] मात्रै हुन् र तरवार पर्दा साक्षो हुन्छ र बैरि[8] त क्या इन्द्र[9]को आसन् पनि डगाईछ[10], हजारौं धनु[11], हजारौं पथर्कला[12], हजारौं षुडा[13], हजारौं तोप[14] भया इन्द्रको आसन पनि डगाईछ***

हाल्नु । 'सातपगरी' हरूले (पनि आफू अन्तर्गत रहने) १६ 'हुद्दा'(हरू) भर्ना गर्दा आफूसित मर्न (तथा विपक्षीहरूलाई) मार्न(को निमित्त पनि तैयार हुने वा नहुने राम्रोसँग) जाँची (योग्य देखिएमा मात्र) १६ हुद्दा(हरूमा) भर्ना गर्नू । (यसै गरी) १६ हुद्दाहरूले पनि आफूसित मर्न वा विपक्षीहरूलाई मार्न(को निमित्त तैयार हुने वा नहुने राम्रोसँग) जाँची सिपाही(हरूमा) भर्ना गरेर आ-आफ्ना 'पट्टि' (हरू) भर्ना गर्नू । पट्टि-पट्टिमा सिपाही (हरू भर्ना गर्दा पनि खस, मगर, गुरुङ (तथा) ठकुरी यिनै चार (थरी) जातलाई मात्र छ्यासमिस गरी भर्ना गर्ने गर्नू । (यसो गरेमा) विपक्षीहरूसँग तरवार(को काम आइ)पर्दा आफ्नो बल दह्रिलो हुने हुन्छ । हातहतियारहरू भिर्ने पनि यथार्थमा माथि उल्लेख भएका) यिनै चार जात(हरू) मात्र हुन् । (यिनीहरूलाई सशक्त तुल्याएमा मात्र) तरवार(को काम आइ)पर्दा आफ्नो बल दह्रिलो हुने हुन्छ र (यसो गरेमा) बैरी(हरूको) त के (कुरा ? स्वयं देवराज) इन्द्रको आसन(लाई) पनि (सजिलैसँग) डगाउन सकिन्छ । हजारौं धनु, हजारौं बन्दुक, हजारौं खुँडा (र) हजारौं तोप(हरू जम्मा गर्न) सकिएमा इन्द्रको आसन(लाई) पनि डगाउन सकिन्छ

1 शुद्ध रूप – 'हुद्दा' । = सैनिक 'कम्पनी' को एउटा एकाइको प्रमुख ।
2 ,, ,, – 'पट्टि' । = सैनिक सङ्गठनभित्रको एउटा एकाई ।
3 ,, ,, – 'खिचोला' । = छ्यासमिस ।
4 ,, ,, – 'साक्षो' । = कठोर अर्थात् बलियो ।
5 ,, ,, – 'लोहा' । = 'लौह' अर्थात् फलाम । यहाँ फलामले बनेका हातहतियारहरूको अर्थमा 'लोहा' शब्दको प्रयोग भएको छ ।
6 ,, ,, – 'च्याप्ने' । = बहुधाउने अर्थात् समाल्ने ।
7 ,, ,, – 'चार जात' । = खस, मगर, गुरुङ तथा ठकुरी ।
8 ,, ,, – 'बैरी' । = शत्रु ।
9 ,, ,, – 'इन्द्र' । = देवराज अर्थात् देवताहरूका राजा ।
10 ,, ,, – 'डगाइन्छ' । = हल्लाइन्छ ।
11 ,, ,, – 'धनु' । = धनुष अर्थात् वाणहरू प्रहार गर्ने काठ वा बाँसले एक प्रकारको साधन ।
12 ,, ,, – 'पत्थरकला' । = चकमक तथा पत्थरबाट तर्काने आगो निकाली बारुदमा फोसेर पड्काइने पुरानो खालको एक किसिमको बन्दूक ।
13 ,, ,, – 'खुँडा' । अर्ध-चन्द्रमाजस्तो आकार भएको टुप्पामा अगाडितर्फ केही झुकेको एक किसिमको खड्ग ।
14 'तोप' = गोला हान्ने ठूलो नाल भएको एक प्रकारको बन्दूक ।



http://dibyaupadesh.wordpress.com

*लडाजीमा पनि हान्न्या[1] र सथ दिन्या[2] ई दुवै बरोबर हुन्. जागिर दिदा वितलप्[3] दिदा दुवैलाई बरोबर दिनु. मऱ्यो भन्या उस्का छोरा षुडा हान्न्या नहुन्ज्याल् मरवट्[4] दिनु. षुडा हान्न्या भयापछि जागिरमा उकालिदिनु[5] र राजाले विवेक राषीदिया देसदेस[6]का सिपाहि पनि आसा राषी आउन्छन् र यस्वभया तरवारिया[7] सिपाहि हात लाग्छन्[8].*

*राजाका सार[9] भन्याको सिपाहि र रैति[10]हरू हुन्. राजा चतुर[11] भया सिपाहि र रैति हात हात गरि राष्नु र हुल्कुल्[12] हुन पांउदैन. सिपाहि भन्याको तिषारि राषनु[13]. तिषारिराष्याका सिपाहि कसैका मलाजामा[14] पर्स्तैनन् र आफ्नु काज[15] फत्य[16] हुन्छ.*

-----------

लडाई(का कामहरू)मा पनि (हतियारहरूले) प्रहार गर्ने तथा साथ दिने यी दुवै (थरी) बराबर (नै) हुन् । जागीर दिंदा (तथा) वितलप दिंदा (पनि यी) दुवै (थरी)लाई बराबरी (गरी) दिनू । (कदाचित् उ लडाईमा) मऱ्यो भने उसको छोरो (समर्थ भएर) खुंडा हान्न (समर्थ) नभएसम्म (उसको परिवारलाई) 'मरवट' दिनू । खुंडा हान्न (सक्ने) भएपछि (भने उसलाई) जागीरमा उकालिदिनू । (यसरी) राजाले (आफ्ना सैनिकहरूमाथि) विवेक राखिदिएमा देश-विदेशका सिपाही(हरू) पनि (नोकरीको) आशा राखी (यहाँ) आउनेछन् र यसो भएमा तरवारिया सिपाही(हरूलाई आफ्नो) हातमा पार्न सकिनेछ ।

राजाका सार भनेका सिपाही तथा रैतीहरू (नै) हुन् । राजाहरू चतुर भएमा सिपाही तथा रैतीहरूलाई (पनि) हात लिइराख्नू । (यसो भएमा देशमा) हूलकुल हुन पाउँदैन । (आफ्ना भएका) सिपाहीहरूलाई (सँधै नै) तिखारिराख्नू । तिखारिराखेका सिपाहीहरू कसैको मुसाहिजामा पर्दैनन् र आफ्नो काम (पनि) फत्य हुन्छ ।

-----------

१ शुद्ध रूप – 'हान्ने' । प्रहार गर्ने ।
२ „ „ – 'सथ दिने' । = साथ दिने ।
३ „ „ – 'वितलप' । = कुनै किसिमको तिरो बुझाउनु नपर्ने एक किसिमको बिर्ता जग्गा ।
४ „ „ – 'मरवट' । = देशको भलाइको निमित्त जीवन उत्सर्ग गर्ने व्यक्तिका सन्तानहरूलाई सरकारको तर्फबाट जीविकाको निमित्त दिइने एक किसिमको बिर्ता जग्गा ।
५ „ „ – 'उकालिदिनु' । = माथिल्लो तहमा पुऱ्याइदिनु । यहाँ भने 'भर्ना गरिदिनु' भन्ने अर्थमा प्रयोग भएको छ ।
६ „ „ – 'देश-देशका' । = विभिन्न देशका ।
७ तरवारिया = तरवार चलाउनमा सिपालु ।
८ 'हात लाग्नु' = प्राप्त हुनु ।
९ 'सार' = मूलतत्व ।
१० शुद्ध रूप – 'रैती' । = प्रजा अर्थात् सर्वसाधारण जनता ।
११ „ „ – 'चतुर' । = बाठो वा होसियार ।
१२ „ „ – 'हुल-कुल' । = हुल-हुज्जत वा विद्रोह ।
१३ „ „ – 'तिखारी राख्नु' । = प्रयोग गर्नको निमित्त तैयार अर्थात् सन्नद्ध पारेर राख्नु ।
१४ „ „ – 'मुलाहिजा' । = खुर-खुसामद ।
१५ „ „ – 'कार्य' । = काम ।
१६ „ „ – 'फत्य' । = सफल ।



http://dibyaupadesh.wordpress.com

*गुरुं मगर पान्ज्यादा[1] भैयाद[2] भारदार मिर उमराउ[3] थरघर[4] पुराना पुराना जाची घुंडा[5] गौंडा[6] मा राष्नु. पुरुव पछिम्का षस बाहुन्[7] लाई दरबारमा पैठ्[8] हुन नदिनु. क्यान भनौला बाहिडा[9] मान्छयाले दरबारमा विथिति[10] गराउछन्.*

*राजाको हुकुम जफत[11] गरि राषनु. मैले तिं थुम्[12]का बजाहा उमराउ[13]लाई ईन्द्रबज्र[14]तुल्याई राष्याष्या. नगरा[15] निसान[16] पनि दिई राष्याष्यां. बाह्रबिसको गांठो[17] बाधी दियाको थीयो र सल्यान्[18] लिग्लीग्[19] धादि[20]का मुहुडा[21]मा जाहाजहा काज पर्थ्यो फत्य गर्थ्या र यो अैस्वर्ज[22] गर्‍याको हो.*

---

गुरुङ, मगर, खानज्यादा, भैयाद, भारदार, मिर-उमराव (तथा) थरघरहरू पुराना-पुराना जाँची घुंडा (तथा) गौंडा(हरू)मा (पनि) राख्ने गर्नू । पूर्व (तथा) पश्चिमका खस (एवं) बाहुनहरूलाई दरबारमा पैठ हुन नदिनू । किन ? (भनी) भनौला । बाहिरका मन्छे(हरू)ले दरबारमा बेथिति गराउँछन् ।

राजाको हुकुम(लाई) जफत् गरी (आफ्नै अधीनमा राखि)राख्नू । मैले तीन थुमका बराह उमराव(हरू)लाई (देवराज) इन्द्र(को) वज्र(जस्तै बलियो) तुल्याएर राखिरहेको थिएँ । (तिनीहरूलाई छुट्टै) नगरा तथा निशान(हरू) पनि दिइराखेको थिएँ । (यस्तै तिनीहरूलाई) बाह्र-बीसका गाँठा(हरू पनि) बाँधिदिइको थिएँ । (यसैले) जहाँ(-जहाँ तिनीहरूको) काम पर्दथ्यो (त्यहाँ-त्यहाँ तिनीहरूले त्यस कामलाई) फत्य नै पारिदिन्थे र (यसबाट नै मैले अहिले) यस ऐश्वर्य(लाई उपभोग) गरिरहेको हूँ ।

---

१ शुद्ध रूप – 'खानज्यादा' । = राजपरिवारका व्यक्ति । २ भैयाद = भाइ-बन्धुहरू ।
३ ,, ,, – 'मीर-उमराव' । = प्रमुख उमराव ।
४ 'थर-घर' को निमित्त हेर्नुहोस् – तल परिशिष्टमा (८) ।
५ 'घुंडा' = आफ्नो घुडाको नजिक अर्थात् राजधानीमा ।
६ शुद्ध रूप – 'गौंडा' । = अन्त कतैबाट जाने ठाउँ नभई त्यहीँबाट मात्र आवत-जावत गर्नुपर्ने ठाउँ ।
७ ,, ,, – 'खश-बाहुन' । = खश तथा ब्राह्मणहरू । हेर्नुहोस्– परिशिष्टमा (४५) पनि ।
८ ,, ,, – 'पैठ' । = प्रवेश । ९ ,, ,, – 'बाहिरिया' । = आफ्नो देशभन्दा बाहिरका ।
१० ,, ,, – 'बेथिति' । = दुर्व्यवस्था । ११ ,, ,, – 'जफत्' । = बलपूर्वक कब्जा ।
१२ ,, ,, – 'थुम' । = पहाडी क्षेत्रको सानो इलाका वा बस्ती ।
१३ ,, ,, – 'बराह-उमराव' । हेर्नुहोस् तल परिशिष्टमा (३३) ।
१४ ,, ,, – 'इन्द्र-वज्र' । = इन्द्रको वज्रजस्तो बलियो ।
१५ ,, ,, – 'नगरा' = ढोलक वा दमाहाजस्तो एक किसिमको बजाउने बाजा ।
१६ ,, ,, – 'निशान' । = फौजी झण्डा ।
१७ ,, ,, – 'बाह्र-बीसको गाँठो' । = बाह्रवटा बीस रुपियाँको गाँठो अर्थात् वार्षिक २४० रुपियाँ तलब ।
१८ ,, ,, – 'सल्यान' । = गोरखा राज्यको राजधानीबाट पैदल बाटामा १८ किलोमिटर जति पूर्वमा रहेको बस्ती ।
१९ ,, ,, – 'लिगलिग्' । = गोरखा राज्यको पश्चिमी सिमाना चेपे नदीको किनारमा रहेको एउटा बस्ती ।
२० ,, ,, – 'धादिङ' । = गोरखा राज्यको दक्षिणपूर्वी भागमा रहेको एउटा प्रसिद्ध बस्ती ।
२१ ,, ,, – 'मोहोडा' । = मुखको अगाडिको भाग ।
२२ ,, ,, – 'ऐश्वर्य' । = अकल्पित श्रीसम्पत्ति ।



http://dibyaupadesh.wordpress.com

*आफ्ना घर[1]का पुराना सेवक जाची हजूर[2]मा हरोदम्[3] राषी दरोबस्त[4] बाधि घर बलियो राषनु. यस्व भया दरबार बलियो रहन्छ. राजाको चतुराई भया सिपाही रैति हात गरि राखनु[5]. कसैका मलाजा[6] पछि गुण[7] पछी लाग्नु नदिनु. नुन्[8] पछि लाउनु.*

*उप्रान्त ॥ टकसार[9] पनि चोषो चलाउनु[10]. अदालथ[11] मा पनि ठकुरि[12] जाचि डिष्ठा[13] राष्नु. मगर जाचि बिचारि[14] थाप्नु[15]. कचहरि[16] पिछे यकयक् पण्डित राषी निआसास्त्र[17] बमोजिम् अदालथ चलाउनु. अदालथका पैसा दरबारभित्र नहाल्नु[18].*

---

आफ्ना घरका पुराना सेवक(हरू)लाई (जाँची) (उनीहरूलाई आफ्ना) हजूरमा हरदम राखी बन्दोबस्त(हरू) बाँधी (आफ्नो) देशलाई (सदैव) बलियो राख्नु । यसो भए(मा मात्र) दरबार बलियो रहन्छ । राजाहरूमा चतुर्‍याइँ भए (आफ्ना) सिपाही तथा रैतीलाई (पनि सधैं नै) आफ्नो हातमा (लिई) राख्नु । कसैको मुलाहिजाको पछि र गुनको पछि (पनि) लाग्न नदिनु । नुनको पछि (मात्र) लगाउनु ।

उप्रान्त, टकसार(लाई) चोखो चलाउनु । अदालतमा (कर्मचारीहरू भर्ना गर्दा) पनि 'ठकुरी'(हरूमध्येबाट) जाँची 'डिठ्ठा' (को पदमा) राख्नु । (यसै गरी) मगर(हरू मध्येबाट) जाँची 'बिचारी'(को पदमा) थापना गर्नु । कचहरी(हरू) पिच्छे एक-एक (जना) पण्डित राखी न्यायशास्त्र बमोजिम अदालत चलाउनु । अदालतका पैसा(हरू) दरबारभित्र नहल्नु ।

---

१. शुद्ध रूप – 'घर' । = देश वा राज्य ।
२. „ „ – 'हजूरमा' । = सामीप्यमा ।
३. „ „ – 'हरदम' । = हरहमेसा ।
४. „ „ – 'बन्दोबस्त' । = बन्दोबस्त वा व्यवस्था ।
५. „ „ – 'हात गरि राख्नु' । = हातमा लिई राख्नु ।
६. „ „ – 'मुलाहिजा' । = खुशामद ।
७. „ „ – 'गुन' । = अरूले गरेको उपकार ।
८. „ „ – 'नुन' । = नुन परेको खानपानी ।
९. „ „ – 'टकसार' । = टक ढाल्ने ठाउँ ।
१० हेर्नुहोस् – परिशिष्टमा (६२) ।
११ शुद्ध रूप – 'अदालत' । = मुद्दा-मामिलाहरू हेर्ने तथा न्याय-इन्साफहरू गर्ने सरकारी कार्यालय ।
१२ „ „ – 'ठकुरी' । = क्षत्रियहरूमध्ये उच्च वर्गको मानिने एक थरी जाति ।
१३ „ „ – 'डिठ्ठा' । = मुद्दा-मामिलाहरू हेर्ने अधिकारी ।
१४ „ „ – 'बिचारी' । = अदालतमा मुद्दामामिलाको छानबिन गर्ने कर्मचारी ।
१५ हेर्नु – परिशिष्टमा (६३)
१६ „ „ – 'कचहरी' । = न्याय-इन्साफ सम्पादन गर्ने सभा ।
१७ „ „ – 'न्यायशास्त्र' । = न्याय-इन्साफ गर्ने नीतिशास्त्र ।
१८ नहाल्नु = नहल्नु अर्थात् नछिराउनु ।



http://dibyaupadesh.wordpress.com

...फकीर[1] फकिडा[2] अतित[3] जोगि[4] सन्न्यासि[5] ब्राहमणहरू इनैलाई दक्षिणा[6] भोजन[7] चलाईदिनु[8]. उप्रेका[9] पैसा दक्षिणा चलाई धोती रुमाल चलाइदिनु. यस्व भया असत्य[10]को दोस्[11] लाग्दैन.

खानी[12] भयाका ठाउमा गाउ[13] भया पनि गाउ अरु जग्गामा सारिकन पनि खानि चलाउनु. गन्हो[14] बन्या जग्गामा घर भया पनि घर अरु जग्गामा सारि कुलो काटि[15] षेत[16] बनाई आवाद गर्नु

उप्रान्त॥ कोही बेलामा हात दिना[17]मा पस्या र मलाई झिकाया[18] र पछाडि दगा दिया र महादुष[19] गरि पछाडि सुद्ध[20] गरि नेपाललाई मुर्चा[21] लाजाष्यां.

---

(वरु) फकिर, फकिडा, अतिथि, जोगी, सन्न्यासी (तथा) ब्राह्मणहरूलाई दक्षिणा (एवं) भोजन(हरूको निमित्त) प्रयोग गरिदिनू। उब्रिएको पैसा (पनि) दक्षिणा(को निमित्त) चलाई धोती (एवं) रुमाल(को निमित्त) चलाइदिनू। यसो भए(मा) असत्यको दोष लाग्ने छैन।

खानि भएको ठाउँमा गाउँ (बसिरहेको) भए (त्यस गाउँ)लाई अरु ठाउँमा सारेर (भए पनि त्यहाँ रहेको) खानि(लाई) चलाउनू। (यस्तै) खेत बन्न सक्ने जग्गामा घर(हरू बसिरहेका) भए (ती) घर(हरू)लाई अन्यत्र (उपयुक्त ठाउँमा) सारी कुलो काटेर खेत बनाई आवाद गर्ने गर्नू।

उप्रान्त (पहिले) कुनै बेलामा (भक्तपुर राज्यका राजा रणजित मल्लले) हात दिनमा पसी मलाई (आफ्नो देशमा) झिकाएका र पछाडि (भने) दगा दिएका थिए। (यस अवस्थामा) ठूलो दुःख गरी (मैले) पछाडि(तर्फ) शुद्ध गराएर (मात्र) नेपालमाथि (चारैतर्फबाट) मोर्चा लगाइदिएको थिएँ।

---

१ शुद्ध रूप – 'फकीर'। = घरगृहस्थी त्यागेका निर्धन व्यक्ति।
२ ,, ,, – 'फकिडा'। = भीखमङ्गा गरीब व्यक्ति।
३ ,, ,, – 'अतिथि'। = अभ्यागत अर्थात् पाहुना।
४ ,, ,, – 'जोगी'। = योगी अर्थात् योग साधनामा लागेका व्यक्ति।
५ ,, ,, – 'सन्न्यासी'। = सांसारिक प्रपञ्चहरूदेखि विरक्त भएर घरगृहस्थी त्यागेका व्यक्ति।
६ ,, ,, – 'दक्षिणा'। = ब्राह्मण वा साधु-सन्तहरूलाई दिइने भेटी।
७ ,, ,, – 'भोजन'। = खाने कुरा। ८ 'चलाइदिनू' = खर्च गरिदिनू।
९ शुद्ध रूप – 'उब्रिएका'। = खर्च गरेर बाँकी रहेका। १० 'असत्य' = झुट्टा।
११ दोष = दाग वा खोट।
१२ शुद्ध रूप – 'खानि'। = भूगर्भमा रहेका प्राकृतिक पदार्थहरूको भण्डार।
१३ ,, ,, – 'गाउँ'। = मानिसहरूको खासो बस्ती। १४ ,, ,, – 'गन्हो'। = धान रोप्ने खेतको गरो।
१५ ,, ,, – 'कुलो काटी'। = कुलो खनी अर्थात् कुलो बनाई।
१६ ,, ,, – 'खेत'। = संस्कृत भाषाको 'क्षेत्र' शब्द अपभ्रंश भएर 'खेत' बनेको पाइन्छ।
१७ ,, ,, – 'हात दिनमा'। = स्वागत गर्नको निमित्त हात अगाडि बढाउनमा।
१८ ,, ,, – 'झिकाए'। = बोलाए। १९ ,, ,, – 'महादुःख'। = अत्यन्त परिश्रम।
२० ,, ,, – 'शुद्ध'। = निरापद।
२१ ,, ,, – 'मोर्चा'। = सैनिक सङ्घर्षको निमित्त बनाइने ठूलो आड।



http://dibyaupadesh.wordpress.com

*जयप्रकास मल्लका मतलप्[1] लाई दषिन[2] बाट नागा[3] झिकाया र नेपालभित्र पस्न नदि सातगाउ[4] भित्रैमा भिजाजाँ[5].*

*कास्मेरिषान्[6] नवाफ् मकवानपुरमा चढ्यो र छअविस्[7] षोडा[8] ले काटि[9] घर्काई[10] सिवाना कटाई आजां. तिन् चार पल्टन् लिएर सिद्धुलि गढि[11] मा हांडीसाहेब[12] चढ्यो र वाहीं पनि काटि पथर्कला[13] च्याति[14] ल्याजा र लषनौ[15] बाट तिन मुसल्मा[16] मेरो चाकरिलाई नुवाकोटमा पिछा परि आयाका थिया. ...*

(राजा) जयप्रकाश मल्ल(ले उन)को आफ्नो मतलबको निमित्त दक्षिण(तिर)बाट 'नागा' (सैनिक हरूलाई) झिकाए(का थिए) । मैले ती (सबै) नागा सैनिकहरूलाई नेपालभित्र पस्न नै नदिई सात-गाउँभित्र नै (रगतले) भिजाइदिएको थिएं ।

(यसै गरी) 'कासिम-अलि खान' (नाम भएको एक जना) नवाफ (पनि) मकवानपुर(को गढी)मा चढ्यो र एकसय-बीस जना खुँडाधारी सैनिकहरूलाई (पठाएर) (त्यसलाई) काटी (त्यसका सैनिकहरूलाई त्यहाँबाट) धर्काई (आफ्नो देशको) सिमाना(भन्दा पारिपट्टि) कटाएर आएको थिएं । (यस घटनाको केही वर्षपछि) तीन-चार पल्टन(हरू) लिई सिन्धुली-गढीमा 'हार्डिङ' (नाम भएको अर्को एक जना अङ्ग्रेज) साहेब पनि चढ्यो र त्यहाँ पनि (उसका सैनिकहरूलाई) काटी (उसका) पत्थरकला(हरू)लाई (त्यहाँबाट) खोसेर ल्याएको थिएं । (त्यति नै बेला) लखनऊबाट तीन (जना) मुसलमान (कालिगढहरू) मेरो चाकडीको निमित्त नुवाकोटमा पिछा पर्न आएका थिए ।

१. शुद्ध रूप – 'मतलब' । = स्वार्थ ।
२. „ „ – 'दक्षिण' । = दक्षिणतर्फ रहेको देश अर्थात् भारत ।
३. नागा' = घरानी घर्मेर सधैं नै निर्वस्त्र रहने हतियारधारी एक थरी सन्न्यासी जाति ।
४. शुद्ध रूप – 'सात गाउँ' । = सङ्गपु, पनौती, चौकोट आदि बनेपाका आसपासमा रहेका सात गाउँहरू ।
५. „ „ – 'भिजाएँ' । = पानी रगत आदि तरल पदार्थहरूले भिजा पारें अर्थात् मारें ।
६. „ „ – 'कासीम अलि खाँ' । = बङ्गालका नवाफ मीर कासिम । हेर्नुहोस् – तल परिशिष्टमा (६७) मा पनि ।
७. „ „ – 'छ-बीस' । = 'छ-बीसा' अर्थात् १२० वटा ।
८. „ „ – 'खुँडा' । हेर्नुहोस् – माथि पृ. ४० को टिप्पणी ।
९. „ „ – 'काटी' । = टुका-टुका पारी अर्थात् छिन्नभिन्न पारी ।
१०. „ „ – 'धर्काई' । धपाई ।
११. „ „ – 'सिन्धुली गढी' । = जनकपुरबाट पश्चिमोत्तरमा रहेको एउटा प्रसिद्ध गढी ।
१२. „ „ – 'हार्डिङ साहेब' । = मेजर किन्लाकका साथमा नेपालमा आक्रमण गर्ने भनी आएका एक जना निजामति अफिसर । हेर्नुहोस् – परिशिष्टमा (६८) पनि
१३. „ „ – चकमक तथा पत्थरबाट आगो पारी मुंढोमा सल्काएर त्यसै मुंढोको सहयोगले चलाइने एक किसिमको बन्दुक ।
१४. „ „ – 'च्याती' । = खोसी ।
१५. „ „ – 'लखनऊ' । = उत्तरी भारतको एउटा प्रसिद्ध शहर ।
१६. „ „ – 'मुसलमान' । = इस्लाम धर्मका अनुयायी ।



http://dibyaupadesh.wordpress.com

*... ईनै बन्दुकको तुल कलायेत[1] तिनै मुसरमानले जान्याको रहेछ र सेष जरवर ममतकि भेषार्सि तिनै जनालाई अजिटनी[2] दियां र तिलंगा[3] सघायाको हो.*

*नेपालको किताप[4] हेर्दा तुर्काना[5] मंगरात्[6] मुग्लाना[7] हुन्या रहेछ र तुरकाना अघि भैगयेछ[8]. मगरात्को राजा मै हुं. मुग्लानाको दोस्[9] मेट्नालाई आधा थुम मेटि[10] कंपनी जमायाको[11] हो. आधा खुडा[12] आधा पथरकला[13] बनायाको हो.*

---

(कासिम-अलि खाँ तथा अङ्ग्रेजहरूसंगबाट खोसेर ल्याइएका) यिनै बन्दूक(हरू)को तुल-कलायत(को काम) तिनै मुसलमानहरूले जानेका रहेछन् र 'शेख-जोरावर', 'ममतकि' र 'भेखार्सिङ्' (नाम भएका) यी तीनै जना (मुसलमान)लाई (मैले पल्टनमा) अजिटनी दिएर राखेको थिएँ र (यिनीहरूकै सहयोगबाट आफ्नो देशमा) तिलङ्गा (सैनिकहरूलाई) सघाएको हूँ। नेपालको किताप(लाई) हेर्दा (यो देश) तुर्काना, मगरांत तथा मुगलाना (पनि) हुनेछ (भन्ने लेखिएको रहेछ। यसमध्ये) तुर्काना अगाडि (नै) भैसके(को रहेछ। (मगरांत हुनेछ भन्ने भनाइको सम्बन्धमा) मगरांतको राजा (भनेको) म (नै) हूँ। (यसैले यो दोष पनि अहिलेसम्ममा मेटिइसकियो)। (एक पटक) मुगलान (बन्दछ भन्ने भनाइ)को दोष मेट्नलाई (मैले आफ्नो राज्यमा भएका थुमहरूमध्ये) आधा थुम(हरूलाई) मासेर (भए पनि मुगलानामा जस्तै यहाँ पनि सेनाका) कम्पनीहरू जमाएको हूँ। (यसै अनुसार) आधा खुँडा(हरू बोक्ने) र आधा पत्थरकला(हरू बोक्ने सैनिकहरू) बनाएको हूँ।

---

१ ,, ,, – 'तुल-कलायत' । = सञ्चालन कौशल । तल परिशिष्टमा (६९) पनि हेर्नुहोस् ।

२ ,, ,, – 'अजिटन' । = सेनामा सहायक स्तरको अफिसर ।

३ ,, ,, – 'तिलङ्गा' । = बन्दूकधारी सैनिक । हेर्नुहोस् – परिशिष्टमा (७) पनि ।

४ शुद्ध रूप – 'नेपालको किताब' । = नेपालका वंशावलीहरू ।

५ ,, ,, – 'तुर्काना' । = तुर्कहरूको अधिकारक्षेत्रमा भएको भूभाग । तल परिशिष्टमा (६६) पनि हेर्नुहोस् ।

६ ,, ,, – 'मगरांत' । = मगरहरू आबाद रहेको क्षेत्र । हेर्नुहोस् – तल परिशिष्टमा (६७) पनि ।

७ ,, ,, – 'मुगलाना' । = मुगलहरूको प्रशासन रहेको क्षेत्र ।

८ ,, ,, – 'तुरकाना अघि भैगएछ' । हेर्नुहोस् – परिशिष्टमा (७४) पनि ।

९ ,, ,, – 'दोष' । = दाग वा खोट ।

१० ,, ,, – 'मेट्नु' । = मास्नु वा खर्च गर्नु ।

११ जमाउनु = गठन गर्नु अर्थात् बनाउनु ।

१२ शुद्ध रूप – 'खुँडा' । = एक प्रकारको तरवार ।

१३ ,, ,, – 'पत्थरकला' । हेर्नुहोस् – पृ ३८ को टिप्पणी ।



http://dibyaupadesh.wordpress.com

*... सयें नाल[१] का कम्पनी[२] ले छरितो हुन्छ र यस्व भया सये नालका कंपनिले हजार जवान्‌लाई भ्याउछ[३]. किल्ला किल्लापिछे यक् यक् कम्पनी राषी गर्षा[४] बाढिदिनु र जगेरा बाँधी[५] भरि राष्नु[६].*

*उप्रान्त ॥ मलाई यवटा[७] कुराको संध्यह[८] लागिरहेछ. कुन् कुरो भन्या मुग्‌लाना[९] नजिकै रहेछ. तेस् जग्गामा छोकड़ा[१०] पत्रीया[११] रहयाछन्. चित्रकार भऱ्याको[१२] कोठामा ढोलक्[१३] सितार[१४] राग[१५] तान्[१६] मा भुल्नन्.*

---

(एक) सय नालको (एक) कम्पनी(को हिसाब)ले (सैनिकहरूको सङ्गठन गर्दा यस्तो कम्पनी) छरितो हुने रहेछ र यसो भएमा (एक) सय नालको कम्पनीले (एक हजार जवानसम्म)लाई (पनि सजिलै) भ्याउने रहेछ । किल्ला-किल्ला(हरू) पिच्छे एक-एक कम्पनी (सैनिकहरू) राखी (उनीहरूको खानीको निमित्त) 'गर्खा'(हरू) बाँढिदिनू र जगेडामा (रहेका सैनिकहरूको लगत) बाँधी (जीविका चलाउनको निमित्त उनीहरूलाई आवश्यक खर्चहरू नियमित रूपमा) भरिराख्ने गर्नू ।

उप्रान्त मलाई एउटा (गम्भीर) कुराको सन्देह लागिरहेको छ । कुन कुरा भने – (नेपालबाट) मुगलाना नजिकैमा रहेछ । त्यस ठाउँमा छोकडा तथा पत्रिया(हरू पनि धेरै हुँदा) रहेछन् । (हाम्रा नवयुवाहरू त्यस्ता ठाउँहरूमा पुगी) चित्रकारी गरिएका कोठा(हरू)मा (पुगेर) ढोलक एवं सितारका राग (तथा) तान(हरू)मा भुल्लान् (कि भन्ने मलाई अहिले ठूलो चिन्ता लागिरहेको छ) ।

---

१ ,, ,, – 'सय' वा 'सय' ।

२ 'नाल' = बन्दूकको नाल वा बन्दूक बोक्ने सिपाही ।

३ ,, ,, – 'कम्पनी' । हेर्नुहोस् – माथि पृ. ..को टिप्पणी । ४ ,, ,, – 'भ्याउँछ' । = पर्याप्त हुन्छ ।

५ ,, ,, – 'गर्खा' । = गाउँहरूको समूह । 'गर्खा बाँढिदिनू' को निमित्त हेर्नुहोस् – परिशिष्टमा (७३) ।

६ ,, ,, – 'जगेडा बाँधी' । = जगेडा देखाएर सैनिकहरूको हरहिसाब राखी ।

७ ,, ,, – 'भरी राख्नु' । = समुचित अन्नपात वा खर्चवर्च दिँदै रहनु ।

८ शुद्ध रूप – 'एउटा' । ९ ,, ,, – 'सन्देह' । = हो कि होइन भन्ने दुविधा ।

१० ,, ,, – 'मुगलाना' । = मुगलहरूको देश अर्थात् भारत ।

११ ,, ,, – 'छोकडा' । = व्यभिचार कर्ममा संलग्न केटा ।

१२ ,, ,, – 'पत्रिया' । = पातर अर्थात् निर्लज्ज भएर फाल्ने स्त्री ।

१३ ,, ,, – 'चित्रकार भरिएको' । = चित्रकारीद्वारा भरिएको ।

१४ ,, ,, – 'ढोलक' । = 'ढोल' अर्थात् दुवैतिरबाट छालाले मोरिएको हातले बजाउने मादलजस्तो एक किसिमको बाजा ।

१५ ,, ,, – 'सितार' । = सातवटा तारहरूको झङ्कारबाट स्वरहरूको साधना गरिने सारङ्गीजस्तो एक किसिमको प्रसिद्ध बाजा ।

१६ 'राग' = गीतको मनमोहक धुन ।

१७ 'तान' = स्वर साधना गर्ने प्रसिद्ध तरिका ।



http://dibyaupadesh.wordpress.com

*राग तान्मा बडो ठुलो मोहो[1] हुन्छ र दवलथ[2] पनि षोलिन्छ. देसको भेद[3] पनि तिनेले लैजान्छन् र हरिप[4]ले दगा[5] गर्छ. रागको अभ्यास पनि कसैले नगर्नु, तिन जात[6]लाई पहाड आमफदरफ्[7] पनि कसैले नषोल्नु[8] अथवा फागुलाई यक् दुई गरी झिकि[9] चाडै विदा गराईदिनु र देसको भेद पनि पाउदैनन्.*

*आफ्ना स्वष सयेललाई ता सास्त्रबमोजिम्[10]को तिनै सहर नेपाल[11]को नेवार[12]हरूको नाच झिकाई हेऱ्या पनि हुन्छ. ईनमा ता दियाको पनि आफ्नै देसमा रहंछ. यस्व भया आफ्नु देस गमन[13] रहन्छ॥ ॥ ॥ ॥ ॥ ॥*

---

राग (तथा) तानहरूमा (मानिसको) ठूलो मोह (रहको) हुन्छ र (राग तथा तानका यस्ता जमघटहरूमा) दौलत(का थैलीहरू) पनि (प्रशस्त मात्रामा) खोलिने हुन्छ। (यसले गर्दा आफ्ना) देशका भेद(हरू) पनि तिनीहरूले (सजिलैसँग) लैजाने गर्दछन् र (आफ्नो देशमाथि) हरिपहरूले दगा गर्ने गर्दछ(न्)।

(यसैले) राग (तथा तान)को अभ्यास (देशमा) कसैले (पनि) नगर्नू। (छोकडा, पत्रिया तथा गायक यी) तीन (थरी) जातलाई (त) पहाड(तर्फ) आवतजावत (गर्ने बाटो) पनि कसैले नखोल्नू। अथवा (केहीगरी खोलिहाले पनि) फागु(को पर्वसम्म)लाई एक-दुई (जना) गरी झिकाएर (तिनीहरूलाई) चाँडै नै (यहाँबाट) विदा गराइदिनू। (यसो गरेमा उनीहरूले हाम्रो देशको भेद पनि पाउने छैनन्।

हाम्रो आफ्नो सोखसयललाई त (आफ्नै) शास्त्र(हरू) अनुसारका तीन-शहर नेपालका नेवारका नाच(हरूलाई) झिकाई हेरे पनि हुन्छ। यिनीहरूलाई त दिएको पनि आफ्नै देशमा (सुरक्षित) रहने हुन्छ। यसो भए(मा) आफ्नो देश (पनि) अगम्य रहने हुन्छ।

---

१. शुद्ध रूप – 'मोह'। आसक्ति।
२. „ „ – 'दौलत'। सम्पत्ति अर्थात् चल-अचल धन।
३. 'भेद', रहस्य अर्थात् भित्री कुरा।
४. शुद्ध रूप – 'हरीफ'। शत्रु वा विरोधी।
५. 'दगा', 'धोखा' अर्थात् विश्वासघात।
६. „ „ – 'तीन जातलाई'। = 'छोकडा', 'पत्रिया' तथा 'गायक' गरी तीन थरीलाई।
७. „ „ – 'आमफदरफ्'। = आवतजावत।
८. „ „ – 'नखोल्नु'। खुला नगर्नु।
९. „ „ – 'झिकी'। = झिकाई अर्थात् बोलाई।
१०. शुद्ध रूप – 'शास्त्रबमोजिमका'। = नाट्यशास्त्र बमोजिमका।
११. „ „ – 'तीन शहर नेपाल'। = नेपालभित्र रहेका तीन शहर अर्थात् अर्थात् काठमाडौं, भक्तपुर तथा ललितपुर गरी तीन शहरहरू।
१२. „ „ – 'नेवार'। = काठमाडौं उपत्यकाभित्रका स्थानीय निवासीहरू।
१३. „ „ – 'अगम'। = अगम्य अर्थात् भेद पाउन नसकिने।



http://dibyaupadesh.wordpress.com

## परिशिष्ट (क)

# (टिप्पणी तथा व्याख्याहरू)

१. – 'श्रीकालिका सहाय' यो वाक्य श्री ५ पृथ्वीनारायण शाहको राज्यकालदेखि श्री ५ राजेन्द्र वीरविक्रम शाहको राज्यकालसम्मका नेपालका प्रत्येक आधिकारिक लेखापढीको कागजका उठानमा लेखिने प्रचलन चलिआएको थियो । यसै प्रचलन अनुसार यहाँ पनि प्रस्तुत विषयवस्तुमा प्रवेश गर्नुभन्दा पहिले सर्वप्रथम यस वाक्यको उल्लेख गरिएको पाइन्छ । आफ्नो देशकी अधिष्ठात्री श्री गोरखकाली सधैं आफ्नो सहायक भएर रहिरहून् भन्ने कामना गर्दै यहाँ यस वाक्यको प्रयोग भएको पाइन्छ ।

२. – गोरखा राज्यका नागरिकहरू भगवती 'गोरक्षकाली' वा 'गोरखकाली' का जति उपासक रहँदै आएका थिए, आफ्ना देशका अधिष्ठाता गुरु 'गोरक्षनाथ' वा 'गोरखनाथ' प्रति पनि उनीहरू उतिकै अनुरक्त रहँदै आएका थिए । गुरु 'गोरक्षनाथ' वा 'गोरखनाथ' को नामबाट नै त्यस क्षेत्रको नाम 'गोरखा' रहन गएको पाइन्छ । नाथ-सम्प्रदायमा प्रचलित रहिआएको मान्यताअनुसार गुरु गोरक्षनाथ वा गोरखनाथ भगवान् शिवका नै अवतार रहेका थिए । यसैले – "मानवका रूपमा जन्म लिएका शिवस्वरूप गुरु गोरखनाथ पनि सधैं नै आफ्ना सहायक भएर रहिरहून्" भन्ने कामना गर्दै यहाँ – "शिव गोरक्ष सहाय" यस वाक्यको प्रयोग भएको पाइन्छ ।

३. – पुगनपुग ३ वर्षजति राज्य गरी वि.सं. १८३४ को मार्ग महिनामा श्री ५ प्रतापसिंह शाहको २६ वर्षको कलिलो उमेरमा नै देहान्त भएको थियो । यसपछि तिनलाई – 'स्वर्गवासी महाराज' र तिनका पिता श्री ५ पृथ्वीनारायण शाहलाई – 'बूढा महाराजाधिराज' वा 'बूढा महाराज' भन्न थालिएको थियो । 'बूढा महाराजाधिराज' वा 'बूढा महाराज' लाई नै पछि-पछि श्रद्धापूर्वक 'बडा-महाराजाधिराज' वा 'बडा-महाराज' भन्न थालिएको पाइएको छ ।

४. – प्राचीन समयमा नेपाल अधिराज्य विस्तृत भूभागहरूमा फैलिएर रहेको थियो । पछि भने यो राज्य खण्डित भएर मध्ययुगको अन्त्यसम्ममा यस अधिराज्यभित्र नै वर्तमान काठमाडौं उपत्यका तथा यसका आसपासका क्षेत्रहरूमा काठमाडौं, भक्तपुर र ललितपुर गरी तीनवटा अलग-अलग स्वतन्त्र राज्यहरू स्थापित हुन आइपुगेका थिए । यहाँ – 'तीन सहर नेपाल' भनेर यस क्षेत्रमा स्थापित भएका उपर्युक्त तीनवटै मल्ल-राज्यहरूको सामूहिक स्वरूपतर्फ सङ्केत गरिएको पाइन्छ ।

५. – छिमेकमा रहेका अन्य सबै हिन्दू राज्यहरूको करीब-करीब अन्त्य भई भारतमा विधर्मी मुगलहरूको साम्राज्य स्थापित भैसकेकोले 'विजयपुर' राज्यका सनातनधर्मावलम्बी सेन राजाहरूले गर्वका साथ 'हिन्दूपति' भन्ने उपाधिलाई धारण गर्न थालेका थिए । यसै उपाधिलाई पछि 'मकवानपुर' एवं 'चौदण्डी' राज्यका अन्य सेन-राजाहरूले पनि धारण गर्न थालिरहेको पाइन्छ । अहिलेको ओल्लो-किरांत तथा पल्लो-किरांतमा रहेका पहाडी भूभागहरूका साथसाथै नारायणी नदीदेखि कनकाई नदीसम्मका सम्पूर्ण तराईक्षेत्रहरू पनि तीनवटा स्वतन्त्र सेन-राज्यहरूका राज्यक्षेत्रहरूभित्र रहँदै आएका थिए । मकवानपुरको सेन-राज्य वि.सं. १८१९ मा, 'चौदण्डी' को



http://dibyaupadesh.wordpress.com

सेन-राज्य वि.सं. १८३० मा र 'विजपुर' को सेन-राज्य वि.सं. १८३१ मा नेपाल अधिराज्यमा समाहित हुन आइपुगेका थिए। 'हिन्दुपतिको राज्य' भनेर यहाँ उपर्युक्त तीनवटै सेन-राज्यहरूको सामूहिक स्वरूपतर्फ सङ्केत गरिएको पाइन्छ।

६.– वर्तमान काठमाडौं उपत्यका तथा यसका आसपासका क्षेत्रमा फैलिएर रहेका तीनवटै मल्ल राज्यहरूमा आफ्नो अधिकार स्थापित भैसकेपछि आफ्ना छोरा युवराज प्रतापसिंह शाहलाई आफ्ना प्रतिनिधिका रूपमा राजधानी काठमाडौंमा राखेर राजा श्री ५ पृथ्वीनारायण शाहले यसपछिका आफ्ना अधिकांश समयहरू नुवाकोटमा रहेको राजभवनमा नै बिताउँदै आइरहेका थिए। पश्चिमतर्फ रहेका आफ्ना विरोधी चौबीसे राज्यका राजाहरूका गतिविधिलाई निगरानि गर्दै रहनुपर्ने भएकोले थिनको निमित्त यतिबेला यसो गर्नु आवश्यक पनि हुन आएको थियो।

चौदण्डी तथा विजयपुरका सेन-राज्यहरूमा आफ्नो अधिकार पूर्णरूपमा स्थापित भैसकेपछि अब तत्काले पश्चिमतर्फ रहेका छिमेकी चौबीसे-राज्यहरूमाथि पनि ध्यान दिइहाल्नु अत्यावश्यक भैसकेकोछ भन्ने श्री ५ पृथ्वीनारायण शाहले अनुभव गरिरहेका थिए। यही उद्देश्य अनुसार वि.सं. १८३१ को मङ्सिर महिना लाग्दा वा नलाग्दा नै थिनी राजधानी काठमाडौं शहरबाट नुवाकोटमा रहेको आफ्नो राजभवनमा पुगिसकेका थिए। एक-आध महिना त त्यहाँ थिनको यत्तिकै बितेको थियो। केही दिनपछि थिनी त्यहीं नै बिरामी परेका थिए।

यसै अवस्थामा थिनले त्यहाँ त्यतिबेला आफ्नो नजिकमा रहेका गुरु, पुरोहित, दरा तथा अन्य भाइ-भारदारहरूका अगाडि आफ्नो जीवनकालमा घटेका मुख्य-मुख्य घटना, आफ्ना अनुभव तथा मनमा लागेका अन्य उल्लेख्य कुराहरू पनि प्रस्तुत उपदेशको रूपमा विस्तारपूर्वक सुनाएका थिए। सम्भवत: यसपछि त थिनको रोग झन्-झन् बढ्दै आएको थियो। सम्भव भएसम्मका यावत् किसिमका औषधी तथा उपचार पनि गरिए। तर रोग भने निको हुन सकेन। रोग असाध्य देखिएपछि थिनलाई नजिकैमा रहेको त्रिशूली नदीको देवीघाटमा लगिएको थियो। वि.सं. १८३१ को पौषशुक्ल-दशमी माघेसङ्क्रान्तिका दिन सूर्योदयकालमा त्यहीं नै थिनको देहान्त भएको पाइन्छ। यसैले थिनको यस पटकको नुवाकोटको यात्रा – 'पछिल्लो पटकको नुवाकोट यात्रा' हुन आएको हो।

७.– यति बेला नेपालमा तीनवटा 'नुवाकोट' हरू प्रसिद्ध रहेका थिए। 'नयाँ किल्ला' को अर्थ दिने नेवारी भाषाको 'नवू-कोट' वा नेपाली भाषाको 'नयाँ-कोट' शब्दबाट अपभ्रंश भएर नै 'नुवाकोट' शब्द बन्न आएको पाइन्छ। यहाँ उल्लेख भएको 'नुवाकोट' ओल्लो-नुवाकोट अर्थात् राजधानी काठमाडौंबाट उत्तरपश्चिमतर्फ ३७ किलोमिटर जति पैदल-मार्गको दूरीमा 'त्रिशूली' नदीको वायाँ किनारामा डाँडाको टिप्पामा रहेको प्रसिद्ध बस्ती हो। यतिबेला निर्माण भएको नुवाकोट-दरबार यहाँ अहिलेसम्म पनि रहि नै रहेको छ।

८.– गोरखा राज्यका संस्थापक 'राजा द्रव्य शाह' मानिएका छन्। वि.सं. १६१६ मा थिनले यस राज्यको स्थापना गराएका थिए। थिनलाई यो राज्य स्थापना गराउनमा सहयोग गर्ने त्यति बेला सक्रिय भएका नागरिकहरूमा 'गणेश पाँडे', 'नारायण अर्याल', 'सर्वेश्वर खनाल', 'भगीरथ पन्त', 'गङ्गाराम राना' तथा 'केशव बोहोरा' हरू मुख्य रहेका थिए। यसैले राजा द्रव्य शाहले पछि नारायण अर्याललाई आफ्ना 'गुरु', सर्वेश्वर खनाललाई 'पुरोहित', गणेश पाँडेलाई 'काजी' वा मन्त्री,



http://dibyaupadesh.wordpress.com

भगीरथ पन्तलाई 'सरदार' वा सेनापति, केशव बोहोरालाई जग्गाजमिनका व्यवस्थापक र गडुगाराम रानालाई न्याय विभागका प्रमुखका रूपमा नियुक्त गरिदिएका थिए।

भनिन्छ, राजा द्रव्य शाहले आफ्ना उपर्युक्त भारदारका सन्तानलाई गोरखा राज्यको भारदारी-सभाबाट कहिल्यै पनि नहटाउनू भनी आफ्ना उत्तराधिकारीलाई निर्देशन पनि दिएर गएका थिए। राजा 'राम शाह' को राज्यकाल पछि त ६ थरी थर भएका यिनै भारदारका सन्तानहरू 'छ-थरी' भनेर चिनिन थालेका थिए र बोलिचालिको भाषामा यिनीहरूको निमित्त 'थर-घर' भन्ने चलन प्रचलित हुनथालेको थियो। पछि-पछि भने उपर्युक्त ६ थरी थरहरूभन्दा बाहेकका अन्य थरका व्यक्तिहरूलाई पनि 'थर-घर' हरूमा समावेश गराइन थालिएको थियो। 'थर-घर' को प्रचलन नेपाल अधिराज्यमा एकीकरणको अभियान चालु रहेसम्म पछिसम्म पनि प्रचलित रहेको पाइन्छ।

९.– बूढा-पाका व्यक्तिहरूले आफूले जानेका वा सुनेका घतलाग्दा कुराहरू आफ्ना छोरा वा नातिहरूलाई सुनाएर गएका हुन्छन्। यसैले बूढा-पाका पुराना व्यक्तिहरू मरेपछि उनीहरूले जानेका वा सुनेका कुराहरू उनका नयाँ पुस्ताका व्यक्तिहरूमा स्वाभाविकरूपमा सर्ने गर्दछन्। अघिल्ला पुस्ताका व्यक्तिहरूले सुनाएर गएका कुराहरू उनीहरूले आफूभन्दा पछिका नयाँ पुस्ताका व्यक्तिहरूलाई सुनाउँछन् र यसबाट नै पुराना कुराहरू पुस्ता-दरपुस्तासम्म पनि क्रमिकरूपमा सर्दै जान्छन् भन्ने यस भनाइको अभिप्राय देखिन्छ।

१०.– श्री ५ पृथ्वीनारायण शाहका मुमाहरू यथार्थमा चारवटी रहेका थिए। तर यिनकी जेठी मुमा 'खाँची' राज्यकी राजकन्या 'चन्द्रप्रभावती' को गर्भबाट कुनै पनि सन्तान पैदा नभई तीनवटी मुमाहरूबाट मात्र सन्तान पैदा भएकाले यहाँ – "हाम्रा मुमाहरू तीन हुन्" भनी भनिएको पाइन्छ।

११.– श्री ५ पृथ्वीनारायण शाहका चार जना भाइहरू रहेका थिए। यसैले यिनी तथा यिनका भाइहरूलाई गोरखा राज्यमा स्नेहपूर्वक – "पाँच-पाण्डवहरूको अवतार" भन्ने चलन प्रचलित रहेको थियो। यसै अनुसार यहाँ स्वयं श्री ५ पृथ्वीनारायण शाहले पनि आफू तथा आफ्ना चार भाइहरूलाई 'पाँच-पाण्डवको अवतार' का रूपमा चित्रित गरेको पाइन्छ।

राजा 'नरभूपाल शाह' की चारवटी रानीहरूमध्ये 'पाल्पा' राज्यकी राजकन्या माहिली महारानी कौसल्यावतीको गर्भबाट जेठा छोरा युवराज श्री ५ पृथ्वीनारायण शाह तथा साहिँला छोरा राजकुमार दलमर्दन शाहको जन्म भएको थियो। 'पर्वत' राज्यकी राजकन्या साहिँली महारानी 'बुद्धिमती' को तर्फबाट यिनका कान्छा छोरा राजकुमार शूरप्रताप शाह पैदा भएका थिए। यस्तै 'तनहुँ' राज्यकी राजकन्या कान्छी महारानी 'सुभद्रावती' को गर्भबाट माहिला छोरा राजकुमार महोद्दामकीर्ति शाह तथा काहिँला छोरा राजकुमार दलजित शाहको पनि जन्म भएको पाइएका छ।

१२ – वर्तमान काठमाडौं उपत्यकाभन्दा दक्षिणतर्फ नारायणी तथा कमला नदीको बीचमा, भित्रीमधेस तथा तराईक्षेत्रहरूमा समेत फैलिएर रहेको सेन-राज्य यिनताक 'मकवानपुर' राज्यको नामले प्रसिद्ध रहेको थियो। यसै राज्यका प्रभावशाली राजा महाराज हेमकर्ण सेनकी छोरी राजकुमारी 'इन्द्रकुमारी' सँग वि.सं. १७९५ को आसपासतिर युवराज पृथ्वीनारायण शाहको पहिलो विवाह सुसम्पन्न भएको पाइन्छ।



http://dibyaupadesh.wordpress.com

१३.– संस्कृत भाषाको 'दुहितृ' शब्दबाट नेपाली भाषामा 'दुलही' तथा 'डोला' शब्द पनि बनेकोमा कुनै पनि सन्देह छैन । विवाहको निमित्त जग्गेमा उपस्थापित गराइने कन्यालाई 'दुलही' भन्ने चलन नेपाली समाजमा अझैसम्म पनि प्रचलनमा रहेको पाइन्छ। दुलही बनाउनको निमित्त खोजबीन गरी विवाह नभएसम्मको लागि आफन्तकहाँ ल्याएर सुरक्षितरूपमा राखिएकी कन्यालाई तिनताक 'डोला' भन्ने चलन प्रचलित रहेको थियो । यहाँ भने युवराज पृथ्वीनारायण शाहबाट विवाह भैसकेकी तर विधिपूर्वक द्विरागमन नगराइएकी आफ्नी विवाहिता युवराज्ञी इन्द्रकुमारीको निमित्त पनि 'डोला' शब्दको नै प्रयोग भएको पाइन्छ।

तिनताक कन्याहरूको सानै उमेरमा विवाह हुने, विवाह-विधि सम्पन्न भैसकेपछि पनि एक-आध वर्ष उनीहरूलाई माइतीघरमा नै राखिराख्ने र पछि – उमेर पुगेपछि – शुभमुहूर्त विचार गरी द्विरागमन-विधिलाई सम्पन्न गराएर मात्र घरमा पठाउने चलन वैदिक सनातनधर्मावलम्बी हिन्दू-समाजमा प्रचलित रहेको थियो। यसै प्रचलनअनुसार युवराज पृथ्वीनारायण शाहको पनि सानै उमेरमा शुभविवाह सम्पन्न भएको र तिनले पनि आफ्नी दुलही युवराज्ञी इन्द्रकुमारीलाई उनको माइतीघर मकवानपुर राज्यको राजभवनमा नै छोडेर आएका थिए।

१४.– यतिबेला युवराज पृथ्वीनारायण शाहले आफ्नो किशोरावस्थामा भर्खरै मात्र प्रवेश गरेका थिए। तिनताक राजा नरभूपाल शाह अस्वस्थ रहेकाले तिनकी महारानी चन्द्रप्रभावती देवीले नै 'चौतारा' को पदभारलाई ग्रहण गरी गोरखा राज्यको राजकाज आफैले नै सम्हालिरहेकी थिइन्। विवाहविधि सम्पन्न गरी युवराज पृथ्वीनारायण शाह मकवानपुर राज्यबाट आफ्नो देशमा फर्किएर आएका थिए । यसको एक-आधवर्षपछि आफ्नी विवाहिता युवराज्ञीलाई मकवानपुर राज्यको राजभवनबाट आफ्नो राजभवनमा विधिपूर्वक ल्याउने उद्देश्यका साथ तिनी आफ्ना दल-बलहरूसहित फेरि पनि मकवानपुर राज्यको राजधानीमा पुगेका पाइन्छन् । त्यहाँ पुग्दा राजा हेमकर्ण सेनले त तिनलाई आफ्ना ज्वाईंका रूपमा आदर तथा सन्मानका साथ राखेका थिए, तर तिनका छोरा युवराज दिग्बन्धन सेन तथा त्यस राज्यका प्रभावशाली मन्त्री काजी कनकसिंह बानियाँले भने तिनीप्रति अभद्र व्यवहारहरू प्रदर्शन गरिदिएकाले आफ्ना जेठानहरूका यस किसिमका दुर्व्यवहारहरूबाट तिनी क्रुद्ध बन्न आएका थिए।

वास्तवमा राजकुमारी इन्द्रकुमारीलाई विवाहमा दाइजोमा दिइएका उपहारहरूलाई लिएर दुई पक्षका बीचमा यस्तो अनपेक्षित खटपट पैदा हुन आएको थियो। राजा हेमकर्ण सेनले आफ्नी छोरीको शुभविवाह सम्पन्न हुँदा रोब-रबाफहरू देखाएर आफ्नी छोरीलाई गजमोतीको बहुमूल्य हार पहिऱ्याइदिएका थिए र दुलाहा तथा दुलही दुवैलाई एकदन्ता-हात्तीमा सवार गराई अन्माइदिएका थिए। शुभविवाह सम्पन्न हुँदा वर तथा वधूलाई अर्पण गरिएका हुनाले उपर्युक्त दुइवटै वस्तु आफ्नो नै हुन्छन् भन्ने युवराज पृथ्वीनारायण शाह तथा तिनका सहयोगीहरूको पनि मान्यता रहेको थियो। राजा हेमकर्ण सेन पनि सम्भवतः उक्त दुइवटै वस्तु आफ्नी छोरीलाई दिने पक्षमा थिए । तर युवराज दिग्बन्धन सेन भने यसमा सहमत हुन सकिरहेका थिएनन् । यसै अनबनले गर्दा युवराज दिग्बन्धन सेनले आफ्ना बहिनी-ज्वाईं युवराज पृथ्वीनारायण शाहप्रति अभद्र व्यवहारहरू प्रदर्शन गरिदिएका थिए । आफ्ना जेठानका यस किसिमका अभद्र व्यवहारहरूबाट युवराज पृथ्वीनारायण शाह क्रुद्ध हुनु स्वाभाविक नै हुन आएको थियो।



http://dibyaupadesh.wordpress.com

युवराज पृथ्वीनारायण शाह पनि युवराज दिग्वन्धन सेनभन्दा कुनै कुरामा पनि कत्ति पनि कम थिएनन् । यसैले :– *"एकदन्ता-हात्ती तथा नौ-लखा हीराको हार पनि दिन्छौ भने तत्काले देऊ, दिएमा डोला पनि लिएर जाउँला, दिँदैनौ भने उक्त दुवैवटी सामानहरू बलपूर्वक नै भए पनि खोसेर लिई जाउँला, यहाँबाट रित्तोहात भने कुनै हालतमा पनि फर्कने छैन"* भनी यिनले युवराज दिग्वन्धन सेनलाई धम्की नै दिएका थिए । यस किसिमको कठोर आग्रहले गर्दा यिनको आफ्ना सासू, ससुरा तथा जेठानसँग पनि विरोध पर्न आयो र आफ्ना सासु तथा ससुरासँग औपचारिक रूपमा बिदासम्म पनि नभई यिनी त्यहाँबाट यत्तिकै स्वदेशतर्फ फर्किएर आए ।

मकवानपुर राज्यबाट स्वदेशतर्फ फर्केर आउँदा युवराज पृथ्वीनारायण शाहको निमित्त केही दिनको लागि फुर्सद मिलिरहेको थियो । यसैले आफ्ना साथमा गएका अन्य दल-बलहरूलाई गोरखातर्फ पठाएर कान्तिपुर, भक्तपुर तथा ललितपुर राज्यका राजधानीका रौनकहरूलाई एकपटक टाढैबाट भए पनि अवलोकन गर्ने चाहनाअनुसार भानु अर्याल, कुलानन्द ढकाल तथा आफ्ना अन्य केही अन्तरङ्ग सहयोगीहरूलाई पनि साथमा लिई मकवानपुर राज्यको राजधानीबाट राप्ती नदीको किनारै-किनार काठमाडौं उपत्यकाको दक्षिण-पश्चिम दिशामा रहेको चन्द्रागिरि पर्वतशिखरतर्फ उकालो लागेका थिए । यसै यात्राकालको चर्चा यहाँ गरिएको हो ।

यस घटनाको एक-आधा वर्षपछि भारततिरबाट 'अभिमानसिंह' नामक एक-जना राजपूत क्षत्रियकी कन्यालाई 'डोला'को रूपमा मगाएर गोरखा-राज्यको राजधानीमा नै युवराज पृथ्वीनारायण शाहको औपचारिक रूपमा दोस्रो विवाह सम्पन्न गराइएको थियो । यिनै राजपूतकन्या नै पछि – 'महारानी नरेन्द्रलक्ष्मी' को नामले प्रसिद्ध हुन आएकी थिइन् ।

१५.– एउटा मात्र दाँत भएकाले पार्वतीपुत्र भगवान् श्री गणेश 'एक-दन्त'का नामले पनि प्रसिद्ध रहँदै आइरहेका छन् । यसैअनुसार एउटा मात्र बाहिरी दाँत भएका एकदन्ता हात्तीहरू मङ्गलकारक हुन्छन् भन्ने मान्यता वैदिक सनातनधर्मावलम्बी हिन्दूसमाजमा परम्परादेखि नै चल्दै आइरहेको छ । यसै मान्यता अनुसार यस्ता दुर्लभ हात्तीहरूलाई विशेष महत्वका साथ पहिलेदेखि नै सबैले श्रद्धापूर्वक पाल्दै आइरहेका थिए । राजा हेमकर्ण सेनको राजभवनमा पनि एउटा यस्तै हात्ती थियो । आफ्नी छोरीको शुभविवाह सम्पन्न हुँदा उनले आफ्नी छोरीलाई यसै हात्तीमा सवार गराएर अन्माइदिएका थिए ।

१६.– आफ्नी छोरीको शुभविवाह सम्पन्न हुँदा राजा हेमकर्ण सेनले उनलाई एउटा विशिष्ट किसिमको हार पनि पहिऱ्याइदिएका थिए । त्यस हारलाई 'गोरखा-वंशावली'मा 'चन्द्रहार' भनिएको पाइन्छ । "यस हारको चमकले गर्दा त्यस ठाउँमा रातको अँध्यारोमा पनि बत्ती नै बाल्नुपरेको थिएन" भनी उक्त वंशावलीमा उल्लेख गरिएको पाइन्छ । यो कुरा निकै नै अतिरञ्जित देखिन्छ तापनि राजा हेमकर्ण सेनले विवाहमा आफ्नी छोरीलाई एउटा बहुमूल्य हार पहिऱ्याइदिएकामा भने कुनै पनि सन्देह छैन ।

यहाँ भने त्यस हारलाई 'नौ-लखा हीराको हार' भनिएको छ । *'नौ-लखा'* भन्ने एउटा पारिभाषिक शब्द मात्र हो । बहुमूल्य वस्तुको अर्थमा यहाँ *'नौ-लखा'* विशेषण प्रयोग भएको पाइन्छ । मकवानपुर राज्यका तराईक्षेत्रहरूमा यिनताक हात्तीहरू प्रशस्तमात्रामा पाइन्थे । यसैले यो हार पनि सम्भवतः गज-मोतीको हार नै थियो । विवाह हुँदा आफ्नी दुलहीलाई पहिऱ्याइएको



http://dibyaupadesh.wordpress.com

हुनाले यो हार पनि आफ्नो नै हुन्छ भन्ने युवराज पृथ्वीनारायण शाह तथा यिनका सहयोगीहरूको पनि मान्यता रहेको पाइन्छ।

१७.– यिनको वास्तविक नाम 'भानु अर्याल' थियो। ज्योतिष-शास्त्रका ज्ञाता भएकाले यिनी 'ज्योतिषी' वा 'जैसी' को नामले विशेष प्रसिद्ध रहेका थिए। यसैअनुसार उपाध्याय-वर्गका ब्राह्मण भए पनि यिनलाई यहाँ 'भानु जैसी' भनिएको हो।

१८.– राजभवन वा किल्लाहरूलाई आफ्ना विपक्षीका आक्रमणहरूबाट सुरक्षा गर्नको निमित्त वरिपरि गहिरा तथा फराकिला र मिलेसम्ममा पानी समेत जमाएर राख्न हुने गरी बनाइने दुर्लङ्घ्य खाल्टाहरूलाई 'खात', 'परिखात' वा 'खावा' भन्ने चलन चलिआएको थियो। संस्कृत भाषाको 'परिखात' शब्दबाट नै नेपाली भाषामा 'पखाल' शब्द बनेको पाइन्छ। यहाँ भने 'चेपे' नदीलाई नै गोरखा-राज्यको राजधानीको सुरक्षाको निमित्त प्रकृतिद्वारा नै बनाइएको 'परिखात', 'पखाल' वा 'खावा' को रूपमा परिकल्पना गरिएको पाइन्छ।

१९.– आफ्नो राज्यलाई स्थापना गर्ने क्रममा गोरखा-राज्यका संस्थापक राजा द्रव्य शाहले लिगिलगमा रहेको प्रसिद्ध कोट अर्थात् किल्लामा सर्वप्रथम आफ्नो नियन्त्रण स्थापित गरेका थिए। गोरखा-दरबारबाट पश्चिमतर्फ चेपे नदीको दायाँ किनारामा यस कोटको अवस्थिति अहिलेसम्म पनि रहिरहेको पाइन्छ।

२०.– 'आड' शब्दको शाब्दिक अर्थ हुन्छ :– "अडिन वा बस्नको निमित्त सुविधा पर्ने ठाउँ"। "ढुङ्गाको आड माटोलाई, माटाको आड ढुङ्गालाई" भन्ने उखान नेपाली समाजमा अझैसम्म पनि प्रचलित रहेको छ। ठूला-ठूला ढुङ्गा तथा काठका सत्तरीहरूको पनि प्रयोग भई किल्लाका रूपमा सैनिकहरूलाई आश्रय वा आड दिन हुनेगरी बलियोसँग बनाइएका बासस्थलहरूलाई यिनलाई 'आड' भन्ने चलन प्रचलित रहेको थियो। यहाँ पनि 'आड' भनेर 'लिगलिग' मा बनाइएको यस्तो 'कोट' अर्थात् किल्लातर्फ सङ्केत गरिएको पाइन्छ।

२१.– वैदिक सनातनधर्मावलम्बी हिन्दूहरूको मान्यताअनुसार 'छत्र', 'ध्वज', 'चामर' तथा 'कार्मुक' हरू राजाका राजकीय चिह्नहरूका रूपमा मानिँदै आइएका थिए। कुनै पनि छत्र, ध्वज, चामर वा कार्मुक(धनु)हरूलाई देख्नेबित्तिकै यी राजकीय चिह्नहरू क-कसका हुन् भन्ने सजिलैसँग पहिचान गर्न सकिने प्रचलन चलिआएको थियो। आ-आफ्ना यस्ता राजकीय- चिह्नहरूलाई लिएर नै राजाहरू विजय-अभियानहरूमा निस्कने गर्दथे। यसैले लडाईंका मैदानहरूमा कुनै पनि राजाको छत्र, ध्वज, चामर वा कार्मुकहरूमध्ये कुनै एकलाई भाँचिदिनुको अर्थ हुन्थ्यो ती राजामाथि सहजरूपमा नै विजय प्राप्त गर्नु। छत्र-भङ्ग भएपछि अर्थात् राजाको प्रतीक-चिह्न नष्ट भएपछि राजाले आफूलाई असहाय भएको अनुभव गरी आफ्नो हारलाई स्वीकार गर्ने गर्दथे।

२२.– स-साना केटाकेटीहरूलाई डर देखाएर तर्साउनको निमित्त कल्पना गरिएको डरलाग्दो, तर निरीह प्राणी-विशेष नै हाम्रो नेपाली समाजमा 'हाउ' को नामले प्रसिद्ध रहँदै आइरहेको छ। यथार्थमा यस जन्तु-विशेषको न अस्तित्व रहेको हुन्छ, न त कुनै आकार-प्रकार नै। यस्ता कल्पित प्राणी-विशेषले पैदा गराइदिने भय वा डरलाई नै नेपाली भाषामा 'हाउ-गुजी' वा 'हौवा' भनेर भन्ने चलन प्रचलित रहँदै आइरहेको छ।

२३.– जुन समयमा एउटा शक्तिशाली राज्यको रूपमा गोरखा-राज्यको उत्थान तथा विकास पनि भैरहेको थियो, त्यति बेलासम्ममा कर्णाली नदीका प्रस्रवण-क्षेत्रहरूमा सल्यान राज्यदेखि


http://dibyaupadesh.wordpress.com

बभाङ् राज्यसम्ममा २२ वटा स-साना स्वतन्त्र राज्यहरू स्थापित भैसकेका थिए। यिनै राज्यहरू गोरखा-राज्यमा सामूहिकरूपमा 'बाइसे-राज्य' हरूका नामले प्रसिद्ध रहेका थिए। बाइसे-राज्यहरूमा निम्नाङ्कित राज्यहरू रहेका पाइन्छन् :– (१) 'रुकुम-कोट', (२) 'रोल्पा', (३) 'सल्यान', (४) 'दाङ्', (५) 'मुसिकोट', (६) 'छिल्लिकोट', (७) 'माल्नेटा', (८) 'फलावाङ्', (९) 'गर्भाकोट', (१०) 'जाजरकोट', (११) 'जहारी', (१२) 'बाँफी', (१३) 'दुल्लू', (१४) 'दैलेख', (१५) 'घोतान', (१६) 'अछाम', (१७) 'बिमकोट', (१८) 'दर्नाकोट', (१९) 'बभाङ्', (२०) 'बाजुरा', (२१) 'थलहरा' र (२२) 'गजूर' ।

२४.- कर्णाली नदीका प्रस्रवणक्षेत्रहरूमा जसरी २२ वटा स्वतन्त्र राज्यहरू रहेका थिए, त्यसैगरी खण्डकी नदीका प्रस्रवणक्षेत्रहरूमा तनहुँ राज्यदेखि प्यूठान राज्यसम्म यस्तै २४ वटा स-साना स्वतन्त्र राज्यहरू रहेका पाइन्छन्। यी सबै स्वतन्त्र राज्यहरूको स्थापना भैसकेपछि – सबैभन्दा पछि – गोरखा-राज्यको स्थापना भएकोले यस राज्यका नागरिकहरू आफ्नो राज्यक्षेत्रभन्दा बाहिर रहेका अन्य राज्यहरूलाई बोलिचालिको भाषामा सामूहिकरूपमा 'चौबीसे' भनेर भन्ने गर्दथे। चौबीसे-राज्यहरूमा निम्नाङ्कित राज्यहरू रहेका पाइन्छन् :–

(१) 'लमजुङ्', (२) 'कास्की', (३) 'नुवाकोट' (पल्लो), (४) 'सतहुँ', (५) 'गरहुँ', (६) 'भीरकोट', (७) 'ढोर', (८) 'पैयुँ', (९) 'तनहुँ', (१०) 'रिसिङ्', (११) 'घिरिङ्', (१८) 'गलकोट', (१९) 'मुसिकोट'(ओल्लो), (२०) 'धुर्कोट, (२१) 'इस्मा, (२२) 'प्यूठाना', (२३) 'खुमरी' र (२४) 'बिभरी' ।

२५.– 'कुरुक्षेत्रको मेला' भनेर यहाँ उहिले द्वापरयुगको अन्त्यमा कुरुक्षेत्रमा भएको कौरव तथा पाण्डव पक्षका सैनिकहरूको जमघट तथा उनीहरूको बीचमा भएको लडाइँ जस्तै भीषण लडाइँ भनी भन्न खोजिएको पाइन्छ।

२६.– प्राकृतिक जीवनचक्र अनुसार भ्यागुतोलाई सर्पले र सर्पलाई गरुडले खाइदिने भएकोले नै यसो भनिएको हो। यहाँ युवराज पृथ्वीनारायण शाहका मामा तथा पाल्पा-राज्यका युवराज उद्योत सेनले लमजुङ् राज्यलाई 'गरुड', गोरखा राज्यलाई 'सर्प' र काठमाडौं उपत्यका तथा यसका आसपासका क्षेत्रहरूमा फैलिएर रहेका तीनवटा मल्ल-राज्यहरूलाई 'भ्यागुता'हरूका रूपमा प्रस्तुत गरेका छन्।

२७. – गोरखा राज्यका संस्थापक राजा द्रव्य शाहलाई उनको राज्य स्थापना गराउनमा विशेष सहयोग गर्ने त्यस क्षेत्रका त्यतिबेलाका ६ जना प्रमुख व्यक्तिहरूमा 'गणेश पाँडे' नै प्रमुख रहेका थिए भन्ने चर्चा यसभन्दा पहिले पनि भैसकेको छ। 'कालु पाँडे' यिनैकै वंशमा पाँचौं पुस्तामा जन्मिएका भीमराज पाँडेका छोरा थिए। गणेश पाँडे विशुद्ध उपाध्याय-वर्गका ब्राह्मण थिए। तर कालु पाँडे भने क्षत्रियका रूपमा उपस्थित भएका पाइएका छन्।

२८.– शास्त्र भनेर यहाँ वैदिक सनातनधर्मावलम्बी हिन्दूहरूका प्रसिद्ध धर्मशास्त्रहरूलाई लिइएकोमा कुनै पनि सन्देह छैन। हिन्दूहरूको प्रतिष्ठित धर्मशास्त्र 'मनुस्मृति'मा :– "राजाहरूले आफ्नो राज्यमा राम्ररी परीक्षा गरेर मात्र शास्त्रहरू जान्ने शूर, वीर, पराक्रमी तथा कुलीन-वर्गका सात वा आठ जना विशिष्ठ व्यक्तिहरूलाई 'मन्त्री' को पदमा नियुक्त गर्नू" भनी भनिएको पाइन्छ। जस्तै :–

*"मौलान्छास्त्रविदः शूराँल्लब्धलक्षान् कुलोद्भवान् ।*

*सचिवान् सप्त चाष्टौ वा प्रकुर्वीत परीक्षितान् ॥" - ७/५४*



http://dibyaupadesh.wordpress.com

यस्तै 'कामन्दकीय-नीतिसार' मा पनि कुलीन, योग्य तथा इमान्दार व्यक्तिहरूलाई मात्र मन्त्रीको पदमा नियुक्त गर्नू भनी भनिएको पाइन्छ। जस्तै :–

*"कुलिनाः शुचयः शूराः, श्रुतवन्तोऽनुरागिणः ।*

*दण्डनीतिप्रयोक्तार, सचिवाः स्युर्महीपतेः ॥" - ४/२५*

'महाभारत' को 'शान्तिपर्व'मा पनि :– "मन्त्री पदका दावेदार व्यक्तिहरूले आफूले अवलम्बन गर्न खोजेका नीति तथा कार्यक्रमहरू राज्यका सर्वसाधारण नागरिकहरूको समक्षमा प्रस्तुत गरी आफूले प्रस्तुत गर्न खोजेका नीति तथा कार्यक्रमहरूलाई सर्वसाधारण नागरिकहरूबाट अनुमोदन गराउनु आवश्यक छ" भनी उल्लेख गरिएको पाइन्छ। जस्तै :–

*"अष्टानां मन्त्रिणां मध्ये मन्त्रं राजोपधारयेत् ।*

*ततः सम्प्रेषयेद्राष्ट्रे राष्ट्रियाय च दर्शयेत् ॥*

*अनेन व्यवहारेण द्रष्टव्यास्ते प्रजा सदा ।" – ८५/११*

राजा राम शाहको राज्यकालदेखि नै गोरखा-राज्यमा यिनै धर्मशास्त्रीय मान्यताहरू अनुसार मर्यादित किसिमले राज्यव्यवस्थाहरू सञ्चालित हुँदै आइरहेका थिए। राजा पृथ्वीनारायण शाहले पनि यसै परम्पराको अनुसरण गर्दै आफ्ना जनताबाट अत्यावश्यक सहमति प्राप्त गरेर मात्र कालु पाँडेलाई 'काजी' को पदमा नियुक्त गरेको पाइन्छ। आफूले बिराज बखेतीलाई 'काजी' को पदमा नियुक्त गर्न चाहेको तर जनताको चाहना भने यस पदमा कालु पाँडेलाई नियुक्त गर्नु उपयुक्त हुन्छ भन्ने देखिएकोले आफूले कालु पाँडेलाई 'काजी' को पदमा नियुक्त गरेको चर्चा यहाँ यिनले स्पष्टरूपमा नै गरेका छन्। यसबाट राजतन्त्रात्मक शासनव्यवस्था लागु भए पनि यतिबेला गोरखा-राज्यमा निरङ्कुश शासनव्यवस्था थिएन भन्ने प्रमाणित हुन आएको छ।

२९.– तीर्थयात्राको निमित्त काशीतर्फ प्रस्थान गर्दा राजा पृथ्वीनारायण शाहले आफ्ना समवयस्क एवं सहकर्मी बिराज बखेतीलाई पनि साथैमा लिएर गएका थिए। यस यात्राकालमा बिराज बखेतीले राजा पृथ्वीनारायण शाहलाई आफ्ना सूझ-बूझका परिचयहरू राम्रैसँग गराइदिएका थिए। यसैले यिनलाई नै आफ्ना मन्त्री वा 'काजी' बनाउने राजा पृथ्वीनारायण शाहको भित्री योजना थियो। तर गोरखा-राज्यको शासनव्यवस्था पहिलेदेखि नै मर्यादित रहँदै आइरहेकोले आफूले चाहे पनि आफ्ना जनताले यिनलाई मन्त्री वा 'काजी'का रूपमा स्वीकार गर्न आनाकानी गरिदिएकाले कालु पाँडेलाई 'काजी' को पदमा नियुक्त गर्न यिनी बाध्य भएका थिए।

३०.– दाहिने हातमा खुकुरी, खुँडा वा तरवार लिएको अवस्थामा शत्रुहरूद्वारा हुनसक्ने यस्तै किसिमका हातहतियारहरूको प्रहारलाई रोक्ने वाटुलो, सानो नाङ्लाको आकार भएको छाला वा धातुका पाताहरूले बनेको वस्तु नै यिनताक 'ढाल' को नामले प्रसिद्ध रहेको थियो। गैंडाका छालाले बनेका ढालहरू यिनताक उत्तम किसिमका मानिने गरेका थिए। 'ढाल-तरवार' हरू यिनताक लडाका सैनिकहरूका युगल-हतियारहरूका रूपमा परिचित रहेका थिए।

३१.– *"पाँडेको ढाल र बस्नेतको तरवार गरी मैले नेपालमाथि चढाई गरेको हुँ"* भनी यहाँ राजा पृथ्वीनारायण शाहले आफ्ना मन्त्री वा काजी-परिवारका पाँडे तथा सेनापति-परिवारका बस्नेतहरूका बीचमा आपसमा सर्वात्मना हेल-मेल गराई दुबै परिवारका समर्थ व्यक्तिहरूलाई



http://dibyaupadesh.wordpress.com

लडाईंका मैदानहरूमा आपसमा कुममा-कुम जुधाएर सहभागी गराई मैले तात्कालिक नेपाल राज्यमाथि आक्रमण गराएको हुँ भनी भन्न खोजिएको पाइन्छ।

३२. – '*गौटान्को बिराइ*' भनेर यहाँ गोरखा-राज्यको राजधानीदेखि पर तथा लमजुङ् राज्यको राज्यक्षेत्रदेखि वर – चेपे नदीको वारि तथा दरौँदी नदीको पारि – 'लिगलिग्-कोट' का आसपासमा रहेका 'गोप्लिङ', 'खोप्लाङ', 'छोप्राक्', 'भीरकोट' तथा तथा 'गाइखुर' आदि त्यतिबेला भर्खरै मात्र आबाद भएका बिर्हौटा जमिनहरूतर्फ लक्षित गरिएको पाइन्छ।

३३.- चौबीसे-राज्यका राजाहरूले आ-आफ्ना राज्यका सीमाक्षेत्रका पायक परेका ठाउँहरूमा डाँडा-डाँडा वा धुम-धुममा 'गढी' वा 'आड'हरू बनाएर आ-आफ्ना राज्यलाई विपक्षी सैनिकका आक्रमणहरूबाट बचाइराख्नको निमित्त हरसम्भव प्रयासहरू गर्दै आइरहेका थिए। यस्ता हरेक थुमहरूको निमित्त निजामति-सेवातर्फका एक-एक जना 'द्वारे' तथा सैनिक-सेवातर्फका एक-एक जना 'उमराव'हरू पनि नियुक्त गरिएका हुन्थे। हरेक थुममा प्रायः स्थायीरूपमा नै गढी वा किल्लाहरू पनि बनाइएका हुन्थे। गढी वा किल्ला बन्न नसकेका थुमहरूमा भने अस्थायी किसिमले बलियोसँग 'आड' हरू बनाइएका हुन्थे।

यस्ता गढी वा 'आड'हरूको सुरक्षाको निमित्त आवश्यकमात्रामा सैनिकहरू पनि राखिएका हुन्थे। काम परेको बेलामा उपस्थित हुने गरी यतिवटा 'खुँडा' (*खुँडा हान्नसक्ने मानिस*) र यति जना 'बल' (*बलको काम गर्नसक्ने मानिस*) हरूलाई हरहमेसा गढी वा आडहरूमा तम्तैयार गराइराख्नू भन्ने राज्यको तर्फबाट सबै थुमका 'उमराव' हरूलाई निर्देशन दिइएको हुन्थ्यो। 'गढी' वा 'आड' हरूमा स्थायीरूपमा रहने सैनिकका प्रमुख पदाधिकारीहरू चिनताक 'उमरा' वा 'उमराव' हरूको नामले प्रसिद्ध रहने गरेका थिए। अरबी भाषाको 'अमीर' शब्दको बहुवचन रूप नै 'उमरा' वा 'उमराव' भएको पाइन्छ। 'बराह-उमराव' भनेर यहाँ बराह वा बनेलजस्ता शक्तिशाली 'उमराव' भनी भन्न खोजिएको देखिन्छ।

प्रत्येक थुममा 'गढी' वा 'आड'हरूका आसपासमा रहेका जमिनहरू त्यस गढीमा तैनाथ रहने सैनिकहरूलाई जागिर वा खान्कीहरूका रूपमा दिइएका हुन्थे। गढीको सुरक्षाको निमित्त आवश्यक सैनिकहरू भर्ना गर्ने, घपघट गर्ने र भर्ना गरिएका सैनिकहरूको निमित्त वार्षिक खान्कीहरू तोक्ने अधिकार पनि तिनै 'उमरा' वा 'उमराव' हरूलाई दिइएको हुन्थ्यो। एउटै गढीमा लामो समयसम्म स्थायीरूपमा रहिरहँदा यस्ता उमरावहरू यदाकदा भ्रष्टाचारहरूमा लिप्त रहेका पनि पाइन्थे। यस्ता उमरा वा उमरावहरूलाई आवश्यकता अनुसार विपक्षीहरूसँग लडाईं लड्ने वा सम्झौताहरू गर्ने अधिकार पनि दिइएको हुन्थ्यो। 'पर्वत' राज्यका तात्कालिक राजा कीर्तिबम मल्लले आफ्ना एकजना भारदारलाई लेखेको एउटा पत्रमा उनले :– "*उमराहरूले कटक गर्न्या बल ल्यायाको छ कि ? देश बुझ्‌फाउन्या बल ल्यायाको छ, त्यो पनि (तिमीले राम्ररी) विचार गर।*" भनी उल्लेख गरेका छन्।

किल्लाहरूमा स्थायी रूपमा रहने यस्ता 'उमरा' वा 'उमराव'हरूमा भ्रष्टाचार भएको गन्ध पाएर नै होला ? राजा पृथ्वीनारायण शाहले पछि-पछि यस्ता 'गढी' वा 'आड' हरूमा राखिने 'उमरा' वा 'उमराव' हरूको प्रत्येक-वर्ष पजनी गर्ने परम्परा पनि बसालिदिएको पाइन्छ।

३४.- 'पूजा-पाठ' भनेर यहाँ देव-देवीहरूलाई प्रसन्न पार्नको निमित्त भक्तिपूर्वक गरिने पूजा, अर्चना तथा स्तोत्र वा मन्त्रका पाठहरूतर्फ नै सङ्केत गरिएको पाइन्छ।



http://dibyaupadesh.wordpress.com

३५.– गोरखा राज्यका देवमन्दिरहरूमा 'राना' थर भएका मगरहरू पुजारीहरूका रूपमा कार्यरत रहने परम्परा पहिलेदेखि नै चलिआएको थियो। मगरहरूको जनआबादी बढी भएकोले मगरातमा यस्तो परम्परा हुनुलाई अस्वाभाविक पनि मान्न सकिन्न। यसैअनुसार 'सल्यान-कोट' मा रहेकी भगवती त्रिपुरासुन्दरीका पुजारी पनि 'राना' थर भएका मगरहरू नै रहँदै आइरहेका थिए। यसैले यहाँ सल्यान-कोटकी माईका पुजारीलाई 'पुजारी-राना' भनेर भनिएको पाइन्छ।

३६.– चाँदी, तामा वा पित्तल आदि धातुहरूबाट बनाइएको अनुहार हेर्न हुने आज-भोलि चलन-चल्तीमा रहेको 'ऐना'को प्रचलन शुरु हुनुभन्दा पहिले व्यापकरूपमा प्रचलनमा रहेको ऐनाजस्तै वस्तु विनलाक 'आर्सी'को नामले प्रसिद्ध रहेको थियो। पुराना देव-मन्दिरहरूमा देव-देवीका नित्यपूजाहरूमा 'आर्सी' को प्रयोग अझैसम्म पनि हुँदै आइरहेको पाइन्छ।

३७.– देश, देव-देवी वा महत्वपूर्ण व्यक्तिहरूको विशेष पहिचानको निमित्त निर्धारित गरिएका, छोटा वा लामा काठ, बाँस वा लठ्ठीहरूमा टाँगिने, तोकिएका रूप रङ्ग तथा आकारका धातु वा कपडाका टुक्राहरू नै सामान्यतया 'ध्वजा' वा 'झण्डा'हरूका नामले प्रसिद्ध रहँदै आइरहेका छन्। यसैअनुसार दुईवटा पताकाहरू भएको, सूर्य तथा चन्द्रमाको आकृति अङ्कित, नीलो किनारा भएको रातो सिम्रिक रङ्गको ध्वजा वा झण्डा नै हाम्रो नेपाल-अधिराज्यको राष्ट्रिय पहिचान, प्रतीक वा चिन्ह हो। विशेष चाडपर्व वा पूजा-आजाहरूमा भने माङ्गलिक चिन्ह वा प्रतीकका रूपमा शोभाको लागि खास कुनै चिन्ह वा आकृति नभएका तीनकुने राता, सेता तथा पहेँला 'ध्वजा' वा 'पताका'हरू टाङ्ने चलन पनि परम्परादेखि चलिआएको छ।

३८.– 'ग्यामी राना' भनेर यहाँ भूतपूर्व काजी जयन्त राजातर्फ सङ्केत गरिएको पाइन्छ। यथार्थमा 'राना' थर भएका मगरहरूको नै एउटा उपवर्ग 'ग्यामी' हो। यो व्यक्तिविशेषको नाम होइन। जयन्त राना गोरखा-राज्यमा राजा नरभूपाल शाहको राज्यकालमा 'काजी' तथा सेनापतिका रूपमा कार्यरत रहेका थिए। राजा नरभूपाल शाहको शासनकालको अन्तिम समयतिर यिनकै नेतृत्वमा गोरखा-राज्यको तर्फबाट कान्तिपुर राज्यको नुवाकोट इलाकामाथि नियन्त्रण स्थापित गर्ने प्रयास हुँदा सफलता प्राप्त हुन सकेको थिएन। यसैले :– "यिनी भित्रभित्रै कान्तिपुर राज्यका राजा जयप्रकाश मल्लसँग मिलिरहेकाले नै नुवाकोट प्रदेशमाथि नियन्त्रण स्थापित गर्न नसकिएको हो" भन्ने आरोप लगाई यिनलाई गोरखा राज्यबाट निकाला गरिएको थियो।

यसपछि यिनी राजा जयप्रकाश मल्लको आश्रयमा आई कान्तिपुर राज्यका 'उमराव'का रूपमा नियुक्त भएर नुवाकोट इलाकाकै संरक्षक भएर रहन थालेका थिए। यसैले राजा पृथ्वीनारायण शाहले यहाँ :– *"तँ हाम्रो आफ्नै घरको ग्यामी होस्, नुवाकोट हामीलाई छोडिदे, हामीसँग मिल्न आइज।"* भनी यिनलाई सन्देश पठाएका हुन्। तर यिनले आफ्नो नूनको सोझो गर्दै आफूले नून खाइरहेका कान्तिपुर राज्यका राजा जयप्रकाश मल्लमाथि विश्वासघात गर्न चाहेनन्। राजा पृथ्वीनारायण शाहको दृष्टिमा भने यिनले यसो गर्नु अक्षम्य अपराध ठहरिएको थियो। यसै अपराधमा यिनी पछि – बेलकोट इलाकामा गोरखाली सैनिकहरूको नियन्त्रण स्थापित भएपछि – राजा पृथ्वीनारायण शाहकै आदेशअनुसार छाला काटिएर निर्दयतापूर्वक मारिएका थिए।

३९.– *"हाम्रो नूनको शेषले झुक्काइदिने पन्त"* भनेर यहाँ :– " मेरो नून, अर्थात् नून परेका दाना-पानीहरू खाएका गुनहरूले गर्दा आफ्ना कर्तव्यहरूप्रति सचेत भएर नम्रतापूर्वक सधैं

http://dibyaupadesh.wordpress.com

हाम्रा अगाडि झुकेर रहिरहने पन्तको सहयोगबाट" भनी भन्न खोजिएको पाइन्छ। 'पन्त' भनेर यहाँ कसलाई भन्न खोजिएको हो ? स्पष्ट रूपमा खुल्न सकिरहेको छैन तापनि यस सैनिक-अभियानमा हरिहर पन्त सहभागी भएर आएकाले सम्भवतः यिनलाई नै भन्न खोजिएको हो।

४०. – लडाईंको क्रममा घातक हात-हतियारहरूको जुन अन्तिम निर्णायक प्रहारले गर्दा आफ्नो पक्षलाई विजय प्राप्त हुन्थ्यो, त्यही प्रहारलाई नै यिनताक *'जेठी-तरवार'* भन्ने चलन प्रचलित रहेको पाइन्छ। यस्ता 'जेठी-तरवार' का प्रहारहरू प्रायः प्रतिपक्षी सेनाका सेनापतिहरूमाथि नै हुने गर्दथे। यसैअनुसार यहाँ पनि प्रतिपक्षी सेनाका सेनानायक जयन्त रानाका प्रतिनिधिका रूपमा महामण्डलको दुर्गम किल्लामा कार्यरत रहेका उनका छोरा शङ्खमणि रानाको थाप्लामा 'जेठी-तरवार' को घातक प्रहार गर्ने अवसर लडाइँमा सहभागी रहेका अन्य सैनिकहरूको सहयोगमा राजा पृथ्वीनारायण शाहका साहिंला भाइ राजकुमार दलमर्दन शाहले प्राप्त गरेका थिए। राजा पृथ्वीनारायण शाहले यहाँ यिनलाई १२ वर्षका थिए भनी भनेका छन्। तर उपलब्ध अन्य प्रमाणहरूको आधारमा यतिबेला यिनी १३ वर्ष पूरा भई १४ वर्षमा हिँडिरहेका पाइन्छन्। नुवाकोट गढीका संरक्षक भएर रहेका उमराव जयन्त राना भने यतिबेला सम्भवतः आवश्यक सैन्य-व्यवस्थाको निमित्त राजधानी काठमाडौंमा आइरहेका थिए।

४१.– काजी जयन्त राना गोरखा-राज्यबाट निकाला भएर आउनुभन्दा पहिले कान्तिपुर राज्यकोतर्फबाट नुवाकोट इलाकाका संरक्षक भएर 'बगाले' थर भएका काशिराम थापा बसिरहेका थिए। राजा जयप्रकाश मल्लसँग खटपट पैदा भएपछि यिनी कान्तिपुर राज्यबाट पलायित भई भक्तपुर राज्यका राजा रणजितसिंह मल्लको आश्रयमा आएर बस्न थालेका पाइएका छन्। यिनका भाइ परशुराम थापा पनि काठमाडौं उपत्यकाका मल्ल राजाहरूलाई सहयोग गर्नको निमित्त लागिपरिरहेका थिए। यी दुवै दाजुभाइको मूलघर सिन्धु-पाल्चोक वा काभ्रे-पलान्चोक इलाकातिर कतै भएको सङ्केत पाइन्छ।

४२.– 'बाइसे' तथा 'चौबिसे' राज्यका राजाहरूमा आ-आफ्ना लाभ तथा हानीहरूलाई दृष्टिगत गरी युद्धकालमा एक-अर्का देशका राजाहरूलाई सैन्य-सहयोग उपलब्ध गराउने प्रचलन परम्परादेखि नै चलिआएको थियो। यसरी सैन्य-सहयोग उपलब्ध गराउँदा प्रत्यक्षरूपमा सैनिक नै पठाउन नसकिएमा सैन्य-सहयोगको प्रतीकको रूपमा नगद रकम पठाउने चलन पनि चलिआएको थियो। यसरी सहयोग उपलब्ध गराउँदा समर्थ राजाहरूले सामान्यतया एक-लाख तथा एक-बीसा रुपियाँ उपलब्ध गराउने प्रचलन चलिआएको थियो। स-साना पहाडी राज्यका राजाहरू भने यति धेरै रुपियाँ एकैपटक जम्मा गर्न सक्दैनथे। यसैले आर्थिक रूपमा कमजोर रहेका पहाडी राज्यका राजाहरू आफ्ना मित्र राजाहरूलाई यसभन्दा कम रकम पनि उपलब्ध गराउने गर्दथे। तर जति नै रकम पठाइए पनि सैन्य-सहयोगको रूपमा यसरी पठाइने रकमहरू यिनताक *'लाख-बीसी'* वा *'लाखा-बीसी'* को नामले प्रसिद्ध रहने गरेका थिए।

४३.– नेपाल-अधिराज्यलाई *'दुई ढुङ्गाको बीचको तरुल'* भनेर यहाँ राजा पृथ्वीनारायण शाहले अत्यन्त नै मार्मिक दृष्टान्त दिएका छन्। नेपाल-अधिराज्यले आफ्नो अस्तित्वलाई सँधै अक्षुण्ण रूपमा जोगाइराख्न चाहने हो भने आफ्ना दुवैतर्फका दुईवटा ठूला ढुङ्गाहरू अर्थात् चीन तथा भारत दुवै छिमेकी देशहरूलाई आ-आफ्ना ठाउँहरूबाट कति पनि विचलित हुन नदिई सन्तुलित रूपमा राखिराख्नु आवश्यक छ भन्ने यस भनाइको सारतत्त्व रहेको पाइन्छ।



http://dibyaupadesh.wordpress.com

४४– 'समुद्रका बादशाह' भनेर यहाँ 'इस्टइण्डिया कम्पनी' का संस्थापक अङ्ग्रेज पदाधिकारीहरूप्रति लक्षित गरिएको पाइन्छ। यही राजा पृथ्वीनारायण शाहले :– "अङ्ग्रेजहरूसँग मैत्रीसम्बन्ध त राख्नू, तर तराईका मैदानहरूमा ओर्लिएर उनीहरूमाथि आक्रमण भने कदापि नगर्नू, उनीहरू कदाचित् आफ्नो देशमाथि आइलागे भने उनीहरूलाई भित्री-मधेशसम्म सरासर आउन दिई त्यहाँबाट यहाँका पहाडीक्षेत्रहरूभित्र प्रवेश गर्नेबित्तिकै गुरिल्ला युद्ध गरी उनीहरूलाई त्यहाँबाट बलपूर्वक नै धपाइदिनू" भनी निर्देशन दिएको पाइन्छ। यतिमात्र होइन, यहाँ यिनले :– "त्यो अत्यन्त नै चतुरो जाति भएकोले लडाई झगडाहरू नगरी छलकपटहरू गरेर भए पनि हाम्रो देशभित्र आउन सक्दछ, यसैले पहिले नै सन्धिसर्पनहरू हेरी उचित ठाउँमा आवश्यकमात्रामा किल्लाहरू बनाई बाटाघाटाहरूमा ठाउँ ठाउँमा भाँजाहरू लगिराख्नू" भन्ने पनि निर्देशन दिएका छन्।

४५ – फारसी भाषामा 'सर-जमिन' शब्दको अर्थ हुन्छ खास जमीन। यसैअनुसार सम्बद्ध जमिनमा गएर त्यस जमिनको सम्बन्धमा आवश्यक जाँच-पडतालहरू गर्ने कामलाई कानुनी भाषामा अचेल पनि 'सरजमिन गर्ने' नै भनिन्छ। तर यहाँ भने उत्तरी भारतका सम्म परेका समतल मैदानहरूको अर्थमा 'सर-जमिन' शब्दको प्रयोग भएको पाइन्छ।

४६ – 'चार बादशाह' भनेर यहाँ तिनताक संसारभरमा प्रसिद्ध रहेका 'बेलायत', 'रुस', 'चीन' तथा 'रोम' का गरी चारवटा राष्ट्रका बादशाहहरूतर्फ लक्षित गरिएकोमा कुनै पनि सन्देह छैन।

४७ – तिनताक बाहिरबाट काठमाडौँ उपत्यकाभित्र प्रवेश गर्ने चारवटा भञ्ज्याङ् वा नाकाहरू सामान्य बोलिचालिको भाषामा 'चार-भञ्ज्याङ्' को नामले प्रसिद्ध रहेका थिए। यसरी प्रसिद्ध रहेका चारवटा भञ्ज्याङ् वा नाकाहरू यस अनुसार रहेका थिए :– (१) 'साँगा-भञ्ज्याङ्', (२) 'धानकोट-भञ्ज्याङ्', (३) 'पाँचमाने-भञ्ज्याङ्' र (४) 'फर्पिङ्-भञ्ज्याङ्'।

यहाँ भने राजा पृथ्वीनारायण शाहले उपर्युक्त चारवटा प्रसिद्ध नाका वा भञ्ज्याङ्हरूमा 'पालुङ्', 'दाप्चा' तथा 'काहुले' मा रहेका अन्य तीनवटा महत्त्वपूर्ण नाका वा भञ्ज्याङ्हरूलाई पनि मिलाएर काठमाडौँ उपत्यकाभित्र प्रवेश गर्ने प्रमुख भञ्ज्याङ् वा नाकाहरू यथार्थमा चारवटा मात्र नभएर सातवटा छन् भनी निर्धारण गरी यस उपत्यकाको सुरक्षाको निमित्त उपर्युक्त सातवटै भञ्ज्याङ् वा नाकाहरूमा पक्की किल्लाहरू बनाउनू भनी निर्देशन दिएको पाइन्छ।

४८ – राजा पृथ्वीनारायण शाहको यसै परिकल्पना अनुसार पछि-पछि तराईतिरबाट नेपालका पहाडी प्रदेशहरूभित्र प्रवेश गर्ने मुख्य-मुख्य नाका वा प्रवेश-मार्गहरूमा अनेकौं गढी वा किल्लाहरू बनाइएका थिए र यस्ता गढी वा किल्लाहरूमा पक्की फलामे ढोकाहरू पनि बनाइएका हुन्थे। यिनमा 'सिन्धुली-गढी' तथा 'चीसापानी-गढी' मा रहेका फलामे ढोकाहरू पछि राजा राजेन्द्रविक्रम शाहको राज्यकालसम्म पनि कायमै रहिरहेका पाइन्छन्। यसैले त्यतिबेलाका कवि यदुनाथ पोखरेलले आफ्ना कविताहरूमा यस्ता गढीहरूको बारेमा यसरी वर्णन गरेको पाइन्छ ::–

*"दैवा-गढ् सिन्धुलीमहाँ तखतमा किल्ला त पक्का बनी।*
*पत्थरको गढ त्यो उचाइ छ अती ढोका फलामका त्यहाँ॥*
*चीसापानी गढी बढी तखतमा उँचा पन्याको अति।*
*शीशागढ् भनी माउँ चौखुटमहाँ प्रख्यात् नजान्नू गती॥*



http://dibyaupadesh.wordpress.com

*किल्ला जब्बरमा समुर्चन अती जोरा कि ठोका तहाँ ॥" – 'पुराना कवि र कविता' बाट ।*

४९ – राजा पृथ्वीनारायण शाहको राज्यकालसम्म पनि गोरखा-राज्यमा १२ हजार घर-धुरीहरू रहेका छन् भन्ने जनधारणा रहिआएकोले यो राज्य *'बाह्र-हजार गोरखा'* को नामले प्रसिद्ध रहँदै आइरहेको थियो । जनसङ्ख्याको वृद्धि तथा राज्यका सीमाक्षेत्रहरूको निरन्तरको विस्तारले गर्दा पनि यस सङ्ख्यामा क्रमिकरूपमा वृद्धि हुँदै आई राजा पृथ्वीनारायण शाहको जीवनकालको अन्तिम समयसम्ममा नेपाल-अधिराज्यमा तीन-लाखभन्दा बढी घर-धुरीहरू पुगिसकेका छन् भनी मानिएको थियो । तर आफ्नो पुरानै अभ्यास अनुसार यहाँ राजा पृथ्वीनारायण शाहले आफ्नो एकीकृत नेपाल-अधिराज्यलाई पनि *'बाह्र-हजार गोर्खा'* को नामले नै चिनाएका छन् ।

५० – नेपालका मल्ल राजाहरूले – खास गरी कान्तिपुर राज्यका अन्तिम मल्ल राजा जयप्रकाश मल्लले – युद्धकालमा आफ्ना 'मोहर' का सिक्काहरूमा प्रशस्त मात्रामा कसरहरू मिसाएर कम गुणस्तरका सिक्काहरू ढालिदिने गरेका थिए र तिब्बतको निमित्त तिब्बती लिपिमा ढालिएका यस्ता धेरै सिक्काहरू तिब्बतमा पुगिरहेका थिए। यस्तै कम गुणस्तरका खोटा सिक्काहरूले गर्दा राजा पृथ्वीनारायण शाहको जीवनकालको अन्तिम समयतिर व्यापार-सम्बन्धको विषयलाई लिएर तिब्बतसँग नेपालको निकै नै कटुता उत्पन्न हुन आइरहेको थियो ।

शुद्ध चाँदीका सिक्काहरूलाई आधार मानेर यस्तै शुद्ध चाँदीका सिक्काहरूको माध्यमबाट मात्र व्यापार गर्नु उपयुक्त हुनछ र यस्ता सिक्काहरूबाट नै आपसमा विश्वासको वातावरण सृजना गराउन सकिन्छ भन्ने राजा पृथ्वीनारायण शाहको मान्यता रहिआएको थियो । आफ्नो यसै मान्यताअनुसार पछि – उपत्यकाभित्रका तीनवटै मल्ल राज्यहरूमाथि आफ्नो नियन्त्रण स्थापित भैसकेपछि – युद्धकालमा नेपालका मल्ल-राजाहरूको तर्फबाट ढालिएका कम गुणस्तरका चाँदीका सिक्काहरूलाई त्यस्ता सिक्काहरूमा रहेका चाँदीका गुण, स्तर एवं परिमाणहरूका आधारमा यिनले शुद्ध चाँदीका सिक्काहरूमा परिवर्तन पनि गराइसकेका थिए । तिब्बतमा पुगेका कम गुणस्तरका सिक्काहरूलाई पनि यसरी नै सटही गराइदिनुपर्दछ भन्ने यिनको सोचाइ रहेको थियो ।

तिब्बतको भारतसँगको व्यापार-सम्बन्ध यिनताक खासगरी नेपाली व्यापारीहरूकै नियन्त्रणमा रहिआएको थियो । यस किसिमको व्यापारको निमित्त नेपाली व्यापारीहरूका नेपाल, भारत तथा तिब्बतमा पनि अनेकौं व्यापार-कोठीहरू सञ्चालित भैरहेका थिए । तर पछि नेपालभन्दा बाहिरका सन्यासी तथा तथा वैरागी व्यापारीहरूले पनि कुति तथा केरुङभन्दा बाहेक नेपालकै अन्य नाकाहरूबाट पनि लुकी-छिपी तिब्बतमा माल-सामानहरूको आयात तथा निर्यात पनि गराउन थालिरहेका थिए ।

यिनीहरूका यस किसिमका अवैध गतिविधिहरूले गर्दा नेपाली व्यापारीहरूको तिब्बतसँगको परम्परागत व्यापारमा अवरोधहरू सृजना हुन थालिसकेका थिए । यसबाट राजस्वको असूलिमा पनि कमी आइरहेको थियो । यसैले यहाँ राजा पृथ्वीनारायण शाहले पूर्व तथा पश्चिमका अन्य अवैध बाटा-घाटाहरूलाई बन्द गराउने चाहना राखेको स्पष्टरूपमा नै देखिन आएको छ । यहाँ 'पूर्व' भनेर खास गरी सिक्किम राज्यतर्फका र 'पश्चिम' भनेर मुस्ताङ् वा जुम्ला राज्यतर्फका बाटा-घाटाहरूतर्फ सङ्केत गरेको देखिन्छ ।



http://dibyaupadesh.wordpress.com

५१ – यिनताक 'देश' वा 'राष्ट्र' को अर्थमा 'ढुङ्गा' शब्द प्रचलनमा आइरहेको थियो। आज-भोलिको भाषामा हामीहरू :– *"हामीले आफ्नो देशको भलो चिताउनुपर्दछ"* भनी भन्ने गर्दछौं। तर यही वाक्यलाई राजा पृथ्वीनारायण शाहको जीवनकालमा :– *"हामीले आफ्नो ढुङ्गाको सोभो चिताउनुपर्दछ"* भनी भन्नुपर्ने चलन प्रचलित रहेको थियो। यसै प्रचलनअनुसार यहाँ *'थिसो ढुङ्गो'* भनेर सेलाएको अर्थात् कति पनि रौनक नभएको भनी उपत्यकाभित्र रहेका तीनवटा मल्ल-राज्यहरूको समूहलाई निस्तेज राज्यहरू भनी भन्न खोजिएको स्पष्टरूपमा नै देखिन आएको छ।

नेपाल-अधिराज्यलाई :– *"दुई ढुङ्गाका बीचको तरुल"* भनेर भन्नुको तात्पर्य पनि यही नै हो। *"दुईवटा ढुङ्गाको बीचमा च्यापिएर रहेको तरुल"* भनी यहाँ नेपाल-अधिराज्यलाई चीन तथा भारतरूपी दुईवटा शक्तिशाली राष्ट्रका बीचमा च्यापिएर रहेको तर आफ्नो पृथक् अस्तित्व भएको एउटा स्वतन्त्र राष्ट्र भनेर भन्न खोजिएकोमा कुनै पनि सन्देह छैन।

५२ – यिनताक तराईतिरबाट नेपालका मध्यभागका पहाडी प्रदेशहरूभित्र प्रवेश गर्ने प्रमुख प्रवेशमार्गको रूपमा रहेको प्रसिद्ध नाकामा 'पर्सा-गढी' को अवस्थिति रहेको थियो। यसैले नै यहाँ :– "नेपालभित्र प्रवेश गर्न नदिनू" भन्ने अर्थमा :– "पर्सा-गढीबाट माथितिर आउन नदिनू" भनी भनिएको पाइन्छ। अहिले यस सुप्रसिद्ध गढीका खण्डहरहरूमात्र बाँकी बचेर रहेका छन्। भगवान् पारसनाथको नामबाट नै यस क्षेत्रको नाम 'परसुवा' वा 'पर्सा' भएको र 'पर्सा' मा बनेको गढी भएकाले नै यस गढीलाई 'गढ-पर्सा', 'गढ-पर्सुवा' वा 'पर्सा-गढी' भनिने गरेको पाइन्छ। पर्सा जिल्लामा रहेको 'मधुवन' नामक ठाउँमा भगवान् 'पारसनाथ' का प्राचीन मन्दिरका अवशेषहरू अझैसम्म पनि पाइन्छन्।

५३ – 'स्वदेशी' अर्थात् आफ्नै देशमा बुनिएका मर्दाना व्यक्तिहरूले पहिरने खस्रा खाँडीका कपडाहरूलाई यिनताक 'च्याँगा' भन्ने चलन प्रचलित रहेको थियो। यसैगरी 'हर्रो', 'मजिठो' वा 'कोगिटा' का रङ्गहरूले रङ्गाइएका खाँडीका कपडाहरू यिनताक 'पाँगा' को नामले प्रसिद्ध रहेका थिए। यिनताक यहाँका पहाडीक्षेत्रका मध्यम-वर्गका नागरिकहरू यस्तै खाँडीका कपडाहरू पहिरने गर्दथे। 'च्याँगा-पाँगाहरू लगाई' भनेर यहाँ सामान्य खस्रा किसिमका खाँडीका कपडाहरू पहिरिई, तडक-भडकहरू केही नदेखाएर भनी भन्न खोजिएको पाइन्छ।

"खस्रा तथा मोटा भएपनि स्वदेशी कपडाहरू मात्र प्रयोग गर्नु उचित हुन्छ, मैले स्वयं यस्तै कपडाहरू प्रयोग गर्दै आइरहेको छु विलासी विदेशी कपडाहरूको प्रयोग गर्नु देशको स्वावलम्बनको निमित्त घातक हुन्छ" भन्ने राजा पृथ्वीनारायण शाहको आशय रहेको पाइन्छ।

५४ – काठमाडौं, पाटन तथा भक्तपुर गरी तीनवटा अलग-अलग राजधानी भएका काठमाडौं उपत्यका तथा यसका आसपासका क्षेत्रहरूमा फैलिएर रहेका तीनवटा स्वतन्त्र मल्ल-राज्यहरू तिनताक *'तीन शहर नेपाल'* को नामले प्रसिद्ध रहेका थिए।

५५ – दूधकोसी नदीभन्दा पूर्वतर्फ रहेका नेपाल-अधिराज्यका भूभागहरू अझैसम्म पनि सामान्य बोलि-चालिको भाषमा :– *'ओल्लो-किरांत'* तथा *'पल्लो-किरांत'* को नामले प्रसिद्ध रहँदै आइरहेका छन्। नेपाल-अधिराज्यभित्र समाहित हुनुभन्दा पहिले यी प्रदेशहरू 'चौदण्डी' तथा 'विजयपुर' नामक दुईवटा स्वतन्त्र सेन-राज्यका अधीनमा रहँदै आइरहेका थिए। गोरखा-राज्यका घर-धुरीहरू बाह्र-हजार रहेका छन् भन्ने मान्यता रहिआएजस्तो यतिबेला सम्पूर्ण किरांत-प्रदेशमा



http://dibyaupadesh.wordpress.com

नौ-लाख घरधुरीहरू रहेको छन् भन्ने जनधारणा रहिआएको थियो । यसैअनुसार यहाँ पनि पूर्वी नेपालमा रहेको किरांत-प्रदेशलाई *'नौलाख-किरांत'* भनिएको पाइन्छ।

५६ – 'सबै जातको फूलबारी' भनेर यहाँ नवगठित नेपाल-अधिराज्यलाई यहाँ रहेका साना-ठूला तथा धनी-गरीब सबै नेपाली नागरिकहरूको साझा एवं सुन्दर फूलबारीको रूपमा परिकल्पना गरिएको पाइन्छ। नेपालीमात्रको राष्ट्रिय एकताको निमित्त यसभन्दा राम्रो परिकल्पना अर्को के पो गर्न सकिन्थ्यो र ? राजा पृथ्वीनारायण शाहको यस किसिमको मार्मिक अभिव्यक्तिले गर्दा नेपालीमात्रलाई आफ्नो राष्ट्रिय एकताको सुदृढीकरणको निमित्त अवश्य पनि सदैव प्रेरणा प्रदान गरिरहनेछ, भन्नेमा कुनै पनि सन्देह छैन।

५७ – 'चार-*वर्ण छत्तीस-जात*' भन्नुपर्नेमा यहाँ भ्रमवश *'चार-जात छत्तीस-वर्ण'* भनिएको पाइन्छ। चार-वर्ण भनेर सनातन वैदिक धर्मावलम्बी हिन्दूका वर्णव्यवस्था अनुसारका 'ब्राह्मण', 'क्षत्रिय', 'वैश्य', तथा 'शूद्र' गरी चारवटा वर्ण वा श्रेणीहरूलाई लक्षित गरिएकोमा कुनै पनि सन्देह छैन। यसैगरी 'छत्तीस-जात' भनेर यतिबेला नेपाली समाजमा प्रचलित रहेका 'मगर', 'गरुङ्', 'राई', 'लिम्बू', 'सुनुवार', 'सार्की, 'कामी' तथा 'दमाई' आदि अनेकौं जात तथा जातिहरूतर्फ सङ्केत गरिएको पाइन्छ।

५८ – आफ्ना कुनै पनि सेनापति लडाईंको मैदानमा दिवङ्गत भएमा उसका कुनै पनि पुरुष सन्तान उमेरको हिसाबले सैनिक-सेवामा प्रवेश पाउनको निमित्त समर्थ नभएसम्मको लागि उसका जहान परिवारहरूको भरण-पोषणको निमित्त राज्यको तर्फबाट प्रदान गरिने 'खान्की'लाई नै तिनताक 'माना-चामल' भनिने चलन प्रचलित रहेको थियो।

५९ – शिरमा कपडाको पगरी बाँध्ने अधिकार प्राप्त भएका पल्टनका तल्ला तहका सात-थरी सैनिक पदाधिकारीहरू तिनताक *'सात-पगरी'* को नामले प्रसिद्ध रहेका थिए। *'सात-पगरी'* हरूमा सम्भवतः 'जमादार', 'सार्जङ्', 'निसान', 'अजिटन्', 'भाट', 'पुरोहित' तथा 'बाजा-नाइके' गरी ७ थरी दर्जाका सैनिक पदाधिकारीहरू रहने गरेका पाइन्छन्।

६० – राजा पृथ्वीनारायण शाहले आफ्ना प्रमुख मन्त्री 'काजी' कालु पाँडे, 'सरदार' शिवरामसिंह बस्नेत, 'काजी' वंशराज पाँडे, 'सरदार' तुलाराम पाँडे 'काजी' केहरसिंह बस्नेत, 'बख्शी' अभिमानसिंह बस्नेत, 'काजी' श्रीहर्ष पन्त, 'चौतारा' रणरुद्र शाह(भैयाद) र कालिदास खड्का (मगर) आदि अनेकौं भाइ-भारदारहरूले आफूलाई लगाएका गुनहरूलाई बिर्सन सकिरहेका थिएनन्। यसैले नै तिनले यहाँ :– *"पाँडे, बस्नेत, पन्त, भैयाद र मगरहरूलाई 'मराताप' (मरे बापतको खान्की) दिंदा आलोपालो गरी दिनू (किन भने) तिनीहरू भनेका मेरा नून तथा गुनका सोझा सेवकहरू हुन्"* भनी भनेका हुन्।

६१ – ठकुरी वा राजपूतहरूभन्दा बाहेकका जनै लगाउने तागाधारी अन्य क्षत्रियहरूलाई तिनताक 'खश' भन्ने चलन प्रचलित रहेको थियो। यसैले तिनताक 'खश-बाहुन' को सामान्य अर्थहुन्थ्यो छेत्री तथा बाहुनहरू । नेपालका पहाडी समाजहरूमा वैश्य-वर्गको उपस्थिति थिएन। लुगा धुने 'धोबी' तथा तेल पेल्ने 'तेली' को काम पनि तिनीहरू आ-आफैं गर्ने गर्दथे। यसैअनुसार गोरखा-राज्यका सबै नागरिकहरू धोबी तथा तेलीका रूपमा पनि सक्रिय रहेकाले


http://dibyaupadesh.wordpress.com

गोरखा राज्यको निमित्त – *"बाह्र-हजार धोबी तथा बाह्र-हजार तेलीहरूको देश"* भन्ने भनाई पनि प्रसिद्ध रहेको थियो।

६२ – 'तीन-थुम' भनेर यहाँ गोरखा-राज्यका 'लिगलिग', 'सल्यान' तथा 'धादिङ' मा रहेका तीनवटा प्रमुख थुमहरूतर्फ सङ्केत गरिएको पाइन्छ। यी तीन प्रमुख थुमहरूमा रहेका त्यहाँका तीनवटा प्रसिद्ध गढीहरूले नै गोरखा-राज्यलाई परम्परादेखि नै सुरक्षा प्रदान गर्दै आइरहेका थिए। उपर्युक्त तीनवटा थुमहरूमा रहेका पुराना गढीहरूलाई बलियो बनाएर राख्न सकिएकोले नै नेपाल-अधिराज्यको एकीकरण-कार्यको शुभारम्भ गर्न सम्भव भएको हो भन्ने यहाँ राजा पृथ्वीनारायण शाहको मनसाय रहेको पाइन्छ।

६३ – "टकसारलाई चोखो चलाउने" अर्थात् चाँदीका चोखा सिक्काहरूलाई मात्र प्रचलनमा ल्याउने, पुराना खोटा सिक्काहरूको प्रचलनलाई सधैंको निमित्त सर्वथा बन्द गराउने भन्ने राजा पृथ्वीनारायण शाहको आर्थिक-नीति रहेको थियो। यसै नीतिअनुसार काठमाडौं उपत्यकामाथि आफ्नो नियन्त्रण स्थापित नहुँदै यिनले आफ्नो नामबाट चोखा चाँदीका सिक्काहरूलाई प्रसारित पनि गराइसकेका थिए। तीनवटै मल्ल-राज्यहरूमाथि आफ्नो नियन्त्रण स्थापित भैसकेपछि यिनले यस क्षेत्रमा प्रचलनमा रहेका यस्ता कम गुणस्तरका पुराना सिक्काहरूलाई चलन-चल्तीबाट हटाई यस्ता सिक्काहरूका बदलामा यस्ता सिक्काहरूमा रहेका चाँदीका गुण, स्तर तथा परिमाणअनुसार आफ्नो नामबाट प्रसारित भएका चोखा चाँदीका सिक्काहरू सटहि पनि गराइसकेका थिए।

तिब्बतमा पुगेका – तिब्बती लिपिमा ढालिएका – कमसल खालका नेपाली सिक्काहरूलाई पनि यसरी नै शुद्ध चाँदीका सिक्काहरूमा परिणत गराउनु आवश्यक छ, यसबाट नै व्यापारमा विश्वासको वातावरण सृजना गराउन सकिन्छ भन्ने राजा पृथ्वीनारायण शाहको सोचाइ रहेको पाइएको छ। तर आफूहरूलाई प्रत्यक्ष नोक्सान हुने गरी तिब्बतमा आइपुगेका यस्ता कम गुणस्तरका नेपाली सिक्काहरूलाई कम मूल्यमा सटही गराउन तिब्बती पदाधिकारीहरू किन पो चाहन्थे ? कम गुणस्तरका सिक्काहरूलाई पनि नयाँ शुद्ध चाँदीका सिक्काहरूकै बराबरीमा स्वीकार गरिनुपर्दछ भन्ने उनीहरूको आग्रह रहेको थियो। नेपाल-सरकार भने उनीहरूको यस आग्रहमा सहमत हुन सकिरहेको थिएन। यसले गर्दा दुई पक्षका बीचमा विवाद पैदा भई यही विवाद बढ्दै आएर तिब्बतसँगको परम्परागत व्यापार करीब-करीब अवरुद्ध भैरहेको थियो।

६४ – यिनताक नेपालमा रहेका ठकुरी तथा मगरहरू अत्यन्त नै सीधा-सादा, इमान्दार तथा कर्तव्यपरायण जातिका रूपमा परिचित रहेका थिए। यिनीहरू लोभ-लालचहरूमा कुनै हालतमा पनि फस्दैनन् र यिनीहरूबाट अन्याय पनि हुन सक्दैन भन्ने जनधारणा रहिआएको थियो। हुन पनि यिनताकसम्म ठकुरी तथा मगरहरू अहिलेका जस्ता लोभी तथा लालची पनि थिएनन्।

आफ्नो अधिराज्यमा रहेका सबै अड्डा तथा अदालतहरू स्वच्छ रहून्, देशका सबै नागरिकहरूले न्याय तथा इन्साफ पनि पाऊन् र अड्डा तथा अदालतहरूभित्र घूसको लेनदेन कुनै हालतमा पनि चल्न नपाओस् भन्ने सदाशय राख्दै राजा पृथ्वीनारायण शाहले नेपालमा रहेका प्रायः सबैजसो अड्डाहरू ठकुरी तथा मगरहरूकै जिम्मामा छोडिदिने परम्परा बसाउन खोजेको देखिन्छ। अदालतमा ठकुरीहरूलाई 'डिट्ठा' तथा मगरहरूलाई 'बिचारी' बनाउनू भनी निर्देशन दिनुको आशय पनि यही नै हो।



http://dibyaupadesh.wordpress.com

६५ – भक्तपुर राज्यका राजा रणजित मल्लले :– *"कान्तिपुर राज्यमाथि आक्रमण गर्नको निमित्त यता आउनुहोस्, मेरोतर्फबाट तपाईंलाई आवश्यक सैनिक सहयोग अवश्य पनि उपलब्ध हुनेछ"* भनी पहले त राजा पृथ्वीनारायण शाहलाई विशेष आग्रहका साथ आमन्त्रण गरेर काठमाडौं उपत्यकातर्फ बोलाएका थिए, तर यहाँ आइपुगिसकेपछि भने कान्तिपुर-राज्यका राजा जयप्रकाश मल्लको दवाबमा परी यिनले राजा पृथ्वीनारायण शाहलाई असहयोग गरिदिएका थिए। यसै घटनातर्फ सङ्केत गर्दै यहाँ यी उद्गारहरू व्यक्त भएका हुन्।

*'पाछाडि शुद्ध गरी'* भनेर यहाँ गोरखा-राज्यभन्दा पश्चिमतर्फ रहेका 'लमजुङ', 'तनहुँ' तथा 'कास्की' आदि चौबीसे-राज्यका राजाहरूको तर्फबाट हुने सम्भावित आक्रमणका खतराहरूबाट निरापद भई भनी भन्न खोजिएको पाइन्छ।

६६ – गोरखा राज्यका सैनिकहरूका विरुद्धमा हतियारधारी नागा वैरागी सैनिकहरूलाई यथार्थमा कान्तिपुर-राज्यका राजा जयप्रकाश मल्लले बोलाएका थिए। यस कामको निमित्त राजा रणजित मल्लले पनि भित्रभित्र राजा जयप्रकाश मल्ललाई प्रेरित गरिरहेका हुँदाहुन्। तर राजा पृथ्वीनारायण शाहले यहाँ आफ्ना मित-बाबा राजा रणजित मल्लप्रति आदरभाव प्रकट गरी यिनलाई कुनै दोष नदिएर यसको सम्पूर्ण दोष राजा जयप्रकाश मल्लमाथि नै थोपरिदिएको पाइन्छ।

'गुलाब राय' नामक एक-जना नागा वैरागीमाथि राजा पृथ्वीनारायण शाहले पहिलेदेखि नै अदरभावहरू प्रकट गर्दै आइरहेका थिए। तर पछि उनी राजा पृथ्वीनारायण शाहदेखि असन्तुष्ट भई यिनको विरुद्धमा विद्रोही बन्न आइपुगेका थिए। राजा जयप्रकाश मल्लको आग्रहअनुसार यिनै गुलाब रायले भक्तपुर राज्यलाई गोरखाली सैनिकहरूको कठोर नाकाबन्दीबाट मुक्त गराउन भनी ५०० जनाजति हतियारधारी नागा वैरागीहरूलाई सिन्धुली-गढीको बाटो गरी भक्तपुर राज्यतर्फ पठाइदिएको पाइन्छ।

मकवानपुर-राज्यको विघटन भई त्यहाँका राजा दिगबन्धन सेन पक्राउमा परेदेखि नै यिनका नजिकका बन्धु एवं चौदण्डी-राज्यका राजा कर्ण सेन गोरखाली राजा पृथ्वीनारायण शाहका परम विरोधीका रूपमा उपस्थित हुन आइपुगेका थिए। मकवानपुर-राज्यको विघटनपछि अब विघटन हुने पालो चौदण्डी-राज्यको नै आइपुगेकोले यिनी यसरी गोरखालीहरूका विरोधी बन्नु स्वाभाविक नै हुन आएको थियो। यसैले कान्तिपुर राज्यका राजा जयप्रकाश मल्ललाई यिनको गुमेको राज्य पुनः फिर्ता गराइदिनको निमित्त राजा कर्ण सेनले आफ्नो तर्फबाट भरमग्दूर प्रयासहरू गर्दै आइरहेका थिए। यिनका यस किसिमका प्रयासहरू त यतिञ्जेलसम्ममा प्रायः सबै नै व्यर्थ भैसकेका थिए। यथार्थमा यतिञ्जेलसम्ममा राजा जयप्रकाश मल्ल आफ्नो राज्यबाट सत्ताच्युत भएर भक्तपुर राज्यमा गएर बसिरहेका थिए। यसैले यतिबेला राजा पृथ्वीनारायण शाहको हत्या नै गराइदिने योजनामा राजा जयप्रकाश मल्लका साथै राजा कर्ण सेन पनि अग्रसर भैरहेको झलक पाइन्छ।

तर गोरखाली सैनिकहरूले कायम गराएको कडा सुरक्षा-व्यवस्थाले गर्दा बाहिरिया मानिसहरूलाई पठाएर यो काम सम्पन्न गराउनु सम्भव थिएन। यसैले काठमाडौं उपत्यकाभित्र रहेका राजा पृथ्वीनारायण शाहदेखि असन्तुष्ट रहँदै आइरहेका व्यक्तिहरूबाट नै यो काम सफलतापूर्वक सम्पन्न



http://dibyaupadesh.wordpress.com

गराउने भन्ने निर्णय राजा जयप्रकाश मल्ल तथा तिनका सहयोगीहरूले पनि गरेका थिए। सम्भवत: यस गुप्त अभियानमा भक्तपुर राज्यका राजा रणजित मल्लका छोराहरूको पनि सहभागिता रहेको थियो। एउटै स्वार्थले गर्दा यतिञ्जेलसम्ममा उपर्युक्त सबै व्यक्तिहरूका बीचमा मैत्रीसम्बन्ध स्थापित भैसकेको थियो। तिनीहरूले ललितपुर-राज्यका भूतपूर्व 'प्रमान' वा मन्त्रीहरूलाई पनि आफ्नो राजनीतिक गुटमा सहभागी गराइसकेका थिए।

तिनीहरू सबैको आपसी सल्लाह तथा सहमतिअनुसार राजा पृथ्वीनारायण शाहको निर्मम हत्या नै गराइदिने गुप्त योजना भित्रभित्रै तेयार भैरहेको थियो। राजा जयप्रकाश मल्लले पहिले भिकाएका नगरकोटे सैनिकहरू तिनताक काम नपाएर लगभग यतिकै बेकार बसिरहेका थिए। तिनीहरूलाई नै माध्यम बनाएर आफ्नो निर्धारित योजनालाई सफल तुल्याउने सत्ताच्युत राजा जयप्रकाश मल्लले भित्रभित्रै तैयार गरिरहेका थिए। यस किसिमको षड्यन्त्र भैरहेको छ भन्ने छनक सम्भवत: राजा पृथ्वीनारायण शाहलाई पनि मिलिरहेको थियो। तिनताक 'सरदार' कालिदास खड्का गोरखा-राज्यको तर्फबाट भक्तपुर क्षेत्रका सैनिक प्रशासकका रूपमा कार्यरत रहेकाले सम्भवत: यसै षड्यन्त्रको छनक पाएर नै यस सम्बन्धमा विशेष कुराहरू बुझ्न भनी राजा पृथ्वीनारायण शाह यस दिन स्वयं नै भक्तपुरतर्फ गएका थिए। यो वि.सं. १८२५ को शिवरात्रिको दिन थियो (फागुन २७ गते)।

यस सम्बन्धमा अन्य-अन्य व्यक्तिहरूमाथि शङ्का भैरहेको। आफ्ना जो-जति भएका हात-हतियारहरूलाई बुझाएर ज्याला-मजदुरीहरूको पेशामा संलग्न भैसकेका भूतपूर्व नगरकोटे सैनिकहरूमाथि कसैको पनि ध्यान जान सकिरहेको थिएन।

यता राजा पृथ्वीनारायण शाह भक्तपुर-राज्यमा गएको थाहा पाएर तिनी त्यहाँबाट फर्केर काठमाडौं शहरतर्फ आउँदा बीच-बाटामा नै तिनको निर्मम हत्या गराइदिने योजना षड्यन्त्रकारीहरूले झटपट त्यसै दिन तैयार गरेका थिए। आफ्ना भारदारहरूसँग आवश्यक परामर्शहरू गरी राजा पृथ्वीनारायण शाह म्यानामा सवार भएर बेलुकीपख भक्तपुरबाट काठमाडौंतर्फ फर्कंदै थिए। बाटामा फाँटका सुन्दर हरियालीका दृश्यहरूलाई हेर्दै तिनी *'ल्याङ्-ल्याङ् पाटी'* को आसपासमा आइपुगेका मात्र के थिए, केही हतियारधारी नगरकोटे सैनिकहरूका साथ घोडामा सवार भएका तिनीहरूका 'सरदार' भवानीसिंह एकाएक त्यहीं नै देखा परे। तिनले घोडाबाट नओर्लिकन नै राजा पृथ्वीनारायण शाहलाई सलाम गरिदिए। यसबाट राजा पृथ्वीनारायण शाहलाई शङ्का भयो र तिनले आफ्ना अङ्गरक्षक काजी श्रीहर्ष पन्तलाई यी नगरकोटे सरदारलाई त्यहीं नै पक्रिहाल्नको निमित्त कडा आदेश जारि गरिदिए।

नगरकोटे 'सरदार' भवानीसिंह पनि कम चतुर व्यक्ति थिएनन्। राजा पृथ्वीनारायण शाहले दिएको कठोर आदेशलाई सुन्नेबित्तिकै उनले अप्रत्याशितरूपमा राजा पृथ्वीनारायण शाहमाथि नै तरबारले घातक प्रहार गरिहाले। तर संयोगले गर्दा तिनले प्रहार गरेको तरबार राजा पृथ्वीनारायण शाहलाई नलागी उनी चढेको म्यानाको डाँठमा गएर ठोकिएकोले उनको गरेको प्रहार भने यतिकै व्यर्थ भयो। यस अकल्पित घटनाबाट त्रस्त भएका राजा पृथ्वीनारायण शाहका अङ्गरक्षक काजी श्रीहर्ष पन्तले फुर्तिका साथ सरदार भवानीसिंहलाई त्यहीं नै विद्युत्गतिले



http://dibyaupadesh.wordpress.com

काटिदिएकाले नगरकोटे सैनिकहरू त्यहाँबाट यत्रतत्र भागाभाग गर्न विवश भए। काजी श्रीहर्ष पन्तको सजगता तथा फुर्तिबाट प्रभावित भएका राजा पृथ्वीनारायण शाहले यिनलाई त्यहीं नै *'बिजुली पन्त'* भन्ने नयाँ नाम दिएकाले यसपछि यिनी यसै नामले विशेष प्रसिद्ध रहेका पाइन्छन्।

पछि – भक्तपुर राज्यमाथि नियन्त्रण स्थापित भैसकेपछि – पुगनपुग एक-महिनाजति लगाएर यस षड्यन्त्रमाथि सवाधानीका साथ छानबिन हुँदा सत्ताच्युत राजा जयप्रकाश मल्ल, राजा कर्ण सेन, पदच्युत राजकुमार अवधूतसिंह तथा ललितपुर राज्यका सत्ताच्युत केही 'प्रमान' वा मन्त्रीहरूको पनि यस कुटिल षड्यन्त्रमा हात रहेको पाइएको थियो। नगरकोटे सैनिकका सेनपति 'सरदार' भवानीसिंहले त्यतिबेला प्रयोग गरेको घोडा पक्रिएबाट नै यस षड्यन्त्रका सबै रहस्यहरू सहजै उद्‌घाटित भएका थिए। राजा कर्ण सेन प्रवासमा रहेका, पदच्युत राजकुमार अवधूतसिंह आफ्ना पिताका साथ तीर्थवासको निमित्त काशीमा पुगिसकेकाले यी दुई व्यक्तिलाई यस अपराधमा तुरुन्त नै दण्ड दिइहाल्नु सम्भव भएन। ललितपुर राज्यका देवीदास आदि छ-जना पदच्युत 'प्रमान' वा काजीहरू भने यसै अपराधमा पक्रिए र काटिए पनि *(वि.सं. १८२७ चैत्र ११ गते)*। भूतपूर्व नगरकोटे सैनिकहरू नेपालभित्र रहेसम्म यहाँ यस किसिमका कुटिल षड्यन्त्रहरू निरन्तर चल्दै रहने सम्भावनालाई देखी राजा पृथ्वीनारायण शाहले यसपछि भेटिएसम्मका भूतपूर्व नगरकोटे सैनिकहरूलाई पक्रिई निर्दयतापूर्वक कटाइदिएका थिए। केही भूतपूर्व नगरकोटे सैनिकहरू भने भेषहरूलाई बदलेर यतिबेला येनकेन आफ्ना ज्यानहरूलाई बचाउन सफल भएका थिए।

६७ – 'पलासी' मा सुप्रसिद्ध युद्ध हुँदा इष्टइण्डिया-कम्पनीका अङ्ग्रेज पदाधिकारीहरूले बङ्गालका 'नवाब' शिराजुद्दौलाका सैनिकहरूलाई युद्धका मैदानहरूमा षड्यन्त्रपूर्वक हराइदिएका थिए। यिनका सेनापति जाफर-अलि खाँ (मीर-जाफर) लाई षड्यन्त्रपूर्वक आफ्नो पक्षमा मिलाउन सफल भएकाले नै इष्टइण्डिया-कम्पनीका अङ्ग्रेज पदाधिकारीहरूलाई यो अप्रत्याशित सफलता हासिल भएको थियो। यसपछि अङ्ग्रेज पदाधिकारीहरूद्वारा जाफर-अलि खान नै बङ्गालका 'नवाब' बनाइएका थिए। तर यिनबाट आफूले चिताएअनुसारका कमामहरू सम्पन्न गराउन नसकिएकाले यसको केही समयपछि इष्टइण्डिया-कम्पनीका अङ्ग्रेज पदाधिकारीहरूले यिनको बदलामा यिनैका सेनापति कासीम-अलि खान *(मीर-कासीम)* लाई नै त्यस रियासतका नयाँ 'नवाब' का रूपमा स्थापित गराइदिएका थिए। तर कासिम-अलि खाँ पनि सँधै नै इस्टइण्डिया-कम्पनीका अनुकूल भएर रहिरहन सकेनन्। कम्पनी-सरकारसँग विरोध बढ्दै आएपछि यिनी आफ्नो राज्य वा रियासतको राजधानीलाई बङ्गालको 'मुर्सिदाबाद' बाट बिहारको 'मुंगेर' शहरमा स्थानान्तरित गराउन विवश भएका थिए।

यिनले 'ग्रेगरी' नामक नयाँ नाम ग्रहण गरेका एक-जना आर्मेनियन सैनिक अफिसरलाई *'गुरगीन-खान'* भन्ने नयाँ नाम प्रदान गरी आफ्ना सैनिकहरूलाई यूरोपीय ढाँचाबाट तालिम दिने प्रमुख प्रशिक्षकका रूपमा नियुक्त गरेर राखेका थिए। अङ्ग्रेज पदाधिकारीहरूकै देखासिकी गरी कासिम-अलि खानले पनि आफ्नो देशमा बन्दूक, तोप तथा गोला-बारुदहरू पनि धमाधम बनाउन थालिरहेका थिए। यसै स्थितिमा वि.सं. १८१४ मा 'पानीपत'मा भएको अर्को एउटा युद्धमा अन्य भारतीय राज्यका राजाहरूसँग मिली इस्टइण्डिया-कम्पनीका अङ्ग्रेज सैनिकहरूसँग सशस्त्र मुकाबिला गर्न भनी यिनी अग्रसर भएका थिए। तर यस युद्धमा पनि भारतीय राजाहरूको पक्षको नै हार हुन गएकोले यस युद्धपछि यिनी हतप्रभ तथा निस्तेज पनि भई यत्तिकै बसिरहेका पाइन्छन्।



http://dibyaupadesh.wordpress.com

श्री ५ पृथ्वीनारायण शाहद्वारा पदच्युत गराइएका मकवानी राजा दिग्बन्धन सेनले यसै अवस्थामा गोरखालीहरूका विरुद्धमा आक्रमणको निमित्त आग्रह गर्न भनी मुङ्गेर शहरमा विनीकहाँ आफ्ना मानिसहरू पठाएका थिए। राजा दिग्बन्धन सेनकै आग्रहअनुसार 'कासिम-अलि खान' ले आफ्ना सेनापति 'गुर्गिन-खान' (= 'ग्रेगरी') लाई एउटा ठूलो सैन्यदलका साथ नेपालमा आक्रमण गर्न भनी पठाइदिए। गुर्गिन-खानले नेपालमाथि अप्रत्याशितरूपमा आक्रमण गर्दा दुई पक्षका बीचमा जोडदार भिडन्त प्रारम्भ भएको थियो (वि.सं. १८१९ माघ १० गते)। यस भिडन्तमा कासिम-अलि खानका पक्षका १७०० जना जति भारतीय सैनिकहरू हताहत भएका पाइन्छन्। यसै लडाईमा 'छ-बीस' अर्थात् १२० जना खुँडाधारी गोरखाली सैनिकहरूले 'कास्मेरि-खान नवाफ' अर्थात् 'नवाब कासिम-अलि खान' का सैनिकहरूलाई त्यहाँबाट बलपूर्वक "धकाई" नेपालबाटै धपाईदिएको उल्लेख यहाँ गर्वका साथ गरिएको पाइन्छ।

यस लडाईमा गोरखाली सैनिकहरूले कासिम-अलि खानका ५०० नाल जति बन्दूकहरू हात पारेका थिए। तिनै बन्दूकहरूको आधारमा श्री ५ पृथ्वीनारायण शाहले यसै वर्ष 'श्रीनाथ' तथा 'कालिबक्स' नामक दुईवटा सैनिक 'कम्पनी' हरूको सङ्गठन गराएको उल्लेख अन्यत्र पनि पाइन्छ।

६८.– राजा जयप्रकाश मल्लको आग्रहअनुसार इस्टइण्डिया-कम्पनीका अङ्ग्रेज पदाधिकारीहरूले पनि 'कप्तान किन्लाक्' को नेतृत्वमा वि.सं. १८२४ को आश्विन महिनामा पूर्वी नेपालको 'सिन्धुली-गढी' मा जोडदार आक्रमण गरिदिएका थिए (आश्विन ९ गते)। यस आक्रमणमा पनि २४/२५ सय जति विपक्षी सैनिकहरूसहभागी रहेका पाइन्छन्। आक्रमणकारी विपक्षी सैनिकहरूमध्ये दुई-अढाई सय जति गोरा अङ्ग्रेज र बाँकी भने भारतीयमूलका सैनिकहरू रहेको सङ्केत प्राप्त हुन आएको छ।

यस आक्रमणमा विपक्षी सैनिकहरू 'सिन्धुली-गढी' सम्म त प्रायः विनाप्रतिरोध सजिलैसँग आइपुगेका थिए। विपक्षीहरूको आक्रमण हुन आँटेको खबर थाहा पाएर गोरखाली सेनापतिहरूले त्यहाँ रहेको किल्लाबाट आफ्ना सैनिकहरूलाई पहिले नै हटाइसकेका थिए (वि.सं. १८२४ आश्विन ८ गते)।

भोलिपल्ट बिहान सबेरै अङ्ग्रेज सैनिकहरू त्यहाँबाट निर्धक्कका साथ 'खुकोट' तर्फ उकालो लागिरहेका थिए। त्यहाँ शुरूमा नै डेढ-कोस जतिको 'पौवा-गढी' को ठाडो उकालो रहेको थियो। शत्रुसैनिकहरूको ताँति त्यसै उकालोमा निर्धक्कका सुस्त-सुस्त उकालो लागिरहेको थियो। त्यसै उकालोमा शत्रुसैनिकहरूको ताँतीमाथि बीच भागबाट प्रहार गर्न भनी ५०० जना जति नेपाली सैनिकहरूका साथ शिकारी 'वंशु गुरुङ' घात लगाएर बसिरहेका थिए। विपक्षी सैनिकहरू कथंकदाचित् 'पौवा-गढी' मा नै उक्लिहालेमा उनीहरूमाथि सामुन्नेबाटै प्रहार गर्न भनी काजी वंशराज पाँडे तथा सरदार वीरभद्र उपाध्यायहरू पनि आ-आफ्ना सैनिकहरूका साथ त्यहीं नै सन्नद्ध भएर बसिरहेका थिए।

उता विपक्षी सैनिकहरूका भने रसदपानीका भारीहरू बोक्ने भरियाहरू नै सबैभन्दा पहिले अघि-अघि लागिरहेका थिए। भरियाहरूका पछि-पछि आफ्ना सैनिकहरूको नेतृत्व गर्दै अङ्ग्रेज अफिसर 'हार्डिङ्' पनि खुकोटतर्फ उकालो लागिरहेका थिए। कप्तान 'किन्लाक्' पनि



http://dibyaupadesh.wordpress.com

आफ्नो नेतृत्वमा रहेका सैनिकहरूलाई हौसला प्रदानगर्दै त्यतैतर्फ आइरहेका थिए। भारी बोक्ने भरियाहरूलाई त गोरखाली सैनिकहरूले 'पौवा-गढी' तर्फ सजिलै उम्कन दिए, तर 'हार्डिङ' को नेतृत्वमा रहेका अङ्ग्रेज सैनिकहरूलाई देख्नेबित्तिकै त्यस सैन्यदलमाथि शिरानमा 'सरदार' वीरभद्र उपाध्यायको नेतृत्वमा रहेका नेपाली सैनिकहरूले एक्काएक नै आक्रमण गरिदिए। नेपाली सैनिकहरूको अप्रत्यासितरूपमा भएको आक्रमणले गर्दा आफ्ना बन्दूकहरूलाई फ्याँकी आ-आफ्ना ज्यानहरू जोगाउन सबै विपक्षी सैनिकहरू विवश भए। यसै अवसरमा बीचबाट शिकारी 'वंशु गुरुङ' का सैनिकहरूले शत्रु-सैनिकहरूको पङ्क्तिको 'ढाड' मा हानेर शत्रुसैनिकका पङ्क्तिहरूलाई त्यहाँबाट तितरबितर तुल्याइदिँदा बीचमा रहेका विपक्षी सैनिकहरू पनि त्यहाँबाट भागाभाग गर्न विवश भएका थिए। यति नै बेला उनीहरूलाई सिस्नुका झाङ र बच्छर्पुका गोलाहरूले पनि उत्तिकै दुःख दिइरहेका थिए।

कप्तान किन्लाक्को नेतृत्वमा रहेका पछि-पछि आइरहेका विपक्षी सैनिकहरूको पनि यही नै हविगत भैरहेको थियो। 'काजी' वंशराज पाँडेको नेतृत्वमा रहेका गोरखाली सैनिकले तिनीहरूलाई निरन्तर दपेटा दिइरहेका थिए। फलतः आक्रान्ता सबै अङ्ग्रेज सैनिकहरू त्यहाँबाट भागाभाग गर्न विवश भए। यस लडाइँमा गोरखाली सैनिकका खुकुरी एवं खुँडाहरूले १५०० भन्दा बढी शत्रुसैनिकहरूलाई हताहत तुल्याइदिएका थिए। यस शक्तिसङ्घर्षमा गोरखाली पक्षका पनि निकै सैनिकहरूले वीरगति प्राप्त गरेको पाइन्छ।

'सिन्धुली-गढी' तथा यसको आसपासमा भएको यसै लडाइँलाई यहाँ श्री ५ पृथ्वीनारायण शाहले – *"सिधुलि गढीमा हाँडी साहेब पठायो र वाहीं पनि काटि पथक्‍ला च्याति त्याञा"* भनी भनेका हुन्। यसै लडाइँमा हातपारिएका बन्दूकहरूले श्री ५ पृथ्वीनारायण शाहद्वारा यसै वर्ष 'गोरख', 'वर्दवानी' तथा 'सबूज' नामक अन्य तीनवटा बन्दूकधारी सैनिक कम्पनीहरूको पनि गठन गराइएको पाइन्छ।

नवाब 'कासिम-अलि खाँ' तथा अङ्ग्रेजहरूका आक्रमणकारी सैनिकहरूलाई आफूले बलपूर्वक भगाइदिएको चर्चा श्री ५ पृथ्वीनारायण शाहले आफ्नो बसन्त वा बसन्तपुर नामक राजभवनको दक्षिणी मोहोडामा रहेको वि.सं. १८२६ चैत्रशुक्ल-पञ्चमी (चैत २१ गते, तदनुसार ३१ मार्च इ.सं. १७७०) को एक शिलालेखमा गर्वका साथ यसरी गराएका छन् :–

*"कास्मल्लीखाँ प्रयातो वरुणदिशि जितो यस्य भल्लप्रहारा-*
*दार्तो मत्तः क्षणेन क्षणमपि न रणे स्थातुमीशः फिरङ्गी ॥"*

अर्थात् – *जसका (सैनिकका) भालाका प्रहारहरूले गर्दा पाइँते भएका 'कास्मल्लीखाँ' (= कासीम-अलि खाँ) लडाइँमा पराजित भई पश्चिमतर्फ भागेर गएको थियो र केही समयको निमित्त घमण्ड चढेको 'फिरङ्गी' (= अङ्ग्रेज) पनि जसका (सैनिकका) अगाडि एकछिन पनि टिक्न सकेको थिएन (यस्ता यशस्वी नेपालकेशरी महाराज श्री ५ पृथ्वीनारायण शाह यसै राजभवनमा शोभायमान भएर रहिबस्नेको छ)।*

६९. – 'भेखासिंह' शब्दको खास शुद्ध अरबिकरूप थाहा हुन सकिरहेको छैन। 'सेप-जरवर' को शुद्धरूप भने 'शेख-जोरावर' भएको झलक पाइन्छ। वि.सं. १८१२ मा 'शेख-जोरावर' नाम भएका एक जना मुसलमान कालिगढबाट रु. १८०१/- सापट लिई राजा श्री ५ पृथ्वीनारायण



http://dibyaupadesh.wordpress.com

शाहले उनलाई केही जग्गाजमीनहरू रजबन्धकीको रूपमा दिएको एउटा कागत प्राप्त भएको छ। यहाँ उल्लेख भएका 'सेप-जरबर' यिनै 'शेख-जोरावर' देखिन आएका छन्। 'ममतकी' को शुद्ध अरबिकरूप 'मुहम्मद-तकी' भएको झलक पाइन्छ। वि.सं. १८४६ मा तिब्बतसँग भएको लडाइँमा त्यहाँ जाने नेपाली सैनिकहरूमा 'मुहम्मद-तकी' नाम भएका एक जना व्यक्ति पनि 'अजिटन' भएर गएका पाइन्छन्। यहाँ नाम उल्लेख भएका 'ममतकी' यिनै 'मुहम्मद-तकी' भएको अनुमान हुन्छ।

३०.– अङ्ग्रेजहरूले भारतमा आएर सर्वप्रथम दक्षिणी भारतको आन्ध्र प्रदेशको 'तैलङ्गाना' मा त्यहाँका स्थानीय भारतीय नागरिकलाई आफ्ना सैनिकहरूका रूपमा भर्ना गर्न प्रारम्भ गरेका थिए। सैनिक वर्दीहरू पहिरने बन्दूकधारी यस्ता सैनिकहरू पछि-पछि बङ्गाल तथा बिहार प्रान्तहरूमा पनि भर्ना गरिन थालेकाले त्यहाँका निवासीहरूले तालिमप्राप्त यस्ता वर्दीधारी सैनिकहरूलाई 'तिलङ्गाना-सैनिक' वा 'तिलङ्गा-सैनिक' भनी भन्न थालेका थिए। यसैले वर्दी लगाएका तालिमप्राप्त बन्दूकधारी सैनिकहरूको निमित्त त्यसै समयदेखि समग्र उत्तरी भारतमा 'तिलङ्गा-सैनिक' भन्ने चलन प्रचलित हुन थालेको पाइन्छ।

३१.– यहाँ पनि 'तिलङ्गा' भनेर तालिमप्राप्त बन्दूकधारी सैनिकका 'कम्पनी' वा 'पल्टन' हरूलाई सङ्केत गरिएकोमा कुनै पनि सन्देह रहेको छैन। काठमाडौं शहरको असन बजारमा बालकुमारीको मन्दिर अगाडि रहेको 'बख्शी' अभिमानसिंह बस्नेतको 'मान-मन्दिर' नामक भवन स्थानीय जनताका बीचमा अझैसम्म पनि 'तिलङ्गा-भवन' वा 'तिलङ्गा-घर' को नामले प्रसिद्ध रहिआएको छ। यस भवनको मोहोडामा बन्दूकधारी तिलङ्गा सैनिकहरूले कवाज खेलिरहेको दृश्य अङ्कित भएकोले नै यो भवन 'तिलङ्गा-भवन' को नामले प्रसिद्ध हुन आएको पाइन्छ।

३२.– मगर जातिको आबादी व्यापकरूपमा फैलिएर रहेकाले चौबीसे-राज्यका भूभागहरू यिनताक 'मगरात' को नामले प्रसिद्ध रहेका थिए। गोरखा राज्यमा पनि मगर जातिका आबादीहरू बाक्लैसँग फैलिएर रहेकाले यस राज्यका नागरिकहरूले पनि आफूलाई मगरातभित्रका नै सम्झदै आइरहेका थिए। यसै कारण यहाँ पनि श्री ५ पृथ्वीनारायण शाहबाट – "मगरातको राजा म नै हूँ" भनी आफ्नो उद्गार व्यक्त गरिएको पाइन्छ।

३३.– यिनताक नेपालका पहाडी राज्यहरूमा डाँडा-डाँडा वा थुम-थुममा 'उमराव' वा 'सरदार' हरूका नेतृत्वमा सैनिकहरू तैनाथ रहिरहेका हुन्थे भन्ने सामान्य चर्चा यसभन्दा अगाडि पनि भैसकेको छ। गोरखा राज्यमा शुरुशुरुमा ७ वटा मात्र थुमहरू रहेका पाइएका छन्। जस्तै :– (१) 'लिग्लिग', (२) 'हमी', (३) 'नकाइ', (४) 'मिर्कोट', (५) 'धौराली', (६) 'धुर्वाकोट' र (७) 'ब्याङ्ली'।

राज्यक्षेत्रको विस्तार हुँदै आएअनुसार पछि-पछि यस राज्यमा अन्य थुमहरू पनि थप हुँदै आएका पाइन्छन्। 'कासीम-अलि खाँ' तथा अङ्ग्रेजका पनि पर्याप्त सङ्ख्यामा बन्दूकहरू हात परेपछि राजा श्री ५ पृथ्वीनारायण शाहले ढाल-तरवार एवं धनुष-बाणहरू धारण गर्ने आफ्ना राज्यका थुम-थुमका गढी-गौडाहरूमा तैनाथ रहँदै आएका पुराना किसिमका सैनिकहरूमध्ये आधा जतिलाई साबिकअनुसार नै कायम राखी आधा जतिलाई भने तिलङ्गा-सैनिकहरूका रूपमा 'कम्पनी' हरूमा परिणत गराइदिएका थिए। यसै प्रक्रियालाई यहाँ – "आधा थुमहरू मासी कम्पनी जमाएको हो" भनी भनिएको हो।



http://dibyaupadesh.wordpress.com

मुगलानतिरबाट आएका 'कासीम-अलि खाँ' का सैनिकहरूले नेपालमा एक पटक आक्रमण गरिसकेकाले होला – "यहाँ (एक न एक पटक) मुगलाना हुन्छ" अर्थात् – "यहाँ एक पटक मुगलहरूको अधिकार अवश्य पनि स्थापित हुन्छ" भनी नेपालको कितापमा लेखिएको दोष पनि अबलाई मेटिइसकियो भन्ने राजा श्री ५ पृथ्वीनारायण शाहको आशय रहेको पाइन्छ। राजा श्री ५ पृथ्वीनारायण शाहले नेपालमा रहेको कुन 'किताप' हेरेका थिए, यकीनरूपमा थाहा हुन सकिरहेको छैन। 'नेपालको किताप' भनेर यहाँ नेपालमा त्यतिबेला उपलब्ध रहेको कुनै नेपाली वंशावलीतर्फ सङ्केत गरिएको देखिन्छ।

७४. – उहिले वि.सं. १४०६ को माघ महिनामा पनि बङ्गालका तुर्क सुल्तान 'समसुद्दीन-इलियास शाह' का सैनिकहरूले वर्तमान काठमाडौं उपत्यकामा जोडदार आक्रमण गरिदिएका थिए। यो आक्रमण पनि सिन्धुलीतिरबाट नै भएको थियो। यस आक्रमणमा आक्रान्ता विधर्मी मुसलमान सैनिकहरूले पहिलो दिनमा नै सम्पूर्ण भक्तपुर शहरलाई ध्वस्त तुल्याइदिएका थिए। दोस्रो दिनका दिन कान्तिपुर शहरलाई ध्वस्त पारी यसै दिन उनीहरू स्वयम्भूनाथको स्तूपलाई तहसनहस पार्न भनी पुगेका थिए। तेस्रो दिनका दिन यिनीहरूद्वारा सम्भवतः ललितपुर राज्यका शहर तथा गाउँहरूमा लूटपाट मच्चाइएको थियो।

विधर्मी आक्रान्ताहरूको यस आक्रमणबाट ज्यान जोगाउन आ-आफ्ना घरखेत तथा धनसम्पत्तिहरू सबै नै परित्याग गरी नेपालका राजा तथा प्रजाहरू सबै नै वनदुर्गहरूभित्र गएर शरण लिन बाध्य भएका थिए। यसले गर्दा आक्रान्ता सैनिकहरूले यहाँका सम्पूर्ण शहर तथा समृद्ध गाउँहरूलाई विनाप्रतिरोध निर्धक्कका साथ लुट्न पाएका थिए। यसरी एक हप्ताभित्रमा नै उनीहरूले काठमाडौं उपत्यकाभित्रका तीनवटै मुख्य शहर तथा यहाँका अन्य समृद्ध गाउँहरूलाई पनि ध्वस्त तुल्याइदिएका थिए।

यस आक्रमणमा भगवान् श्री पशुपतिनाथको मूर्तिलाई तीन टुका पारेर खण्डित तुल्याइको थियो र स्वयम्भूनाथको प्रसिद्ध चैत्यलाई पनि आगो लगाएर खण्डहरको रूपमा परिणत गराइएको थियो। यसपछि भेटिएसम्मका धनदौलतहरू लिई सात दिन जतिपछि आक्रान्ता विधर्मी सैनिकहरू यहाँबाट फर्किएर स्वदेशतर्फ गएका र यसपछि मात्र यहाँका राजा तथा सर्वसाधारण नागरिकहरू पनि वनदुर्गहरूबाट निस्किएर आ-आफ्ना घरहरूमा फर्किएर आएका थिए।

जेहोस्, यसबाट नेपालमा भएको 'समसुद्दीन-इलियास शाह' को दुर्दान्त आक्रमणको सम्झना नेपाली जनमानसमा राजा श्री ५ पृथ्वीनारायण शाहको जीवनकालसम्म पनि रहि नै रहेको देखिन आएको छ।



http://dibyaupadesh.wordpress.com

परिशिष्ट (ख)

# जयस्थिति मल्लले बाँधेका स्थिति-बन्देजहरू

## जयस्थिति मल्लको परिचय :-

विक्रमसंवत्को चौधौं शताब्दीको मध्यमा, जुन समयमा राजा आनन्द मल्ल नेपाल अधिराज्यको राजसिंहासनमा विराजमान भएर रहेका थिए, त्यस समयमा नेपाल राज्यका प्रमुख हर्ताकर्ता एवं सर्वशक्तिमान् प्रशासक भएर 'रुद्र मल्ल' नामक एक जना युवक सक्रिय रहेका पाइन्छन् । यिनी सिंह मल्लको वंशक्रममा तुङ्ग मल्लका छोरा तथा उत्तराधिकारी भएर जन्मिएका थिए (वि.सं. १३५२) ।

नेपाल अधिराज्यका अधिनायकका रूपमा रुद्र मल्लको उदय वि.सं. १३६८ को आसपाससम्ममा भैसकेको पाइन्छ । यतिबेला यिनको उमेर भर्खरै मात्र १६ वर्ष पूरा भएको थियो । यसपछि ३० वर्षको अल्पायुमा वि.सं. १३८२ मा आफ्नो देहान्त नभएसम्म यिनी नेपाल अधिराज्यको प्रशासनलाई दृढतापूर्वक सञ्चालन गर्दै रहेका पाइन्छन् । यिनैको प्रशासनकाल नेपाल अधिराज्यको निमित्त निकै नै विपत्तिपूर्ण रहेको थियो । यिनको प्रशासनकालमा वि.सं. १३६९ को अन्त्यमा 'दुल्लू' राज्यका खश राजा रिपु मल्लले नेपाल अधिराज्यमा फेरि पनि आक्रमण गरिदिएका थिए ।

रुद्र मल्ल नभन्दै एक जना अत्यन्त महत्वाकाङ्क्षी अधिनायकका रूपमा नेपाल अधिराज्यको राजनीतिक रङ्गमञ्चमा देखा परेका पाइन्छन् । प्रारम्भमा त यिनले 'आनन्द मल्ल' लाई नै राजाका रूपमा सम्मानपूर्वक राजसिंहासनमा राखेर सम्पूर्ण नेपाल अधिराज्यमा आफ्नो मात्र एकलौटी प्रशासनिक अधिकार स्थापित गर्ने सोचाइ राखेका थिए, तर ललितपुरका साथै कान्तिपुर क्षेत्रका महापात्र वा मन्त्रीहरू भने यिनको यस किसिमको सोचाइसँग सहमत हुन सकेनन् । राजा आनन्द मल्ललाई आफ्ना राजाका रूपमा स्वीकार गर्न उनीहरूले आनाकानि गरिदिएका थिए । यसपछि यिनले आनन्द मल्ललाई राजधानी भक्तपुर शहरको राजगद्दीमा मात्र सीमित राखी उपत्यकाभित्रका तीनवटै प्रमुख शहरहरूको लगभग मध्यभागमा रहेको देवपाटन शहरमा आएर एउटा छुट्टै राजसिंहासन खडा गराई त्यस राजसिंहासनको निमित्त राजा आनन्द मल्लकै छोरा अरि मल्ललाई राजाको रूपमा वरण गरी त्यहीं नै यिनको राज्याभिषेक पनि गराइदिएको पाइन्छ (वि.सं. १३७७) ।

वंशावली अनुसार राजा 'अरि मल्ल' को जन्म वि.सं. १३३३ मा भएको र यिनको देहान्त वि.सं. १४५८ मा भएको पाइन्छ । यतिबेलाका शक्तिशाली प्रशासक रुद्र मल्लले आनन्द मल्ललाई भन्दा अरि मल्ललाई नै विशेष महत्व दिएका थिए तापनि राजधानी भक्तपुर शहरमा राजा आनन्द मल्लको अस्तित्व कायम रहिरहेसम्म तात्कालिक नेपाली समाजमा राजा अरि मल्लको विशेष महत्व स्थापित भएको देखिदैन । तर राजा आनन्द मल्लको देहान्तपछि भने रुद्र मल्लको राजनैतिक प्रभावद्वारा राजाका रूपमा अरि मल्लको प्रभाव तथा प्रतिष्ठा पनि दिनपरदिन क्रमशः बढ्दै आएको स्पष्टरूपमा नै देखिन आएको छ ।

राजा अरि मल्लको प्रशासनकालमा नेपाल अधिराज्यले अनेकौं किसिमका विपत्तिहरूको सामाना गर्दै रहनुपरेको उल्लेख गोपाल-राजवंशावलीमा पाइन्छ । सर्वप्रथम इ.सं. १३३२ को अन्त्यमा सिमरौनगढ (तिरहुत) राज्यमा दिल्लीका प्रशासक गयासुद्दीन तुगलकको आधिपत्य स्थापित



http://dibyaupadesh.wordpress.com

हुँदा त्यहाँका तात्कालिक राजा हरसिंहदेव त्यहाँबाट पलायित भई शरणार्थीका रूपमा पूर्वी नेपालमा आएर शरण लिन बाध्य भएका थिए । सुरक्षित आश्रयस्थलको खोजी गर्दै दोलखातिर आउँदा 'तीन-पाटन' नामक ठाउँमा तिनको आकस्मिकरूपमा देहान्त भएको र तिनका छोरा, अन्य परिवार तथा मन्त्रीहरू भने त्यहीं नै स्थानीय प्रशासकहरूका कैदमा परेका देखिन्छन् ।

यसै स्थितिमा – यो घटना घटेको केही महिनापछि – नेपालमा रुद्र मल्लको पनि अप्रत्याशितरूपमा देहान्त भएको पाइन्छ (वि.सं. १३८३) । यस घटनाको डेढ वर्षजति पछि दुल्लूका अर्का खश राजा आदित्य मल्लले वर्तमान काठमाडौं उपत्यकाको वैभव तथा समृद्धिलाई फेरि पनि सम्झिएका थिए (वि.सं. १३८४) । पाँच दिनसम्म नुवाकोटमा रही ललितपुर शहरमा आक्रमण गर्ने उद्देश्य अनुसार तिनी उक्त शहरदेखि बाहिर फर्पिङमा रही अत्यावश्यक सैनिक तैयारीहरू गर्दैरहेका थिए । २२ दिन जति त तिनले आफ्ना सैनिक तैयारीहरू गर्दैमा बिताएका थिए । यसपछि ललितपुर शहरमा आक्रमण गरी तिनले केही दिनको निमित्त त्यहाँ आफ्नो राजनीतिक अधिकार पनि स्थापित गराएको र पछि भने तिनी त्यहाँबाट हटेर स्वदेशतर्फ फर्कन विवश भएका पाइन्छन् ।

जेहोस्, राजा आदित्य मल्लले सञ्चालन गरेको यस सफल सैनिक अभियानबाट ललितपुर क्षेत्रका महापात्र वा मन्त्रीहरूको बचेखुचेको राजनीतिक शक्ति पनि क्षीण हुन गएकोले यस घटनापछि भने राजा अरि मल्लको राजनीतिक शक्ति केही मात्रामा बढ्न थालेको झलक पाइन्छ । राजा हरसिंहदेवका मन्त्री चन्द्रेश्वर ठाकुर भने सिमरौनगढबाट आएर दोलखाको नजिकैमा रहेको 'राजग्राम' नामक ठाउँमा कब्जा जमाई त्यस क्षेत्रलाई नेपाल अधिराज्यबाट अलग पारेर त्यहाँ आफ्नो एउटा छुट्टै सानो स्वतन्त्र राज्य खडा गराउन समर्थ भएका पाइन्छन् (वि.सं. १३८९) । यो घटना राजा अरि मल्लको निमित्त भने ठूलै आघातको रूपमा देखा पर्न आइपुगेको थियो । अधिनायक रुद्र मल्लको देहान्त तथा राजग्रामको पतन दुवै घटना राजा अरि मल्लको निमित्त राज्यको स्थायित्व तथा प्रगतिको लागि बाधक बनेर देखापरेका थिए ।

यता अधिनायक रुद्र मल्ल आफ्नी एकमात्र सन्तान बालिका छोरी नायकदेवीलाई छोडेर ३० वर्षको अल्पायुमा नै दिवङ्गत भएकाले आफ्नी पितामही पद्मलदेवीको संरक्षकत्वमा तिनी बालिका वैधानिकरूपमा नेपाल अधिराज्यकी मुख्य प्रशासिका वा अधिनायिकाको रूपमा उपस्थित हुन आइपुगेकी थिइन् । तिनको राजनीतिक अधिकारलाई चुनौति दिन सक्ने आँट यति बेला नेपाल अधिराज्यमा कसैले पनि गर्न सक्ने अवस्था रहेको थिएन । रुद्र मल्लकी दिदी 'देवलदेवी' पनि यस समयमा तिनकी अर्की संरक्षिकाको रूपमा देखा परिरहेकी थिइन् । राज्यका वैधानिक राजाका रूपमा भने अझै पनि राजा अरि मल्ल नै सक्रिय रहेका थिए ।

बालिका नायकदेवी नेपाल अधिराज्यकी भावी अधिनायिका बन्न आइपुगेकीले तिनको भावी विवाह राजनीतिक दृष्टिकोणले यतिबेला नेपालमा अत्यन्त नै महत्त्वपूर्ण बन्न आइपुगेको थियो । भविष्यमा तिनको जुन व्यक्तिसँग विवाहसम्बन्ध स्थापित हुन्छ त्यही व्यक्तिको सन्तानले नै नायकदेवीका उत्तराधिकारीका रूपमा नेपाल अधिराज्यका हर्ताकर्ता बन्न पाउने वातावरण स्पष्टरूपमा बन्न आइरहेको थियो । यस समयमा 'हरिश्चन्द्र' तथा 'गोपालचन्द्र' नामक दुई जना क्षत्रियकुमारहरू कन्नौजबाट आएर आफ्ना अभिभावकहरूका साथ वर्तमान काठमाडौं उपत्यकामा नै बसिरहेका थिए । वि.सं. १३८६ को आसपासमा देवलदेवीले तिनी हरिश्चन्द्रसँग बालिका नायकदेवीको विधिपूर्वक विवाहसम्बन्ध स्थापित गराइदिइन् । तर षड्यन्त्रपूर्वक कसैबाट विषको प्रयोग भई केही वर्षपछि जवानी अवस्थामा प्रवेश गर्दा वा नगर्दा नै तिनी अप्रत्याशित रूपमा मारिए (वि.सं. १३९२) ।



http://dibyaupadesh.wordpress.com

आफ्ना अभिभावकहरूको सल्लाह तथा सहमतिअनुसार यसपछि किशोरी नायकदेवीले आफ्ना देवर गोपालचन्द्रलाई नै आफ्ना दोस्रा पतिका रूपमा वरण गरिदिइन् । तर केही वर्षको सहवासपछि गोपालचन्द्रसँग पनि यिनको खटपट शुरु भयो र यिनी पनि नायकदेवीका पतिका हैसियतबाट बलपूर्वक नै हटाइए (वि.सं.१३९७) । 'जगत्सिंह' नामक अर्का एक जना प्रभावशाली युवक यिनलाई हटाउन भनी यति बेला विशेषरूपमा सक्रिय रहेका थिए । राजधानी भक्तपुर शहरबाट पलायित भई क्षत्रियकुमार गोपालचन्द्र ललितपुर शहरभित्र रहेको एक किल्लामा पुगी शरण लिएर बसिरहेका थिए । यिनले त्यहाँ पनि सुरक्षितरूपमा रहिरहन पाएनन् । हत्याराहरू पठाई यिनको हत्या गराएर मात्र जगत्सिंहले आफ्नो कुत्सित अभियानबाट विश्राम लिएका र यसपछि भने यिनी नै नायकदेवीका पतिका रूपमा स्थापित हुन आइपुगेका पाइन्छन् ।

जगत्सिंह सिमरौनगढका अन्तिम कर्णाट-राजा हरसिंहदेवका नै एक जना राजकुमार पनीत हुन्छन् । हरसिंहदेवको देहान्तपछि यिनी सम्भवतः भक्तपुर शहरमा नै आएर बसिरहेका थिए । शुरु-शुरुमा त यिनी गोपालचन्द्रका नै समर्थक भएर रहेका पाइएका छन् । तर पछि – पद्मलदेवीको देहान्तपछि (वि.सं. १३८९) – भने नेपालमा यतिबेला व्याप्त रहेको अशान्त वातावरण तथा अव्यवस्थित प्रशासनबाट लाभ उठाई नायकदेवीकै सहमति अनुसार यिनले नै क्षत्रियकुमार गोपालचन्द्रको हत्या गराइदिएको पाइन्छ । तर यिनले जुन हविगत गोपालचन्द्रको गराइदिएका थिए, त्यही नै हविगत पछि यिनको पनि हुन आएको पाइन्छ । नायकदेवीका पतिका रूपमा केही समयसम्म राजसी सुखसयलहरू भोग गरेपछि नजाने किन हो ? यिनी पनि कैदमा परेका र कैदमा नै यिनको पनि देहान्त भएको थियो ।

यिनै जगत्सिंहको तर्फबाट नायकदेवीले पछि 'राजल्लदेवी' नामकी एउटी छोरीलाई जन्म दिएकी थिइन् (वि.सं.१४०३ को अन्त्य) । तर दुर्भाग्य ! छोरी राजल्लदेवीलाई जन्म दिएको १० दिनपछि नै २० वर्षको जल्दोबल्दो जवानि अवस्थामा सूतिकागृहमा नै यिनको पनि देहान्त भयो । यिनलाई जसरी यिनकी पितामही पद्मलदेवीले हुर्काएर बढाएकी थिइन्, त्यसरी नै यिनकी बालिका छोरी राजल्लदेवी पनि देवलदेवीकै काखमा हुर्किइन् र बढ्दै पुगि आइन् ।

उता, अधिराज्यका वैधानिक राजा अरि मल्लको देहान्तपछि (वि.सं. १४०१) यिनका आफ्ना कुनै पनि सन्तान नहुँदा उत्तराधिकारीको अभावमा यिनको राजसिंहासन खाली नै रहिरहेको थियो । देवलदेवीले भने बालिका राजल्लदेवीकी संरक्षिकाको हैसियतले नेपालमा आफ्ना प्रशासनिक अधिकारहरूलाई दृढतापूर्वक सहमाली नै रहेकी थिइन् । पछि सबै भारदारहरूको सरसल्लाह अनुसार राजा आनन्द मल्लका त्याइलेपछिका छोरा 'राज मल्ल' नेपाल राज्यका वैधानिक राजाका रूपमा भक्तपुर शहरमा राजसिंहासनमा राखिए (इ.सं. १४०४) ।

राजा राज मल्लको राज्यकालको प्रारम्भमा नै फेरि पनि अर्को एउटा घोर विपत्तिको सामना गर्न नेपाल अधिराज्य बाध्य भएको पाइन्छ । यो विपत्ति थियो नेपाल अधिराज्यमा भएको विधर्मी मुसलमानहरूको अकल्पित दुर्दान्त आक्रमण । राजा राज मल्लको राज्यकालको आरम्भमा नै बङ्गालका सुल्तान समसुद्दीन-इलियस् शाहले नेपाल अधिराज्यमाथि जोडदार आक्रमण गरिदिएका थिए (वि.सं. १४०६ को मार्ग) । काठमाडौं उपत्यकामा यो आक्रमण पूर्वतिरबाट भएको पाइन्छ । अहिलेको सिन्धुली-गढीको बाटो भई यिनीहरूले अहिलेको काठमाडौं उपत्यकाभित्र प्रवेश गरेका थिए । विधर्मी मुसलमान आक्रान्ताहरूले पहिलो दिनमा पूरा भक्तपुर शहरलाई नै तहसनहस बनाइदिएका थिए । दोस्रो दिन काठमाडौं शहरलाई ध्वस्त तुल्याई यसै दिन उनीहरू स्वयम्भूनाथको स्तूपलाई पनि तहसनहस पार्न भनी पुगेका पाइन्छन् । सम्भवतः तेस्रो दिनका दिन यिनीहरूले ललितपुर शहरमा घोर लूटपाट मच्चाएका थिए ।



http://dibyaupadesh.wordpress.com

विधर्मीहरूबाट भएको यस आक्रमणबाट ज्यान जोगाउन आफ्नो दरबार तथा धनसम्पत्तिहरू सबै नै छोडी समस्त नगरवासीहरूका साथ स्वयं राजा राज मल्ल पनि 'वन-दुर्ग' हरूभित्र गएर आश्रय लिन बाध्य भएका थिए । यसले गर्दा आक्रान्ता समसुद्दीन-इलियस् शाहका विधर्मी सैनिकहरूले विनाप्रतिरोध, निर्धक्कका साथ लूटपाट गरी एक हप्ताभित्रमा नै उपत्यकाभित्रका तीनवटै शहर तथा यहाँका ठूल-ठूला गाउँहरूलाई पनि ध्वस्त तुल्याइदिएका र यहाँका मन्दिर तथा चैत्यहरू सबै नै खण्डहरका रूपमा परिणत गराइएका थिए । यसै क्रममा भगवान् श्री पशुपतिनाथको पहिलेको प्राचीन मूर्तिलाई तीन टुक्रामा विभक्त पारिएको थियो । यस्तै 'स्वयम्भू' मा रहेको प्रसिद्ध चैत्यलाई पनि आगो लगाएर ध्वस्त बनाइएको थियो । भेटिएसम्मका धनदौलतहरू लिई ७ दिनजति पछि तिनीहरू यहाँबाट हटेर गएका र यसपछि मात्र राजा राज मल्ल तथा नगरवासीहरू पनि वनदुर्गहरूबाट आ-आफ्ना वासस्थलहरूमा फर्किएर आएका थिए ।

देवलदेवी भने यस समयकी निकै नै सक्षम प्रशासिका भएर देखा परिरहेकी थिइन् । समसुद्दीन-इलियस् शाहका सैनिकहरूको आक्रमणबाट ध्वस्त भएका गाउँ तथा शहरका बस्तीहरूलाई तिनले तत्काले जीर्णोद्धार गर्ने व्यवस्था मिलाइदिएकी थिइन् । भगवान् श्री पशुपतिनाथको नयाँ मूर्तिको स्थापना तथा स्वयम्भू महाचैत्यको जीर्णोद्धार गर्ने काम भने तिनको जीवनकालमा सम्पन्न हुन सकेनन् । यसको केही वर्षपछि कान्तिपुर क्षेत्रका महापात्र 'जयसिंह राम वर्द्धन' को प्रशासनकालमा मात्र उपर्युक्त दुवै कामहरू सम्पन्न हुन सम्भव भएका थिए ।

राजल्लदेवीकी संरक्षिकाको हैसियतले देवलदेवीले राज्यका प्रशासनव्यवस्थाहरू सञ्चालन गर्दै रहँदा ठाउँ-ठाउँका महापात्र वा मन्त्रीहरूले नेपाल अधिराज्यबाट स्वतन्त्र हुने चेष्टा पनि नगरेका होइनन् । तर आफ्ना महामन्त्री 'अनन्तराम' को सहयोगद्वारा तिनले यस्ता सबै विद्रोहहरूलाई दृढतापूर्वक दबाइदिएकी थिइन् । देवलदेवीकै प्रशासनकालमा वि.सं. १३८५ मा पश्चिमी नेपालबाट आदित्य मल्लका खश सैनिकहरूले र इ.सं. १३९१ मा त्यहींका अर्का राजा पुण्य मल्लका सैनिकहरूले पनि वर्तमान काठमाडौं उपत्यकामा फेरि पनि आफ्ना जोडदार आक्रमणहरू गरिदिएका थिए । राजा राज मल्लको नेतृत्वमा यति बेला यस क्षेत्रकी प्रमुख प्रशासिका भएर रहेकी देवलदेवीले बडो धैर्य तथा वीरताका साथ यस्ता आक्रमणहरूको निरन्तर प्रतिरोध गर्दै रहेकी थिइन् । यसै स्थितिमा राजा राज मल्लको देहान्त भएकोले तिनका बालक छोरा अर्जुन मल्ल नेपाल अधिराज्यको राजसिंहासनमा राखिएका पाइन्छन् (वि.सं. १४१७) ।

उता नायकदेवीको अकस्मिकरूपमा देहान्त हुँदा तिनकी नाबालिका छोरी राजल्लदेवीले त्यतिबेला नै नेपाल अधिराज्यकी शक्तिशाली प्रशासिका हुने वैधानिक अधिकार प्राप्त गरिसकेकी थिइन् । तर त्यति बेला तिनी ५/७ वर्षकी अबोध बालिका भएर रहेकीले तिनको यो राजनीतिक अधिकार तिनकी संरक्षिकाको हैसियतले तिनकी पितामही देवलदेवीले नै प्रयोग गर्दै आइरहेकी थिइन् । यस अवस्थामा कुमारी राजल्लदेवी वा तिनका भावी पति नै अब नेपाल अधिराज्यका अधिनायक वा हर्ताकर्ता हुने निश्चित वातावरण बनिरहेको थियो । यसैले धेरै क्षत्रियकुमारहरूले यतिबेला कुमारी राजल्लदेवीमाथि आँखा गडाएर बसिरहेका थिए ।

देवलदेवी पनि आफ्नी नातिनी राजल्लदेवीको विवाहयोग्य उमेर हुनेबित्तिकै एक जना सुयोग्य वरका साथ तिनको विवाह गराइदिने प्रतीक्षामा बसिरहेकी थिइन् । यसै स्थितिमा एक जना क्षत्रियकुमारलाई कतैबाट झिकाई देवलदेवीले राजल्लदेवीको विवाह तिनै क्षत्रिय-कुमारसँग गराइदिइन् (इ.सं. १४११) । यो विवाह 'डोलाजी-विवाहविधि' अनुसार भक्तपुर शहरमा नै सम्पन्न भएको पाइन्छ ।



http://dibyaupadesh.wordpress.com

विवाह हुँदा कुमारी राजल्लदेवीको उमेर ८ वर्ष हुनाले यतिबेला यिनका 'दुलाहा' को उमेर १२ वर्षको आसपास भएको झलक पाइन्छ। यसपछि बालक दुलाहा तथा बालिका दुलही दुवै देवलदेवीकै रेखदेखमा हुर्किए तथा बढ्दै पनि आए। यतिमात्र होइन, बालक 'दुलाहा' जीले आफ्नो साविकको कुल तथा गोत्रलाई पनि परित्याग गरी राजल्लदेवीका बाजे रुद्र मल्लकै 'मानव-गोत्र' लाई स्वीकार गरेकाले यिनै क्षत्रिय-कुमार पछि 'स्थिति मल्ल' वा 'जयस्थिति मल्ल' को नामले प्रसिद्ध हुन आएका पाइन्छन्। यिनै जयस्थिति मल्लको राज्यकालभन्दा केही वर्षपछि मात्र लेखिएको 'गोपाल-राजवंशावली' मा यस विवाहको वर्णन रोचक ढङ्गमा विस्तारपूर्वक प्रस्तुत गरिएको पाइन्छ।

देवपाटन सुनधारामा रहेको 'स्थिति मल्ल' वा 'जयस्थिति मल्ल' ले स्थापना गराएको एक शिलालेखमा यिनका छोराहरूको नाम पनि आएको छ। तर यस शिलालेखमा यिनले आफ्ना पिता तथा पितामहको नाम भने उल्लेख नगराएर आफूलाई गर्वका साथ 'राजल्लदेवीका पति' का रूपमा मात्र उपस्थापित गराएको पाइन्छ। यिनका आफ्नै छोरा ज्योतिर्मल्लले पनि आफ्नो एक शिलालेखमा आफ्ना पिताका रूपमा 'जयस्थिति मल्ल' को नाम मात्र उल्लेख गरी आफ्ना बाजेको नाम उल्लेख नगराएर आफ्ना पिता जयस्थिति मल्ललाई गर्वका साथ 'राजल्लदेवीका पति' का रूपमा नै उल्लेख गराएको पाइन्छ। राजल्लदेवीका पतिका हैसियतले नै आफू यस क्षेत्रका सर्वशक्तिमान् प्रशासक बन्न आइपुगेकाले 'स्थिति मल्ल' वा 'जयस्थिति मल्ल' ले आफ्नो नामको अगाडि यस्तो विशेषण जोड्नुलाई अस्वाभाविक पनि मान्न सकिँदैन।

जेहोस्, 'स्थिति मल्ल' वा 'जयस्थिति मल्ल' को राजनीतिक उत्थान भएपछि वास्तविक राजवंशका 'अनन्त मल्ल' वा 'आनन्द मल्ल' का वंशधरहरू सबै नै निस्तेज बन्न आएका, 'स्थिति मल्ल' नै नेपाल अधिराज्यका अधिपतिका रूपमा स्थापित हुन आएका र यसपछि नेपालमा अर्कै मल्ल-राजवंशको उत्थान भएकोले 'स्थिति मल्ल' वा 'जयस्थिति मल्ल' ले उत्थान गराएको नयाँ मल्ल-राजवंशलाई 'पछिल्लो मल्ल-राजवंश' भन्ने नाम दिनु उपयुक्त देखिन आएको छ।

नेपालमा देवलदेवी जीवित रहेसम्म 'स्थिति मल्ल' राजनीतिक रूपमा त्यति सक्रिय हुन सकिरहेका थिएनन्। तर यिनको देहान्तपछि (वि.सं. १४२३) भने 'राजल्लदेवीका पति' का हैसियतले यिनी नै भक्तपुर राज्यका उपराज तथा नेपाल अधिराज्यका हर्ताकर्ता पनि भएर निस्किएका पाइन्छन्। शुरु-शुरुमा त यस क्षेत्रमा रहेका केही पुराना भारदारहरूले यिनको विरुद्धमा विद्रोहको झण्डा पनि उचालिदिएका थिए, तर आफूले मानेका राजा अर्जुन मल्लको सहयोगले आफ्ना यस्ता सबै विरोधीहरूलाई एक-एक गरी दमन गर्न यिनी सफल भएका पाइन्छन्। यिननाक कान्तिपुर क्षेत्रमा 'जयसिंहराम बर्द्धन' नामक एक जना प्रभावशाली व्यक्ति यहाँका 'महापात्र' वा महामन्त्रीका रूपमा सक्रिय रहेका थिए। 'स्थिति मल्ल' वा 'जयस्थिति मल्ल' को बढ्दो प्रभाव यिनलाई कति पनि मन परिरहेको थिएन। यसैले यिनी पनि यस क्षेत्रमा 'स्थिति मल्ल' का विरोधीका रूपमा उपस्थित हुन आइपुगेका थिए।

नवयुवक स्थिति मल्ल पनि यतिबेला कम महत्त्वाकाङ्क्षी व्यक्ति रहेका थिएनन्। यिनले अन्य भारदारहरूको सहयोग लिई महापात्र 'जयसिंहराम बर्द्धन' लाई पक्रिएर बलपूर्वक नेल नै ठोकिदिएका थिए (वि.सं. १४२९)। यस राजनीतिक घटनाबाट ललितपुर क्षेत्रका महापात्रहरू पनि स्थिति मल्लदेखि क्रुद्ध बन्न आएकाले स्थिति मल्लको विरुद्धमा लडाईं गर्नको निमित्त तम्सिएका थिए। यसै अनुसार दुई पक्षका बीचमा लडाईं पनि सम्पन्न भएको थियो। तर लडाईंमा जित भने स्थिति मल्लकै पक्षको हुन आयो। यसपछि यिनी नै भक्तपुर उपराज्यका निष्कण्टक अधिनायकका रूपमा स्थापित हुन आए। यस घटनापछि पनि केही वर्षसम्म त 'राजा' का रूपमा नेपाल



http://dibyaupadesh.wordpress.com

अधिराज्यमा 'अर्जुन मल्ल' नै सक्रिय रहेका पाइन्छन् । राजनीतिक शक्ति भने यतिबेला यिनको हातमा कत्ति पनि बाँकी बचेको थिएन । राज्यका सबै राजनीतिक शक्तिहरू स्थिति मल्लकै हातमा पुगिसकेका थिए । तर पनि नेपालमा राजाका रूपमा यिनी कार्यरत रहेसम्म आफ्नो राजनीतिक उत्कर्षमा बाधा पर्ने अनुभव गरी 'स्थिति मल्ल' ले यिनलाई बनेपातिर निर्वासनमा पठाइदिएका थिए (वि.सं. १४३७) ।

यस घटनापछि भने 'स्थिति मल्ल' वा 'जयस्थिति मल्ल' भक्तपुर क्षेत्रका उपराज मात्र नरहेर 'राजल्लदेवीका पति' का हैसियतले एकप्रकारले सम्पूर्ण नेपाल अधिराज्यका नै अधिनायकका रूपमा स्थापित हुन आए । काठमाडौं तथा ललितपुर क्षेत्रका 'महापात्र' वा मन्त्रीहरूले पनि यिनको नेतृत्वलाई अङ्गीकार गरिदिएकाले यिनी अब व्यावहारिक रूपमा पनि नेपाल अधिराज्यका राजाका रूपमा नै स्थापित हुन आइपुगेका थिए । तर आफ्नो जीवनकालभरि यिनले आफूलाई 'राजा' को रूपमा कहिल्यै पनि उपस्थापित गराएको पाइएको छैन । 'राजल्लदेवीका पति' का हैसियतले मात्र यिनी नेपाल अधिराज्यको प्रशासनसूत्रलाई दृढतापूर्वक सम्हाल्दै रहेका पाइन्छन् । नेपाल अधिराज्यका प्रमुख प्रशासकका रूपमा लामो समयसम्म कार्यरत रही विसं १४५१ को आसपासतिर यिनको देहान्त भएको पाइन्छ ।

एकथरी नेपाली वंशावली अनुसार 'स्थिति मल्ल' वा 'जयस्थिति मल्ल' को राजसभामा 'कीर्तिनाथ उपाध्याय' नामक एक जना स्थानीय विद्वान्का साथै 'रघुनाथ झा' तथा 'रामनाथ झा' नामक दुई जना मैथिल विद्वान् र 'श्रीनाथ भट्ट' तथा 'महीनाथ भट्ट' नाम भएका अन्य दुई जना दाक्षिणात्य विद्वान्हरू रहेका थिए । यिनै विद्वान्हरूको सहयोग तथा सल्लाह अनुसार नै यिनले आफ्नो शासनकालमा निम्नाङ्कित स्थिति-बन्देजहरू बाँधिदिएको मानिन्छ ।

## स्थिति-बन्देजहरूको वर्तमान नेपाली भाषा अनुसारको पाठ

*१.– प्रजाहरूले आफ्ना घर-खेत (तथा) बिर्ताहरू धितो राखी ऋण ग्रहण गर्न तथा बिक्री गर्न समेत पाउनेछन् ।*

*२.– चार वर्ण छत्तीस जातको निर्णय गरी पृथक् पृथक् जातिको भेद छुट्ट्याएर (सबैले) जात अनुसार (धार्मिक) कर्मकाण्डहरू गर्नुपर्नेछ ।*

*३.– अघिका राजाहरूका पालामा अपराध गर्नेहरूलाई हस्तप्रहार तथा धिक्कार-वचन गरी दुई थरी (मात्र) सजाय (दिने प्रचलन रहेको) थियो । कालका प्रभावले यस्ता सामान्य दण्ड(हरू)ले (मात्र) प्रजाहरूको रक्षा नहुने ठानी (अब उप्रान्त) ती दण्डहरूको निवृत्ति गरी रुपियाँ (नै दण्ड) लिने (नयाँ किसिमको) दण्ड-(नीति)को प्रवृत्ति गरेर व्यवहारमा चलाइने ।*

*४.– राजा तथा राजसन्तति परलोक हुँदा सबै जातका आफ्ना प्रजाहरूलाई जम्मा गरी जातिका क्रमले मानिसको दुई-चार जोडिको पंक्ति गरी नयाँ पलङ बनाएर श्मशानमा लैजाने, त्यस पलङमा मृतशरीर(लाई) राखी स्वजातिले बोकेर दीपक-राग गाउँदै बाजा बजाई श्मशानमा लैजाने, घाटमा लगी मृतकलाई अग्निसंस्कार गर्ने र मृतकका विषयमा छत्तीस जातहरूमध्ये कसैकसैलाई काहार बाजा बजाई श्मशानमा लगेर जलाउने सम्बन्धी नियमहरू ।*

*५.– आफ्ना जातले गरिआएको कार्यलाई छोड्ने र अर्का जातले गरिआएको कार्यलाई स्वीकार गर्नेलाई अपराधी सरह दण्ड-(सजाय) गर्ने नियम ।*



http://dibyaupadesh.wordpress.com

६.– जात(हरू) चिन्नको निमित्त स-साना जात(हरू)को निमित्त पहिरन तथा घरहरू यस्तो-यस्तो बनाई व्यवहार गर्नू र यस्तो-यस्तो नगर्नू भनी जातैपिच्छे बेग्लाबेग्लै नियम गरी चालचलन गर्ने गर्नू ।

फुटकर व्यवस्थाहरू :–

(क) चलन(चल्ती)को हकमा काँटा, डक, पाथी, कुरुवाले नापजोख गरी किन्ने तथा बेच्ने गर्नू ।

(ख) आफ्ना जातको रकम नछोड्नू र आफ्नो (भएको) जात नछिपाउनू ।

(ग) प्रजाका घर-खेत(हरू)का हकमा 'सुना-घर', 'सुना-खेत' र 'सुना-बारी' भन्ने नाउँ दिई घर, खेत र पाखा(बारी)हरूको व्यवस्था गरिने । यसलाई (देशका सबै प्रजाले) आफूखुसीसँग बेच्न, दान गर्न, देवताहरूलाई चढाउन र बन्धक राख्न समेत पाउने ।

स्थिति-बन्देजसम्बन्धी अन्य व्यवस्थाहरू :–

१.– घर(हरू)को सम्बन्धमा – आफ्नो हातको बुढीऔंलाको (हिसाबले) चौबीस अंगुलका प्रमाणको १ हात गरी (व्यवहार गर्ने गर्नू । यही नापो अनुसार) गल्ली(भित्र)का घरको निमित्त घरको प्रमाण – घरको चौतर्फी नापो ९५ हातको खा. १, गल्लीभित्रका (बाहिरी) घरको निमित्त १०१ हातको खा. १ र शहरभित्रका घरको निमित्त ८५ हातको खा. १ (मानी घरहरूको नापजाँच) गर्ने गर्नू) ।

२.– ब्राम्हण, क्षत्रिय, वैश्य एवं शूद्र यति (चार) जातको निमित्त घर बनाउँदा वास्तुप्रकारोक्त क्रम र अष्टवर्गका विचारले यथोक्त विधिपूर्वक शिलान्यास गरेर मात्र बनाउने गर्नू ।

३.– जातककार्यको सम्बन्धमा – ब्राम्हण एवं क्षत्रिय(हरू)ले ब्राह्मण(हरू)बाट र वैश्य एवं शूद्रहरूले दैवज्ञ(हरू)बाट जातकशास्त्रको विचार गरी दिनको यथेष्ट कालादि तथा फलनिर्णय समेत (हुने गरी) जातकपत्री लेखाउने गर्नू ।

४.– खेतहरूको विषयमा :–

(क) – अबल, दोयम, सिय(म) र चाहार (गरी) चार प्रकारको (वर्गीकरण गर्ने गरी) व्यवस्था बाँध्ने । (यसरी व्यवस्थाहरू बाँध्दा) अब्बल खेतको निमित्त चारैतर्फ ९५ हातको प्रमाणको, दोयम खेतको निमित्त चारैतर्फ १०५ हातको, सि(य)म खेतको निमित्त चारैतर्फ ११२ हातको र चाहार खेतको निमित्त चारैतर्फ १२५ हातको १ 'कर्म' मानी व्यवहार गर्ने गर्नू ।

(ख) – साढेदश हात प्रमाणको 'टाँगो' नामक खेत नाप्ने मानदण्ड भईआएकोमा (अब उप्रान्त) साढेसात हात प्रमाणको 'टाँगो' को नापो बनाई नाप्ने गर्नू ।

(ग) – (जग्गाको) नापो गर्नको निमित्त 'डंगोल' नामक क्षेत्रकार जातको तथा घरको नापो गर्नको निमित्त तक्षकार बाँडाहरूमध्ये 'पिछु' भन्ने गृहकार जातिको व्यवस्था गरियो ।

(घ)– (देशमा रहेका) नेवार (जातिलाई) ३६ जातमा विभाजन गरियो । यसै अन्य जातको पनि पृथक्-पृथक् भेद गरियो । जस्तै – जोशीको ८, अचारको ८ र वैद्यको ४ जात आदि ।

(ङ) श्रेष्ठका ३६ जातमध्ये तागाधारी १३ (जात रहेका छन्) । (जस्तै) –पण्डेरी, सुवेदी, भण्डारी, आचार र दैवज्ञ आदि ।

(च) ब्राह्मणहरूमा – पञ्चगौड र पञ्चद्रविड गरी १० थरी मूल जात हुन् । तिनैबाट धेरैजातका ब्राह्मणहरू भए । जैसी ब्राह्मणहरू अपूज्य रहे ।

(छ) ज्यापूको ३२ जात, कुमालेको ८ जात, खसहरूको ६४ जात, कसाइले नइ काट्ने ७२ जात, बाँडाहरूको ४ जात, कुसलेको ४ जात, र चर्मकार तथा कुलू (समेत) सबै जात गरी जम्मा



http://dibyaupadesh.wordpress.com

७२५ जातहरू निर्धारण गरिए।

माथि नाम उल्लेख भएका जात वा जातिहरूमध्ये साना जातका (मानिसका) हातबाट अधिकार नभएका उत्तम कार्यहरू गराउनाले कुलको नाश र आयुको पनि नाश (हुने) हुन्छ। यसैले नगराउनू भन्ने नियमको व्यवस्था गरियो। यस्तै ठूला जातका स्त्रीले आफूभन्दा साना जातका पुरुषसँग संसर्ग नगर्नू, गरेमा जातिविशेषको व्यवस्था अनुसार जातिभ्रष्ट, भारी दण्ड तथा प्रायश्चित्तको भागी समेत हुन्छ भन्ने पनि नियम बाँधियो।

**जात-जातिका कामहरूको व्यवस्थाको सम्बन्धमा :–** सबैले आ-आफ्ना जातमा परापूर्वकालदेखि गरिआएका कामहरू मात्र गर्ने गर्नू। यस अनुसार ब्राम्हणहरूले आफूले गर्नू तथा गराउनुपर्ने पूजापाठ तथा जजमानीकोको काम गर्ने गर्नू। आफूले गर्नुपर्ने काम गर्दामा बिराएमा ब्रम्हण(हरू)लाई १००० तु. दण्ड गर्ने गर्नू।

यस्तै काम आचारहरूले बिराएमा ५००, गुभाल(हरू)ले बिराएमा ५००, ज्यापूले बिराएमा २५, सुडिनीले बिराएमा २५, पिछिनीले बिराएमा १२, नाउले बिराएमा १२, भाटले बिराएमा १२, कसारले बिराएमा १२, कुमालले बिराएमा १२, चित्रकारहरूले बिराएमा १२, कसाईले बिराएमा १२ र पोडेले बिराएमा उनीहरूलाई १२ तुरुष्क दण्ड गर्ने गर्नू। यस्तै यजमानले बिराएमा उसलाई पनि १००० तु. नै दण्ड गर्ने गर्नू। राजाले पनि परापूर्वदेखि सबै जातको कुलाचार अनुसारका कामहरूमा प्रवृत्त गराउने गर्नू।

**जात-जातिका वृत्तिहरूको सम्बन्धमा :–** ब्राम्हणले यजमानी, क्षत्रियले राजकाजको स्थिति, वैश्यले व्यापार र शूद्रले (माथि उल्लेख भएका) सबै जात(हरू)को सेवा गर्ने गर्नू। यी कामहरू अरु जातले गर्नुहुँदैन।

यस्तै चित्रकारहरूले चित्रकारी गर्नू, साल्मीहरूले तेल पेल्नू, छिपाले कपडा रङ्गाउनू, भाटले नम्बूर गाउनू, गठ तथा माली जातले फूल बेच्नू, खुसल जातले डोली बोक्नू, योगीको भेषधारी (व्यक्तिहरू) ले मागी खानू, लोहकमी जातले ढुंगाको काम गर्ने गर्नू, नकर्मी जातले फलामको काम गर्ने गर्नू, सिकर्मी जातले काठको काम गर्ने गर्नू, ज्योतिषीले ज्योतिषको काम गर्नू, कुमाल जातले माटाका भाँडाहरू बनाउने गर्नू, टटि जातका व्यक्तिले कात्रो बुन्ने गर्नू, कसाईले राँगो मार्ने तथा मासु बेच्ने गर्नू, नाऊले कपाल खौरने तथा नङ काट्ने गर्नू , भँडेलले पाककर्म गर्ने गर्नू, कसट जातले काँसाको काम गर्ने गर्नू, तमोट जातले तामाको काम गर्ने गर्नू, बाँडा जातले सुनचाँदीको काम गर्ने गर्नू, बौद्धाचार्य तथा गुभाल जातले चित्रकार साल्मी, छिपा, भाट, गठ, लोहकर्मी, कुमाल, नाउ र बाँडा यी ९ थरी जातकहाँ (गई) जजमानी गर्ने गर्नू।

**पञ्च-प्रजाहरूको निमित्त –** सिपाहीले ढाल-तरवार, सामान्य प्रजाहरूले डोको-डालो र सबैले आआफ्ना (तोकिएका) कर्ममा (प्रवृत्त) रहने गर्नू। ब्राम्हणलाई सिपाही(हरू)ले पाउलागी !' गर्ने गर्नू। (यस्तै) ब्राम्हणले – 'स्वस्ति कल्याण !' तथा 'दीर्घायु !' जस्ता आशीर्वादहरू दिने गर्नू। सिपाही तथा (सर्वसाधारण) नेवारहरूले परस्परमा 'रामराम !' गर्ने गर्ने गर्नू।

**चार वर्ण तथा छत्तिसै जातको निमित्त बाँधिएका स्थिति-बन्देजहरू :–**

**(क) जातक जन्मदा सुडेनीलाई दिने दस्तूर –** चिउरा कुरुवा १०, चामल कुरुवा १० र जन्मेदेखि न्वारनसम्म बालकलाई दिएका वस्तुहरू सुडेनीले पाउँछे। डाक्दा नआउने सुडेनीलाई १२ तुरुष्क दण्ड गर्ने गर्नू। साविक सुडिनीलाई नडाकी अन्य सुडेनीलाई डाक्ने र (यसरी डाक्दा) आउने सुडिनीलाई पनि २५/२५ तु. दण्ड गर्ने गर्नू। जन्म भएको दिन अजिमालाई र नातेदार इष्टमित्रहरूलाई पनि सिन्दूर-सुपारी दिने गर्नू। देवताहरूलाई सिन्दूरको पोका र दक्षिणा चढाउनू। गुरुपुरोहितलाई पनि दिनू। सिधापातु पनि चढाउनू। दिन विचार गरी बढिया दिनमा पिछिनीलाई


http://dibyaupadesh.wordpress.com

डाकी नाम कटाउनू । त्यसलाई दस्तुर चिउरा कुरुवा ५ दिनू । डाक्न जाँदा नआउने पिछिनीलाई १२ तु. दण्ड गर्ने गर्नू

(ख) बालक जन्मेका चौथा दिनमा अजिमालाई सिचुपालु चढाउनू । सिचुपालु भनेको सुत्केरी हुँदा नून, अदुवाको टुक्रा, ज्वानु र चाकु एकै ठाउँमा मिसाइएको सुत्केरी हेर्न आउने सबै इष्टमित्रलाई बाँड्ने बालग्रह शान्त गर्ने पदार्थ हो । फेरि सिचुपालु बाँड्नू । क्वाथ र इसीमुगु (पनि) चढाउनू र खुवाउनू । सेतो भोटो, पहेँलो रुमाल, मिमिरा अंगुठी र एक कुरुवा चामल तथा बुकुवा तेल लाइदिनू । पुरोहितले सोको काम गर्नू । यजमानले (पुरोहितलाई) दक्षिणा भेटी (बापत) २४ दाम दिने गर्नू ।

यसमा साबिक पुरोहितलाई नडाकी अर्कै पुरोहितलाई डाक्ने यजमान तथा (यसरी डाक्दा) आई काम नगर्ने पुरोहितलाई (पनि) ५/५ तु. दण्ड गर्ने गर्नू । जो सकेको हर्षबधाई तथा सिचुपालु समेत गाउने-बजाउने(हरू)लाई दिई पठाउनू । फुपूले त्यहाँ आउने नातेदार तथा पुत्रपरिवारहरू सबैलाई खुवाउनू । काम सिद्धिएपछि फुपूलाई चोलाहरू दिई पठाउनू । पुरोहितलाई सिधा-दक्षिणा दिई पठाउनू ।

(ग) (जातक जन्मिएको) दशौं दिनका दिन नाउलाई डाकी नङ केश बनाउनू । नाउले आफूले पाउनुपर्ने वर्षदिनको ठेक्का बाली अड्केको भए अड्कको बाली लिएर मात्र काम गर्ने गर्नू । यसै गरी यजमानले पनि नाउ-नडिनीलाई दिनुपर्ने ठेक-बाली नअड्काई अगाडि नै दिने गर्नू । डाक्दा आएन भने त्यस नाउलाई १२ तु. दण्ड गर्ने गर्नू । यजमानले साबिक नाउलाई छोडी अर्को नाउलाई डाकेर काममा लगाए भने काममा लगाउने तथा गर्ने दुवैलाई १२/१२ तु. दण्ड गर्ने गर्नू ।

देवपाटनमा बसेका लुगा धुने संघत भन्ने जातलाई लुगा धुन दिंदा एक पाथी चिउरा र १४ दाम दस्तुर दिने गर्नू । डाक्न जाँदा नआउने संघतलाई ३ तु. दण्ड गर्ने गर्नू । साबिक संघतलाई छोडी अन्य संघतलाई डाकी काम लगाएमा सो गर्ने तथा गराउनेलाई ३/३ तु. दण्ड गर्ने गर्नू ।

सूतकभित्रमा ज्योतिषीलाई डाकी बढिया दिन हेरी चिना-चिठा गर्ने गर्नू । उनलाई १२ दाम दस्तूर दिने गर्नू । ब्रह्मण तथा रजपूतहरूको १२ दिनमा नामकर्म गर्ने गर्नू । अन्य जातको (भए) १० दिनमा गर्ने गर्नू । पुरोहितले कलशपूजा गरी नाम ठहराएर पञ्चसुगन्ध पदार्थले जन्मपत्रीमा नाउँ लेखी बाँचेर बालकलाई सुनाउने गर्नू । यसो गर्दा सुडिनीले बालकलाई स्नान गराउनू । घृतप्राशन गराउनू । मिमिरा अंगुठी, भोटो, बुकुवा र तेल लगाइदिई रुमाल दिने गर्नू । कलशपूजामा तथा अजिमाको काम गर्दा पिनि सचुपालु चढाउने गर्नू । यी काममा माग्ने मानिसहरूलाई पनि सिचुपालु बाँड्ने गर्नू । माइतबाट ल्याएको टीकाको सरजाम सौंपने गर्नू । माइतबाट आउने मानिसलाई पेटभरि खुवाएर दाम दिई बिदा गर्ने गर्नू । अजिमालाई दिने पदार्थहरू बाटामा लगी फाल्ने गर्नू । त्यस दिनदेखि बालकलाई महमा घोटी-औषधी खुवाउने गर्नू ।

(घ) तेस्रो महिना लागेपछि बढिया दिनमा कलशपूजा गरी शुभलग्न तथा शुभ मुहूर्तमा कुलका मान्ने स्त्री वा पुरुषले नरिवल, कपूर, गुलियो फल र उखुका रसहरू खुवाउनू अनि सुडिनीले बलि फाल्नू । यजमानले ब्राह्मणलाई सिधा तथा दक्षिणा दिई बिदा गर्नू । माइतबाट आउनेलाई खुवाई २/२ दाम दस्तूर दिई बिदा गर्ने गर्नू । त्यस दिनदेखि बालकलाई फल तथा सातु (पनि) चल्यो ।

(ङ) छैटौं महिना लागेपछि बढिया दिन तथा मुहूर्तमा ब्राह्मणले कलशपूजा गरी चौरासी जातका परिकार भएका व्यञ्जनहरू तथा शालिधानको एक कुरुवा चामलको भात समेत



http://dibyaupadesh.wordpress.com

खाद्यपदार्थहरू ठूलो थालमा तिकुटी समेत राखेर पस्किई पहिले त्यही हिसाबको व्यञ्जन, भात, दहि आदि खाने पदार्थहरू अजिमालाई पर सारी असल वेलामा कुलका मान्ने पुरुष वा स्त्रीले पञ्चग्रास खुवाई ठूलो ग्रास गरी तीन ग्रास खुवाउनू । देवदेवतालाई १ भाग भेटी र ब्राम्हणलाई सिधा दक्षिणा दिई विदा गर्ने गर्नू । यस दिनदेखि बालकलाई अन्न चल्यो ।

**चूडाकर्म** – अघिल्ला दिन कुलका मान्ने पुरुषले नङ-कपालहरू बनाएर खरी पिनाले नुहाई शुद्ध हुने गर्नू । भोलिपल्ट गणेशपूजा, नान्दीश्राद्ध, पीठपूजा, पूर्वाङ्ग तथा गुरुनाथको पूजा समेत आचार्यका हातबाट गराउने गर्नू । त्यसपछि वटुकको शिरदेखि पाउसम्म सूत्रले नापी १०८ आवृत्ति गरी कुमारीको हातले बेनी बनाएको अधिवाससूत्र सुगन्धद्रव्य स्वस्तिक-चिह्नित पदार्थहरू र अग्निसंस्कृत लौहको क्षुर, शकुन-कलशहरू समेत जम्मा गरी र अभिषेक दिई नवरत्न-मुद्रिकाले वटुकको केशमा बाँध्ने गर्नू । देवतालाई भेटी चढाउनू । कुमारीको पूजा गरी ब्राम्हण, ज्योतिषी तथा आचार्यहरूलाई पूजा सिधा दक्षिणा दिने गर्नू । अनि तिकुटी सहितको ठूलो थालमा शालिधानको एक कुरुवा चामलको भात जम्मै पस्किई चौरासी व्यञ्जनहरू समेत त्यस वटुकलाई पञ्चग्रासपूर्वक भोजन गराउने गर्नू । अनि उच्छिष्ट कलुष फाल्ने गर्नू ।

भोलिपल्ट प्रतःकालमा सामग्रीहरू तयार गरी यज्ञमण्डपमा पूर्वाङ्गकर्म सिध्याई ब्रम्हार्चन गरेर हवन गर्ने गर्नू । (यसपछि) सुलग्न एवं सुमुहूर्तमा मातृन, क्षुर, सुवर्ण-सूचिहरू(लाई) चन्द्रमण्डल (अङ्किना) थालीमा हालेर पूजा गरी सर्वौषधीयुक्त जलले बालकको केशलाई भिजाउनू । केशमा पञ्चपल्लव बाँधी मावलीको हातले पहिले पूर्वतर्फको केश, अनि क्रमैले दक्षिण, पश्चिम तथा उत्तरका केश(हरू) छेदन गर्ने गर्नू । फुपूले चन्द्रमण्डल (अङ्किना) थलियामा थाप्नू । मामाले सुवर्णसूचिले सुगन्धी चन्दनद्वारा चिह्न लगाइदिनू अनि सम्पूर्ण केश नाउबाट नै खौराउनू ।

यसपछि कान छेड्नू, ठाडो टीका लगाउनू, स्नान गराई कपालमा श्रीखण्डले सेतो तिलक लगाइदिनू । निधारमा स्वस्तिक-चिह्न लेखी शकुन तथा आशीर्वादहरू पढी वस्त्र पहिराउनू । (यसपछि) ठाडो चन्दन लगाइदिनू देवताहरूलाई भेटी र ब्रम्हणहरूलाई सिधा दक्षिणाहरू दिने गर्नू । यसपछि यज्ञविसर्जन तथा अभिषेक गरी सूर्य तथा गणेश आदि देवताहरूको दर्शन गराउनू । मामाको घरबाट ल्याएको टीका लगाइदिनू । ल्याउनेहरूलाई खुवाई २/२ दाम दस्तुर दिने गर्नू । फुपूलाई चोलो १ तथा चन्द्रमण्डल (अङ्किना) थाल दिने गर्नू । नाउलाई ४ दिन क्षौरकर्ममा लगाएको वस्त्र र खानेकुराको भाग तथा १२ दाम दस्तुर समेत दिई विदा गर्ने गर्नू ।

यी कामहरूमा लाग्ने साविकका मानिसहरूलाई छोडी अरूलाई डाकेर काममा लगाउने यजमान तथा गर्नेलाई पनि २४/२४ तु. दण्ड गर्ने गर्नू । डाक्दा नआउने पुरोहितलाई १२ तुरुष्क, ज्योतिषीलाई ६ तु., फुपूलाई ८ तु., चित्रकारीलाई २ तु., कुमाललाई १० तु. र नाउलाई ३६ तुरुष्कका दरले दण्ड गर्ने गर्नू ।

माथि उल्लेख भएको ब्राम्हण तथा क्षत्रियहरूको चूडाकर्मको व्यवस्था हो । अन्य जातहरूको हकमा भने कलशपूजा मात्र गरी क्षौर गर्ने गर्नू । दण्डहरूको हकमा माथि लेखिए अनुसार नै गर्ने गर्नू ।

**व्रतबन्ध** – व्रतबन्धको अघिल्लो दिनमा अधिवासन, गणेशपूजा, कलशस्थापन तथा नान्दीश्राद्ध आदि चूडाकर्ममा गरिएबमोजिमका कर्महरू गरी गुरुले हवन गर्ने गर्नू । शुभमुहूर्त तथा वेलामा यथाक्रमले गुरुमण्डल तथा इन्द्रादि देवताहरूको पूजा गरी दण्डादि ग्रहण र आभूषण धारणपूर्वक मौञ्जीबन्धन गरी अन्त्यमा गोदानहरू गर्ने गर्नू ।

(क) **व्रतबन्धको आरम्भकाल** – ब्राम्हण(हरू)को माघादि, आषाढादि वा भाद्रशुक्ल पक्षमा व्रतबन्धको आरम्भ गर्नु बढिया हुने हुन्छ । यस्तै क्षत्रिय(हरू)को निमित्त असल साइतमा आरम्भ



http://dibyaupadesh.wordpress.com

गर्नु बढिया हुने हुन्छ । मौञ्जीबन्धनको अष्टम दिनमा समापवर्तन-कर्म गर्नु उचित हुन्छ । त्यसपछि कुलदेवताहरूको भोजन गरी अभिषेक तथा भोजनहरू गर्ने गर्नु । यो ब्राह्मण तथा क्षत्रियहरूको निमित्त व्यवस्था हो । अरु जातको निमित्त कलशपूजा मात्र गरी व्रतबन्ध गर्ने गर्नु, अरु कर्महरू गरिरहनुपर्दैन । यति कर्म भैसकेपछि स्वजातिका धर्म तथा मर्यादा(हरू)मा रहने गर्नु ।

**(ख) जातिच्युत भएमा संस्कार** – खुसलदेखि माथिल्ला जातले त्यसभन्दा मुनि कुलूसम्मका जातका (मानिसका) हातको पानी नखानु । कदाचित् भूलमा परी खाएको भएमा चान्द्रायण व्रत गरी पञ्चगव्य खाएर ब्राह्मणलाई गोदान गरी रात्रीमा ताराको दर्शन गरेर मात्र भोजन गर्नु, (त्यसपछि मात्र) शुद्ध होइन्छ ।

अकाल पर्दा जानि-जानि (तल्ला जातका मानिसका हातको पानी) खाएको भएमा प्राजापत्य चान्द्रायण व्रत तथा गोदान गरी ब्राह्मणहरूलाई सिधा-दक्षिणा दिएर सरकारमा १२० तु. दण्ड तिरी पञ्चगव्य (एवं) गङ्गाजल खाएर आफ्ना जातका (व्यक्ति)लाई १२/१२ तु. दिई उनीहरूलाई भोजन गराएर रात्रीमा ताराहरूको दर्शन गरी स्वजातिसँग भात मिलाउनु, (त्यसपछि मात्र) शुद्ध हुने हुन्छ ।

बाबु ब्राह्मण र आमा विधवा (ब्राह्मणी वा) रजपूतनीबाट जन्मेका जैसीहरूलाई जनै दिई शिखा तथा गायत्री पनि दिए हुन्छ । यस्ता जैसीहरू सङ्कल्प-(वाक्यसम्म) पढ्न सक्दछन् । तिनीहरूले विवाह-कर्म भने श्रेष्ठ जातसँग गर्ने गर्नु । तिनीहरूले ज्योतिषशास्त्र पढ्ने गर्नु । पात्रो बनाउनु, ग्रहण-सोम तथा स्नानादि योगहरू बनाउने गर्नु । चिन्ना लेख्नु । तिनीहरूले यति कार्यहरू गर्न हुन्छ । यी कार्यहरू बाहेक ब्राह्मणहरूले गर्ने अन्य कार्यहरू गर्न हुँदैन । मर्यादा नाघी जैसी जातका व्यक्तिहरू अन्य ब्रह्मकर्महरूमा प्रवृत्त भएमा त्यस्ता जैसीहरूलाई १२ तु. दण्ड गर्ने गर्नु ।

बाबु ब्राह्मण तथा आमा सवर्ण क्षत्रिनीबाट जन्म हुने कर्मांचार्य भन्ने जातले शिखा, गायत्री लिई तुलजादेवीको टहल गर्ने गर्नु । कदाचित् कुनै कारणले देवीको काम अड्क्यो भने पूजा नअड्काउनु । अरुले छुन नहुने देवदेवताहरूलाई बोकी राज हुने ठाउँमा ल्याउनु । कर्मांचार्यले आफ्ना पुर्खामा नचलेकोमा बलमिच्याई गरी जनै लाए त्यस जनैलाई छिनालिदिई त्यस्ता कर्मांचार्यलाई आगामा लाल गरी पोलेका फलामका तारको जनै लगाइदिनु । अरु कुरामा माथिकै सदर ठान्नु ।

जैसी जातले आफूले गर्न हुने कर्महरूबाहेक बलमिचाई गरी उपल्ला जातले गर्ने कर्महरू गरे त्यस्ता जैसीको जनै छिनाई श्रेष्ठ जातमा मिलाएर २४ तु. दण्ड गर्ने गर्नु ।

ब्राह्मणले खुसल्नीलाई स्वास्नी तुल्याए १२० तु. दण्ड गर्ने गर्नु । प्राजापात्य चान्द्रायण गरी आफ्ना जातवर्गीलाई २४/२४ दस्तूर दिएर भोजन गराउने गर्नु । पञ्चगव्य, गङ्गाजल, शालिग्रामको जल तथा तुलसीजल खाई रात्रीमा ताराको दर्शन गरेर भोजन गर्नु, (त्यसपछि मात्र) शुद्ध हुने हुन्छ ।

तपिनी, मुसल्नी, साल्मिनी, चित्रकानी, भटिनी र पुलपुलिनी जातका स्त्रीलाई ब्राह्मणले स्वास्नी तुल्याएमा खुसल्नीसँग बिग्रँदा गरिने कार्यहरू गरी शुद्ध हुन्छ । नाउनी तथा संगतनीसँग ब्राह्मण बिग्रिए १४० तु. दण्ड गर्ने गर्नु । अन्य कुरा माथि लेखिए बमोजिम गरी शुद्ध हुन्छ ।

लोहकर्मी, कौनी, माहुतिनी, छिपिनी, मालिनी, बलिनी, कसाइनी, गठिनी, सखुनी, छत्रकानी, सचल्नी, मुडिनी, कुरिलनी, बलामिनी र माभिनी जातका स्त्रीलाई ब्रह्मणले स्वास्नी तुल्याए ४८० तु. दण्ड गर्ने गर्नु । चान्द्रायणका हकमा माथि लेखिएको दोब्बर गरी अरु कर्म लेखिए बमोजिम गर्ने गर्नु ।



http://dibyaupadesh.wordpress.com

पोडिनी, च्यामिनी र कुसुनी जातका स्त्रीलाई यीभन्दा उपल्ला जातका पुरुषले स्वास्नी तुल्याएमा उसै जात हुन्छ, प्रायश्चित्त छैन । नजानी भूल गरी बिग्रिए २४० तु.दण्ड गर्ने गर्नु । तीन प्राजापत्य चान्द्रायण गरी अरु कर्म माथि लेखिएबमोजिम गर्ने गर्नु, (त्यसपछि मात्र) शुद्ध हुन्छ । माथि उल्लेख भएका सबै जातमा लोग्ने भएका स्वास्नीसंग बिग्रिएमा ६० सुनशुक्री रुपियाँ दण्ड गर्ने गर्नु ।

त्यसमा जानेका स्वास्नीहरुसंग बिग्रिएमा लेखिएको दण्डको दोब्बर दण्ड गर्ने गर्नु । माथि उल्लेख भएका प्रायश्चित्त भने आधा गर्ने गर्नु । लेखिएका कसूरहरू क्षत्रिय जातले गरेको भएमा त्यसको आधा दण्ड गर्ने गर्नु । अरु कुरामा ब्राह्मणलाई हुने दण्ड बमोजिम गर्ने गर्नु । वैश्य जाति बिग्रिए भने दण्डको हकमा क्षत्रियलाई हुने दण्ड बमोजिम गर्ने गर्नु । प्रायश्चित्त आधा गर्ने गर्नु । अरु लेखिएकै सदर । शूद्र जाति बिग्रिए भने दण्डका हकमा क्षत्रियलाई हुने दण्डको आधा दण्ड गर्ने गर्नु । चान्द्रायण व्रत माथिकै सदर हुन्छ । प्रायश्चित्त गर्न नपर्ने लोग्ने हुने स्वजातका स्वास्नीसंग बिग्रिएमा ६० सुनशुक्री रुपियाँ दण्ड गर्ने गर्नु ।

असल जातका स्वास्नीमानिससंग उभन्दा कम जातका पुरुष बिग्रिएमा जातको पद्धति बढाई स्वास्नीमानिसको गर्भ रहेको छैन भने भूल परी बिग्रिएको भए चौथाइ दण्ड गर्ने गर्नु । चान्द्रायण तथा प्राजापत्यको हकमा माथिकै सदर गर्ने गर्नु । जानी-जानी बिग्रिएको भएमा दण्ड तथा चान्द्रायणको हकमा दोब्बर बढाई गर्ने गर्नु अरु माथि लेखिएकै सदर गर्नु ।

लोग्ने हुने ब्राह्मणीसंग ब्राह्मण बिग्रिए ३० सुनशुक्री रुपियाँ दण्ड गर्ने गर्नु । ती ब्राह्मणी आफ्नो जातबाट भ्रष्ट हुन्छिन् । लोग्ने भएका ब्राह्मणीसंग क्षत्रिय बिग्रिएमा लिङ्ग काटिदिई ३० सुनशुक्री रुपियाँ दण्ड गरेर खोला पारि पुऱ्याई त्यस क्षत्रियलाई एकै चोटमा मर्ने गरी चाण्डालको हातबाट हानी मार्ने गर्नु । विधवा ब्राह्मणीसंग क्षत्रिय बिग्रिएमा लिङ्ग मात्र काटी ३० सुनशुक्री रुपियाँ दण्ड गर्ने गर्नु । त्यस क्षत्रियले आफ्नो जात-भातमा जानुपरेमा प्राजापत्य चान्द्रायण गर्ने गर्नु,' गरेको अपराध शुद्ध हुन्छ । लोग्ने भएका ब्राह्मणीसंग वैश्य जात बिग्रिएमा लिङ्गलाई काटिदिई १२० सुनशुक्री रुपियाँ दण्ड गर्ने गर्नु । दुवै लोग्ने-स्वास्नीलाई चान्द्रायण व्रत छैन, दुवै अपराधी ठहर्दछन् । विधवा ब्राह्मणीसंग वैश्य बिग्रिएमा लिङ्ग काटिदिई ६० सुनशुक्री रुपियाँ दण्ड गर्ने गर्नु । ब्राह्मणीलाई चान्द्रायण व्रत छैन, अपराधी हुन्छे । त्यस्ता वैश्यले आफ्ना जात-भातमा चल्नुपरेमा १० पटक(सम्म) प्राजापत्य तथा चान्द्रायण व्रत गर्ने गर्नु, (त्यसपछि मात्र) शुद्ध हुन्छ । लोग्ने हुने ब्राह्मणीसंग शूद्र बिग्रिएमा लिङ्ग काटिदिई त्यसैलाई खुवाई चाण्डालको हातबाट त्यसलाई कटाउनू । यस्ता ब्राह्मणीलाई चान्द्रायण व्रत छैन, लोग्नेको जातमा मिल्दछे ।

**जातविशेषका कार्यव्यवस्थाहरू:-**

**कुलु जातले गर्ने कामको व्यवस्था** – आफ्ना जातका हातबाट कपाल खौरनु, नङ काट्नु । वृद्धिसूतक तथा मृतसूतकको कर्म पनि आ-आफूले नै गर्ने गर्नु । अशौच १० दिन बार्ने गर्नु । ४५ दिने पिण्डकर्म तथा सपिण्डीकर्म पनि आफ्ना जातका नाइकेका वचनले आफ्ना जातका जान्ने मानिसका मुखबाट वाक्य पढी गराउने गर्नु । छालाका कुवा, गाग्रो, थैली, थैलो आदि मालहरू बनाउनु । बाजा पेटाराका गोलामा छाला लगाउनु । आफ्नो जातले गर्ने छालाको काम छोडी अरु जातले गर्ने इलम गरे त्यस कुलूलाई १२० तु. दण्ड गर्ने गर्नु । यस जातले आफ्ना जातमा विवाह गर्न पाएन भने आफ्नो जात नदबाई राजी गराई श्रेष्ठदेखि कुसलेसम्मका जातका स्वास्नी ल्याउनु, बात लाग्दैन ।

**पोडे जातले गर्ने कामको व्यवस्था** – आफ्ना जातका हातबाट कपाल खौरनु, नङ काट्नु ।



http://dibyaupadesh.wordpress.com

आ-आफूले बचन पढी सूतक-पिण्डहरू गर्नू । जोडी मिलाई जोर पोशाक लगाउने गर्नू । सुनको गहना नलगाउनू । सूर्यनारायण अस्त भएपछि विनाकामले शहरभित्र नपस्नू । पीठदेवताका समीपमा बसी देवताका गहनाको संभार गरेर नैवेद्य मागी खाने गर्नू । माछा मारी तथा भँगेरा समाती बेचेर खाने गर्नू । आफूभन्दा ठूला जातलाई नछुनू । गाई नखानू, संगुर खानू । मुर्दाका लुगाहरू बटुलेर लिनू । श्मशानको दस्तुर १ दाम लिने गर्नू । पोडिनीले सती जाने स्वास्नीमानिसहरूसँग प्रेमपूर्वक मागी जोर पोशाक लिने गर्नू । सती जाने स्वास्नीमानिसले सोग्नेसँग नमरी चिताबाट झरेर जान्न भनी भने त्यस स्त्रीले पोडिनीसँग मिली त्यही जात भई बस्ने गर्नू ।

**डूम जातको व्यवस्था** – कुसले जातसँग सँगै मिली ढोलक बजाउने गर्नू । स्वास्नी नचाएर कमाइ गरी खानू । मृतसूतककर्म र वैपक्षिककर्महरू आफैँले गर्ने गर्नू ।

**कुसले जातको व्यवस्था** – सबै प्रजाका मङ्गलकार्यहरूमा बाजा बजाउने गर्नू । सामान्य कार्य गर्दा दस्तूर १२ दाम लिने गर्नू । विवाहकार्यमा भए रु ॥ दस्तूर लिने गर्नू । पास्नी, चूडाकर्म तथा व्रतबन्धमा जनही दस्तूर ६/६ दामका दरले लिने गर्नू । मङ्गलकार्य गर्नेले तिनीहरूलाई पेटभरी खुवाउने गर्नू । यस जातले डाक्दा नआई काम अड्काए १२ तुरुष्क दण्ड गर्ने गर्नू । टोल-टोलमा दुनियाँहरूको चोक बढारी खाने गर्नू । कापालिक भेष भई डमरु बजाएर मागी खाने गर्नू । सूतक दिन ६ र मृतक दिन ७ बार्ने गर्नू । मृतक गाड्नू । पुरोहित आफ्नै जातको हुनू । मरेमा वैपाक्षिक कार्य गर्ने गर्नू । खेतबारी कमाउनू ।

**कसाई जातको व्यवस्था** – आफ्ना जातका हातबाट नङ केश बनाउनू । दुनियाँको शवलाई श्मशानघाटमा लैजाँदा सतीको बाजा बजाएकोमा एक-एक टका र अरूमा तीन-तीन दाम दस्तुर लिने गर्नू । दुनियाँका काममा राँगो काट्दा एक दाम वा एक पैसा दस्तुर लिई काट्ने गर्नू । भित्र टीकावाल राँगो नकाटी बाहिर राँगा नकाट्नू । भलामानिसलाई त्यो मासु नबेच्नू । चौरमा प्रजाहरूको राँगो काट्नु परे राजदस्तूर बापत एक पैसा लिएर मात्र काट्ने गर्नू । मासुको व्यापार गर्नेले दोब्बर राजदस्तूर दिने गर्नू । दुनियाँले बँदेल काट्नुपर्‍यो भने सरकारमा टाउको चढाई आफ्नो दस्तूर आठ पैसा लिई मासु छुटयाइदिने गर्नू । आफूभन्दा ठूला जातलाई दही दूध नबेच्नू । घिउ पनि नदिनू । सूतक दिन ६ र जूठो दिन ७ बार्ने गर्नू । वैपक्षिक कर्महरू माथि लेखिए अनुसारकै सदर । खेती गर्नू । पुरोहित गुभाल (= गुभाजु) गर्ने गर्नू ।

**नरी जातको व्यवस्था** – भित्तामा चित्रकार लेख्ने गर्नू । फर्मायसी चित्र पनि लेख्ने गर्नू । कसाईबाट नङ केश कटाउनू । सूतक दिन ६ र मृतक दिन १० बार्ने गर्नू । वैपाक्षिक कर्म पनि गर्ने गर्नू ।

**माली जातको व्यवस्था**– फूल बेची तथा माटी खाने गर्नू । सूतक, जूठो, वैपक्षिक र पुरोहितहरू नारी जातको बमोजिम गर्ने गर्नू ।

**छिपा जातको व्यवस्था** – नीर आदि रङगहरूले धागो कपडाहरू रँगाउने गर्नू । कसाईबाट कपाल (तथा) नङ कटाउने गर्नू । सूतक, जूठो, वैपक्षिक र पुरोहितहरू पनि नरी जातको अनुसार (नै) गर्ने गर्नू ।

**पुल्पुलु जातको व्यवस्था** – दुनियाँका मृतकहरूलाई श्मशानघाटमा लैजाँदा अघि-अघि लागेर मुजुरा आरती बजाई आफ्नो दस्तूर ४ दाम र एक कुरुवा चामल लिने गर्नू । कसाईबाट कपाल, नङ बनाउनू । सूतक, जूठो, वैपक्षिक र पुरोहितहरू माथि लेखिए बमोजिम गर्ने गर्नू ।

**नकर्मी जातको व्यवस्था** – (नकर्मीले) फलामको काम गर्ने गर्नू । सूतक ६ दिन बार्नू । जूठो, वैपक्षिक तथा पुरोहितहरू माथि लेखिएबमोजिम गर्ने गर्नू ।

**पिछिनी जातको व्यवस्था** – (पिछिनी जातले) दुनियाँका बालबच्चाहरू जन्मदा बढिया



http://dibyaupadesh.wordpress.com

दिनमा नाल काटेर दोबाटामा लगी गाड्ने गर्नु । (यसले) सुडिनीले पाउने दस्तूरको आधा दस्तूर लिने गर्नु । आशौच १० दिन बार्नु । पुरोहित गुभाल गर्ने गर्नु । वैपक्षिक गर्नु, नाऊ कसाई गर्ने गर्नु । खेत कमाउनु ।

**संघत जातको व्यवस्था** – दुनियाँहरूको लुगा धोई वर्ष दिनको कबूल बमोजिम बाली वा महिनावारी लिने गर्नु । जुठो तथा सूतक परेमा त्यस्तो परेका विष्टबाट ६/६ कुरुवा चिउरा र १६/१६ दाम दस्तूर लिने गर्नु । खेत कमाउनु । सूतक, जुठो तथा पुरोहितहरू माथिकै सरह गर्ने गर्नु ।

**नाऊ जातको व्यवस्था** – ब्राम्हणदेखि ज्यापूपर्यन्तका जातको कपाल खौरने गर्नु, नङ काट्नु । सूतक जुठो परेमा ६/ ६ कुरुवा चिउरा दस्तूर लिने गर्नु । अरु कार्यमा भने आफ्ना विष्टले जो दिएको भाग लिने गर्नु । माहुर लाउनु । ऐना देखाउनु । चूडाकर्म तथा ब्रतबन्धहरूमा भोज खाई १२/१२ दाम दस्तूर लिने गर्नु । अरु कार्यमा विष्टले जो दिएको भाग लिने गर्नु । खेत कमाउनु । सूतक तथा जुठो १० दिन बार्ने गर्नु । वैपक्षिक सत्याकर्म पनि पनि गर्ने गर्नु । पुरोहित माथिकै सदर गर्ने गर्नु ।

**कोनाल जातको व्यवस्था** – (कोनाल जातले) नेपाली धूप बनाई काठ कुँदेर बेची खाने गर्नु । अरु कार्य माथिकै सदर गर्ने गर्नु ।

**महाब्राम्हण तथा भाट जातको व्यवस्था** – (महाब्राम्हण तथा भाट जातले) पाखी तथा पटुकाहरू रङ्गाउनु । सूतक परेमा ११ दिनमा दिएको भोजन खाने गर्नु । खेत कमाउनु । पसल नराख्नु । मृतकका जूठाहरू माथिको सदर ।

**चित्रकार जातको व्यवस्था :–** (चित्रकार जातले) देवताको चित्र लेख्ने गर्नु । गुभालसँग दीक्षा ग्रहण गर्नु । खेत कमाउनु । रक्सी जाँडहरू बेच्नु । नाऊ कसाई गर्ने गर्नु । जुठो तथा सूतक माथि लेखिए बमोजिमको सदर ।

**साल्मी जातको व्यवस्था :–** (साल्मी जातले) तेल पेली बेच्ने गर्नु । माथियाने खट बाँध्नु । अरु कर्महरू माथिकै सदर गर्ने गर्नु ।

**मुसल जातको व्यवस्था :–** (मुसल जातले) कसाइले मासु बेच्ने ठाउँमा पोको पारिदिई उसले दिएको आफ्नो दस्तूर लिएर खाने गर्नु । सूतक तथा जुठो माथिको नै सदर गर्ने गर्नु ।

**टेपे जातको व्यवस्था** – (टेपे जातले) पालुङ्गाको साग रोपी व्यवस्थासित बेच्ने गर्नु । बेच्दा सरकारमा दस्तूर दिने गर्नु । काहार बाजा बजाउने गर्नु । खेती गर्नु । सूतक जुठो आदि माथिकै सदर गर्ने गर्नु ।

**खुसल जातको व्यवस्था :–** (खुसल जातले) काहार बाजा बजाउने गर्नु । खट बाँध्दा साल्मी जातले नपुगे गुहार दिने गर्नु । खेती गर्नु । सूतक जुठो आदि माथिकै सदर गर्ने गर्नु ।

**सिकर्मी जातको व्यवस्था :–** (सिकर्मी जातले) काठको काम गर्ने गर्नु । सूतक ६ दिन तथा जुठो १० दिन बार्ने गर्नु । वैपक्षिक गर्नु । पुरोहित पनि माथिकै सदर गर्ने गर्नु ।

**ग्वाल तथा हेल जातको व्यवस्था** – (ग्वाल तथा हेल जातले) गाई पाल्ने गर्नु । दूध, दही तथा घिउहरू बेच्नु । सरकार र प्रजाहरूलाई कार्य गर्दा चाहिएका गाईहरू तैयार गरी मोल लिएर दिने गर्नु । सूतक १० दिन तथा जुठो १२ दिन बार्ने गर्नु । वैपक्षिक तथा पुरोहितहरू माथिकै सदर गर्ने गर्नु ।

**कुमाल जातको व्यवस्था** – (कुमाल जातले) माटाका भाँडा बनाई सरकारलाई दस्तूर दिएर बेच्ने गर्नु । सूतक १० दिन बार्नु । जुठो तथा वैपाक्षिकहरू माथिकै सदर गर्ने गर्नु । पुरोहित गुभाल वा आचार गर्ने गर्नु ।



http://dibyaupadesh.wordpress.com

**उदास जातको व्यवस्था –** (उदास जातले) ल्हासामा कोठी थापी व्यापार गर्ने गर्नू। सूतक ६ दिन तथा जूठो १० दिन बार्ने गर्नू। वैपश्चिक गर्नू। पुरोहित गुभाल गर्ने गर्नू।

**तटी जातको व्यवस्था –** (तटी जातले) कातो बुन्नू। जनै बनाई बेच्ने गर्नू। सूतक तथा जूठो १० दिन बार्ने गर्नू। वैपश्चिक गर्नू। पुरोहित ब्राह्मण गर्ने गर्नू।

**तमोट जातको व्यवस्था –** (तमोट जातले) तामा, काँसा आदि धातुका भाँडाहरू बनाउने गर्नू। सुनचाँदीका भाँडामा जलप गर्ने गर्नू। सूतक ६ दिन तथा जूठो १२ दिन बार्ने गर्नू। वैपश्चिककर्म माथिकै सदर गर्ने गर्नू। पुरोहित ब्राह्मण, आचार्य वा जोसीहरू गर्ने गर्नू। यजमान बुद्धमार्गी भए पुरोहित गुभाल गर्ने गर्नू।

**सुलमी श्रेष्ठ जातको व्यवस्था –** (सुलमी श्रेष्ठ जातले) रानीका माइती नभए माइतीले गर्ने काम गर्ने गर्नू। व्यापार गर्नू। सूतक, जूठो तथा वैपश्चिकहरू माथिकै सदर गर्ने गर्नू।

**किसानी जातको व्यवस्था :–** (किसानी जातले) देवदेवताका पूजासामा बोक्ने गर्नू। बलि फाल्नू। पुरोहित गुभाल गर्ने गर्नू, खेत कमाउनू। सूतक, जूठो तथा वैपश्चिकहरू माथिकै सदर गर्ने गर्नू।

**वैद्य जातको व्यवस्था :–** (वैद्य जातले) दुनियाँको नाडी हेरी व्यथा ठहऱ्याएर औषधी गरी रोग निवारण गर्ने गर्नू। असाध्य भई जाने ठहरेका बिरामीलाई वैतरणी आदि दान गराई तीर्थमा पुऱ्याउने गर्नू। औषधी खुवाउँदा अनुपान तथा पथ्य मुनासिब विचार गरी प्रयोग गर्ने गर्नू। दस्तुर १ टका लिने गर्नू।

**लोहकर्मी जातको व्यवस्था :–** (लोहकर्मी जातले) शास्त्रोक्त प्रमाणपूर्वक देवदेवताहरूको मूर्ति बनाउने गर्नू। सुमेरु खोली ढुंगा फोर्ने गर्नू। सूतक १० दिन तथा जूठो १२ दिन बार्ने गर्नू। वैपश्चिक कर्म गर्नू। पुरोहित गुभाल गर्ने गर्नू।

**बरही जातको व्यवस्था :–** (बरही जातले) काठको फर्मायसी काम गर्ने गर्नू। चर्खा, उइँटा आदि काठका मालहरू बनाई बेचेर खानू। सूतक जूठोहरू माथिकै सदर गर्ने गर्नू। पुरोहित ब्राह्मण गर्नू। बुद्धमार्गी भए गुभाल गर्नू।

**हलवाइ जातको व्यवस्था :–** (हलवाई जातले) रोटी बनाउनू। गुभालसँग मन्त्र सुन्नू। सूतक १० दिन तथा जूठो १२ दिन बार्ने गर्नू। वैपश्चिक कर्म पनि गर्ने गर्नू।

**भिखु (भिक्षु) बाँडा जातको व्यवस्था :–** (भिखु बाँडा जातले) मूला तथा अदुवाको खेती गर्ने गर्नू। पञ्च-पताका दिनू, शिखा मुण्डन गर्ने गर्नू। गुभालसँग मन्त्र सुन्नू। सूतक १० दिन तथा जूठो १२ दिन बार्ने गर्नू। वैपश्चिक कर्म पनि गर्नू। पुरोहित गुभाल गर्ने गर्नू।

**बाँडा जातको व्यवस्था :–** (बाँडा जातले) सुनचाँदीको गहना बनाउने गर्नू। हलौट धातुको भाँडा बनाउने गर्नू। धातुमा बुट्टा काट्नू। सुनचाँदीको जलप गर्ने गर्नू। काँसका कचौराहरू बनाउनू। पुरोहित गुभाल गर्ने गर्नू। सूतकादि कार्यहरू माथिकै सदर गर्ने गर्नू।

**वज्राचार्य जातको व्यवस्था :–** यो गुभाल जात हो। यसले श्रेष्ठ, ज्यापू, हलवाई, बरही, सिकर्मी, लोहकर्मी तथा चित्रकारसम्मका अघिदेखि आफूले मन्त्र दिइआएका बुद्धमार्गी(हरू)लाई मन्त्र दिने गर्नू। सूतक ६ दिन तथा जूठो १० दिन बार्ने गर्नू। पुरोहित गुभाल नै गर्ने गर्नू। ४५ दिने कार्य पनि गर्ने गर्नू।

**पीठाचार्य जातको व्यवस्था –** (पीठाचार्य जातले) पीठ-पीठमा देव-देवताको पूजा गर्ने गर्नू। आफूले अघिदेखि गरिआएका तथा अधिकार पाएका महाबलि आदि बलिविधानहरू गर्ने गर्नू। ब्राह्मणबाट मन्त्र सुन्नू। जनै धारण गर्ने गर्नू। विधिका हकमा आफ्ना जातका शिष्ट पुरुषहरूले गर्ने गर्नू। सूतक तथा जूठो १२ दिन बार्ने गर्नू। ४५ दिने कार्य पनि गर्ने गर्नू।



http://dibyaupadesh.wordpress.com

पुरोहित ब्राह्मण गर्नू । विवाहकार्यमा श्रेष्ठ जात तथा दुनियाँको घर पवित्र गर्ने गर्नू ।

शिवाचार्य जातको व्यवस्था – (शिवाचार्य जातले) शिवलिङ्गको पूजा गर्ने गर्नू । आफ्नो अधिकार भएका जातसम्ममा यजमानी कार्य गरी यज्ञादि कर्म गर्ने गर्नू । गृहशुद्धिकर्म पनि गर्ने गर्नू । ब्राह्मणबाट मन्त्र सुन्नू । जनै धारण गर्ने गर्नू । आफ्ना जातका कर्महरू आफ्ना जातका शिष्टहरूका हातबाट गर्ने गर्नू । सूतकादि माथिकै सदर गर्ने गर्नू । पुरोहित ब्राह्मण गर्नू । श्रेष्ठसँग विवाह आदि व्यवहार चलाउने गर्नू ।

कर्माचार्य जातको व्यवस्था:– (कर्माचार्य जातले) श्री तलेजुको टहल चौकी बस्ने गर्नू । ब्राह्मणबाट मन्त्र सुन्नू । जनै धारण गर्ने गर्नू । कर्मकाण्डको विधि आफैंले गर्ने गर्नू । आफ्ना अधिकार भएका जातसम्ममा यजमानी गर्ने गर्नू । पुरोहित ब्राह्मणलाई गर्ने गर्नू । सूतक आदि माथिकै सदर गर्ने गर्नू ।

गुर्वाचार्य जातको व्यवस्था – (गुर्वाचार्य जातले) श्रेष्ठलाई दीक्षामन्त्र सुनाउने गर्नू । ब्राह्मणबाट मन्त्र सुन्नू । आफ्नो अधिकार भएका जातमा यजमानी गर्ने गर्नू । शुभकार्यमा होम गर्नू । पुरोहित ब्राह्मण गर्नू । सूतक तथा जुठो माथिकै सदर गर्ने गर्नू ।

देवाचार्य जातको व्यवस्था :– (देवाचार्य जातले) आफ्नो जातका शिष्टजनबाट मन्त्र सुन्ने गर्नू । आफ्ना शुभकार्यमा होम गर्ने गर्नू । यजमानी गर्नू । पुरोहित तथा सूतक आदि माथिकै सदर गर्ने गर्नू ।

पात्रवंश तथा ठकुलवट जातको व्यवस्था – (पात्रवंश तथा ठकुलवट जातले) ब्राह्मणबाट मन्त्र सुन्ने गर्नू । ढाल-तरवार भिर्नू । राजसेवामा निरन्तर रहने गर्नू । पुरोहितहरू माथिकै सदर गर्ने गर्नू ।

राजलवट जातको व्यवस्था :– (राजलवट जातले) ब्राह्मणहरूबाट मन्त्र सुन्ने गर्नू । ढाल-तरवार भिर्नू । राजसेवामा रहनू । पुरोहितहरू माथिकै सदर गर्ने गर्नू ।

कायस्थ जातको व्यवस्था:– (कायस्थ जातले) सरकारको दस्तखत तथा मोहरहरू लेख्ने गर्नू । राजा तथा दुनियाँ सबैमा दानपत्र तथा सुर्कीबिक्रीपत्र आदि व्यावहारिक लिखतहरू लेख्नू । त्यसरी लेखेकोमा दस्तुर लिने गर्नू । ब्राह्मणसँग मन्त्र सुन्नू । पुरोहित तथा सूतकहरू माथिकै सदर गर्ने गर्नू ।

भारो श्रेष्ठ जातको व्यवस्था – (भारो श्रेष्ठ जातमध्ये) शिवमार्गीले ब्राह्मणसँग बुद्धमार्गीले गुभाजुसँग मन्त्र सुन्ने गर्नू । व्यापार गर्नू । पुरोहितका हकमा (पनि) शिवमार्गीले ब्राह्मण र बुद्धमार्गीले गुभाजुलाई गर्नू । । सूतकादिहरू माथिकै सदर गर्ने गर्नू ।

अमात्य तथा महाजू जातको व्यवस्था :– (अमात्य वा महाजू जातले) ब्राह्मणसँग मन्त्र सुन्ने गर्नू । उत्तम श्रेष्ठसँग विवाह गर्ने गर्नू । राजकार्य गर्ने गर्नू । पुरोहित तथा सूतकहरू भारो श्रेष्ठकै अनुसार गर्ने गर्नू ।

जोशी जातको व्यवस्था – (जोशी जातले) ब्राह्मणसँग मन्त्र सुन्ने गर्नू । जनै, शिखा तथा गायत्री (पनि) धारण गर्ने गर्नू । सङ्कल्पवाक्य पढी नित्यकर्म गर्ने गर्नू । उत्तम श्रेष्ठसँग विवाह गर्ने गर्नू । ज्योतिषशास्त्र पढ्नू । पात्रो बनाउनू । ग्रहण, ग्रहयोग, स्नान, दान, प्राशस्त्ययोग, ग्रहहरूको मेलक, शुभाशुभ योग आदिको ठीक-ठीक निर्णय गरी प्रजाहरूलाई बताउनू । जन्मपत्री तथा चिनाहरू लेख्नू । यसदेखि उपल्ला श्रेणीका कर्महरू नगर्नू । आफ्ना अधिकारसम्मको यजमानी कार्य गर्ने गर्नू । पुरोहित तथा सूतकहरू माथिकै सदर गर्ने गर्नू ।

दैवब्राह्मण जातको व्यवस्था – (दैवब्राह्मण जातले) स्वजनबाट मन्त्र सुन्ने गर्नू । राजालाई मन्त्र दिनू । श्रेष्ठसम्मका जातहरूमा यजमानी गर्ने गर्नू । वेदमन्त्र, स्मृति तथा पुराण



http://dibyaupadesh.wordpress.com

आदिबाट कृत्यमा गल्ती भएको ठहरिएका कार्यहरूमा (सुधार) गर्नू तथा गराउनू । आफ्नो निमित्त निषेध गरिएका कार्यहरू नगर्नू तथा नगराउनू । राजगुरुघरले पुराण बाँच्ने गर्नू । राजगुरुले अरूलाई मन्त्र नसुनाउनू । पुरोहित स्वजातीय ब्राम्हण गर्ने गर्नू । सूतक १० दिन तथा जुठो १२ दिन बार्ने गर्नू । ४५ दिनमा गर्ने मासिक-श्राद्ध तथा सपिण्डक-श्राद्धहरू पनि गर्ने गर्नू ।

ब्राम्हण जातको छोरा नभई ब्राम्हण परलोक भएमा तिनकी ब्राम्हणीले स्वर्गमा रहन्जेल जो भएको चल अचल धनहरू खान तथा बेहोर्न पनि पाउँछिन् । ती ब्राम्हणी छउन्जेल अपुताली भनी अन्य दाजुभाइहरूले लिन पाउँदैनन् । कार्यहरू पनि अरूले गर्न पाउँदैनन् । तिनै ब्राम्हणीले गर्ने गर्नू ।

यस्ता हिसाबले राजा जयस्थिति मल्लले स्थिति-बन्दोबस्तहरू बाँधी (आफ्ना) सबै प्रजाहरूलाई (यसैमा) प्रवृत्त गराएर आफू पनि यसै स्थिति-बन्देजमा रहेका थिए । यो स्थिति-बन्देजलाई पछि हुने राजा तथा प्रजाहरू जसले नाश गर्ला त्यसलाई पाप लाग्ला, जसले भावी उत्तरोत्तर उन्नति गराउला उसलाई पुण्य होला भनी (राजा जयस्थिति मल्लले) यो श्लोक समेत लेखी प्रचार गराएका थिए :–

"आदित्यचन्द्रावनिलोनलश्च, द्यौर्भूमिरापो हृदयं यमश्च ।
अहश्च रात्रिश्च उभे च सन्ध्ये धर्मस्य जानाति नरस्य वृत्तम् ।"

"सत्यं हन्ति सुतं हन्ति, हन्ति पुण्यं पुरा कृतम् ।
स्वर्गस्थं पितरं हन्ति, ये प्रकुर्वन्ति चान्यथा ॥

स्वदत्तां परदत्तां वा, यो हरेच्च वसुन्धराम् ।
षष्ठिवर्षसहस्राणि विष्टायां जायते कृमिः ॥"



http://dibyaupadesh.wordpress.com

परिशिष्ट (ग)

# राजा महेन्द्र मल्लले बाँधिका स्थिति-बन्देजहरू

## राजा महेन्द्र मल्लको परिचय:-

नेपालका मल्ल राजाहरूमा 'महेन्द्र मल्ल' वा 'महीन्द्र मल्ल' नाम भएका तीन जना राजाहरू भएका पाइन्छन् – (१) काठमाडौं राज्यका राजा भूपालेन्द्र मल्लका छोरा राजा 'महीन्द्र मल्ल', (२) ललितपुर राज्यका राजा 'महीन्द्र मल्ल' र (३) काठमाडौं राज्यका प्रसिद्ध राजा नरेन्द्र मल्लका छोरा राजा 'महेन्द्र मल्ल'। यी तीन मल्ल राजाहरूमध्ये सबैभन्दा पछिल्ला महेन्द्र मल्ल नै राजा श्री ५ पृथ्वीनारायण शाहको 'दिव्योपदेश' मा उल्लेख भएका स्थिति-बन्देजहरू बाँध्ने राजा महेन्द्र मल्ल देखिएका छन्।

तीर्थाटन गर्न भनी भारततर्फ लागेका कान्तिपुर राज्यका राजा भूपालेन्द्र मल्ल वि.सं. १७५७ को कातिकमा भारतभूमिमा नै दिवङ्गत भएका थिए। यिनको देहान्त भएको खबर आइपुगेपछि दिङ्गत भएको दुई महिना जति पछिमात्र यिनको जन्मपत्रिकालाई पलङमा राखी दाहसंस्कार सम्पन्न गरिएको थियो।

यिनै भूपालेन्द्र मल्लका उत्तराधिकारीका रूपमा यिनका छोरा भास्कर मल्ल १४ वर्षको उमेरमा कान्तिपुर राज्यको राजसिंहासनमा विराजमान हुन आएका थिए। यिनै भास्कर मल्लले नै पछि 'महीन्द्र मल्ल' भन्ने नाम पनि ग्रहण गरेका थिए। भनिन्छ, तराईका चार-कोसे झाडीबाट यिनले बहादुरीका साथ १२ वटा हातीहरू पक्रिएर ल्याएका थिए। यिनको यसै बहादुरीको प्रशंसा गर्दै राज्यका सम्भ्रान्त नागरिकहरूले यिनलाई 'गजपति महेन्द्र' भन्ने पदवी दिएका थिए। यही पदवी प्राप्त गरेपछि यिनी 'गजपति महीन्द्र मल्ल' वा 'महेन्द्र मल्ल' को नामले पनि प्रसिद्ध रहन थालेका थिए। वि.सं. १७७४ आषाढशुदि १५ तदनुसार आषाढ २९ गतेमा राजा ऋद्धिनरसिंह मल्लको देहान्त पछि यिनी नै कान्तिपुरका साथसाथै ललितपुर राज्यका पनि राजा हुन पुगेका पाइन्छन्।

जुन समयमा यिनी आफ्नो उमेरको २९ औं वर्षमा हिँडिरहेका थिए, यसै अवस्थामा वि.सं. १७७२ को चैत्र महिनादेखि काठमाडौं उपत्यकामा 'प्लेग' रोगको महामारी जोडदाररूपमा फैलिएले उपत्यकाभर जतातते हाहाकार चल्न थालेको थियो। दिनदिनै सयौंको सङ्ख्यामा मानिसहरू मर्न थालिरहेका थिए। यस विपत्तिबाट बच्न राजा भास्कर मल्ल वा 'महीन्द्र मल्ल' राजधानीमा रहेको आफ्नो राजभवनबाट निस्किई ग्रामीण क्षेत्रको 'किमडोल' मा रहेको अर्को राजभवनमा आश्रय लिन गएका थिए। यिनी निकै महिनासम्म त्यहीं नै रहे। महामारी केही शान्त भएको खबर पाएपछि यिनी त्यहाँबाट आफ्नो मूल राजभवनमा बलपूर्वक फर्केर आएका मात्र के थिए, यिनलाई पनि महामारीले समाति हाल्यो र यसै बिमारीले यिनी ३० वर्षको कलिलो उमेरमा नै यस संसार बाट सदाको निमित्त बिदा भएर गएका थिए। यसैले नेपालमा स्थिति-बन्देजहरू बाँध्ने 'महेन्द्र मल्ल' यिनी होइनन्।

ललितपुर राज्यमा पनि यिनैताक 'महीन्द्र मल्ल' नाम भएका अर्का एक जना राजा भएका पाइन्छन्। षड्यन्त्रमा परी वि.सं. १७६२ कार्तिक १६ गतेमा राजा योगनरेन्द्र मल्लको देहान्त



http://dibyaupadesh.wordpress.com

भएपछि थिनकी छोरी मैयाँ योगमतीले आफ्ना छोरा 'लोकप्रकाश' लाई नै 'लोकप्रकाश मल्ल' भन्ने नाम दिई ललितपुर राज्यको राजसिंहासनमा बिराजमान गराइदिएकी थिइन् (वि.सं. १७६२ मार्ग)। तर चाँडै नै थिनको देहान्त भएकोले योगमतीले नै आफ्ना फुपूका छोरा 'इन्द्र मल्ल' लाई त्यहाँका राजा बनाइएका थिए (वि.सं. १७६३ कार्तिक)। थिनी पनि राजाका रूपमा धेरै दिनसम्म जीवित रहिरहन सकेनन्। थिनको देहान्त भएपछि मठ्याहा नै भए पनि राजा योगनरेन्द्र मल्लका आफ्नै छोरा 'महीन्द्र मल्ल' राजाका रूपमा राजसिंहासनमा विराजमान गराइएका पाइन्छन् (वि.सं. १६६५ चैत १८ गते)। दुर्भाग्यवश थिनी पनि लामो समयसम्म जीवित रहिरहन सकेनन्। राज्यारोहण गरेको पुगनपुग ६ वर्षपछि थिनको पनि देहान्त भयो र विफरको व्यथाले गर्दा यसपछि 'ऋद्धिनरसिंह मल्ल' नामक अर्को एक जना व्यक्ति ललितपुर राज्यको राजसिंहासनमा राखिएका पाइन्छन्। यसैले यस 'दिव्योपदेश' मा नाम उल्लेख भएका स्थितिबन्देजहरू बाँध्ने राजा महेन्द्र मल्ल थिनी पनि होइनन् भन्ने स्पष्ट हुन्छ।

पछिल्लो मल्ल-राजवंशका संस्थापक राजा स्थिति मल्ल वा जयस्थिति मल्ल रहेका थिए भन्ने चर्चा यसभन्दा अगाडि पनि गैसकेको छ। स्थिति मल्ल वा जयस्थिति मल्लकै राजवंशमा कान्तिपुर नामक स्वतन्त्र राज्यका संस्थापक राजा रत्न मल्ल मानिएका छन्। रत्न मल्लका छोरा सूर्य मल्ल र थिनका पनि छोरा नरेन्द्र मल्ल क्रमैसँग कान्तिपुर राज्यमा राजा भएका पाइन्छन्। राजा नरेन्द्र मल्लकै उत्तराधिकारीका रूपमा वि.सं. १६०७ मा 'महेन्द्र मल्ल' नामक अर्को एक जना व्यक्ति पनि कान्तिपुर राज्यमा राजा भएका देखिएका छन्।

थिनी धार्मिक प्रवृत्तिका राजा रहेका थिए। कान्तिपुर राज्यमा राजभवनकै प्राङ्गणमा तुलजा भवानीको मन्दिर तथा मखनटोलमा रहेको 'महेन्द्र-मल्लेश्वर' नामक सुप्रसिद्ध पशुपतिनाथको मन्दिर पनि थिनकै राज्यकालमा स्थापना भएको मानिन्छ। नयाँ ढाँचाका चाँदीका मोहरहरू पनि काठमाडौं राज्यमा सर्वप्रथम थिनले नै प्रचलनमा ल्याएका थिए। थिनै राजाको नामबाट कान्तिपुर राज्यका मोहरहरू पछिसम्म पनि 'महेन्द्रमल्ली' को नामले प्रसिद्ध रहेका थिए। तुलजा भवानीको दर्शन गरिसकेपछि पनि आफ्नो राज्यको राजधानीमा रहेका सबै नागरिकहरूले भोजन ग्रहण गरिनसकेसम्म थिनी भोजन गर्दैनथे भन्ने अनुश्रुति कान्तिपुर राज्यमा परम्परादेखि नै प्रचलित रहँदै आएको छ। यसैले यस 'दिव्योपदेश' मा नाम उल्लेख भएका स्थितिबन्देजहरू बाँध्ने 'राजा महेन्द्र मल्ल' थिनी नै हुन् भन्ने देखिन आएको छ।

थिनको जीवनकालपछि थिनका छोरा शिवसिंह मल्ल (वि.सं. १६४७–१६७३) कान्तिपुर राज्यमा राजा हुन आएका थिए। 'शिवसिंह' शब्दबाट अपभ्रंश भएर नै 'सिवसिम' भएको र थिनको नामबाट नै काठमाडौं उपत्यका तथा यसका आसपासका क्षेत्रहरूमा 'सिमसिमे-राजाको पालामा' भन्ने लोकोक्ति प्रचलित हुन थालेको पाइन्छ।

## स्थिति-बन्देजहरूको मूल पाठ

*"प्रजा हो ! हाम्रा छिमेकी पुकाटोल छ्व-बहालका रैति थकाली मान्या १४ टोल गोचा गुभाजु मान्या भा कीर्तिकान्त सुजेखू डङ्गोल कौचा देउभाजु उपाचा ब्रह्मनसिंह उपाध्याय सबै २६ टोल बस्न्या, क्या गरी नेपालमा अनिकाल असिना नपर्न्या हो भन्या सभा बस्या। अथ काली ब्रह्मचर्य तान्त्रिक बस्या, पुरश्चरण गर्दा यो स्थिति महाराज महेन्द्र मल्ललाई आधा रात्रि शुक्लपक्षमा तलेजु*



http://dibyaupadesh.wordpress.com

माबाट सपना भएको हो,

१.– प्रजामा जुवा नखेल्नू, सबै प्रजाको हित गर्नू, सच्चा बोल्नू, टोल गाउँको कचहरी गाउँ टोलैमा मिलाइदिन्या गर्नू, कचहरीमा गाउँ-टोलको सैटा पक्का तबरको थकाली मान्या बसी अन्यायको न्याय पार्ने गर्नू.

२.– ढिकी, जातो, लुगा बुन्ने तान तथा टुकि कैल्ले पनि खाली नराख्ने गर्नू. पटासि धरबुना खाढि कोरा सैटे किसिमबाट नबुने अनर्थ हुनेछ. पाला सन्दानी चिराखको लागी बनमा है देवदारुबाट बाल्नू ? कपडा बन्दै लग्यापछि कागतजस्तो मिही तथा सफेत कपडा पनि हुन्याछ. तेसो भयापछि अरु गाउँलका तथा मधिसे राजाहरुलाई बिकी गरी धनी हुन्या छौ.

३.– अरु राजाहरु भयाछेउ मुलुकमा नौला बनाउँदा काम सिकी भाडाबर्तनको कामहरु सिकी काम चोरी ल्याएमा आफ्नो मुलुकको शाक तथा प्रजाको रवाफ (पनि) बढ्नेछ. काम गर्दाहुँदै राज्य-राज्यमा गुप्तचरहरू है नौला किसिमका कामहरू सिकी आउनू. काम सिक्न जाँदा धाहा पाई (कसैले) कैद गऱ्यो भन्या (पनि) आफ्नू मुलुकको गुप्य कसैलाई नभन्नू. मारिदिए (बरु) गर्नू. आफ्ना सँढिबुढि बुढापाका कुलले गऱ्याको राखेको धर्म नगुमाई चोखा कामहरु सिकी ल्याउने गर्नू.

४.– अर्को स्थिति, भयाली पिटाई दिन्याछु, राज्यभरमा आधादिनदेखि कसैले भोको नबस्नू. मैले तिमीहरुको भात खायाको खबर ली (त्यसपछि मात्र) आफू खान बस्दा पेटमा बतास भरिई मुखबाट अमिलो पानी आउन्या अजीर्णको व्यथा भयो. त्यसो भएकोले राज्यभर बेहान ९/१० घडि दिनभित्रै सबैले भात खान्या गर्नू. बेलुका ८ घडिदेखि १० घडिभित्रै खाइसक्नू. १० घडिबाट १ निमेष नाग्यो कि घण्टा बजाइदिन्या गर्नू. कोहीले नमान्या सजाय गर्नू. प्रजा भोकै भएछ भन्या त्यस दिनको पापको डण्ड टोलको थकाली मान्याहरुले भोगन्या छन्." (इत्यादि अपूर्ण । थानेश्वर निवासी काजी अमरसिंह थापाका वंशधर श्यामकृष्ण थापाबाट प्राप्त । यथोपलब्ध प्रकाशित ।)

–ः◎ः–

– सबै 'दिव्योपदेश' को दोस्रो संस्करणबाट उद्धृत ।



http://dibyaupadesh.wordpress.com

परिशिष्ट (ग)

# राजा राम शाहले बाँधेका स्थिति-बन्देजहरू

### राजा राम शाहको संक्षिप्त परिचय –

नेपालमा गोरखा राजवंशका आदिपुरुष जैत खान मानिएका छन् भन्ने चर्चा माथि राजा श्री ५ पृथ्वीनारायण शाहको संक्षिप्त परिचयको सन्दर्भमा पनि भैसकेको छ। यिनकै राजवंशमा लमजुङ् राज्यका राजा यशोब्रह्म शाही पैदा भएका थिए। यशोब्रह्म शाहीका छोरा राजकुमार द्रव्य शाहीले 'गोरखा' राज्यको स्थापना गराएको चर्चा पनि यसभन्दा पहिले नै भैसकेको छ।

राजा द्रव्य शाहको देहान्तपछि यिनका छोरा 'पुरन्दर शाह' वा 'पूर्ण शाह' र यिनको पनि देहान्तपछि यिनका छोरा 'क्षेत्र शाह' वा 'छत्र शाह' गोरखा राज्यमा राजाका रूपमा अभिषिक्त हुन आएका पाइन्छन्। तर ७ महिना जतिको राज्यकालपछि नै राजा क्षेत्र शाहको असामयिकरूपमा देहान्त हुँदा यिनका सौतेनी-भाइ राजकुमार राम शाह यस गौरवशाली राज्यको राजसिंहासनमा विराजमान हुन आइपुगेका पाइन्छन्।

राजा राम शाह यस राज्यमा एक जना अत्यन्त नै योग्य, साहसी तथा व्यक्तित्वसम्पन्न राजाका रूपमा उपस्थित हुन आइपुगेका थिए। आफ्नो सुव्यवस्थित राज्यकालमा (वि.सं. १६६२-१६९३) यिनले निकै नै राम्रा-राम्रा स्थिति-बन्देजहरू बाँधिदिएका थिए र शासन-व्यवस्थामा पनि यिनले निकै नै सुधारहरू गराइदिएका थिए। परम्परागत न्यायव्यवस्थामा पनि यिनले निकै नै सुधारहरू गराइदिएको पाइन्छ। "विद्या हराए काशी जानू र न्याय हराए गोरखा जानू" – भन्ने लोकोक्ति छिमेकी राज्यहरूमा यिनैको राज्यकालदेखि प्रचलनमा आएको मानिन्छ। आफ्ना सूझबूझ, पराक्रम तथा बुद्धिकौशलहरूले गर्दा यिनले आफ्नो सानो तर स्वतन्त्र गोरखा राज्यलाई यस क्षेत्रकै एउटा सुव्यवस्थित तथा शक्तिशाली राज्यका रूपमा परिणत गराइदिएका थिए।

उता लमजुङ् राज्यमा भने राजा यशोब्रह्म शाहीपछि युवराज नरहरि शाही त्यस राज्यको राजसिंहासनमा बस्न आइपुगेका पाइन्छन्। यिनी, यिनका छोरा पूर्ण शाही र नाति चूडा शाहीले पनि नवगठित गोरखा राज्यलाई अफ्नो राज्यमा मिलाउनको निमित्त आ-आफ्ना जीवनभर अथक प्रयासहरू गर्दै रहेका थिए। यसैले गोरखाली राजा द्रव्य शाही तथा यिनका छोरा पुरन्दर शाही वा पूर्ण शाहीको राज्यकाल पनि लमजुङ् राज्यका राजाहरूसँग लडाईं-झगडाहरू गर्दागर्दैमा नै बितेका थिए। तर राजा राम शाही वा राम शाहले भने लमजुङे राजा चूडा शाहीलाई लडाईंको मैदानमा नराम्रैसँग हराइदिएका थिए। यसैले वास्तवमा यसपछि मात्र गोरखा राज्यले सुस्थिर तथा सुव्यवस्थित पनि भएर रहन पाउने अवसर प्राप्त गरेको थियो।

राजा द्रव्य शाहले आफ्नो राज्यमा ६ थरी पदाधिकारीहरूको मात्र व्यवस्था गरेकोमा राजा राम शाहको पालामा आएर अन्य पदाधिकारीहरूको पनि व्यवस्था गरिएको पाइन्छ। यिनले आफ्ना सहयोगी वा सहकारीका रूपमा 'चौतारा' को पदवी दिएर आफ्ना भाइलाई नियुक्त गरेका थिए। एक जना 'काजी' वा मन्त्री र एक जना 'सरदार' वा सेनापतिलाई सर्वसाधारण जनताबाट छानेर नियुक्त गर्ने परम्परा यिनले नै बसालिदिएका थिए। 'खजान्ची', 'कपर्दार', तथा 'खरदार' जस्ता उच्चतहका पदहरू अलग-अलग परिवारका व्यक्तिहरूलाई योग्यता हेरी आलोपालो गरी बाँडिदिने परम्परा पनि यिनले नै बसालिदिएका थिए।



http://dibyaupadesh.wordpress.com

*दिव्योपदेश'*

राजा राम शाहको राज्यकालसम्ममा गोरखा राज्य पूर्वमा त्रिशूली नदीसम्म विस्तारित भैसकेको थियो । यस राज्यको सुरक्षाको निमित्त शिरानचोक, सल्ल्यान तथा धादिङ्मा रहेका सुप्रसिद्ध किल्ला वा गढीहरू यिनकै राज्यकालमा व्यवस्थित भएका मानिन्छन् । तीर्थाटन गर्न भनी गोरखामा आइपुगेका वाराणसीका एक जना आचारनिष्ठ ब्राह्मण नन्दा मिश्रलाई यिनले नै आफ्ना गुरुका रूपमा स्थापित गराइदिएका थिए । यिनको राज्यकालमा गोरखा राज्यमा धनधान्य तथा विद्या-वैभवहरूको पनि भरपूर विकास भई त्यहाँका जनता सुख तथा शान्तिका साथ रहेका पाइन्छन् ।

गोरखा राज्यमा आवाद रहेका मगरहरू राजा राम शाहको राज्यकालदेखि नै प्रगतिपथमा अग्रसर भएका पाइन्छन् । 'लखन थापा' यिनको राज्यकालका त्यस क्षेत्रका सुप्रसिद्ध सिद्ध मानिएका छन् । यिनी मगर जातिका रहेका थिए । पछि-पछि गुरुङहरू पनि यस राज्यमा सैनिक-सेवाहरूमा लिन थालिएका थिए । खश, मगर तथा गुरूङहरूको आपसी मेलबाट नै गोरखा राज्यको सैन्यशक्ति निकै नै बढ्दै-चढेको हुन आएको र गोरखा राज्य यस क्षेत्रमा एउटा अजेय शक्तिको रूपमा उपस्थित हुन आइपुगेको थियो ।

## *स्थिति-बन्देजहरू*

***पहिलो थिति*** – *श्री नन्दा मिश्रज्यूलाई गुरु तुल्याइबक्सनु भै हाम्रा सन्तानले तपाईंका संतानलाई गुरु तुल्याउनू, अरूलाई नतुल्याउनू भन्या धर्म गरिबक्सनुभयो ।*

***दोस्रो स्थिति*** – *(पहिले-पहिले प्रजाहरूले व्यवहार गर्दा) बाँसका डुङ्ग्रा, डाला, आदि (का) यस्तै वस्तुले भर्न्या वस्तु भरिकन लिनुदिनु गर्थ्या. एस्ता तरहको लिनुदिनु गर्नाले विथिति हुनाले (अब उप्रान्त) १० मुठिको १ मानु, ८ मानाको १ पाथी (र) २० पाथीको १ मुरी गरी चलन गर्नू भनी माना पाथीमा छाप लाइबक्सनुभयो ।*

***तेस्रो थिति*** – *(यस्तै तौलने) तुलो (तथा) ढक(हरू)को पनि विथिति हुनाले १० लालको १ मासा, १० मासाको १ तोला, १८ लालको एक पल, २७ तोले १ बोडि, १०८ तोलाको बसौली, (र) २ बिसौलीको (एक) धार्नी तुल्याई चलन गर्नू भनी तुलामा अंक काटी ढकमा छाप लगाइबक्सनु भयो ।*

***चौथो थिति*** – *पहिले पहिले असामिले साहुछेउ लियाको अन्नको कर्जा तिर्न नसकी जतिसुकै वर्ष रह्या पनि वर्षै प्रतिको व्याज हिसाब गरी लिंदा ढेरै वर्षमा रिन तिर्न नसकन्या भया पनि वर्ष प्रतिको व्याज जम्मा हुनाले कहिले पनि रिन तिर्न नसक्दा मुलुकमा कोही ता कहिले पनि साहुदेखि छुट्टि नहुन्या भै सबै रिणग्राहि भया. तस्कारण १ वर्षको पचउंदका हिसाबले दस वर्षमा ३ गुना हुन्छ. (यसैले) साहुले तेबर(सम्म मात्र व्याज) लिने गर्नू. असामिले साउं-व्याज केही पनि तिर्न नसकी १० वर्षदेखि उभो जतिसुकै वर्ष रह्या पनि फेरि सकन्या भै तिर्दाको बेलामा वर्षै प्रतिको व्याज साहुले नलिनू (साबाँको) तेबर(सम्म) मात्र लिनू (त्यसभन्दा बढी नलिनू) भन्या थिति बाँधिबक्सनुभयो ।*

***पाँचौं थिति*** – *(नगद) दामको पनि पहिले आसामीले साहुछेउ लियाको कर्जा तिर्न नसकी जतिसुकै वर्ष रह्या पनि वर्षप्रतिको व्याज जम्मा हुनाले कहिले पनि रिन तिर्न नसक्दा मुलुकमा कोही ता कैले पनि साहुदेखि छुट्टि नहुन्या भै सबै रिणग्राही भया. तस्कारण १ वर्षमा*



http://dibyaupadesh.wordpress.com

दसौंदका हिसाबले १० वर्षमा दोब्बर हुन्छ. साहुले (साउँको) दोबर(सम्म मात्र) लिनू. असामीले साउँ पनि ब्याज पनि तिर्न नसकी १० वर्षदेखि उभो जतिसुकै वर्ष रह्यो भन्या पनि फेरि सक्न्या भै तिर्दाका बेलामा वर्ष प्रतिको ब्याज साहुले नलिनू, दोबर मात्रै लिनू भन्या थिति बाँधिबक्सनुभयो ।

**छैठौं थिति** – पध्याराको थोरो-थोरो झगरा नसुन्नू भन्या हुकुम भयो. क्या अर्थले भन्या पध्यारामा बहुत स्त्रीजाति जान्या, ताहदेखि अरु कोही चाकर बाकर जान्या, पानी नभै भन्या कसैको पनि काम नचलन्या. तसर्थ जो अघि पध्यारामा (पानी) लिन पुग्यो तेसैले अघिबाट ल्याउनू, अर्काले म पहिले) लैजान्छु नभन्नू, तेसपछिकाले तेसैपछि लैजानू, यस्तै क्रमले पानी ल्याउनू. तेस्मापनि कसैले अलिकति कुरामा झगडा गर्‍यो भन्या (पनि)कचहरि जोरी झगरा नगर्नू भन्या थिति बाँधिबक्सनुभयो ।

**सातौं थिति** – कोलको पनि थोरो थोरो झगडा नसुन्नू भन्या हुकुम भयो. किन भन्या ढेरै घरको कोल एकै हुन्छ. आ-आफ्ना पालाले (तेल) पेल्नू, अर्काले म अघिबाट पेलछु नभन्नू, तस्मापनि ढेरै(जसो) स्त्रीजाति (र) अरु कोही चाकरबाकरै हुन्छन्, कदाचित् थोरो झगडा भयो भन्या (पनि) कचहरिमा ल्याई झगरा नसुन्नू भन्या थिति बाँधिबक्सनुभयो ।

**आठौं थिति** – (खेतमा पानी लगाउने) कुलाको पनि झगरा नसुन्नू भन्या हुकुम यो. क्या निमित्त भन्या कुलामा पनि बहुधा बाँधा, कमारा चाकरै (मात्र) जान्छन्, तसर्थ आफ्ना खेतको हिसाबमा आयाको पानीको भाग पालैपालोसित लगाउनू. आफ्ना पाला बाहिक र आफ्ना हिसाब बाहिक अर्काले पानी नलगाउनू. तस्मा पनि थोरै झगरा भयो भन्या (पनि) कचहरीमा जोरी झगरा नसुन्नू भन्या यस्तै थिति बाँधिबक्सनुभयो ।

**नवौं थिति** – अघि ब्राह्मणलाई बिर्ता दिंदामा पनि फलानु डाँडो, फलानु खोलो, फलानु पहरो, फलानु कान्लोभित्रको जग्गा बिर्ता दिन्यूं भन्याको मात्रै एति मुरी एति रोपनि यति खेत भन्या ठेगान केही नहुनाले ब्राह्मणको बिर्ता र रैकर जग्गाका साँध किलाको बन्देज नभयाको नजर हुँदा कस्तो हुकुम भयो भन्या अब उप्रान्त ब्राह्मणलाई बिर्ता संकल्प गरि बक्सँदा श्री ५ महाराजाको भूमि, चौताराको झारि, काजीको बिन्ति, ब्राह्मणको हात, (र) पञ्च भलामानिसको साँध यस्तो व्यवस्था गरिबक्सियो । (अब उप्रान्त) दान गर्न्याले यति खेत येति रोपनि येति मुरी भनीसंकल्प (गर्ने) गर्नू, संकल्प गराउन्याले पनि संकल्पवाक्य यही येति खेत येति रोपनि येति मुरी भन्या वाक्ये पारी संकल्प गराउने गर्नूं (र आफूले) बिर्ता लिनू, अरुलाई दिलाउनु. श्री ५ महाराजाका हुकुमले घरघर पाँचहरू गै साँध लगाइ ४ किल्ला गाडी यति खेत, यति रोपनि भनी साँध लगाई श्री ५ महाराजाका बाहुलिबाट संकल्प भयामा घटि-बढि कति नपारी जति संकल्प भयाको छ तति साँध लगाई आउनू भन्या थिति बाँधिबक्सनुभयो ।

**दशौं थिति** – श्री देवताको गुठ, धर्मशालाको गुठ (र) ब्राह्मणलाई बिर्ता संकल्प गरिबक्सदा चौतरियाको झारि भन्याको क्या निमित्त हो भन्या चौतरिया भन्याका आफ्ना भाइ (र) भाइ भन्याका (आफ्ना) मुखे अङ्ग हुन्. अङ्ग पूर्न गरी दान गर्‍या आफूलाई यथोक्त फल (प्राप्त) हुन्छ. भनी चौतरियाको झारि भन्याको कारण यति हो. काजीको बिन्ति भन्याको क्या अर्थ (हो) भन्या पक्षपक्ष नगरी योग्यायोग्य विचार गरी काजीले बिन्ति गर्नू, काजीको बिन्ति भन्याको यति (कारणले) हो. पाँचको साँध भन्याको क्या अर्थ हो भन्या छ थर प्रभृति अरु पञ्च साँध भाइ भलामानिस बसी यति खेत, यति रोपनि, यति मुरी, यति खेतको घडघारि (वा) यति पाथो भनी निकास पैसार साँधिसर्पनको विचार राखी चारकिल्ला गाडी साँध लाइदिनू, पाँचको साँध भन्याको



http://dibyaupadesh.wordpress.com

यही हो भन्या थिति बाधिबक्सनुभयो ।

**एघारौं थिति** – अघि बुबाज्यू श्री महाराजा द्रव्य शाहलाई गोरखा (राज्य)को तपतमा राज गराउनेका छोरा-नातिहरूको पनि बन्देज गरिदिन्छु भनी (अब उप्रान्त) पाँडे, पंथ, अर्ज्याल, खनाल, राना, बोहोरा तिमीहरू गद्दीनसीनका अङ्ग भएका 'छ घर' भयौ. तिमीहरूलाई छ घर भन्याको क्या अर्थले हो भन्या चौतरिया, काजी सर्दार थी प्रभृति अरु जो कोही अन्याय अनरितमा लागी गादिको बिगारमा र निमक हरामीमा पर्नन् तिनको कति मोहबद-मोलाहिजा नराखी जो भयाको बिस्तार (हाम्रा हजुरमा) बिति गर्न आउनु भनी मर्जि भै 'छ घर' भन्या व्यवस्था बाधिबक्सनुभयो. गादिको मोको गरुज्यालसम्म तिमीहरूका सन्तान दरसन्तानलाई हाम्रा सन्तान दरसन्तानले थामिबक्सौला भनी हुकुम भै थिति बाधिबक्सनुभयो ।

**बाह्रौं थिति** – सङ्कल्प गरी गौचर राख्नू भन्या हुकुम भयो. (गौ तथा ब्राह्मणहरूको रक्षाको दायित्व राजामा नै रहेको हुन्छ. (गौचर नभएमा) गौ (तथा) ब्राह्मण(हरू)लाई खानाको दुख हुन्छ र (यसबाट) राजालाई प्रत्यवाय लाग्दछ. (यसैले) गाउँ-गाउँमा निकास-पैसारको चल्तीभित्री पारी (आवश्यक मात्रामा) गौचर राख्नू भन्या थिति बाधिबक्सनुभयो ।

**तेह्रौं थिति** – बाटामा (रहेका) रुखहरू राख्नू भन्या हुकुम भयो. क्या अर्थले भन्या दुखी, गरीबहरू काम काज परी धाकी आउन्या, बोझा बोकी हिड्न्या (र) अरु जो कोही बाटामा हिड्न्या मानिस पनि गर्मी हुन्छ भनी (रुखको) छहारि(मा नै) बस्न खोजछन् भन्या निमित्त बाटाका रुख पाल्नू, बाटाका रुख जो काट्दछ (त्यसबाट) रू ५ दण्ड गरी लिनू भन्या मर्जि भै थिति बाधिबक्सनुभयो ।

**चौधौं थिति** – पध्यारामा वन पाल्नू, (त्यहाँ) रुख नभयादेखी जैले खोल्यो तैले पानी रहँदैन, सुकी जान्छ. वन डेरै फाँडिया उघारो भइ पैरो पनि जान्छ, डेरै पैरो गया उपधाहा चल्छ, उपधाहाले खेत पनि लैजान्छ, वन नभया गृहस्थीको कोनै काम पनि चल्दैन. (तसर्थ वन पाल्नू), पध्याराको वन जो काटला तेसलाई पनि ५ रुपियाँ दण्ड गरि लिनू भन्या थिति बाधिबक्सनु भयो ।

**पन्ध्रौं थिति** – चौतरिया, भाइ, गोतिया तिनहरूले जियसंबन्धि ठूलो बिराउ गर्‍या (को भए पनि) मुडी बिदेश गराउनू, सन्यासी बैरागी (तथा) भाट यिनले पनि ठूलो बिराउ गर्‍या भन्या मुडी बिदेश निकाला गराउनू. भाइ चौतरिया गोतियालाई बिदेश गराउनु भन्याको क्या अर्थ (ले हो) भन्या (कसैले) जिउ मारिन्या बिराउ गर्‍यो भन्या जिउ लिन्याको जिउ (नै) लिनू भन्या शास्त्रमा पनि कह्याको छ. (तर) जिउ मार्‍यो भन्या गोत्रहत्या(को दोष) लाग्न्या, नमार्‍यादेखि राजालाई प्रत्यवाय लाग्न्या (हुन्छ), तसर्थ देशनिकाला गर्नु पनि मार्न्यै तुल्य छ भनी बिदेश गराउनु भन्याको हो.

ब्राह्मणलाई पनि मार्‍या ब्रह्महत्या(को दोष) लाग्न्या, नमार्‍या राजालाई प्रत्यवाय लाग्न्या, तत्कारण मुड्नु पनि मार्न्यै तुल्य छ भनी मुडी बिदेश गराउनु भन्याको हो. बैरागी सन्यासी भेष लियाका हुनाले अबध्य छन्, भाट पनि अबध्य छन् भनी (तिनीहरूलाई पनि) देश निकाला गर्नु भन्याको हो. तसर्थ यसै गर्नू भन्या थिति बाधिबक्सनुभयो ।

**सोह्रौं थिति** – खस, मगर नेवार प्रभृति जात(हरू)मध्येमा जियसंबन्धी बिराउ गर्‍या भन्या जसले बिरायाको छ उसैको मात्र जिये मार्नू, (उसले गरेको अपराधमा उसका परिवारलाई शासना नगर्नू 'जस्को पाप उसको गर्धन गर्नू' भन्या थिति बाधिबक्सनुभयो ।

**सत्रौं थिति** – सुवर्णका गहना श्री पटबन्दा महारानीले मात्र पाउमा पैह्रनू. क्या अर्थले भन्या सुवर्ण भन्याको नारायणको अंश (र) राजा भन्याका पनि नारायणका (नै) अंश हुन्. पटबन्दी



http://dibyaupadesh.wordpress.com

महारानी भन्याका लक्ष्मीका अंश हुनाले पटवन्दा महारानीले सुवर्णका गहना पाउमा पैन्हनू, भैयाद चौतरियाका चौतारीहरूले ता श्री ५ महाराजा (वा) श्री महारानीबाट (हुकुम) बक्स्या मात्रै पाउमा लाउनू, नबक्सी न पाउ बाहेक (अन्य अङ्गहरूमा) मात्र लाउनू, भाइ चौतरियाका रैताला रैतिनीलाई बालपनमा मात्र पाउमा लगाउन दिनू, ब्राम्हण, षस, मगर प्रभृति अरु जातिले त श्री महाराजाबाट बक्स्या मात्र हातमा लाउनू (अन्यथा नलगाउनू) भनी थिति बाँधिबक्सनुभयो ।

**अठारौं थिति** – बोक्सीको हकमा बादी नदिनू, जिते पगरी (तथा) पाँच रुपैंञा दिनू, हारेमा एक रुपैंञा दण्ड गरी देश निकाला गरिदिनू ।

**उन्नाइसौं थिति** – (आफ्नो दरबारको निमित्त) चार (जना) पुरोहित(हरू) तुल्याइबक्सनु भयो (तिनमा) बगाले अर्ज्यांललाई मूलपुरोहित, बिहारे अर्ज्यांललाई आचार्य, खनाललाई ब्रम्हा र भट्टराईलाई गणेश गरी चार (जना) पुरोहितहरूको व्यवस्था बाँधिबक्सनुभयो ।

**बीसौं थिति** – (महाराज द्रव्य शाहको) गोर्षा राज्यको तषतमा प्रवेश हुँदा पैले तल्ला कोटमा गादि पऱ्याको हुनाले पाँडे (थरका) ब्रम्हणलाई (त्यहाँको) पुरोहित्याँञि बक्सनुभयो, (यसैले) अघेल पर्यन्त पनि पाँडे (थरका) ब्राम्हणहरू (नै) तल्ला-कोटमा पुरोहित रहँदछन् ।

**एक्काइसौं थिति** – तल्ला कोटमा श्री.....देवताको स्थापना गरी बलिदान गरेपछि मात्र माथि दर्बारमा (देवताको) स्थापना र बलिदानादि विधि गर्नू भन्या थिति बाँधिबक्सनुभयो ।

**बाइसौं थिति** – गान्या थापालाई दवा भन्ने मान भयो. तुरुक्षाको आले ग्याइजा थापा (तथा) ग्यामी राना, यी तीन घरलाई आलो पालो गरी राषनू भनि कपर्दारी मान बक्सनुभयो. पाँडे पंथ अर्ज्यांल यी तीन घरलाई आलोपालो गरी राष्नू भनी षजानाको काम बक्सनुभयो । धर्माधिकार, भान्स्या, (तथा) परदार यति मान पनि अर्ज्यांल(हरू)लाई नै दिनू भन्या थिति बाँधिबक्सनुभयो ।

**तेइसौं थिति** – थिक्नौटा (जमिन)को बिसात्ता कमाइ बालि आफैंले षानू, चौथा सालदेखि धनी-बोटि तल्नीइलाई दिनू, बनि-बोटि कमाउन्याले (आफैंले) षानू भन्या थिति बाँधिबक्सनुभयो ।

**चौबीसौं थिति** – बाऱ्ह घर (तथा) अठार घर भन्या थिति बाँधिबक्सनुभयो ।

**पच्चीसौं थिति** – पाटनका राजा सिद्धिनरसिंह मल्लसँग हाम्रा सन्तान नभया तम्रा सन्तानले (र) तम्रा सन्तान नभया हाम्रा सन्तानले राज्य (गर्ने) गर्नू भन्या हुकुम भै यस्तो बन्दोबस्त गरिबक्सी पाटनबाट चौबीस-कोठी (महाजनहरू) झिकाई तिनलाई सात पत माफ गरिबक्सनुभयो ।

**छब्बीसौं थिति** – श्री ५ महाराजा रामशाहबाट मैले बाँध्याका थितिमा छोटा-बडा प्रजा-प्राणी चार वर्ण छत्तीस जातले जो-जसले लङ्घन गर्ला तसलाई म (तथा) मेरा सन्तानमा जो राजा होला उसले ढुङ्गा छुवाई पत अनुसारको डण्ड गर्नू भन्या थिति बाँधिबक्सनुभयो ।

यो ढुङ्गा छुवाउनु भन्याको कस्तो हो भन्या श्री लक्ष्मीनारायण देवताका पाउको प्रतिनिधि ढुङ्गो हो, सो जानी पान, फूल, द्रव्य त्यसै सिलामा चढाई अन्याय गऱ्याको पाप टुट्न्या उपाय यही हो भनी यस्तो थिति बाँधिबक्सनुभयो ।

राजा कचहरीमा रहँदाको मर्यादा-व्यवस्थाको सम्बन्धमा :–

(१) – महाराजाबाट नाम पुकारी बोलाइबक्सँदा अबउप्रान्त (सबैले) – 'महाराजाधिराज !' भनी बिन्ति गर्ने गर्नू ।

(२) – (महाराजाबाट) चौतरियालाई नाम पुकारी बोलाइबक्सँदा अब उप्रान्त – 'गरीबपरवर ! बन्दे नेवाज !' भनी सबैले बिन्ति गर्ने गर्नू ।

(३) – काजी, सरदार तथा (अन्य) भारदार भएका ब्राम्हण, षस मगर प्रभृतिलाई


http://dibyaupadesh.wordpress.com

(सर्वसाधारणले) बोलाउँदा 'देवान' ,'काजी' ,'मुखिया' ,'जीऊ' (अथवा) 'जी' भनी पुकारेर – 'जो आज्ञा' भनी बोल्ने गर्नु ।

(४) – (आफू) महाराजका हजूरमा छँदामा (कोही) चौतरिया तथा साहेबज्यू (त्यहाँ) आएमा महाराजलाई बक्साई आशीर्वाद गर्नेले आशीर्वाद र सलाम गर्नेले सलाम गर्ने गर्नु ।

(५) – महाराजका हजूरमा (छँदामा आफ्ना) बाबु तथा काकाहरू आएमा पनि ढोगभेट गर्ने नगर्नु ।

(६) – गुरुज्यूलाई महाराजको दर्शन गर्ने बखत परेको छ भने (मात्र) सबैले दर्शन गर्ने गर्नु ।

(७) – महाराजको नजीकको भाइनाता मानिस चौतरिया छन् भने महाराज गादीमा राज भएको बखत (उनलाई) एक सलाम गर्नु, अन्यत्र (भएमा) दुई सलाम गर्ने गर्नु ।

(८) – (राजाका) टाढाका भाइहरूले महाराजलाई कुर्नेस् बजाउने गर्नु ।

(९) – (राजाका) नजीकका काका, दाजु, (तथा) बाबा पर्नेका रानीहरूलाई महारानीले ढोग-भेट गर्ने गर्नु ।

(१०) – महाराजबाट केही हुकुम भई जानुपर्दा पीठ नफारी पछि-पछि हट्दै नदेखिने भएपछि (मात्र) पीठ फर्काई जाने गर्नु, महाराजको नजर परुन्ज्याल पीठ नफिराउनु ।

(११) – महाराज (राज भए)को कचहरीमा मोछको ताउ नलगाउनु र उपरपुट्टि लगाई नबस्नु ।


(१२) – (राजाले) भाइ चौतरियालाई दाहिनेतर्फ बिछयाउनामा राख्नु, गुरुलाई अगाडि पारपाटेमा राख्नु, आफ्ना भाइ काजी भएमा तिनलाई बायाँतिर राख्नु ।

(१३) – ब्राम्हण खस वा मगर काजी भएमा हुकुमले 'बस्नु' नभनेसम्म खडा रहनु ।

(१४) – महाराज बैठकमा राज भैबक्सेको भए कोही छैनन् भने (मात्र) द्वारे साथी बिन्ति गर्दा हुकुम भए जानु, उसै नजानु । द्वारे मान खाने जातले मात्र खानु, अरु जातले नखानु । इत्यादि ।



http://dibyaupadesh.wordpress.com



'दिव्योपदेश' मूल प्रतिको पहिलो पेजको छायाचित्र।

http://dibyaupadesh.wordpress.com

बाबुराम आचार्यका प्रकाशित अन्य कृतिहरू

- तुलनात्मक सुन्दरकाण्ड
- पुराना कवि र कविता
- चीन र तिब्बतसंग नेपालको सम्बन्ध
- नेपालको संक्षिप्त वृत्तान्त
- श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी–४ भागमा
- नेपालको सांस्कृतिक परम्परा
- अब यस्तो कहिल्यै नहोस्
- चीन, तिब्बत र नेपाल
- श्री ५ प्रतापसिंह शाह (जीवन र कार्यकाल)

ISBN 99933-912-1-2
9 789993 391210

http://dibyaupadesh.wordpress.com